











# नेपाली सामाजिक सांस्कृतिक विविधता



नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

# नेपाली सामाजिक सांस्कृतिक विविधता

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी, भक्तपुर

**प्रकाशक : नेपाल सरकार**
**शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय**
**पाठ्यक्रम विकास केन्द्र**
**सानोठिमी, भक्तपुर**

© पाठ्यक्रम विकास केन्द्र

यस पाठ्यपुस्तकसम्बन्धी सम्पूर्ण अधिकार पाठ्यक्रम विकास केन्द्र सानोठिमी, भक्तपुरमा निहित रहेको छ । पाठ्यक्रम विकास केन्द्रको लिखित स्वीकृतिबिना व्यापारिक प्रयोजनका लागि यसको पूरै वा आंशिक भाग हुबहु प्रकाशन गर्न, परिवर्तन गरेर प्रकाशन गर्न, कुनै विद्युतीय साधन वा अन्य प्रविधिबाट रेकर्ड गर्न र प्रतिलिपि निकाल्न पाइने छैन ।

पहिलो संस्करण : वि.सं. २०८२

# हाम्रो भनाइ

बालबालिकाको सर्वाङ्गीण विकासमा सहयोग तथा पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि हासिल गर्न विभिन्न विषयक्षेत्रमा आधारित भई प्रस्तुत सन्दर्भ तथा स्रोत सामग्री तयार पारिएको हो । शिक्षक, विद्यार्थीलगायत अन्य सरोकारवालाको स्वसिकाइ, सिर्जनात्मकता, नवीनतम खोज, समालोचनात्मक सोचलगायतका पक्षको विकास गर्न यस सामग्रीको महत्त्वपूर्ण भूमिका रहेको छ । यस प्रकारका सामग्रीले विद्यार्थीलाई जटिल अवधारणाहरू बुझ्न, कक्षाको सिकाइलाई मजबुत पार्न र स्वतन्त्र अध्ययन एवम् समीक्षा गर्न मदत पुऱ्याउने अपेक्षा राखिएको छ । प्रस्तुत स्रोत तथा सन्दर्भ सामग्रीको प्रयोगबाट सरोकारवालाहरूले फरक सिकाइ शैलीहरू सिक्न, विस्तृत तथा आलोचनात्मक सोचमार्फत समस्या समाधान क्षमतामा सुधार गर्न सक्छन् भन्ने विश्वास गरिएको छ । यसर्थ यो सामग्री सरोकारवालाहरूको अपेक्षित दक्षता विकास गर्न सघाउने सहयोगी साधन हो । यस प्रकारका सामग्रीले अध्ययन गर्ने बानीको विकास गराउनुका साथै ज्ञानको परिधिलाई फराकिलो पार्न मदत पुग्छ । यस सामग्रीले सामाजिक एवम् सांस्कृतिक पक्षको बोध तथा उपयोग गर्न सघाउँछ । यसले जातजाति, धर्म, भाषा, संस्कृतिप्रति सम्मान र समभावको विकास गराउन सघाउँछ । देशप्रेम, राष्ट्रिय एकता, लोकतान्त्रिक मूल्यमान्यता तथा संस्कार सिकी व्यावहारिक जीवनमा प्रयोग गर्न, सामाजिक गुणको विकास तथा नागरिक कर्तव्यप्रति सजगता अपनाउन र दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्याहरूको पहिचान गरी समाधानका उपायको खोजी गर्न पनि यस स्रोतसामग्रीले मदत पुऱ्याउने अपेक्षा गरिएको छ ।

यस स्रोतसामग्रीको लेखन डा. इन्द्रमणि राई (एम्फू), श्री चन्द्र कुमार राई र श्री गोविन्द भण्डारी सम्मिलित कार्यदलबाट भएको हो । यस स्रोतसामग्रीलाई यस रूपमा ल्याउने कार्यमा केन्द्रका महानिर्देशक श्री युवराज पौडेललगायत प्रा.डा. रामकृष्ण तिवारी, सहप्रा. डा. टीकाराम गौतम, डा. दिपेश घिमिरे, श्री सरस्वती भट्टराई (लुइँटेल) र दीपिका शर्माको योगदान रहेको छ । यसको विषयवस्तु सम्पादन श्री दिनानाथ गौतम र भाषा सम्पादन श्री पुरुषोत्तम घिमिरे तथा श्री कुमार घिमिरेबाट भएको हो । यस सामग्रीको कला सम्पादन श्री कुलदीपजङ्ग बहादुर गुरुङ र लेआउट डिजाइन श्री भक्तबहादुर कार्कीबाट भएको हो । यस सामग्रीको विकास तथा परिमार्जन कार्यमा संलग्न सबैप्रति पाठ्यक्रम विकास केन्द्र धन्यवाद प्रकट गर्दछ ।

यस स्रोतसामग्रीले सरोकारवालामा मनोवैज्ञानिक, संवेगात्मक तथा बौद्धिक स्थितिलाई उजागर गर्न सहयोग पुऱ्याउने छ । यस सामग्रीमा सरल प्रस्तुतिका माध्यमबाट सूचनामूलक जानकारी तथा सिकाइ, नवीन ज्ञान तथा खोजपरक धारणाको विकास गराउने अभीष्ट राखिएको छ । यस सामग्रीको अध्ययनबाट सरोकारवालाले आर्जन गरेका ज्ञानलाई व्यावहारिक जीवनमा उतार्न सकुन् भन्ने समेत उद्देश्य लिइएको छ । यस स्रोतसामग्रीलाई अझ परिष्कृत पार्नका लागि विद्यार्थी, शिक्षक, अभिभावक एवम् सम्पूर्ण पाठकहरूको समेत विशेष भूमिका रहने हुँदा सम्बद्ध सबैको रचनात्मक सुझावका लागि पाठ्यक्रम विकास केन्द्र हार्दिक अनुरोध गर्दछ ।

**नेपाल सरकार**
**शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय**
**पाठ्यक्रम विकास केन्द्र**

# विषयसूची


| क्र.सं. | विषयवस्तु | पृष्ठसङ्ख्या |
|---|---|---|
| | **एकाइ एक : विविधता (Diversity)** | |
| | परिचय (Introduction) | १ |
| | विविधताका आधार (Foundations of diversity) | ३ |
| | विविधताका प्रकार (Types of diversity) | १० |
| | विविधताको महत्त्व (Importance of Diversity) | २१ |
| | विविधताको व्यवस्थापन (Management of Diversity) | २२ |
| | निष्कर्ष (Conclusion) | २५ |
| | **एकाइ दुई : नेपालको सांस्कृतिक विविधता** | |
| | परिचय | २८ |
| | सांस्कृतिक अवधारणा | ३० |
| | संस्कृतिको अर्थ र परिभाषा | ३२ |
| | संस्कृतिको प्रकार | ३५ |
| | नेपाली संस्कृति | ३७ |
| | धर्म र धार्मिक मान्यताहरू | ३८ |
| | नेपालका प्रमुख चाड | ५३ |
| | नेपालका प्रमुख तीर्थस्थलहरू | ८१ |
| | नेपालका विश्वसम्पदा स्थलहरू | ९२ |
| | प्राकृतिक सम्पदाहरू | १०५ |
| | नेपाली नृत्यहरू | १०७ |
| | वेशभूषा | ११५ |
| | गरगहना | ११८ |
| | खानपान | १२० |

| क्र.सं. | विषयवस्तु | पृष्ठसङ्ख्या |
|---|---|---|

## एकाइ तीन : नेपाली सामाजिक विविधता


| | |
|---|---|
| समाजको अवधारणा | १२४ |
| समाजका विशेषता | १२५ |
| समुदायको अवधारणा | १२५ |
| समुदायका विशेषता | १२६ |
| व्यक्ति र समाजको सम्बन्ध | १२६ |
| समाज विकासको दृष्टिकोण | १२७ |
| जीवन पद्धतिको आधारमा समाज | १२९ |
| नेपाली समाजको उद्विकास | १३० |
| सामाजिक विविधताको अवधारणा | १३१ |
| नेपाली समाजमा विविधता | १३२ |
| नेपाली समाजमा जातीय संरचनाको ऐतिहासिक स्वरूप | १३३ |
| सामाजिक संस्थाहरू | १५४ |

एकाइ एक

# विविधता (Diversity)

## परिचय (Introduction)

विविधताको शाब्दिक अर्थ फरकपना वा भिन्नता हो । यसलाई भिन्नता, फरकपन, अनेकरूप आदिका रूपमा पनि बुझ्न सकिन्छ । विविधता (Diversity) भन्नाले व्यक्तिलगायत कुनै पनि एकाइका बिचको भिन्नता तथा भिन्न स्वरूप वा चिनारीलाई जनाउँछ । समाज विभिन्न पक्षबाट विविधतायुक्त हुन्छ । मानव सभ्यताको सुरुआतमा नै विविधता थियो र विकास सँगसँगै समाज झन् झन् विविधतायुक्त बन्दै आयो, जस्तै : समाजमा रहेका हरेक व्यक्ति, समूह, समुदाय, भाषा, धर्म, संस्कृति, उमेर, लिङ्ग, आस्था, रहनसहन, प्रणाली, अभ्यास, परम्परा, जातजाति, वेशभूषा, विचार, दृष्टिकोण आदि केही न केही रूपमा भिन्न हुन्छन् । यस्ता सामाजिक एकाइ एकअर्कामा कुनै न कुनै रूपमा फरक वा भिन्न वा विशिष्ट हुन्छन् र यही विशिष्टता नै विविधताको आधार हो । तसर्थ विविधताको अवधारणालाई अझ स्पष्ट रूपमा बुझ्नका लागि विभिन्न विद्वान्हरूका केही परिभाषा यहाँ प्रस्तुत गरिएको छ । विविधताका बारेमा बुझ्नका लागि यसका परिभाषाहरू पर्याप्त नहुन सक्छन् तर यहाँ दिइएका परिभाषाले केही हदसम्म यसका बारेमा अवधारणा बुझ्न र धारणा बनाउन भने सहयोग पुग्छ ।

Gardenswartz & Rowe (1998)[1] का अनुसार "Diversity includes all the ways in which people differ, encompassing the different characteristics that make one individual or group different from another." (विविधता भन्नाले मानिस फरक फरक

1 Cited in Strydom, J. B., & Erwee, R. (1998). Diversity management in a South African university: A case study. *SA Journal of Industrial Psychology*, *24*(2), 9-15.

हुने सबै तरिकालाई समेट्छ, जसले एक व्यक्ति वा समूहलाई अर्को व्यक्ति वा समूहभन्दा फरक बनाउँछ ।)

Esty et al. (1995)[2] का अनुसार "Diversity is the bringing together of people of different backgrounds, experiences, and perspectives to create a richer, more innovative, and inclusive environment." (विविधता भनेको फरक पृष्ठभूमि, अनुभव र दृष्टिकोण भएका व्यक्तिहरूलाई एकसाथ ल्याएर अझ समृद्ध, नवप्रवर्तनशील र समावेशी वातावरण बनाउनु हो ।)

Oxford Dictionary[3] का अनुसार "The practice or quality of including or involving people from a range of different social and ethnic backgrounds and of different genders, sexual orientations, etc." (विविधता भन्नाले विभिन्न सामाजिक र जातीय पृष्ठभूमि, लिङ्ग, लैङ्गिक पहिचान आदि भएका व्यक्तिहरूलाई समावेश गर्ने अभ्यास वा गुण हो ।)

UNESCO[4] (United Nations Educational, Scientific and Cultural Organization) को परिभाषाअनुसार "Cultural diversity is the manifold ways in which the cultures of groups and societies find expression." (सांस्कृतिक विविधता भन्नाले विभिन्न समूह तथा समाजका संस्कृति अभिव्यक्त हुने अनेक तरिका हुन् ।) यस परिभाषामा संस्कृतिका आधारमा निर्माण हुने विविधतालाई सांस्कृतिक विविधताका रूपमा लिइएको छ ।

माथिका परिभाषाहरूबाट विविधता (Diversity) मानिस मानिसबिच हुने भिन्नता र फरकपनलाई समेट्ने अवधारणा हो । विभिन्न लेखकहरूको परिभाषा विश्लेषण गर्दा विविधता केवल जातीयता, लैङ्गिक वा संस्कृतिमा मात्र सीमित नभई व्यक्तिको अनुभव, सोच, मूल्य, शैक्षिक पृष्ठभूमि, सामाजिक वर्ग, उमेर, शारीरिक क्षमता र लैङ्गिक पहिचान जस्ता विभिन्न

---

2 Cited in Green, K. A., López, M., Wysocki, A., & Kepner, K. (2011). Diversity in the Workplace. *Diversity In The Workplace*, 1-4.

3 https://www.oed.com/dictionary/diversity_n?tl=true

4 https://whc.unesco.org/en/glossary/223

पक्षहरूसम्म विस्तारित भएको देखिन्छ । तसर्थ विविधता एक बहुआयामिक अवधारणा हो । यसले व्यक्ति तथा समूहको भिन्नतालाई स्विकार्छ । सामाजिक, सांस्कृतिक, पेसागत र वैयक्तिक स्तरमा विविधतालाई स्वीकार गरी सबैलाई एकसाथ ल्याई सकारात्मक प्रभाव पार्छ । यसरी विविधतालाई स्विकारेर समावेशी वातावरण बनाउँदा समाज वा संस्था थप समृद्ध, नवप्रवर्तनशील र न्यायपूर्ण बन्न सक्छ । सङ्क्षेपमा भन्नुपर्दा विविधता केवल 'फरक' हुनु मात्रै नभएर ती फरकपनलाई 'मूल्य र महत्त्व' दिनु हो । यसले सबैलाई सम्मान र समान अवसर दिन्छ र समग्र प्रगतिको आधार बनाउँछ ।

कुनै पनि मानव समाज तथा राष्ट्रमा विभिन्न प्रकारका विविधता पाइन्छन्, जस्तै : जातजाति, भाषा, धर्म, संस्कृति आदि । यस प्रकारका विविधता हुनु राष्ट्रको अमूल्य सम्पत्ति हो । यसले राष्ट्रलाई केवल विशिष्ट पहिचान दिने मात्र होइन कि देशको अर्थतन्त्रमा पनि महत्त्वपूर्ण योगदान पुऱ्याउँछ । उदाहरणका लागि बुद्ध धर्मसँग सम्बन्धित लुम्बिनी, हिन्दु धर्मसँग सम्बन्धित पशुपतिनाथ, किरात राई समुदायसँग सम्बन्धित ललितपुरको हात्तीवनस्थित माङखिम, खोटाङको हलेसी तथा मुक्तिनाथलाई राष्ट्रिय सम्पदा र स्रोतका रूपमा प्रस्तुत गर्न सकिन्छ । यी सम्पदाहरू राष्ट्रका मुख्य धार्मिक एवम् सांस्कृतिक पहिचान हुन् । यिनीहरूले पर्यटनका माध्यमबाट देशको आर्थिक विकासमा समेत उल्लेखनीय योगदान पुऱ्याएका छन् । यस सन्दर्भमा प्रश्न उठ्छ – यस्ता विविधता, जुन राष्ट्रको सांस्कृतिक पहिचानका रूपमा स्थापित भएका छन्, तिनीहरूका आधारहरू के हुन् ? त्यसैले विविधताका आधारहरूलाई तल व्याख्या तथा विश्लेषण गरिएको छ :

## विविधताका आधार (Foundations of diversity)

कुनै पनि समाजमा विविधता निर्माण गर्ने विभिन्न आधारहरू रहेका हुन्छन् । यस्ता आधारहरू भूगोल, पर्यावरण र समाजअनुसार फरक फरक हुन्छन् र एकले अर्कालाई पृथक् तुल्याइरहेका हुन्छन् । परिणामतः एउटासँग अर्को मिल्दैन । विविधता सिर्जना गर्ने आधारहरूलाई यहाँ निम्नानुसार चर्चा गरिएका छन् :

### १. भूगोल (Geography)

भूगोल सांस्कृतिक निर्माणको एक महत्त्वपूर्ण आधार हो । भूगोलको सिर्जना प्रकृतिबाट हुन्छ । प्रकृति पनि एकै खालको हुँदैन । भिन्न भिन्न भौगोलिक बनोटबाट नै विविधताको

सुरुआत हुन्छ । यसलाई गौतम (२०८२)[5] ले प्राकृतिक विविधता भनेका छन् । उनका अनुसार प्राकृतिक विविधताले भिन्न भूगोल, हावापानी र जमिनमा विविधता सिर्जना गर्छ । नेपालको हिमाल, पहाड र तराई भागौलिक, हावापानी र जमिनको हिसाबले विविधतायुक्त छ । यही विविधताका आधारमा वनजङ्गल र जीवजन्तुको सिर्जना हुन्छ । वनस्पति र प्राणीको अन्तर्क्रियाबाट पर्यावरण निर्माण हुन्छ । प्राकृतिक विविधताले पर्यावरणीय विविधतालाई सिर्जना गर्छ । यसकारण नेपालको हिमाल, पहाड र तराईको पर्यावरण एकै किसिमको छैन र नेपाल पर्यावरणीय विविधता भएको देश मानिन्छ । भिन्न प्रकृति, भिन्न पर्यावरणमा बसोबास गर्ने मानव र मानव निर्मित संस्कृति पनि भिन्न हुन्छ । यस भिन्नताले सांस्कृतिक विविधतालाई जन्म दिन्छ । यसकारण नेपालको हिमाल, पहाड र तराईमा रहेको संस्कृतिको भिन्नताले नेपाललाई सांस्कृतिक विविधतायुक्त देश बनाएको छ । यसरी नेपाल प्राकृतिक, पर्यावरणीय र सांस्कृतिक विविधतायुक्त देश हो । यस किसिमको विविधता संसारका विरलै देशहरूमा पाइन्छ ।

भूगोलअनुसार हावापानी, वनस्पति तथा जीवजन्तुमा विविधता पाइन्छ । यही भौगोलिक परिवेशका आधारमा मानिसले आफ्नो जीवनशैलीलाई अनुकूल बनाउने क्रममा फरक फरक संस्कृतिको विकास गर्छ । हावापानी तथा उपलब्ध प्राकृतिक स्रोतसाधनहरूका आधारमा मानिसका भोजन, पहिरन, आवास र आनीबानीहरू निर्धारण हुन्छन् जुन सबै संस्कृति निर्माणका प्रमुख तत्त्व हुन् । उदाहरणस्वरूप हिमाली क्षेत्रका मानिसको मुख्य भोजन उवा र आलु हुन्छ भने तराई क्षेत्रका बासिन्दाहरूको मुख्य भोजन रोटी र माछा हो । तापक्रमका आधारमा पहिरन पनि फरक हुन्छ । जाडो बढी हुने हिमाली क्षेत्रमा बक्खुजस्ता बाक्ला न्यानो पहिरन प्रयोग गरिन्छ भने गर्मी बढी हुने तराई क्षेत्रमा हल्का, सेता र सुती कपडा लगाउने चलन छ । प्रसिद्ध विद्वान् Franz Boas[6] का अनुसार भूगोलअनुसारको प्रकृति, जस्तै : हावापानी, मौसम, वनस्पति, जीवजन्तु र अजैविक तत्त्वहरूको उपलब्धताले मानव संस्कृतिको निर्माणमा प्रत्यक्ष प्रभाव पार्छ । उदाहरणका

5 Gautam, T. R. (2025/2082). Natural, Ecological, Cultural Diversity for Nepal's Prosperity. Samsad Journal, vol. 2 (1), pp. 241-279.

6 https://sk.sagepub.com/ency/edvol/anthropology/chpt/franz-boas-1858-1942

लागि घर निर्माणको शैली भूगोलअनुसार फरक हुने गर्छ । हिमाली क्षेत्रमा कम वर्षा हुने भएकाले घरको छाना समथर (माटोको) बनाइन्छ भने पहाडी तथा तराई क्षेत्रमा बढी वर्षा हुने भएकाले छानो ढल्किएको (भिरालो) बनाइन्छ । यसरी हेर्दा भूगोलका आधारमा वातावरण तय हुन्छ र वातावरणअनुसार जीवनयापनका तरिकाहरू विकास हुन्छन् । फलस्वरूप भूगोलले सांस्कृतिक विविधताको निर्माणमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । यसरी भूगोलले संस्कृति निर्माणको ढाँचालाई निर्धारण गर्छ र विभिन्न भूक्षेत्रअनुसार फरक फरक सांस्कृतिक विशेषताहरूको विकास हुन्छ ।

## २. प्राकृतिक आधार (Natural Basis)

विविधताको सुरुआत प्रकृतिबाट हुन्छ । प्राकृतिक भिन्नताले अन्य भिन्नतालाई निर्माण गर्छ । भूगोल फरक हुँदा जमिन र हावापानी फरक पर्छ । यसकारण प्राकृतिक विविधता भूगोलको भिन्नता हो र यससँगै हुने जमिन तथा हावापानीको भिन्नता हो । कुनै पनि वनस्पति, जीवजन्तु र मानव बसोबासका लागि जमिनको आवश्यकता पर्छ । त्यसैले वनस्पति, जीवजन्तु र मानवको खोजी प्राथमिक रूपमा जमिनमा नै हुन्छ । कुनै पनि भूगोलको जमिन र हावापानीले त्यहाँ सिर्जना हुने वनस्पति, जीवजन्तु र मानवमा भिन्नता ल्याउँछ । वनस्पति, जीवजन्तु र मानवको प्रकृतिसँगको अन्तर्क्रिया र अन्तरसम्बन्धबाट पर्यावरणको निर्माण हुन्छ । यसकारण विविधताको अर्को आधार प्रकृति हो ।

## ३. पर्यावरणीय आधार (Ecological Basis)

पृथ्वीको विभिन्न स्थानको भूगोल भिन्न भिन्न किसिमको छ । भिन्न किसिमको भूगोलमा भएको जमिन, हावापानी र त्यससँग अन्तर्क्रिया तथा अन्तरसम्बन्ध राख्ने वनस्पति, जीवजन्तु एवम् मानवका कारण पर्यावरणीय भिन्नता सिर्जना हुन्छ । यसले विविध खालको पर्यावरण निर्माण गर्छ । यसलाई पर्यावरणीय विविधता भनिन्छ । नेपालको हिमाल, पहाड र तराईमा भएको जमिन, हावापानी, वनस्पति, जीवजन्तु र मानव एवम् त्यसबाट सिर्जित पर्यावरणमा भिन्नता भएकाले नेपाल पर्यावरणीय विविधता भएको देश पनि हो । यसकारण विविधताको अर्को महत्त्वपूर्ण आधार पर्यावरण हो । यही पर्यावरणमा रहेर मानवले आफू अनुकूलित हुने आफ्नो आवश्यकता पूरा गर्ने भौतिक तथा अभौतिक पक्षहरू निर्माण गर्छ । यही मानवनिर्मित भौतिक तथा अभौतिक

पक्षहरूलाई संस्कृति भनिन्छ । पर्यावरणीय विविधतासँगै सांस्कृतिक विविधता पनि निर्माण हुन्छ । यसकारण विविधता निर्माण गर्ने अर्को आधार संस्कृति हो ।

## ४. सांस्कृतिक आधार (Cultural Basis)

कुनै पनि भूगोलको विभिन्न किसिमको जमिन, हावापानी तथा पर्यावरणमा बसोबास गर्ने मानवले आफ्नो आवश्यकता पूरा गर्ने र आफ्नो जीवन सभ्य एवम् शुद्ध बनाउनका लागि निर्माण गर्ने कला, ज्ञान, परम्परा, विश्वास, आस्था, बानी व्यवहार, चालचलन, मूल्यमान्यता, नियम, कानुन आदि सबै पक्षको समग्रता संस्कृति हो । मानवको पर्यावरणसँगको अन्तर्क्रियात्मक भिन्नताले संस्कृतिमा भिन्नता ल्याउँछ । यही भिन्नताले सांस्कृतिक विविधता सिर्जना गर्छ । नेपालको हिमाल, पहाड र तराईको विविधतायुक्त प्रकृति र पर्यावरणमा बसोबास गर्ने मानिसले आआफ्नै किसिमको संस्कृतिको निर्माण गरी सांस्कृतिक विविधताको सिर्जना गरेका छन् । कुनै भूगोल वा जमिनमा मानिसको बसोबास भएपछि उक्त पर्यावरणमा आफू अनुकूलित हुँदै आफ्ना आवश्यकता पूरा गर्न गर्ने क्रियाकलापबाट मानव संस्कृति निर्माण हुन्छ । मानिसले सिर्जना गर्ने विभिन्न संस्कृतिमध्ये भाषा प्राथमिक संस्कृति हो । भाषाका माध्यमबाट मानव क्रियाकलाप र अनुभूति तथा विश्वास आदानप्रदान हुन्छ । भाषाबाट धर्म अनि अरू संस्कृतिको निर्माण हुन्छ । संस्कृतिको प्राथमिक पक्ष खाना, वास र पहिरन हुन् । यस क्रममा अन्य संस्कृति क्रमशः विकास हुँदै जान्छ । संस्कृति यस अर्थमा कुनै भूमि र पर्यावरणमा मानव अनुकूलित हुने अन्तर्क्रिया र क्रियाकलाप हो । यस्ता क्रियाकलाप प्रकृति र पर्यावरणअनुसार फरक हुने हुँदा सांस्कृतिक विविधताको निर्माण हुन्छ । संस्कृतिको चर्चा गर्दा भाषा, धर्म, चाडपर्व, खाना, पहिरन आदिबाट गर्नु उपयुक्त हुन्छ ।

## ५. धर्म (Religion)

हरेक समाजको सदस्यले सामाजिक मूल्यमान्यताका साथै प्रकृति र पर्यावरणलगायत समाजका विभिन्न पक्षहरूमा विश्वास गर्छ । यस किसिमको विश्वासबाट व्यक्तिमा खास पक्षप्रति आस्था निर्माण हुन्छ । धर्म वास्तवमा व्यक्तिमा हुने आस्था वा विश्वास हो । प्रत्येक जाति, समुदाय र समाजका आफ्नै प्रकारका धार्मिक विश्वास, मान्यता तथा अभ्यास रहेका हुन्छन् । यही धार्मिक विश्वासका आधारमा व्यक्ति, समुदाय तथा समाजले व्यवहारहरू गर्छन् । धर्मले पाप र पुण्य, नीति, नियम, दण्ड, आचार, विचार

र नैतिकताका आधारहरू निर्माण गरेको हुन्छ । यसैका आधारमा मानिसको विचार तथा व्यवहार नियन्त्रित हुन्छ । धर्म र धार्मिक विश्वासहरू फरक फरक हुने गर्छन् । व्यक्तिको आस्थामा हुने भिन्नताले धार्मिक विविधता सिर्जना गर्छ । यस्तो आस्था प्रकृति, पर्यावरण, सामाजिक मूल्यमान्यता आदिमा आधारित हुन्छन् । यही आस्थाका आधारमा मानिसको सोचाइ र व्यवहार निर्देशित हुन्छ । यसकारण विभिन्न मानव समाजमा धर्म पनि फरक फरक हुन्छ र धार्मिक विविधता हुन्छ । धार्मिक आस्था र विश्वास पनि फरक फरक हुन्छ । कोहीले ईश्वर, कोहीले प्रकृति, कोहीले ब्रह्माण्ड, कोहीले नैतिकता र कोहीले पछिको जीवनमा विश्वास गरेको पाइन्छ । यस्तो विश्वास पनि एकल र बहुल हुन्छ । क्रिस्चियन, इस्लाम, जुडाइज्म आदिले एकल विश्वास वा आस्था राखेको देखिन्छ भने हिन्दुले बहुल देवीदेवतामा विश्वास गरेको पाइन्छ । बुद्ध धर्ममा कुनै देवतामा विश्वास नभई अभ्यास र दर्शनमा आधारित आत्मजागरणमा विश्वास गरेको पाइन्छ । त्यस्तै किरात धर्ममा पितृ र प्रकृतिमा विश्वास गरेको पाइन्छ ।

धर्मको उत्पत्ति के कसरी र कहिले भयो भन्ने सम्बन्धमा विभिन्न धारणा रहेका छन् । केही मानवशास्त्री र समाजशास्त्रीहरूको विचारअनुसार परिवारका शीर्ष व्यक्तिहरूलाई आदर गर्न साथै पितृहरूलाई पूजा तथा सम्मानका लागि धर्मको प्रारम्भ भएको थियो । कतिपयले धर्मलाई सपनामा देखिने आत्मासँग जोडेका छन् । उनीहरूको विचारअनुसार हो अर्थात् हरेक जीवित वस्तुहरूमा आत्मा हुन्छ र यो शक्तिशाली हुन्छ । यही आत्माप्रतिको विश्वासबाट नै धर्मको प्रारम्भ भएको हो भनिन्छ । धर्म पवित्रतासँग सम्बन्धित रहेको हुन्छ । मानव जीवन अपवित्रताले घेरिएको हुन्छ । यस्तो अपवित्रताबाट टाढा रहेर पवित्र रहनु नै धर्म हो पनि भनिएको छ । डर र असन्तुष्टिबाट टाढा राख्नका लागि धर्मको विकास भएको मानिन्छ ।

धर्म मानिसको भावनासँग सम्बन्धित भएकाले यसलाई संवेदनशील मानिन्छ । ऐतिहासिक कालबाट नै हरेक राष्ट्रले धर्मको संवेदनशीलतालाई ध्यान दिई संविधान तथा कानुनमा धर्मका बारेमा व्यवस्था गरेको पाइन्छ । यसले पनि धर्मको महत्त्व उजागर हुन्छ । धर्मलाई कसैले दुःखहरण गर्ने अदृश्य शक्ति मानेका छन् । यही धार्मिक विश्वासका आधारमा व्यक्ति, समाजको आचार तथा व्यवहार तय हुने भएकाले धर्म पनि सांस्कृतिक विविधता निर्माण गर्ने एक महत्त्वपूर्ण आधार हो । धर्म मानिसको आस्था र विश्वासमा आधरित भएकाले समाजअनुसार यो फरक फरक हुन्छ । यसकारण कुनै

धर्मावलम्बीहरूका लागि एउटा वस्तु निषेधित हुन सक्छ भने अर्को समुदायका लागि त्यही वस्तु स्वीकार्य हुन सक्छ । यसरी धार्मिक आधारमा संस्कृतिहरू निर्माण भई समाजमा विविधता सिर्जना भएको पाइन्छ ।

## ६. जातजाति (Caste/ethnicity)

जातजातिमा दुईओटा अवधारणा छन् - जात र जाति । यी दुई अवधारणालाई स्पष्ट पार्न आवश्यक छ । जात भनेको मानिसको समूहलाई विभिन्न स्तरमा वर्गीकरण गर्ने एक परम्परागत प्रणाली हो जसले मानिसलाई जन्म र पेसाका आधारमा विभिन्न समूहमा विभाजन गर्छ । यस परम्पराअनुसार जातमा आधारित समाजमा मानिसलाई चार मुख्य तहमा वर्गीकृत गर्छ : ब्राह्मण (पुजारी र विद्वान्), क्षत्रिय (योद्धा र शासक), वैश्य (व्यापारी) र शुद्र (मजदुर वा पेसाकर्मी र सेवा प्रदायक) । यस वर्गीकरणमा ब्राह्मण, क्षत्रिय, वैश्य र शुद्रलाई क्रमशः माथिल्लो र तल्लो भन्ने गरिन्थ्यो । यसले मानिसलाई तहगत शृङ्खलामा विभाजन गरी तल र माथि भन्ने र सोहीअनुसार उच्च र निम्न जात भनी वर्गीकरण गऱ्यो ।

उच्च र निम्न जात मात्र भनिएन कि शुद्ध र अशुद्ध भनी माथिदेखि तलसम्मको वर्गीकरण पनि गरियो । यही जात विभाजनका आधारमा कामको विभाजन गरिएको छ । कुन जातले के काम गर्ने मिल्ने तथा कस्तो आचार व्यवहार गर्ने भन्ने पक्षहरू जातका आधारमा अवलम्बन गरिएको हुन्छ । यसमा सामाजिक अन्तर्क्रिया, विवाह र जातहरू बिचको अन्तरसम्बन्ध तथा अन्तर्क्रियाका बारेमा कडा नियमहरू छन् । यस प्रणालीले अन्तरजातीय विवाहलाई मान्यता दिँदैन । तर आजको नेपाली समाजमा भने यो जातीय विभाजन र जातमा आधारित संस्कृति धेरै हदमा परिवर्तन भइसकेको छ । तर पनि नेपालमा जातीय विविधता र सहिष्णुता भने कायम रहेको छ ।

जाति भन्नाले एक विशिष्ट सांस्कृतिक समूहका रूपमा चिनिन्छ । यो विविधताको एक प्रमुख आधार पनि हो । जातिअनुसार भाषा, धर्म, संस्कृति आदिमा फरकपना हुन्छ । जातीय समूह भनेको भाषा, धर्म, परम्परा, इतिहास र कहिलेकाहीँ साझा वंश वा भौगोलिक उत्पत्ति आदि साझा भएको मानिसको समुदाय पनि हुन सक्छ । यी साझा विशेषताले समूहका सदस्यहरूमा साझा पहिचान र सम्बन्धको भावना सिर्जना गर्छ । जातीय समूह अन्य समूह, जस्तै : एउटै देशमा बस्न सक्छन् तर फरक

सांस्कृतिक अभ्यासहरू र सामाजिक बन्धनहरू कायम राखेका हुन सक्छन् । जातीयता प्रायः सांस्कृतिक सम्पदामा जोडिएको भए तापनि यसले सामाजिक र राजनीतिक गतिशीलतालाई पनि प्रभाव पार्न सक्छ । विशेष गरी बहुजातीय समाजहरूमा जातीय प्रभाव हुन सक्छ । तर जातीयता भने समय र स्थान विशेषताका आधारमा फरक फरक किसिमले निर्माण हुन सक्छ । जातीयताका आधारमा पनि समाजमा विविधता रहेको हुन्छ ।

## ७. राजनीतिक व्यवस्था (Political system)

सांस्कृतिक विविधता निर्माणको अर्को आधार राजनीतिक व्यवस्था पनि हो । राजनीतिक व्यवस्थाअनुसार राज्यका नीतिका आधारमा पनि संस्कृतिहरू निर्माण तथा नियन्त्रित हुने गर्छन् । लोकतान्त्रिक राजनीतिक व्यवस्थामा एक किसिमको सामाजिक संरचना, व्यवस्था र सांस्कृतिक अभ्यास हुन्छ भने निरङ्कुश शासन व्यवस्थामा त्यहीअनुसारको सामाजिक संरचना, व्यवहार र संस्कृतिको निर्माण हुन्छ । लोकतन्त्रमा सबै नागरिक बराबर हुन् भन्ने मान्यता रहन्छ भने निरङ्कुश शासनमा केही शासकले आम जनतामाथि दमन गर्छन्, शासन चलाउँछन् र सोहीअनुसारको सामाजिक संरचना, व्यवस्था र संस्कृति निर्माण हुन्छ ।

नेपाल लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था भएको देश भएकाले यस राजनीतिक व्यवस्थामा राज्यले सबै नागरिकलाई समान दृष्टिले सम्मानपूर्वक व्यवहार गर्छ भन्ने मान्यता रहेको हुन्छ । संविधानले समेत मानवतालाई केन्द्रमा राख्दै व्यक्तिगत स्वतन्त्रता र आधारतभूत अधिकारलाई सुनिश्चित गरेको हुन्छ । सबै नागरिकका लागि समान व्यवहार गर्नका लागि नागरिकका बिचमा भएका र हुने असमान तथा विभेदपूर्ण व्यवहारको अन्त्य गर्न विभिन्न समयमा विभिन्न किसिमका ऐन, कानुन र नियमहरू बनाइन्छ । उदाहरणका रूपमा वि.सं. २०२० मा तत्कालीन मुलुकी ऐनमा प्रचलित जातीय छुवाछुतसम्बन्धी व्यवस्थालाई संशोधन गरेर हटाएपछि नेपालमा सबै जातजातिहरू समान हुने र भेदभाव गर्न नपाइने व्यवस्थाले न्यायपूर्ण समाज निर्माणमा योगदान पुगेको छ ।

## विविधताका प्रकार (Types of diversity)

समाजमा विविधता निर्माण गर्ने पक्षहरू जति धेरै हुन्छन् त्यति नै आधारमा समाज विविधतापूर्ण हुन्छ । कतिपय आधारहरू सबै समाजका लागि समान हुन्छन् भने कतिपय आधारहरू समाजअनुसार फरक फरक हुन्छन् । लैङ्गिकताजस्ता पक्षहरू सबै समाजमा विविधता सिर्जना गर्ने महत्त्वपूर्ण पक्ष हो । यसकारण सबै समाजमा लैङ्गिक विविधता रहेको हुन्छ । त्यस्तै सबै समाजको आआफ्नै किसिमको संस्कृति रहेको हुनाले सांस्कृतिक विविधता पनि रहेको हुन्छ । तर सांस्कृतिक विविधताको स्वरूप भने फरक फरक हुन्छन् । सामाजिक विविधताका केही आधारका बारेमा यहाँ चर्चा गरिएको छ :

### १. लैङ्गिक विविधता (Gender diversity)

लैङ्गिक विविधताको अवधारणालाई बुझ्नुभन्दा अगाडि लिङ्ग र लैङ्गिकताको अवधारणासँग परिचित हुनु आवश्यक छ । सामान्यतया सन् १९६० को दशक अगाडिसम्म लिङ्ग र लैङ्गिकतालाई एउटै अर्थमा बुझ्ने, व्याख्या र विश्लेषण गर्ने गरिन्थ्यो । त्यस समयमा लैङ्गिकताको अवधारणा विकास भएको थिएन । पुरुष र महिलाको फरक शारीरिक वा जैविक विशेषतालाई नै लैङ्गिकताका रूपमा बुझ्ने गरिन्थ्यो । यस बारेको चर्चा सन् १९६० अगाडिबाट नै हुन थालेको थियो । सन् १९६० पछि लिङ्ग र लैङ्गिकतालाई फरक फरक ढङ्गले व्याख्या विश्लेषण गर्न थालियो । त्यसपछि समाजमा महिला र पुरुषको अवस्थालाई लैङ्गिक आधारमा विश्लेषण गर्न थालियो ।

लिङ्ग महिला र पुरुषमा रहेको जैविक भिन्नता हो । जन्मजात रूपमा प्राप्त शारीरिक विशेषता नै लिङ्ग हो । महिला र पुरुषको शरीरमा रहेको अङ्गहरूका आधारमा उनीहरूलाई छुट्याउनु नै लिङ्ग हो, जस्तै : पुरुषमा जुँगादाह्री हुनु, ठुलो स्वर हुनु, लिङ्ग हुनु आदिका आधारमा ऊ महिलाभन्दा फरक हुन्छ । त्यसैगरी महिलामा जुँगादाह्री नहुनु, सानो स्वर हुनु, स्तन हुनु, बच्चा जन्माउने क्षमता हुनु, योनि हुनु आदिका आधारमा महिला पुरुषभन्दा फरक हुन्छन् । यसरी जैविक वा शारीरिक फरकपनाका आधारमा महिला र पुरुष छुट्याइन्छ त्यो नै लिङ्ग हो । यो विश्वव्यापी, अपरिहार्य र जन्मसिद्ध हुन्छ । तर लैङ्गिकता फरक अवधारणा हो । समाजमा महिला र पुरुषको व्यवहार, भूमिका, मूल्यमान्यता, सोच वा चिन्तन, विश्वास आदि फरक ढङ्गले स्थापित भएका हुन्छन् । समाज, संस्कृति, मूल्यमान्यता, परम्परा र रीतिथिति

आदिले महिलाले के गर्न हुने वा के गर्न नहुने, पुरुषले के गर्न हुने र के गर्न नहुने भन्ने आआफ्नै भूमिका निर्धारित भएको हुन्छ त्यो नै लैङ्गिकता हो । यस सन्दर्भमा विगतमा नेपाली समाजमा हेर्ने हो भने महिलाको भूमिका घरभित्रको काम गर्नुपर्ने, बालबच्चा वा छोराछोरीलाई हुर्काउने वा स्याहारसुसार गर्नुपर्ने, छोरीले पढ्न पर्दैन भन्ने आदि जस्ता विश्वास र व्यवहार पाइन्छन् । त्यसैगरी पुरुषको हकमा उनीहरूले घरबाहिर गएर आयआर्जन गर्नुपर्ने, खेतबारीमा खनजोत गर्ने तथा अन्य साहसिक काम गर्नुपर्ने, महिलाले भन्दा धेरै लेखपढ गरेको हुनुपर्ने आदि मान्यताहरू रहेका छन् ।

लैङ्गिकता घरपरिवार र समुदायमा मात्र सीमित नरहेर सम्पूर्ण समाजमा व्याप्त हुन्छ । महिला र पुरुषले गर्ने आधुनिक व्यवसाय र पेसामा पनि भिन्नता स्थापित भएको छ । सामान्यतः पुरुषले मात्र ड्राइभिङ, सिकर्मी, डकर्मी, डाक्टर, इन्जिनियर, पाइलट, वकिल, सैलुन, व्यापार आदि अन्य साहसिक कार्यहरू गर्न सक्छन् भन्ने मान्यता व्याप्त छ । त्यसैगरी समाजले महिलाले गर्ने पेसा र व्यवसाय पनि निर्दिष्ट गरिदिएको थियो । ब्युटिसियन, नर्स, केयरगिभर, रिसेप्सनिस्ट, सेक्रेटरी आदि जस्ता कार्यमा महिलालाई उपयुक्त मान्ने मान्यता अझै अनुभूत गर्न सकिन्छ । महिलाहरू शारीरिक, बौद्धिक, मानसिक वा मनोवैज्ञानिक रूपमा पुरुषभन्दा कमजोर वा दुर्बल हन्छन् भन्ने मान्यता हटिसकेको छैन । यो विश्वव्यापी रूपमा देखिन्छ । तर समाजको परिवेशअनुसार लैङ्गिकता निर्माण फरक फरक ढङ्गले भएको देखिन्छ ।

पितृसत्ताले लैङ्गिकता निर्माण गरेको छ । पितृसत्ता भन्नाले पुरुष प्रधान हुने वा पुरुष शक्तिशाली बन्ने समाज हो । पुरुषले शासन गर्ने समाज हो । पुरुषको नियन्त्रण र स्वामित्वमा स्रोत र साधनहरू हुने कारणले पुरुषहरू शक्तिशाली बनिरहेका हुन्छन् । कुनै एक परिवारको उदाहरण लिने हो भने बुबाको नाममा पैतृक सम्पत्ति रहने, उसैले आयआर्जन गर्ने, उसैले शिक्षा प्राप्तिमा प्राथमिकता पाउने, उसैको सामाजिक प्रतिष्ठा र सम्मान हुने आदि कारणले ऊ शक्तिशाली बन्छ । महिलाले पैतृक सम्पत्ति नपाउने, शिक्षामा पहुँच कम हुने, घरायसी काम गर्नुपर्ने र बाह्य वातावरणमा घुलमिल हुने र सम्मान प्रतिष्ठा आर्जन गर्नबाट वञ्चित हुने आदि कारणले महिला समाजमा पछि परेका छन् ।

लैङ्गिक विविधता भन्नाले समाजमा रहेका विभिन्न लैङ्गिक पहिचान, भूमिका, अभिव्यक्ति र यौनिकताको भिन्नतालाई स्वीकार र सम्मान गर्नु हो । परम्परागत

रूपमा मानिसलाई केवल पुरुष र महिलाको रूपमै वर्गीकृत गरिए पनि, लैङ्गिक विविधता यसभन्दा व्यापक र समावेशी हुन्छ । यसमा पुरुष, महिला, तेस्रो लिङ्ग (अन्य लैङ्गिकता), ट्रान्सजेन्डर, जेन्डर नन-कन्फर्मिङ, गैर-द्वैध लिङ्ग (non–binary) लगायत विभिन्न पहिचानहरू समावेश हुन्छन् । प्रत्येक व्यक्तिले आफ्नो लैङ्गिकता भिन्न रूपमा अनुभूति र अभिव्यक्त गर्न सक्छन् जुन जन्मसँगै तोकिएको जैविक लिङ्गसँग मेल नखान पनि सक्छ ।

लैङ्गिक विविधताको सम्मानले सबै व्यक्तिलाई समान अधिकार, अवसर, सम्मान र पहिचान दिलाउने दिशामा काम गर्छ । नेपालमा तेस्रो लिङ्गको कानुनी मान्यता, नागरिकता वितरण, सरकारी सेवा प्रवेशलगायतका कदमहरू लैङ्गिक विविधताको स्वीकारोक्तितर्फ सकारात्मक प्रयास मानिन्छन् । तर अझै पनि लैङ्गिक अल्पसङ्ख्यक समुदायहरू भेदभाव, हिंसा, सामाजिक अस्वीकार र आर्थिक अवसरको अभावको सिकार छन् । त्यसैले लैङ्गिक विविधताको अवधारणालाई व्यवहारमा लागु गर्न कानुनी संरचना, सामाजिक चेतना, शिक्षाको पहुँच, समावेशी नीति र सबैका लागि सुरक्षित वातावरण निर्माण अनिवार्य छ । यस्तो समावेशी दृष्टिकोणले मात्र समानता, न्याय र मानव अधिकारको सुनिश्चितता गर्न सकिन्छ ।

## २. जात विविधता (Caste Diversity)

जात भन्नाले मानिसको एउटा सामाजिक समूहलाई जनाइन्छ जुन परम्परागत रूपमा जन्मका आधारमा निर्धारण गरिन्छ । कुनै पनि व्यक्तिको जात उसले जन्मिएको परिवारबाट निर्धारित हुन्छ र सामान्यतया जीवनभरि परिवर्तन गर्न सकिँदैन भन्ने विश्वास गरिन्छ । जात प्रायः धर्म, संस्कृति र पेसासँग जोडिएको हुन्छ । विशेषगरी हिन्दु समाजमा यो धारणा गहिरो रूपमा जरा गाडेर बसेको छ जहाँ प्राचीन समयमा मानिसलाई चार प्रमुख वर्ण – ब्राह्मण, क्षेत्रीय, वैश्य र शुद्रका रूपमा वर्गीकृत गरिएको थियो । यसरी वर्गीकरण गरिँदा हरेक समूहलाई निश्चित भूमिका, कर्तव्य र अधिकार प्रदान गरिएको थियो । यसैका आधारमा विकास भएको सामाजिक संरचनालाई जात व्यवस्था भनिन्छ ।

जात व्यवस्था एक प्रकारको सामाजिक पदानुक्रम हो जसले मानिसलाई उच्च र तल्लो तहमा विभाजन गर्छ । यस प्रणालीमा उच्च जातका मानिसलाई विशेषाधिकार प्राप्त

हुन्छ भने तल्लो जातका मानिसले अपमान, छुवाछुत र विभेदको सामना गर्नुपर्छ। यस्तो व्यवस्था समाजमा असमानता, अवसरको अभाव र विभेदको कारण बन्छ। दक्षिण एसियामा यो व्यवस्था लामो समयदेखि जरा गाडेर बसेको छ जसले धेरै जातजातिका मानिसलाई पछाडि पार्ने काम गरेको छ। आजको परिवर्तित समाजमा जातीय विभेद अन्त्य गर्ने प्रयासहरू भइरहेका छन्। संविधान र कानुनले सबै नागरिकलाई समान अधिकार प्रदान गरेको छ। यद्यपि व्यवहारमा अझै पनि जातीय विभेद, छुवाछुत र अन्य सामाजिक अन्यायहरू कायम छन्। त्यसैले जात, जात व्यवस्था र जात विविधताको गहिरो बुझाइका आधारमा हामीले समावेशी र समानतामूलक समाज निर्माण गर्नतर्फ अगि बढ्नुपर्छ।

मूलतः दक्षिण एसियाको प्राचीन समाज वर्णाश्रम व्यवस्थाले प्रभावित थियो। उमेर र सामाजिक दायित्वका आधारमा ब्रह्मचर्य, गृहस्थ, वानप्रस्थ र सन्यास गरी चार आश्रममा मानिसले जीवनयापन गर्थे। सामाजिक परम्पराका रूपमा प्रचलित वर्ण व्यवस्थालाई जातीय रूपमा मान्न थालियो। नेपालमा जात व्यवस्था सांस्कृतिक रूपमा समाजलाई स्तरीकृत गर्ने व्यवस्थाका रूपमा सुरु भयो। यो व्यवस्था नेपालमा मात्र नभएर दक्षिण पूर्वी एसियामा हजारौँ वर्ष अगाडिदेखि नै विकास भएको मानिन्छ।

नेपालमा जात प्रथा गौतम बुद्धको समयभन्दा अगाडिदेखि नै जकडिएर रहेको थियो भन्ने प्रमाण बुद्धले तत्कालीन समाजमा प्रचलित जात प्रथाको विरोध गरेको घटनाहरूबाट पुष्टि हुन्छ। बुद्धको भिक्षु सङ्घमा ब्राह्मणदेखि पोडेसम्म थिए र बुद्ध जातीय भेदभावका विरुद्धमा थिए। बुद्धको समयदेखि नै जातीय विभेदको विरुद्धमा उठेका यस्ता आवाजहरूले के प्रमाणित गर्छ भने त्यसताका एक प्रकारको जात व्यवस्था थियो। लिच्छविकालमा जात व्यवस्थाले थप प्राथमिकता पाएको पाइन्छ। यसले समाजलाई कार्यगत हिसाबले स्तरीकृत गर्‍यो। ब्राह्मण वर्गलाई धर्मकर्मको जिम्मा दिइयो। उनीहरूले मात्र धार्मिक कार्य गर्ने गराउने परम्परा आयो। क्षेत्रीलाई देश रक्षा गर्ने जिम्मेवार वर्गमा राखियो भने वैश्य समूह निर्माण गरी खेती किसान तथा व्यापारको कार्यमा लगाइयो। त्यसैगरी शुद्र वर्गले अरूको सेवा गर्नुपर्ने भयो। पृथ्वीनारायण शाहले नेपाललाई चार जात छत्तिस वर्णको साझा फूलबारीका रूपमा पहिचान गरेका थिए। यसलाई नै जातजातिको विविधताका रूपमा लिन सकिन्छ।

## ३. आदिवासीय विविधता (Diversity among Indigenous peoples)

नेपालको जनगणना २०७८ ले नेपालमा १४२ जातजातिहरू पहिचान गरेको छ । यस जनगणनाले यिनीहरूमध्ये ५९ आदिवासी/जनजाति पहिचान गरेको छ । यी समूह राजनीतिक, सामाजिक, आर्थिक तथा शैक्षिक विकासको मूलधारमा अपेक्षित रूपमा आउन सकेका छैनन् । उनीहरूको भाषा, संस्कृति, ज्ञान प्रणाली, परम्परागत संस्था आदि लोपोन्मुख अवस्थामा छन् । उनीहरूको उपस्थिति राज्यको निकायहरूमा कम रहेको छ । यस्ता समुदायलाई राज्यका निकायमा समावेश गर्नका लागि सकारात्मक विभेद वा आरक्षणको व्यवस्था गरिएको छ । यस्तो व्यवस्थाले राज्य संयन्त्रमा आदिवासीको उपस्थिति बढिरहेको छ ।

नेपालमा आदिवासी र जनजातिलाई पर्यायवाचीका रूपमा लिने गरेको पाइन्छ । तर यी समूहमा केही भिन्नता पनि छ । वास्तवमा आदिवासी र जनजाति केही फरक सामाजिक समूहका अवधारणाहरू हुन् । यी समूहबिच फरक छुट्याउन जरुरी छ । आदिवासी र जनजाति एकअर्काका पर्यायवाची होइनन्, जस्तै : यी समूहबिचको प्रमुख भिन्नता भनेको भूमि र प्राकृतिक स्रोतसाधन माथिको निर्भरतामा देख्न सकिन्छ । आदिवासीहरू आफ्नो परम्परागत वा पुर्ख्यौली भूमि र प्राकृतिक स्रोतसाधनहरू माथि निर्भर हुने गर्छन् वा उनीहरूको आर्थिक, सामाजिक, आध्यात्मिक, भाषिक तथा सांस्कृतिक सम्बन्ध प्रकृतिमाथि रहेको हुन्छ । तर जनजातिहरूमा यो विशेषता नहुन सक्छ । जनजातिहरू विशेष गरी भाषिक, सांस्कृतिक र धार्मिक रूपमा फरक हुने गर्छन् । उनीहरूको भाषा, संस्कृति, धर्म, सामाजिक मूल्यमान्यतालाई राज्यको मूल राजनीतिक शक्तिले दमनमा पारेको हुन्छ । आदिवासीहरूको जस्तै उनीहरूको सामाजिक, आर्थिक तथा शैक्षिक अवस्था मूलधारमा आउन सकेको छैन । आदिवासी र जनजातिका बारेमा बुझ्नका लागि यसका परिभाषाहरू पर्याप्त नहुन सक्छन् । तर यहाँ केही परिभाषाहरू दिइएको छ जसले केही हदसम्म आदिवासी र जनजाति समुदायहरूका बारेमा एक अवधारणा निर्माण गर्न भने सहयोग पुग्छ ।

जोस मार्टिनेज कोवोले सन् १९८३ मा संयुक्त राष्ट्रसङ्घमा बुझाएको प्रतिवेदनअनुसार आदिवासीहरू यस्ता समुदाय, सार्वभौम जनता र राष्ट्र हुन् जो औपनिवेशीकरण प्रक्रियाभन्दा अगाडिदेखि कुनै निश्चित भूभागमा आफ्नो ऐतिहासिक परम्परा र जीवन

शैलीलाई निरन्तरता दिँदै आएका हुन्छन् । उनीहरू समाजमा भएका प्रभुत्वशाली समूहभन्दा पृथक् हुन्छन् र उनीहरूले आफ्नो संस्कृति, सामाजिक संस्था, कानुनी पद्धति, पुर्ख्यौली भूमि र पृथक् पहिचानलाई पुस्तान्तरण गरी निरन्तरता दिने प्रयत्न गरिरहेका हुन्छन् ।

त्यसैगरी अन्तर्राष्ट्रिय श्रम सङ्गठनको महासन्धि नं. १६९ को धारा १ मा अभिव्यक्त भएको परिभाषाअनुसार आदिवासी समुदायहरू भनेका त्यस्ता फरक सामाजिक, सांस्कृतिक, राजनीतिक तथा आर्थिक परम्परा भएका समूह हुन् जो अन्य राष्ट्रिय समूहभन्दा फरक हुन्छन् र उनीहरूले औपनिवेशीकरण एवम् आधुनिक राज्य निर्माण हुनुभन्दा अगाडिदेखि केही वा पूर्ण रूपमा निश्चित भौगोलिक क्षेत्रमा आफ्नो परम्परालाई कायम राखेका हुन्छन् ।

आदिवासी भन्नाले यस्ता समुदाय हुन् जसको आफ्नो परम्परागत वा पुर्ख्यौली भूमि हुन्छ र उक्त भूमिसँग उनीहरूको अन्योन्याश्रित सम्बन्ध हुन्छ । आदिवासीय दृष्टिकोणले भूमि भन्नाले खेतीयोग्य जमिन वा चरिचरन क्षेत्रलाई मात्र बुझ्नु हुन्न । भूमि भन्नाले सम्पूर्ण जल, जमिन, जङ्गल तथा भूक्षेत्रलाई बुझ्ने गरिन्छ । आदिवासीहरूको भूमि र प्राकृतिक स्रोतसाधनहरूसँग नजिकको सम्बन्ध हुन्छ । उनीहरूको प्रकृतिसँग आर्थिक, सांस्कृतिक, भाषिक तथा आध्यात्मिक सम्बन्ध हुन्छ । उनीहरूले खोलानाला, वन जङ्गल, जनावर, पशुपक्षी, ढुङ्गा माटो आदिलाई पूजा गर्ने गर्छन् । उनीहरू धामी, झाँक्री वा पुजारीका माध्यमबाट पुर्खाको आत्मालाई पूजा गर्ने गर्छन् । आदिवासीहरूको विशेषता धेरै जनजाति समूहको विशेषतासँग मिल्छ । तर फरक यो हो कि आदिवासीहरूको भूमि र प्राकृतिक स्रोतसाधनसँग गहिरो सम्बन्ध हुन्छ । तर जनजातिहरूमा साझा भाषा तथा संस्कृतिसँग हुन्छ जो आदिवासीसँग पनि हुन्छ ।

नेपालको सन्दर्भमा भन्ने हो आदिवासी र जनजाति समुदायहरूलाई एकै समूहका रूपमा परिभाषित गरिएको पाइन्छ । नेपालमा गरिएको परिभाषाअनुसार भिन्नभिन्न परम्परागत जीवन पद्धति अँगाल्ने मानिसको वर्ग तथा समूह जुन अन्य वर्गबाट भाषिक, सांस्कृतिक, धार्मिक तथा प्रजातीय रूपले फरक समूहलाई आदिवासी/जनजाति भनिन्छ । यस्ता समूहलाई विभिन्न देशमा विभिन्न नामले जानिन्छ, जस्तै : भारतमा ट्राइवल्स, अमेरिकामा फस्ट नेसन्स, अस्ट्रेलियामा एवोरिजिन्स, न्युजिल्यान्डमा माओरी, नर्वेमा सामी आदि ।

नेपालमा वि.सं. २०५३ मा सरकारद्वारा गठित जनजाति उत्थान प्रतिष्ठान कार्यदलले दिएको प्रतिवेदनमा जनजातिको पहिचानका लागि दिएको परिभाषाअनुसार "छुट्टै सामूहिक सांस्कृतिक पहिचान भएका, आफ्नै परम्परागत भाषा, धर्म रीतिरिवाज र संस्कृति भएका, समानतामा आधारित सामाजिक संरचना भएका, परम्परागत छुट्टै भौगोलिक क्षेत्र भएका, लिखित वा अलिखित इतिहास भएका, वर्तमान नेपालको राजनीति र अन्य राज्य सञ्चालनमा निर्णायक भूमिका नभएका समूह नेपालका आदिवासी/जनजाति हुन्" भनिएको छ। भिन्न भिन्न परम्परागत सांस्कृतिक जीवन पद्धति अँगाल्ने मानिसको समूह जुन मूलधारका समूहभन्दा भाषिक, सांस्कृतिक, धार्मिक तथा प्रजातीय रूपले फरक, एउटै भौगोलिक क्षेत्रमा बस्ने, आफ्नै परम्परागत मूल्यमान्यता भएका समूहलाई आदिवासी/जनजाति समूह भनिन्छ। नेपालका आदिवासी/जनजातिहरू हिमाल, पहाड, मधेस र तराई सबै क्षेत्रहरूमा परापूर्वकालदेखि बसोबास गर्दै आएको पाइन्छ।

## ४. सांस्कृतिक विविधता (Cultural diversity)

सांस्कृतिक विविधता भन्नाले विभिन्न जाति, भाषा, धर्म, परम्परा रहनसहन, कला, सङ्गीत र मूल्यमान्यताहरूको फरकपना र सहअस्तित्वलाई जनाउँछ। यो विविधता समाजमा रहेका मानिसको भिन्न भिन्न सांस्कृतिक पृष्ठभूमि र पहिचानको सम्मान तथा स्वीकारोक्तिको प्रतिफल हो। सांस्कृतिक विविधताले समाजलाई सहिष्णु र समृद्ध बनाउँछ जसले परस्पर सहयोग, समझदारी र शान्तिको वातावरण निर्माण गर्न मदत पुऱ्याउँछ। यस्तो विविधता संरक्षण र प्रवर्धन गर्नु सामाजिक एकता एवम् विकासका लागि आवश्यक हुन्छ।

नेपालको मुख्य विशेषता भनेको सांस्कृतिक विविधता हुनु हो। यो देश विभिन्न जातजाति र धर्मावलम्बीहरूले बसोबास गरेको देश हो। यहाँ सैयौँ जाति र विभिन्न धर्मावलम्बीहरूको बसोबास भएकाले सांस्कृतिक विविधता हुनु स्वाभाविक मानिन्छ, जस्तै : किरात जाति र धर्मअनुसार प्रचलित किराती संस्कृतिहरू, हिन्दु धर्मावलम्बी जातिका हिन्दु संस्कृति, बौद्ध धर्मावलम्बीहरूको बौद्ध संस्कृतिहरू। यसरी नै भूगोलको पनि संस्कृति निर्माणमा महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। यसरी जाति, धर्म साथै भूगोलका आधारमा खानपान, पहिरन, घरको बनोटलगायतका कृषि पद्धति, उत्पादन,

आचार व्यवहार जस्ता संस्कृतिमा भिन्नता हुन्छ । यस आधारमा सांस्कृतिक विविधता निर्माण भएको हुन्छ, जस्तै : हिमाली क्षेत्रको घर र तराई क्षेत्रको घरको बनोट भिन्न हुन्छ । बसाइँसराइले गर्दा पनि सांस्कृतिक विविधता सिर्जना गर्नमा मदत पुग्छ । यसबाट निर्मित समाजमा विभिन्न भाषा, धर्म र संस्कृति मान्नेहरूको समाज भएकाले परस्पर व्यवहार गर्ने क्रममा मिश्रित प्रकृतिको सुन्दर संस्कृतिको निर्माण हुन्छ । यस्तो अवस्थामा पनि सांस्कृतिक विविधताको विकास हुन्छ । यसरी नेपाली समाज सांस्कृतिक रूपमा विविधतायुक्त छ ।

## ५. अपाङ्गतामा आधारित विविधता (Disability diversity)

अपाङ्गतामा आधारित विविधता भन्नाले समाजमा रहेका फरक फरक प्रकारका शारीरिक, मानसिक, बौद्धिक वा संवेगात्मक क्षमता भएका व्यक्तिहरूको अस्तित्व, पहिचान र सहभागितालाई स्वीकार एवम् सम्मान गर्नु हो । हरेक मानिसका क्षमता र आवश्यकताहरू फरक फरक हुन्छन् र अपाङ्गता भएका व्यक्तिहरू पनि समाजको अविभाज्य हिस्सा हुन् । उनीहरूमा पनि सिर्जनात्मकता, दक्षता, अनुभव र योगदान दिने असीम सम्भावना हुन्छ जसलाई पहिचान गरेर समान अवसर र पहुँच प्रदान गर्नु आवश्यक छ । अपाङ्गता कुनै कमजोरी नभई फरक जीवनशैली र अभिव्यक्तिको एउटा स्वरूप हो, जुन समाजले बुझ्न, स्वीकार गर्न र अनुकूल वातावरण सिर्जना गर्न जरुरी हुन्छ । भौतिक पूर्वाधार, शिक्षा, रोजगारी, सूचना र प्रविधिमा पहुँच, सहजीकरण सेवा, समावेशी नीति र सकारात्मक व्यवहारमार्फत अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सुरक्षित गर्नु र उनीहरूको प्रतिभा उजागर गर्न सक्नु नै अपाङ्गतामा आधारित विविधताको सार हो । यस्तो विविधताको सम्मानले मात्र सहिष्णु, न्यायपूर्ण र समावेशी समाजको निर्माण सम्भव हुन्छ ।

नेपालमा ठुलो सङ्ख्यामा फरक क्षमता भएका मानिस पनि छन् । शारीरिक तथा मानसिक रूपमा फरक क्षमता भएका बालबालिका, वयस्क तथा वृद्धहरू विकास र शिक्षाको मूलधारमा आउन सकेका छैनन् । फरक क्षमता भएकाहरूका लागि समान अवसर सिर्जना गर्न जरुरी छ । त्यसैगरी बहु अशक्तताको पहिचान र उनीहरूलाई गुणात्मक शिक्षा र विकासको मूलधारमा पहुँच पुऱ्याउन चुनौती देखिएको छ । यस्ता व्यक्तिहरू कति छन् र कस्तो अवस्थामा छन् भन्नका लागि स्पष्ट यकिन गर्न सकिने आधिकारिक तथ्याङ्कको अभाव त्यतिकै टड्कारो रूपमा देखिएको छ । सरकारले केही

प्रयत्न गरिरहेको छ। विद्यालयको भवन निर्माण गर्दा अपाङ्गतालाई ध्यान दिनुपर्ने नीति जस्तै : र्‍याम्प निर्माण गर्नुपर्ने जस्ता नीतिहरू ल्याएको छ। दृष्टिविहीनहरूका लागि शिक्षामा विशेष व्यवस्था, ब्रेल लिपि, शिक्षक तथा अन्य स्रोतहरूको व्यवस्थापन गर्दै आएको छ। तर त्यो पर्याप्त र प्रभावकारी हुन सकेको छैन।

## ६. भाषिक विविधता (Linguistic diversity)

भाषिक विविधता भन्नाले विभिन्न जातजाति, समुदाय वा भौगोलिक क्षेत्रमा प्रयोग हुने विविध भाषाहरूलाई जनाउँछ। त्यसका साथै भाषिक विविधताको अवधारणाभित्र यी विविध भाषाहरूको अस्तित्व र प्रयोगलाई पनि जनाउँछ। संसारभरि हजारौँ भाषा बोलिन्छन् जसले मानव सभ्यताको विविधता र सांस्कृतिक सम्पदालाई प्रतिबिम्बित गर्छ। नेपालजस्तो बहुजातीय र बहुभाषिक देशमा भाषिक विविधता अझ स्पष्ट रूपमा देखिन्छ। यहाँ जहाँ नेपाली, मैथिली, भोजपुरी, थारु, तामाङ, नेवारी, लिम्बु राई, गुरुङ, मगरजस्ता थुप्रै मातृभाषाहरू विद्यमान छन्। वि.सं. २०७८ मा भएको जनगणनामा नेपालमा १२४ भाषाहरू पहिचान गरिएको छ। यस्ता भाषाहरूले यहाँको समुदायको संस्कृति, इतिहास, ज्ञान, मूल्य र सामाजिक संरचनालाई जीवन्त राखेका हुन्छन्। भाषिक विविधता सामाजिक समावेशिता, सांस्कृतिक आत्मपहिचान र समान अवसरको आधार हो। तर आधुनिक प्रविधि, शिक्षा र प्रशासनमा एकल भाषाको प्रयोगले कतिपय भाषाहरू सङ्कटमा परेका छन्। त्यसैले भाषिक विविधताको संरक्षणका लागि मातृभाषाको प्रवर्धन, शिक्षा, मिडिया र प्रशासनमा सबै भाषाको समान स्थान सुनिश्चित गर्नु आवश्यक छ। भाषिक विविधताको सम्मान तथा संरक्षणले मात्र समावेशी समाज निर्माण गर्न सकिन्छ र प्रत्येक व्यक्तिको मौलिक अधिकार सुनिश्चित गर्न सकिन्छ।

भाषा आयोगले अन्य भाषाहरूको अवस्था र तिनको राष्ट्रिय कामकाजको भाषाको सम्भावनाको सन्दर्भमा अध्ययन तथा अनुसन्धानहरू गरिरहेको छ। कतिपय भाषाहरू लोप हुन लागेका छन् भने कतिपय लोप भइसकेका छन्। लोपोन्मुख भाषाहरूको संरक्षणका लागि विभिन्न तहबाट प्रयत्नहरू भइरहेका छन्। भाषिक अल्पसङ्ख्यक समुदायहरू भाषाकै आधारमा उनीहरू विकास र शिक्षामा बहिष्करणमा परिरहेका छन्। विद्यालयमा शिक्षकले बोल्ने भाषा र विद्यार्थीको मातृभाषा फरक हुने कारणले धेरै भाषिक अल्पसङ्ख्यक समूहका बालबालिकाहरू विद्यालयमा टिक्न सकेका छैनन्।

शिक्षा आर्जन गर्ने प्रक्रियामा अर्थपूर्ण रूपमा सहभागी हुन सकेका छैनन् । यस समस्याको समाधान गर्न सरकारले मातृभाषामा आधारित बहुभाषिक शिक्षासम्बन्धी नीति तथा कार्यक्रमहरू लागु गर्ने प्रयत्न गरेको छ ।

## ७. धार्मिक विविधता (Religious Diversity)

धार्मिक विविधता भन्नाले एउटै समाज, राष्ट्र वा विश्वभित्र विभिन्न धर्महरू, धार्मिक विश्वासहरू, अभ्यासहरू र संस्कारहरूको सहअस्तित्वलाई जनाउँछ । जब कुनै ठाउँमा विभिन्न धर्म मान्ने मानिस एकसाथ बसोबास गर्छन् र आआफ्ना धर्मलाई स्वतन्त्र रूपमा अभ्यास गर्न पाउँछन् त्यस अवस्थालाई धार्मिक विविधता भनिन्छ । धार्मिक विविधता केवल धर्महरूको सङ्ख्यामा मात्र सीमित हुँदैन । यसले आआफ्नो धार्मिक मूल्य, संस्कार, पूजा पद्धति, पर्व, दर्शन र सामाजिक संरचनाको भिन्नतालाई पनि समेट्छ । उदाहरणका रूपमा नेपालमा हिन्दु, बौद्ध, इस्लाम, किरात, इसाई, सिख, जैन आदि धर्महरू मान्ने समुदाय छन् । यी धर्महरूका आफ्ना छुट्टाछुट्टै परम्परा, पूजा विधि, आस्थाको रूप र धार्मिक ग्रन्थ हुन्छन् ।

यदि समाजले सबै धर्मलाई समान दृष्टिकोणले हेर्न जान्यो भने धार्मिक विविधता सामाजिक समावेशिता, सहिष्णुता र आपसी सम्मानको आधार बन्न सक्छ । यस्तो विविधताले सांस्कृतिक समृद्धि, सहकार्य र शान्तिपूर्ण सहअस्तित्वलाई प्रवर्धन गर्छ । तर यदि विविधता सहन र स्विकार्न नसकिने अवस्था भयो भने यसले धार्मिक द्वन्द्व, वैमनस्यता र सामाजिक अस्थिरता निम्त्याउन सक्छ । नेपालमा आजको लोकतान्त्रिक समाजमा धार्मिक स्वतन्त्रता एक मौलिक अधिकार हो । यस अर्थमा धार्मिक विविधतालाई स्वीकार गर्नु र सबै धर्मका अनुयायीहरूलाई समान सम्मान र स्वतन्त्रता दिनु नै आधुनिक लोकतान्त्रिक मूल्यहरूको अभिन्न हिस्सा हो । धार्मिक विविधताले नेपाली समाजलाई सांस्कृतिक रूपमा धनी बनाउने मात्र होइन आपसी सद्भाव र सहिष्णुताको वातावरण सिर्जना गर्न मदत गरेको छ ।

## ८. आर्थिक विविधता (Economic Diversity)

आर्थिक विविधता भन्नाले समाजमा रहेका व्यक्ति वा समुदायहरूबिचको आर्थिक अवस्था, आय, स्रोतसाधनमा पहुँच, रोजगारीका अवसर, जीवनस्तर र उपभोग

क्षमतामा देखिने विभिन्नता र असमानतालाई जनाउँछ । समाजमा केही व्यक्ति धनी, सम्पन्न र सुविधासम्पन्न हुन्छन् भने केही व्यक्ति गरिब, सीमान्तकृत र अवसरबाट वञ्चित अवस्थामा हुन्छन् । यस्ता फरक आर्थिक अवस्था नै आर्थिक विविधताको परिचायक हो । आर्थिक विविधता प्राकृतिक स्रोतको उपलब्धता, शिक्षाको पहुँच, पेसा, स्थान, जात, लिङ्ग र सामाजिक संरचनाजस्ता विभिन्न कारकहरूसँग सम्बन्धित हुन्छ । यसले समाजको संरचना, नीति निर्माण, विकासको प्रवृत्ति र समावेशीकरणमा प्रत्यक्ष प्रभाव पार्छ । यद्यपि आर्थिक विविधताले केही हदसम्म उद्यमशीलता, प्रतिस्पर्धा र उत्पादनमा विविधता ल्याउन सक्छ तर अत्यधिक आर्थिक असमानताले सामाजिक विभाजन, असन्तुलन र अन्याय जन्माउँछ । त्यसैले आर्थिक विविधतालाई सन्तुलित बनाउन समावेशी नीति, समान अवसर, सामाजिक सुरक्षा, शिक्षा र स्वरोजगारमार्फत गरिबी न्यूनीकरण र आर्थिक सशक्तीकरण गर्न अत्यन्त जरुरी हुन्छ । यसरी मात्र समावेशी, न्यायपूर्ण र दिगो आर्थिक विकास सम्भव हुन्छ ।

नेपालको सन्दर्भमा भूगोल, जातीय समुदाय, सामाजिक वर्ग, पेसा तथा व्यवसायका मानिसको आर्थिक अवस्थामा भिन्नता अवश्य छ । नेपालको भौगोलिक बनावट हिमाल, पहाड र तराईअनुसार स्रोतसाधनको पहुँच, कृषि उपज, उद्योग र रोजगारीका अवसरहरू फरक फरक छन् । उदाहरणस्वरूप तराई क्षेत्रमा कृषियोग्य जमिन र व्यापारिक गतिविधि बढी हुने भएकाले त्यहाँको आर्थिक अवस्था तुलनात्मक रूपमा पहाड र हिमालभन्दा सशक्त देखिन्छ भने पहाडी र हिमाली क्षेत्रहरूमा आधारभूत सेवा रोजगारी र विकासका पूर्वाधारमा पहुँच कम छ ।

जातीय तथा सामाजिक दृष्टिकोणले पनि नेपालमा आर्थिक विविधता रहेको छ । केही समुदाय, जस्तै : ब्राह्मण, क्षेत्री वा सहरी क्षेत्रमा बसोबास गर्ने वर्गहरू शिक्षित र रोजगारीको अवसरमा अगाडि देखिन्छन् भने दलित, आदिवासी जनजाति, महिला, मधेसी, थारु तथा पिछडिएको वर्गहरू अझै पनि सीमान्तकृत र गरिबीको चपेटामा छन् । वैदेशिक रोजगारीले केही परिवारलाई आर्थिक रूपमा सबल बनाएको छ भने केही परिवार अझै पनि जीविकोपार्जनका आधारमा निर्भर छन् । तसर्थ नेपालको आर्थिक विविधताभित्र समावेशी विकास नीति, समान अवसरको सुनिश्चितता, क्षेत्रीय सन्तुलन, ग्रामीण पूर्वाधारको विकास, सिपमूलक शिक्षा र स्वरोजगार प्रवर्धनको खाँचो देखिन्छ । यदि यस विविधतालाई सम्बोधन गरी समान पहुँच र समावेशी नीतिहरू लागु गरियो भने मात्र नेपालले दिगो र न्यायपूर्ण आर्थिक विकास हासिल गर्न सक्छ ।

## विविधताको महत्त्व (Importance of Diversity)

संस्था वा सङ्गठन वा समाज वा समुदायमा फरक सामाजिक, सांस्कृतिक तथा शैक्षिक पृष्ठभूमि भएका मानिस हुन्छन् । फरक पृष्ठभूमि भएका व्यक्तिहरूबिचको अन्तर्क्रिया, छलफल वा सहकार्य र उनीहरूमा निहित विचारहरूको आदानप्रदानले एक प्रकारको सांस्कृतिक स्वीकार्यता उत्पन्न गर्छ । यसले गर्दा मानिसबिचको सम्बन्धमा सुधार आउँछ । तसर्थ परिवेशमा मानिसबिचको अन्तरसम्बन्ध बलियो हुने र सामाजिक सद्भाव, सहिष्णुता, मेलमिलाप, भातृत्व, सहकार्य र सामाजिक विकासमा टेवा पुऱ्याउँछ । समाजमा रहेका व्यक्तिहरूको फरक विचार, दृष्टिकोण, ज्ञान तथा सिपलाई समाजले मूल्यवान् ठानी त्यसको भरपुर उपयोग गर्न सके समाज रूपान्तरण हुन सक्छ । तसर्थ विविधता विकासको आधार हो ।

विविधताले निर्णय प्रक्रियामा उत्कृष्ट परिणामहरू ल्याउँछ । विविधतामा व्यक्ति वा समूहले समस्याहरूलाई फरक दृष्टिकोणबाट हेर्ने भएकाले उनीहरू विभिन्न सम्भावनाहरू खोज्न सक्षम हुन्छन् जुन समान विचारधारा भएका समूहले गर्न सक्दैनन् । विविधताले फरक अनुभव र दृष्टिकोणलाई एकत्रित गर्छ । यसले नवीन विचारको निर्माण हुन्छ जसले समाजको विकास गर्न उत्प्रेरकका रूपमा काम गर्छ । समाजभित्र विविधतालाई प्रवर्धन गर्दा नयाँ सम्भावना तथा अवसरहरू खोजी गर्न सहयोग मिल्छ ।

सामाजिक संरचनाका रूपमा रहेका सामाजिक संस्थाहरूमा पनि विविधता हुन्छ । सामाजिक संस्था भन्नाले समाजले परम्परागत रूपमा निर्माण गरेको मूल्यमान्यता, नियम, नैतिकता, कानुन, विश्वास, ज्ञान आदिमार्फत चल्ने सामूहिक कार्यहरू गर्ने संस्थाहरू भनेर बुझ्नुपर्छ । त्यस्ता सामाजिक मूल्यमान्यता, नियम तथा परम्पराहरू अलिखित हुन्छन् र सामाजिक क्रियाकलापमा वा कार्यमा अभिव्यक्त हुन्छन् अर्थात् सामाजिक संस्था भनेको समाजमा दीर्घकालसम्म कायम रहने व्यवस्थित र सङ्गठित प्रणाली हो जसले समाजको आधारभूत आवश्यकता पूर्ति गर्छ । एकातिर यस्ता संस्थाहरूले सामाजिक व्यवहार, सम्बन्ध तथा भूमिकालाई निर्देशित गर्छन् भने अर्कोतिर सामाजिक व्यवस्थालाई कायम राखेर सामाजिक जीवनलाई निरन्तरता पनि दिन्छन् । परिवार, विवाह, शिक्षा, स्वास्थ्य तथा सामाजिक मान्यताहरू सामाजिक संस्थाका उदाहरणहरू हुन् । समाजमा रहेको विद्यमान रीतिरिवाजहरू, जस्तै : जन्म, न्वारान, बिहेवारी, मृत्यु आदि विभिन्न जातिहरूमा प्रचलित पूजाहरू पनि सामाजिक संस्थाअन्तर्गत पर्छन् ।

आधुनिक राज्य वा व्यक्तिद्वारा निर्मित संस्थाहरूका रूपमा रहेको विद्यालय, विश्वविद्यालय, स्वास्थ्य संस्था र परिवार, समुदाय, व्यापारिक सङ्घ सङ्गठन आदि पनि संस्थाहरू हुन् जो लिखित तथा अलिखित नियम कानुनहरूद्वारा निर्देशित हुन्छन् र निश्चित उद्देश्य प्राप्तिका लागि काम गर्छन् । समाजका यी अङ्गहरूको समग्र कार्यका कारण सिङ्गो समाजले आफ्नो कार्य निरन्तर रूपमा गरिरहेको हुन्छ । तसर्थ समाज यस्ता विविधताबिच हुने एकताका कारण सञ्चालित हुन्छ । समाजमा रहेको विविधता बिचको सहकार्य, सद्भाव र सहयोगले समाजमा स्थिरता आउँछ । समाज सन्तुलित रूपमा रहन्छ । समाजमा रहेका यस्ता विविधताबिचको अन्तरसम्बन्ध र अन्तरनिर्भरताद्वारा समाजले कार्य गर्छ ।

## विविधताको व्यवस्थापन (Management of Diversity)

विविधता व्यवस्थापन भन्नाले विभिन्न पृष्ठभूमि, जात, लिङ्ग, उमेर, धर्म, भाषा, संस्कृतिहरू तथा विचारधाराहरू भएका व्यक्तिहरूलाई समान अवसर र सम्मान प्रदान गर्दै समावेशी वातावरण निर्माण गर्ने प्रक्रिया हो । यसले समाजमा सबै व्यक्ति तथा समुदायलाई न्यायपूर्ण व्यवहार गरिन्छ भन्ने सुनिश्चित गर्छ र विभिन्न अनुभव, सोच तथा दृष्टिकोणलाई मूल्य दिन्छ । विविधता व्यवस्थापनले समाजमा सिर्जनात्मकता, नवप्रवर्तन र सामूहिक निर्णय क्षमतालाई बढावा दिन्छ जसले समाजमा सकारात्मक असर पार्छ । यसका लागि समावेशी नीति, सचेतना कार्यक्रम र नेतृत्वद्वारा सांस्कृतिक, भाषिक, जातीय, धार्मिक आदि विविधताको प्रवर्धन तथा विकास गर्न आवश्यक हुन्छ ।

विविधता व्यवस्थापनले समाजमा सामाजिक न्यायको प्रवर्धनमा योगदान पुऱ्याउँछ । समाजमा रहेको व्यक्तिगत विविधता, समूहगत विविधता र संरचनागत विविधताका कारणले समाजको आवश्यकता पूरा भएको हुन्छ । तर विविधताबिचको सहअस्तित्व र सहकार्यले समाजको आवश्यकता र उद्देश्य पूरा हुन्छ । अन्यथा यसको व्यवस्थापन भएन भने समाजमा अन्याय र विभेद पनि हुने गर्छ । तसर्थ विविधता समाजले आफ्नो परिवेशअनुसार निर्माण गर्छ । उनीहरूले संरचनागत विविधताको कार्यलाई प्रमुखता दिएको पाइन्छ । व्यक्ति वा व्यक्तिहरूको समूहले निर्माण गरेको संरचनाले कुनै निश्चित स्थापित वा निर्धारित नियम, कानुन र पद्धतिअनुसार कार्य गर्छ । संरचनाभित्र रहेका व्यक्तिहरू अन्तरसम्बन्धित हुन्छन् वा उनीहरूले एकआपसमा सम्बन्ध स्थापित गरेका हुन्छन् । त्यसैगरी व्यक्तिहरूबिचमा अन्तर्क्रिया र अन्तरनिर्भरता पनि निश्चित मूल्य र मान्यताका आधारमा हुन्छ । यस्तो अवस्थामा विविधता व्यवस्थापन हुन आवश्यक छ जसले समाजलाई रूपान्तरण गर्न सहयोग गर्छ ।

बलियो सामाजिक सम्बन्धविनाको समाज विकसित समाज बन्न सक्दैन । यो दिगो विकासको एक महत्त्वपूर्ण पक्ष पनि हो । व्यक्ति र व्यक्ति, व्यक्ति र संरचना, संरचना र संरचनाबिचको अन्तरसम्बन्ध, अन्तर्क्रिया र अन्तरनिर्भरताले मात्र समाजले आफ्नो उद्देश्य प्राप्त गर्न सक्छ । यसको अर्थ समाजका अङ्गहरूबिचको सद्भाव र सहकार्यको घनिष्टतालाई बुझ्नुपर्छ । सामाजिक पूँजीको निर्माण, परिचालन र त्यसको निरन्तरताका रूपमा विकसित हुन आवश्यक छ । व्यक्ति वा संरचना वा संस्थाहरूबिचको सबल अन्तरसम्बन्धका कारण ज्ञान र सिपको आदानप्रदान प्रभावकारी हुन्छ । फलस्वरूप व्यक्ति वा संस्था वा समुदायले प्रभावकारी कार्य गर्न सक्छ ।

नेपालमा रहेका विभिन्न जातजातिहरूबिचको सम्बन्धलाई बलियो बनाउन विभिन्न रैथाने सामाजिक स्वरूपको भिन्नतालाई बुझ्नु आवश्यक छ । रैथाने समाजको सामूहिकतावादी चरित्रलाई खलबल्याएर व्यक्ति केन्द्रित वा व्यक्तिवादी समाजको निर्माणले दिगो समाज विकासको उद्देश्यलाई कमजोर बनाएको छ । हामी भन्ने भावनाभन्दा पनि म भन्ने भावना विकास गरेर दिगो समाज र सामाजिक सम्बन्ध सबल बन्न सक्दैन । नेपालको सन्दर्भमा बढ्दो बाह्य प्रभाव वा विश्वव्यापीकरण भनौँ या आधुनिकीकरणको प्रक्रियासँगै सजातीय र अन्तरजातीय अन्तरसम्बन्ध कमजोर बन्दै गएको छ । आधुनिक विकासको प्रक्रियाले व्यक्तिवादी धारणा र व्यवहारलाई प्राथमिकता दिएको छ । निःस्वार्थ, आत्मीय, गाढा, बलियो तथा स्थायी अन्तरसम्बन्धलाई सामाजिक पुँजीका रूपमा स्वीकार गरी यसलाई प्रवर्धन गर्न आवश्यक छ ।

स्थानीय समुदायमा परम्परागत रूपमा समाजले निर्माण गरेको सामाजिक मूल्यमान्यताहरू दिगो समाजको आधारभूत तत्त्वका रूपमा रहेको हुन्छ । शताब्दीयौँदेखि पुस्तान्तरण हुँदै आएको समाजद्वारा निर्मित मूल्यहरूको प्रवर्धनले विद्यालय र समुदायको विकासमा टेवा दिन सक्छ । समाजले महत्त्व दिएको वा समाज स्वीकार्य मूल्यमान्यताहरूलाई प्रवर्धन गर्नु आवश्यक छ । तसर्थ परिवेशअनुसारको निश्चित सामाजिक मूल्यमान्यताको प्रवर्धनले सामाजिक अन्तरसम्बन्ध, अन्तर्क्रिया र अन्तरनिर्भरतालाई सबल बनाउँछ । आत्मसम्मान र पारदर्शिता आदि सामाजिक मूल्यको प्रवर्धन हुन आवश्यक हुन्छ । समतामूलक समाजको अवधारणाअनुसार विभेद, दमन, शोषण र हिंसारहित समाजको चरित्रलाई बोध गरी प्रवर्धन गर्नुपर्छ । सबै तह, वर्ग, स्तरका व्यक्ति वा समुदायको पहुँच र अवसरको अवस्थालाई सुनिश्चित गर्नुपर्छ ।

सामाजिक सम्मानसहितको अन्तरसम्बन्ध, सद्भाव र मेलमिलाप व्यक्तिगत वा सामूहिक पहिचानको सम्मानसँग पनि जोडिन्छ । एक व्यक्ति वा समुदायले अर्को व्यक्ति वा समुदायको विशिष्टतालाई सम्मानसहितको स्विकार्यता भएन भने समाजमा दिगो सम्बन्ध हुन सक्दैन । पहिचान भन्नाले एक व्यक्तिले अर्को व्यक्तिलाई कसरी र के अर्थमा चिन्छ वा बुझ्छ भन्ने सवालसँग जोडिन्छ । पहिचानको कुरा गर्दा सहअस्तित्वको कुरालाई भुल्नु हुँदैन । एक व्यक्तिले आफू र अर्को व्यक्तिप्रति कस्तो अवधारणा निर्माण गर्छ त्यो व्यक्तिगत पहिचान हो । व्यक्तिको पहिचान भाषिक, सांस्कृतिक, धार्मिक, लैङ्गिक, क्षेत्रीय आदिका आधारमा बन्छ । त्यो सामूहिक पहिचान हो । कुनै समूह वा वर्गमा स्तरीकृत गर्नु सामाजिक पहिचान हो । तसर्थ व्यक्तिको बहुपहिचान हुन्छ । त्यसैगरी समाजमा कोही महिला, कोही पुरुष, कोही बालबालिका र कोही विशेष क्षमता भएका आदि हुन्छन् । तसर्थ सामाजिक विविधतालाई पहिचान र सम्मान गर्न सके मात्र समुदायबिचको अन्तरसम्बन्धलाई बलियो बनाउन सकिन्छ । यी सैद्धान्तिक दृष्टिकोणहरूका आधारमा विविधतालाई व्यवस्थापन गर्ने विभिन्न विधि वा तरिकाहरू हुन सक्छन् । तर केही निश्चित विधिलाई यहाँ बुँदागत रूपमा चर्चा गरिएको छ :

(क) समाजमा निहित विभिन्न संस्कृतिहरू, चालचलन, मूल्य र विश्वास प्रणालीबारे पहिचान गरी त्यसप्रति सम्मान तथा सद्भाव राख्ने नागरिक तयार गर्नुपर्छ । यसले जातीय, क्षेत्रीय वा राष्ट्रिय विविधता बुझ्न सहयोग गर्छ । जब नागरिकहरू फरक फरक सांस्कृतिक पृष्ठभूमिलाई प्रतिनिधित्व गर्छन् तब उनीहरूबिच एकआपसमा गलत वा नकारात्मक भावना निर्माण हुने अवस्थाको सम्भावना रहन्छ । यस्तो जोखिम घटाउन र आपसी सम्मान तथा सहकार्यलाई बढावा दिन यो विधि अत्यन्त उपयोगी हुन्छ ।

(ख) बहुभाषिकतालाई प्रवर्धन गर्ने नीति र अभ्यास दोस्रो हो । बहुभाषिक नीति र अभ्यासले सूचना, संवाद तथा अन्तर्क्रियालाई अर्थपूर्ण बनाउँछ । एक भाषा मात्र प्रयोग गर्दा गैरप्रभुत्वशाली भाषाभाषी समूह बहिष्कृत महसुस गर्न सक्छन् । बहुभाषिक सञ्चारले उनीहरूलाई पनि प्रक्रियामा समावेश गराउँछ जसले कार्यकुशलता र आत्मविश्वासमा वृद्धि गर्छ ।

(ग) धार्मिक स्वतन्त्रता तथा लचकताको नीति र व्यवस्थापनले समाजमा धार्मिक विश्वासको सम्मान बढ्छ । यसका लागि धार्मिक स्थान दिने, धर्मअनुसारका बिदा व्यवस्थापन गर्ने, पोसाकसम्बन्धी लचकता दिनु आदि कार्य हुन आवश्यक छ । धार्मिक स्वतन्त्रता

सुनिश्चित गर्दा समुदायहरूले आफ्नो पहिचान र मूल्य प्रणालीको सम्मान भएको अनुभव गर्छन् । यस्तो लचकता नदिँदा असन्तुष्टि र तनाव बढ्न सक्छ ।

(घ) फरक पृष्ठभूमिका मानिसबिच आपसी समझदारी र सहकार्य बढाउन सामाजिक अन्तर्क्रिया, सांस्कृतिक आदानप्रदान कार्यक्रम तथा समावेशी छलफलहरू आयोजना गर्नुपर्छ । यस्ता कार्यक्रमहरूले उनीहरूलाई आफ्नो पृष्ठभूमि प्रस्तुत गर्ने अवसर दिन्छ र अरूका अनुभव बुझ्ने वातावरण सिर्जना गर्छ । यसले समूह भावना, सहिष्णुता र विविधताप्रति सकारात्मक सोचको विकास गर्छ ।

(ङ) कुनै पनि जात, धर्म, भाषा वा संस्कृतिका आधारमा हुने कुनै पनि प्रकारको भेदभावलाई निषेध गर्ने स्पष्ट नीति बनाइनुपर्छ र कडाइका साथ कार्यान्वयन गरिनुपर्छ । यस्ता नीतिविना मानिसमा असमान व्यवहार वा उत्पीडनको जोखिम बढ्छ । स्पष्ट नीति र कठोर कार्यान्वयनले सबैलाई सुरक्षित, समान र निष्पक्ष वातावरणको अनुभूति गराउँछ । यसले समाजमा विश्वास, न्याय र दीर्घकालीन स्थिरता सुनिश्चित गर्छ ।

## निष्कर्ष (Conclusion)

विविधता भन्नाले कुनै समाज, समुदाय वा समूहभित्र रहेका भिन्नता र फरकपनलाई जनाउँछ । यसमा जात, भाषा, धर्म, लिङ्ग, संस्कृति, उमेर, शारीरिक अवस्था, सामाजिक तथा आर्थिक स्थितिलगायतका पक्षहरू समावेश हुन्छन् । विविधताको अवधारणाले प्रत्येक व्यक्ति वा समुदाय विशेष र अनौठो हुने कुरा स्वीकार गर्छ र सबैको विचार, अनुभव र पहिचानलाई सम्मान गर्न प्रेरित गर्छ । यसले समान अवसर, समावेशिता र आपसी सम्मानलाई बढावा दिँदै समाजलाई अझ समृद्ध र सहिष्णु बनाउने सवालमा वकालत गर्छ । विविधताको अवधारणाअनुसार अनेकताको अवस्थामा सबैले एकअर्कालाई बुझेर सहअस्तित्वमा बाँच्न सकुन् भन्ने मूल सन्देश निहित हुन्छ ।

नेपालमा लैङ्गिक विविधता महत्त्वपूर्ण सामाजिक चरित्रको पक्ष हो । परम्परागत रूपमा पुरुष र महिलामा सीमित लिङ्ग पहिचानको सोच परिवर्तन हुँदै तेस्रो लिङ्ग तथा लैङ्गिक अल्पसङ्ख्यकको पहिचान र अधिकारप्रति जनचेतना बढ्दै गएको छ । नेपालको संविधानले तेस्रो लिङ्गलाई कानुनी मान्यता दिएको छ । यसले लैङ्गिक विविधताको स्विकार्यता र समानताको मार्ग प्रशस्त गरेको छ । यद्यपि व्यवहारमा अझै धेरै चुनौतीहरू छन् तर शिक्षा,

नीति निर्माण र सामाजिक व्यवहारमा सकारात्मक परिवर्तनहरू भइरहेका छन् । यसैले लैङ्गिक विविधताको सम्मान र स्वीकारोक्ति समावेशी तथा न्यायपूर्ण समाज निर्माणको आधार हो ।

नेपालको जातीय विविधता देशको सामाजिक संरचना र पहिचानको अभिन्न अङ्ग हो । विभिन्न जातजाति र समुदायहरूको आफ्नै भाषा, परम्परा, धर्म र जीवनशैलीले नेपालको बहुल सांस्कृतिक स्वरूप निर्माण गरेको छ । यस्ता विविधताले समाजलाई विविध दृष्टिकोण, ज्ञान र अनुभवले समृद्ध बनाउने मौका प्रदान गर्छ । यद्यपि विगतमा जातीय विभेद र सामाजिक असमानता जस्ता चुनौतीहरू देखिएका भए पनि अहिले समावेशी समाज निर्माणतर्फ प्रयास हुँदै गएको छ । जातीय र जातीय विविधताको सम्मान, संरक्षण र समान अवसरको सुनिश्चितताले मात्र सामाजिक न्याय र राष्ट्रिय एकता कायम रहन सक्छ ।

नेपालको सांस्कृतिक विविधता देशको गौरव र पहिचान हो । विभिन्न जातजाति, भाषा, धर्म र संस्कृतिहरूले नेपाललाई एक बहुसांस्कृतिक राष्ट्र बनाएको छ । हिमाल, पहाड र तराईमा बसोबास गर्ने मानिसले आआफ्नै परम्परा, वेशभूषा, पर्व र जीवनशैलीलाई संरक्षण गर्दै आएका छन् । यस्ता विविधताले नेपालको सामाजिक संरचना बलियो बनाएको छ र आपसी सम्मान, सहिष्णुता तथा मेलमिलापलाई प्रवर्धन गरेको छ । यस सांस्कृतिक विविधताको सम्मान र संरक्षणले मात्र समावेशी, समान र समुन्नत समाजको निर्माण सम्भव छ ।

नेपालको भाषिक विविधता राष्ट्रको पहिचान, सांस्कृतिक धरोहर र सामाजिक सम्पत्तिको महत्त्वपूर्ण हिस्सा हो । यहाँ बोलिने सयौँ भाषा र बोलीहरूले विभिन्न जाति, समुदाय र क्षेत्रको सांस्कृतिक र सामाजिक विविधतालाई प्रतिबिम्बित गर्छन् । नेपाली राष्ट्रिय भाषा भए पनि अन्य मातृभाषाहरूको संरक्षण र प्रवर्धनले सामाजिक समावेशिता तथा सांस्कृतिक सम्मानलाई बलियो बनाएको छ । भाषिक विविधताको संरक्षणले मात्र सम्पूर्ण समुदायहरूको पहिचान जोगिन सक्छ र समावेशी समाज निर्माण गर्न सकिन्छ । त्यसैले नेपालमा भाषिक विविधता राष्ट्रिय एकता, सामाजिक न्याय र सांस्कृतिक समृद्धिको आधार हो ।

नेपालको धार्मिक विविधता राष्ट्रको सांस्कृतिक धरोहर र सामाजिक सहिष्णुताको प्रतीक हो । हिन्दु, बौद्ध, इस्लाम, किरात, क्रिस्चियनलगायत विभिन्न धर्महरू शान्तिपूर्ण रूपमा अस्तित्वमा रहँदै आएका छन् । विभिन्न धार्मिक आस्थाले नेपाली समाजलाई विविध बनाएको छ र पारस्परिक सम्मान, सहिष्णुता तथा मेलमिलापलाई प्रवर्धन गरेको छ । संविधानले

धार्मिक स्वतन्त्रता दिएकाले सबै धर्मावलम्बीहरूलाई आफ्नो आस्थाअनुसार बाँच्न पाउने अधिकार सुनिश्चित भएको छ। यस्तो धार्मिक सहअस्तित्वले नेपालमा सामाजिक एकता र राष्ट्रिय समृद्धिमा योगदान पुऱ्याएको छ। यसकारण यसलाई अझ बलियो बनाउँदै लैजान आवश्यक छ।

नेपालको आर्थिक र भौगोलिक विविधता देशको सम्भावना र चुनौती दुबैको स्रोत हो। हिमाल, पहाड र तराई क्षेत्रले प्राकृतिक रूपमा फरक फरक वातावरण, स्रोतसाधन र जीवनशैलीलाई जन्म दिएको छ। यसले कृषि, पर्यटन, उद्योग तथा अन्य आर्थिक क्रियाकलापहरूमा विविधता ल्याएको छ। यस्ता भौगोलिक भिन्नताले क्षेत्रीय आर्थिक विकासमा असमानता पनि देखिएको छ, तर उचित योजना, पूर्वाधार विकास र स्रोतको न्यायपूर्ण उपयोगमार्फत यसलाई अवसरमा रूपान्तरण गर्न सकिन्छ। त्यसैले नेपालमा रहेको आर्थिक र भौगोलिक विविधता समावेशी विकास, दिगो समृद्धि र राष्ट्रिय एकताका लागि महत्त्वपूर्ण आधार हो।

विविधता व्यवस्थापन एक यस्तो सामाजिक प्रक्रिया हो जसले विभिन्न जातीय, भाषिक, सांस्कृतिक, धार्मिक, लिङ्गीय र क्षेत्रीय पहिचान भएका व्यक्ति तथा समुदायहरूलाई सम्मानसाथ स्वीकृति दिने, समावेशी वातावरण निर्माण गर्ने र सामाजिक न्याय, सद्भाव तथा सहअस्तित्वलाई प्रवर्धन गर्ने काम गर्छ। समाजमा विद्यमान संरचनागत, समूहगत र व्यक्तिगत विविधतालाई सकारात्मक रूपमा व्यवस्थापन गर्न सक्ने हो भने दिगो विकास, सशक्त सामाजिक सम्बन्ध र न्यायपूर्ण समाजको निर्माण सम्भव हुन्छ। यसका लागि बहुभाषिक नीति, धार्मिक स्वतन्त्रता, भेदभावविरोधी कानुनी संरचना, अन्तर्क्रियात्मक कार्यक्रम र समावेशी मूल्यमा आधारित शिक्षा वा प्रशिक्षण प्रणाली आवश्यक हुन्छ। साथै सामाजिक पुँजी निर्माण, सामाजिक मूल्यमान्यता संरक्षण तथा पहिचानको परस्पर सम्मान विविधता व्यवस्थापनको मेरुदण्ड हो। यदि विविधता व्यवस्थापन प्रभावकारी ढङ्गले गरिएन भने समाजमा असमानता, अन्याय, विभेद र विघटनको अवस्था सिर्जना हुन सक्छ। त्यसैले सामाजिक सन्तुलन र समुन्नत भविष्यका लागि विविधता व्यवस्थापन अपरिहार्य छ।

एकाइ दुई

# नेपालको सांस्कृतिक विविधता

## परिचय

पृथ्वीमा मानवको सृष्टि भएसँगै बाँच्न र बस्नका लागि समय र परिवेशसँग आफूलाई अनुकूल बनाउने कोसिस जारी छ । यो क्रम उत्पत्तिकालदेखि आजसम्म चल्दै आएको छ र भविष्यमा पनि चलिरहने छ । मानव पुर्खाहरूले आआफ्नो समय, परिवेश भूगोल तथा वातावरणअनुसार जीवन गुजारा गर्ने गर्थे । यही क्रममा अनेकौँ प्रकारका जीवन पद्धतिहरू विकास गरेका थिए । पुर्खाहरूले सिर्जना गरेका जीवन पद्धतिहरू समयसापेक्ष नबन्दा कतिपय कालक्रममा विलुप्त भए भने समयसापेक्ष अनुकूल जीवन पद्धतिहरू निरन्तर चल्दै आएका छन् । अनुकूल भएमा भविष्यमा पनि चलि नै रहनेछन् । नयाँ पुस्ताहरूले पनि आवश्यकतासँगै नवीन जीवन पद्धतिहरू सिर्जना गर्ने छन् । यसरी आजसम्मको मानव जीवन निरन्तर चल्दै आइरहेको छ ।

गाँस, वास र कपास मानवका प्रथम जीवन पद्धतिहरू थिए । बाँच्नका लागि उनीहरूले सङ्घर्ष गर्ने क्रममा गाँस, वास साथै कपासका बारेमा ज्ञानहरू प्राप्त गरेका थिए । सौन्दर्य चेतनाको विकास भएपछि सुन्दर देखिनका लागि गहनाहरूको विकास गर्नुका साथै मनोरञ्जन र शिक्षाका लागि विभिन्न मौखिक साहित्य जस्ता मिथक, दन्त्यकथा तथा लोककथाको सिर्जना गरेका थिए । यससँगै जीवनलाई सहज तुल्याउन नवीन प्रविधिहरूको पनि आविष्कार गरेका थिए । मानव स्वभाव हरक्षण जिज्ञासु र महत्त्वाकाङ्क्षी भएकाले हरक्षण गतिशील रहेको पाइन्छ । त्यसैको परिणामस्वरूप ढुङ्गे हतियारदेखि प्रारम्भ भएको मानव जीवन चन्द्रमा हुँदै मङ्गल ग्रहसम्म पुग्न सफल भएको छ ।

मानवले यसरी जीवन गुजार्ने क्रममा सिर्जना गरेर निरन्तर अभ्यास र अवलम्बन गर्दै आएका जीवन पद्धतिहरूलाई नै संस्कृति भन्ने गरिन्छ । यस्ता संस्कृतिगत जीवनका आयामहरूमा भाषा, पहिरन, खानपान, आचार विचार, विश्वास आदि रहेका छन् । यी सम्पूर्ण संस्कृतिहरू

धर्म, विश्वास, भूगोल, वातावरण साथै प्रचलित कानुनअनुसार निर्माण हुन्छन् । त्यसैले संस्कृति पनि समुदाय, समाज र राष्ट्रअनुसार पृथक् रहेको हुन्छ, जस्तै : हिन्दु संस्कृति, किरात संस्कृति आदि आदि ।

विभिन्न संस्कृतिहरूको सम्मिलनलाई सांस्कृतिक विविधता भन्न सकिन्छ । हरेक राष्ट्रभित्र विभिन्न जातजाति, समुदाय र समाज रहेको हुन्छ । भिन्न जाति, समुदाय तथा समाजका आआफ्ना निश्चित तथा विशेष संस्कृतिहरू हुन्छन् । यस्ता संस्कृतिहरू जाति, समुदाय र संस्कृति विशेष हुने भएकाले पहिचान दिने वस्तुका रूपमा पनि लिइन्छ । सांस्कृतिक विविधताको समग्रताबाट नै राष्ट्र बन्छ । त्यसैले हरेक राष्ट्रको संविधान तथा कानुनले संस्कृति तथा सांस्कृतिक विविधतालाई राष्ट्रिय सम्पदाका रूपमा लिएर संरक्षण र प्रवर्धन गर्ने गर्छ ।

नेपाल एकीकरणका क्रममा नेपाली राष्ट्रियता भनेको नै सांस्कृतिक विविधता हो भनेर स्वीकार गरिएको थियो । तत्कालीन राजा पृथ्वीनारायण शाहले यो तथ्यलाई स्वीकार गरेर भनेका थिए, “नेपाल चार जात, छत्तिस वर्णको फूलबारी हो ।” यस भनाइले सांस्कृतिक विविधतालाई सौन्दर्य, एकता र समन्वय हो भन्ने देखाउँछ । नेपाली समाज र राष्ट्र प्राचीनकालबाट आजसम्म यसरी नै चल्दै आएको छ । नेपाली सांस्कृतिक विविधताको सन्दर्भमा द्वन्द्व, सङ्घर्ष तथा वैमनश्यता भएको इतिहास कमै मात्र पाइन्छ । यो नै नेपालको सौन्दर्यता, अभिमान, एकता र विशेषता हो ।

विविधताभित्र सांस्कृतिक, आर्थिक, राजनीतिकलगायतका अन्य धेरै प्रकारका भिन्नताहरू रहेका हुन्छन् । एउटा समाजमा पवित्र मानिने वस्तु अर्को समाजमा अपवित्र मानिन्छ । कतिपय समय कालक्रममा विकास भएका यस्ता जीवन पद्धतिहरूलाई मानव विकासका चरणहरू हुन् भनेर मानवशास्त्रीहरूले वर्गीकरण गरेर अध्ययन गर्ने गरेका छन् । यस्ता चरणहरूमा फलफूल खाँदै गुजारेको जीवन, सिकार र कृषि कर्मसँगै घर निर्माणको चरण तथा आधुनिक प्रविधि चरण रहेका छन् । समय र परिस्थितिसँग अनुकूल हुँदै जाने क्रममा संस्कृतिहरूको निर्माण हुँदै गएको पाइन्छ । चरणबद्ध जीवन गुजार्ने क्रममा उनीहरूले खानपान, पहिरन, गहना, आचार व्यवहार, समूह, संस्था, विश्वास तथा विचारहरू निर्माण गरेका छन् । यी भौगोलिक बसोबास, समय तथा परिवेशअनुसार फरक हुन्छन् । यसैको कारण विश्वका हरेक मानव समुदायका आचार तथा व्यवहारहरूमा भिन्नता देखिएको हो ।

## सांस्कृतिक अवधारणा

मानव विकास सम्बन्धमा विभिन्न प्रकारका अवधारणा तथा धार्मिक मान्यता रहेका छन् । हिन्दु धार्मिक मान्यताअनुसार परमात्माले आकाशको उत्पन्न गराए । आकाशबाट वायु उत्पन्न भयो । वायुबाट अग्नि र अग्निबाट पानीको उत्पन्न भयो । पानीबाट पृथ्वीको उत्पन्न भयो र पृथ्वीबाट जीवजन्तुलगायत मानवको उत्पत्ति भएको थियो । त्यसरी नै मानवशास्त्रीहरूका अनुसार मानवको विकासक्रम चरणबद्ध रूपमा भएको हो । उनीहरूका अनुसार प्रारम्भमा मानवको शरीर आजको जस्तो थिएन । क्रमिक रूपमा विकास हुँदै जाँदा आजको आकार, स्वरूप र बनोटमा आएको थियो । यस क्रममा अस्ट्रेलोपिथेकस, पिथेक्यान्थ्रोपस इरेक्टस, होमोह्याविलिस, नियन्डरथल हुँदै आजको मानव रूप होमोस्यापिन्स देखिएको हो । विकास क्रममा शारीरिक, मानसिक, व्यावहारिक साथै सांस्कृतिक विकास हुँदै गएको देखिन्छ । जीवन निर्वाहका क्रममा उनीहरू एक ठाउँबाट अर्को ठाउँमा पुगेर त्यहाँको भूगोल, हावापानी र वातावरणसँग अनुकूलन हुने क्रममा शारीरिक, व्यावहारिक, मानसिक तथा संस्कृतिमा पनि भिन्न देखिँदै गएको हो ।

मानव स्वभावैले अन्य प्राणीहरूभन्दा जिज्ञासु देखिन्छ । यही जिज्ञासा निरोपण गर्ने क्रममा विभिन्न मानवशास्त्रीहरूले मानव के हो ? मानवमा देखिएका भिन्नताहरू कसरी निर्माण भए ? भन्ने विषयमा सर्वप्रथम ई.पू. ४८४-४२५ को समयमा ग्रिक दार्शनिक हिरोडट्स (Herodotus) ले गरेका थिए । उनले अध्ययनका क्रममा ५० भन्दा बढी जातिको भाषा, धर्म, भौतिक संस्कृति, कानुन, सम्बन्ध बिच्छेदलगायत बारेमा अध्ययन गरेका थिए । यसपछि नै क्रमिक रूपमा मानव, मानव शरीर, मानवसँग सम्बन्धित संस्कृति, समाज र यससँग सम्बन्धित अन्य विषयहरूका बारेमा चर्चा हुन थालेको थियो ।

संस्कृतिको अध्ययनको प्रारम्भ अरिस्टोटलले (३८४-३२२ बि.सि.) तिर गरेका थिए । यही क्रममा मानवशास्त्र शब्द प्रचलनमा ल्याएका थिए । मानवशास्त्रको एक शाखाका रूपमा संस्कृति रहेको पाइन्छ । क्रमशः यसपछि नै यसले निरन्तरता पाएको देखिन्छ । नेपालको सन्दर्भमा भने संस्कृतिको अध्ययन नेपाली समाज र इतिहासको अध्ययन गर्ने क्रममा विदेशी विद्वान्हरू ब्राइन्ड हटन हड्सन, सिल्भा लेभी आदिमार्फत संस्कृतिको अध्ययनको प्रारम्भ भएको पाइन्छ । तर विश्व तथा नेपालमा संस्कृतिलाई नै विषय बनाएर प्राज्ञिक अध्ययन तथा अनुसन्धान साथै विमर्शको प्रारम्भ भने अठारौँ शताब्दीबाट सुरु भएको थियो । नेपालको

सन्दर्भमा जस्तै हाइमेनडर्फले हिमालय टेडर्स पुस्तकमार्फत हिमालको व्यापारका बारेमा सन् १९८८, गोपाल सिं नेपालीले द नेवारमार्फत नेवारी संस्कृतिका बारेमा। त्रिभुवन विश्वविद्यालयमा भने भिन्न संस्कृति विषयका रूपमा नेपाली इतिहास, संस्कृति र पुरातत्त्व विभागमार्फत अध्यापन हुँदै आएको छ। समाजशास्त्र र मानवशास्त्र विभागअन्तर्गत पनि नेपाली संस्कृतिका बारेमा अध्यापन हुँदै आएको पाइन्छ। यसरी संस्कृति, मानवशास्त्र र मानव समाजशास्त्र गरेर तीनओटा भिन्नभिन्न विषयमार्फत संस्कृतिको अध्ययन र अध्यापन भइरहेको पाइन्छ। परिणामतः ढिलै भए पनि संस्कृति एक सशक्त विधाका रूपमा स्थापित हुन पुगेको छ। वास्तवमै यसपछि मात्र संस्कृति, संस्कृतिको निर्माणका आधारहरू, संस्कृतिको स्वरूप र यसको महत्त्वलगायतका बारेमा गहन अध्ययन तथा अनुसन्धान र विमर्श भएको पाइन्छ। यही क्रममा संस्कृतिसम्बन्धी विभिन्न अवधारणा र सिद्धान्तहरू प्रतिपादन हुन पुगे। यी अवधारणा तथा सिद्धान्तले संस्कृतिलाई विभिन्न कोणबाट बुझ्नका लागि मदत पुऱ्याएका छन्।

संस्कृतिको अध्ययनका क्रममा सर्वप्रथम स्थापित सिद्धान्त भनेको उद्विकासवाद हो। उद्विकासवादीहरूले संस्कृतिको परिभाषा दिँदै संस्कृतिको उत्पत्ति, विकास र प्रभाव क्रमिक रूपमा हुने उल्लेख गरेका छन् जसलाई उद्विकासवाद भनिएको छ। संस्कृति र सांस्कृतिक विषयको गहन विमर्श गर्ने क्रममा विभिन्न सिद्धान्तहरू स्थापित हुन पुगेका छन्। यस्ता सिद्धान्तहरूमा प्रसारवाद, प्रकार्यात्मक संरचनात्मकवाद, मार्क्सवाद, नव मार्क्सवाद आदि रहेका छन्। सांस्कृतिक प्रसारवादका अनुसार संस्कृति कुनै निश्चित ठाउँमा उत्पत्ति भएर विभिन्न ठाउँमा फैलिँदै जान्छ। प्रकार्यवादले समाजमा हुने संस्कृतिहरूले आपसी सम्बन्धमार्फत समाजलाई सञ्चालन गर्ने काम गर्छन्। यी संस्कृतिहरूबिच आपसी सौहार्दता हुन्छ।

लेविस हेनरी मोर्गान, ईड्वार्ड वर्नेट टायलर र कार्ल मार्क्सलगायतका अन्य विद्वान्हरूले संस्कृतिहरू सिर्जना भएर परिवर्तन हुँदै जाने कुरा उल्लेख गरेका छन्। लेविस हेनरी मोर्गानले जङ्गली, बर्बर र सभ्य युग हुँदै संस्कृति सिर्जना, विकास र परिवर्तन हुँदै जान्छ भनेका छन् भने ईड्वार्ड वर्नेट टायलरले संस्कृतिको विकास जङ्गली युग, बर्बर युग हुँदै सभ्य युगको विकास भएको हो भनेका छन्। कार्ल मार्क्सले समाजको विकास आदिम साम्यवादी, दास, सामन्त, पुँजीवादी, समाजवादी हुँदै साम्यवादी समाजको विकास हुने र यससँगै नयाँ संस्कृतिहरू तय हुने तथ्य उल्लेख गरेका छन्।

## संस्कृतिको अर्थ र परिभाषा

संस्कृति, मानव तथा मानव समाजका लागि अभिन्न अङ्ग मानिन्छ । त्यसैले संस्कृतिविहीन मानव समाजको कल्पना गर्न सकिँदैन तर यो हरेक मानव समाज, भूगोल, जाति, धर्म विशेष फरक हुन्छ । नेपाली संस्कृति चीन वा अमेरिकाको संस्कृतिभन्दा पृथक् हुन्छ । हिन्दु धर्मावलम्बीको संस्कृतिभन्दा किरात, जैन तथा बौद्ध धर्मावलम्बीहरूको संस्कृति भिन्न हुन्छ । कर्णालीको संस्कृतिभन्दा मधेसको संस्कृति भिन्न हुन्छ । सुदूरपश्चिम र पूर्वको संस्कृति भिन्न हुन्छ । यसरी विविधता हुनु पनि संस्कृतिको एक महत्त्वपूर्ण विशेषता हो ।

पृथ्वीमा विभिन्न लाखौँ जीवहरू भए तापनि मानिसभन्दा बाहेकको जीवमा संस्कृति पाइँदैन । मानिसमा निहित विशेष क्षमताको कारण संस्कृति निर्माण गर्न सक्षम भएको हो । यस्ता क्षमताहरूमा प्रस्ट बोलीमार्फत भावनाहरू व्यक्त गर्न सक्नु, वस्तुको सिर्जना गर्न सक्नु, कुनै काम प्रारम्भ गरेर पूर्ण बनाउन सक्नु जस्ता गुणहरूले गर्दा मानवले संस्कृति निर्माण गर्न सम्भव भएको हो । एक पुस्ताले सिर्जना गरेको वस्तु, काम साथै विचारहरू अर्को पुस्ताले सहज रूपमा अवलम्बन गर्दै जाँदा संस्कृति बन्न पुग्छ । यिनै कार्यहरू अन्य जीवहरूले गर्न नसक्ने भएकाले मानिस र अन्य जीवहरूबिच फरक भएको हो ।

'संस्कृति' शब्द संस्कृत भाषाको संस्कार शब्दबाट बनेको हो । संस्कारको अर्थ शुद्ध गर्नु, परिस्कृत हुनु वा कुनै विधिमार्फत मानव भएकामा मानवीय शिक्षा दिनु भन्ने बुझिन्छ । यो मानिसलाई सामूहिक रूपमा जिउन र समाजमा बस्नका लागि मान्यता दिने विधि पनि हो । यो धर्तीमा मानव जन्मँदा मानव मात्र भएर जन्मेको हुन्छ । बच्चा जन्मेपछि गरिने संस्कारगत कार्यले नै कुनै निश्चित जाति, समाज, समुदाय तथा वंशको चिनारी प्राप्त गर्छ । यस कार्यले मानवका रूपमा जन्मेको एक बालबालिकालाई जाति, धर्मावलम्बी र समुदायको सदस्यका रूपमा चिनारी प्रदान गर्छ, जस्तो : बाहुन, मगर, गुरुङ, शेर्पा आदि ।

संस्कृतिको अङ्ग्रेजी समानार्थी शब्द "कल्चर" हो । यो शब्द ल्याटिन भाषाको "कल्तुरा" बाट आएको हो । यसको अर्थ कृषि कर्म भन्ने हुन्छ । सिकार गरेर जीवन धान्दै आएको मानव जीवन फिरन्ते थियो । कृषि कर्म सुरु गरेपछि भने मानव एक ठाउँमा बस्न बाध्य भयो । कृषि कर्मअन्तर्गत अन्न उत्पादन फलफूल, तरकारी साथै पशुपालन पनि पर्थ्यो । यस कार्यले मानवलाई चाहिने खाना, फलफूल, तरकारी र मासु एकै ठाउँमा उपलब्ध हुन थाल्यो । यो कार्यले निरन्तरता पाउँदै जाँदा स्थायी बसोबासको सुरुआत भएको थियो । यसको

परिणामस्वरूप समुदाय, समाज र संस्कृतिको विकास हुन पुग्यो । बिस्तारै संस्कृति मानवको जीवन पद्धतिका रूपमा विकास हुन पुग्यो ।

जर्मन भाषामा कल्चरलाई जनाउनका लागि सुरुमा “कल्तुर” शब्दको प्रयोग गरिएको थियो । मानव जीवनमा प्रचलित विभिन्न संस्कृतिहरूलाई आमरूपमा चिनाउनका लागि यो शब्द प्रयोग भएको देखिन्छ । क्रमिक रूपमा संस्कृतिको दायरा वृद्धि हुँदै जाँदा एउटा विशेष विषयका रूपमा स्थापित हुन पुगेको पाइन्छ । यस क्रममा संस्कृतिको अध्ययन गर्ने शास्त्रको सुरुआत भयो । यो शास्त्रलाई संस्कृति, मानवशास्त्र साथै मानवशास्त्रीय समाजशास्त्र भनिन्छ । चिकित्सा क्षेत्रमा पनि “कल्चर” शब्दको प्रयोग भएको पाइन्छ । तर यो क्षेत्रमा प्रयोग गरिने कल्चर शब्दले रोगहरूको पहिचान गर्न गरिने प्राविधिक प्रक्रिया भन्ने बुझिन्छ । यसरी अङ्ग्रेजी “कल्चर” शब्दको विभिन्न अर्थ लाग्ने गरी दिइएको भए तापनि मुख्य रूपमा भने मानव जीवनमा भए, गरिएका काम र विश्वास आदिलाई नै संस्कृति भनेर बुझ्न सकिन्छ ।

संस्कृति समाज विज्ञानको एक बृहत् विषय हो । यो धर्म निर्देशन, आचार, व्यवहार, मानव जीवनमा प्रयोग हुने साधन, जीवन प्रक्रियाका साथै सोच, विश्वास आदिका रूपमा रहेको हुन्छ । यिनै संस्कृतिका आधारमा मानिसले आफ्नो जीवनयापन गर्छ । काम गर्न मिल्ने, नमिल्ने, खान मिल्ने नमिल्ने, भन्न मिल्ने नमिल्ने आदिका आधारमा मानवले आफ्नो जीवनलाई अग्रता दिइरहेको हुन्छ । संस्कृतिले बृहत् क्षेत्रलाई बुझाउने भएकाले यसलाई सामान्यीकरण गरेर बुझ्नुपर्छ ।

विद्वान्हरूद्वारा संस्कृतिका सयौँ अर्थ र परिभाषाहरू दिएको पाइन्छ । क्रोबर र क्लकहनले संस्कृतिको परिभाषाको अध्ययन गर्ने क्रममा सन् १९५२ मा एक सय आठओटा परिभाषाहरू प्राप्त गरेका थिए । यस अध्ययनले संस्कृति एक बृहत् र मानव निकट विषय भएको पुष्टि हुन्छ । यसलाई बुझ्नका लागि विभिन्न कालखण्ड, समय र परिवेशमा आएका अर्थ एवम् परिभाषाहरूको अध्ययन गर्न आवश्यक हुन्छ ।

संस्कृति भन्नाले सामान्यतः मानव तथा मानव समाजले सिर्जना वा प्रारम्भ गरेका सोच र वस्तुहरूलाई अनुकूल प्रयोग गर्दै निरन्तर रूपमा प्रचलनमा ल्याएको पद्धति वा वस्तु हो । यसभित्र अर्थयुक्त बनाउने काम, संस्कार वा परिस्कार, कुनै राष्ट्र वा जातिको सामाजिक जीवन राजनीति, अर्थव्यवस्था आदिमा प्रतिबिम्बित हुने कला कौशल, बौद्धिक विकास

आदिमा प्रकट हुने सम्पूर्ण क्रियाकलाप रहेका हुन्छन् । यो धेरै समयदेखि देशकाल अनुकूल भई आन्तरिक, वैचारिक तथा परम्परागत धारणाका रूपमा विकसित हुँदै आएको हुन्छ । आचारविचार र रहनसहनका माध्यमले कुनै राष्ट्र, समाज, जाति आदिको स्वरूप खुट्टिने यावत् मान्यता, चिन्तनमनन, भौतिक अभिव्यक्तिहरू, साधनलाई पनि संस्कृति भनिन्छ । यसलाई कला, साहित्य, इतिहास, भाषा, धर्म, दर्शन आदि विभिन्न विषय वा मूल्यपरम्पराको समष्टि नामलाई नै संस्कृति भनिन्छ । मानव समाजले आफ्नो आवश्यकता पूर्तिको सन्दर्भमा कुनै समयमा सिर्जना गरिएको मान्यता, विश्वास र वस्तुहरू नै संस्कृति हुन् ।

संस्कृति नीति २०६८ मा पनि संस्कृतिको अर्थ र परिभाषा दिएको छ । यस परिभाषाअनुसार "विवेकशील मानव जातिले आफ्नो ज्ञान, सिप र क्षमताको उपयोग गरी निर्माण वा रचना गरेका यावत् सिर्जनाअनुरूपको जीवनशैली नै मानव संस्कृति हो ।" यस परिभाषाले पनि मानिसको जीवनशैली, जीवन प्रक्रिया साथै जीवन पद्धतिलाई संस्कृति हो भनेर उल्लेख गरेको छ । मानवशास्त्री ईड्वार्ड वर्नेट टायलरका अनुसार "संस्कृति भन्नाले ज्ञान, विश्वास, कला, नैतिकता, कानुन, परम्परा र यस्तै अन्य सामर्थ्य तथा बानीहरूको जटिल समग्रता हो जुन समाजको सदस्यता भएका कारणले मानवले प्राप्त गर्छ ।" यस परिभाषाअनुसार मानव जीवनमा अपनाइने हरेक क्रियाकलाप तथा विश्वासलाई संस्कृति भनिन्छ । संस्कृतिले मानव जीवनलाई नियन्त्रण र निर्देशन गर्नुका अतिरिक्त मानवमा निहित ज्ञानहरू, जस्तै : खाना, पहिरन, घर निर्माण गर्ने कला आदिलाई बुझाउँछ । त्यसैले मानवशास्त्री क्लिफोर्ड गिर्जले संस्कृतिलाई मानवको एक अनिवार्य पहिचान भएको उल्लेख गरेका छन् । उनका अनुसार "मानिसविना संस्कृति हुँदैन र संस्कृतिविना मानिस हुँदैन ।" संस्कृतिविहीन मानव हुन सक्दैन र संस्कृति निर्माण गर्ने क्षमता मानवमा बाहेक अन्य प्राणीमा हुँदैन । यो नै मानव हुनुको एक प्रमुख विशेषता हो । अन्य जीवहरूले संस्कृतिको निर्माण गर्न सक्दैनन् ।

मानवले सिर्जना गरेका हरेक वस्तु, उनको सोच विश्वासलगायत जीवनमा अवलम्बन गर्ने जीवन पद्धतिलाई नै संस्कृति भनिन्छ, जस्तै : मानिसले कृषि कर्म गर्नका लागि निर्माण गरेको हलो, नेपाली समाजमा पृथ्वी मानवका लागि आमा भएको विश्वास, धार्मिक विश्वासअनुसारको जीवन पद्धति अवलम्बन गर्नु नै संस्कृति हो भन्न सकिन्छ । यो स्थान, जातजाति तथा धर्मअनुसार फरक हुन्छ, जस्तै : हिन्दु धर्मावलम्बीहरूका लागि पवित्र टीका रातो रङको हुन्छ भने प्रकृति धर्मावलम्बी मगरहरूका लागि पवित्र टीका सेतो रङको हुन्छ ।

उराँव जनविश्वासअनुसार चट्याङ, हुरी आउँदा पुर्खालाई बचाएको विश्वासमा करमको रुखको पूजा गर्ने परम्परा रहेको छ जसलाई सांस्कृतिक विश्वास मानिन्छ ।

## संस्कृतिको प्रकार

संस्कृति अध्ययनका क्रममा यसको प्रकारको अध्ययन पनि महत्त्वपूर्ण विषय हो । अध्ययनका क्रममा विद्वान्हरूले संस्कृतिको स्वरूप र विशेषताका आधारमा वर्गीकरण गर्ने गरेको पाइन्छ । भारतीय मानवशास्त्री मखन झाले संस्कृतिको स्वरूप र विशेषताका आधारमा व्यक्त संस्कृति र अव्यक्त संस्कृति, प्रत्यक्ष संस्कृति र अप्रत्यक्ष संस्कृति, लौकिक र अलौकिक संस्कृति र वैचारिक संस्कृति, आम संस्कृति आदि भनेर विभाजन गरेका छन् । लेस्ली ए. ह्वाइटले भने भौतिक र अभौतिक संस्कृति हुने उल्लेख गरेको छन् । राष्ट्रिय संस्कृति नीति, २०६७ मा पनि संस्कृति भौतिक र अभौतिक हुने उल्लेख पाइन्छ ।

संस्कृति विभाजनका विभिन्न आधार रहेका छन् । यी आधारहरू कालक्रम, भूगोल, धर्म, जाति साथै राजनीति आदि रहेका छन् । समय कालक्रमका रूपमा किरातकाल, लिच्छविकाल, मल्लकाल र शाहकालको संस्कृति भनेर चिनिन्छ । भूगोलका आधारमा पश्चिमा संस्कृति र पौरस्त्य संस्कृति, धर्मका आधारमा हिन्दु संस्कृति, बौद्ध संस्कृति भने जस्तै जातका आधारमा पनि नेवारी संस्कृति, गुरुङ संस्कृति आदिका रूपमा विभाजन गरिएको पाइन्छ । तथापि यी आधारहरूभन्दा भिन्न र समग्र संस्कृतिको समाहित र समुचित विभाजन भनेको स्वरूपमा आधारित विभाजन हो । स्वरूपका आधारमा संस्कृतिलाई मूलतः दुई भागमा विभाजन गर्न सकिन्छ :

(क) स्वरूप हुने भौतिक संस्कृति

(ख) स्वरूप नहुने अभौतिक संस्कृति ।

## भौतिक संस्कृति

भौतिक भन्नाले ठोस वस्तु, सामान वा चिज भन्ने बुझिन्छ । सांस्कृतिक विभाजनको एउटा अंश भौतिक संस्कृति पनि हो । मानिसले आफ्नो जीवनयापनका क्रममा अनेकौँ संस्कृतिहरूको निर्माण गर्छ । कुनै संस्कृतिको स्वरूप ठोस वस्तुबाट तयार भएको छ भने भौतिक संस्कृति

भनिन्छ। मानिसले आवश्यकता पूरा गर्ने क्रममा ती वस्तुहरूमाथि गुणको सिर्जना गरेर प्रयोगमा ल्याउँछ। आकार भएर पनि मानवीय जीवनका लागि आवश्यकता पूरा गर्ने गुण भएन भने त्यसलाई संस्कृति भनिँदैन, जस्तै : आकारहीन काठको टुक्रालाई आकार दिएर हलोमा परिणत गरी अनुकूल प्रयोग गरिन्छ। भौतिक संस्कृतिका मुख्य विशेषताहरू भनेको नै आकार हुनु, छुन सकिने र देख्न सकिने हुनु हो। यसलाई मूर्त संस्कृति पनि भनिन्छ। यस्ता संस्कृतिहरू मूर्ति, घर तथा हातहतियारहरू हुन्।

## अभौतिक संस्कृति

अभौतिक संस्कृति संस्कृतिको अर्को महत्त्वपूर्ण प्रकार हो। यसको स्वरूप नहुने भएकाले यसलाई अमूर्त संस्कृति पनि भनिन्छ। यो संस्कृतिको स्वरूप हुँदैन र स्पर्श गर्न सकिँदैन। यस्ता संस्कृतिहरूको भौतिक स्वरूप हुँदैन। अनुभव र अभिव्यक्तमात्र गर्न सकिन्छ। अमूर्त सांस्कृतिक सम्पदा संरक्षणसम्बन्धी महासन्धि, २००३ को धारा २(२) अनुसार अमूर्त सांस्कृतिक सम्पदाभित्र निम्नलिखित विधाहरू पर्छन् :

(क) अमूर्त सांस्कृतिक सम्पदाको संवाहकका रूपमा भाषासहितका मौखिक परम्परा तथा अभिव्यक्ति

(ख) प्रस्तुति कला

(ग) सामाजिक अभ्यास, अनुष्ठान तथा चाडपर्वका उत्सव

(घ) प्रकृति र ब्रह्माण्डसँग सम्बन्धित ज्ञान तथा अभ्यास

(ङ) परम्परागत शिल्पकारिता

माथिका विधाहरूले अभौतिक वा अमूर्त संस्कृतिका बारेमा बुँदागत रूपमा प्रस्ट पारेको छ। चाडपर्वका उत्सवहरू देख्न सकिए तापनि स्वरूप हुँदैन। अमूर्त सांस्कृतिक सम्पदाको संवाहकका रूपमा भाषासहितका मौखिक परम्पराहरू तथा अभिव्यक्तिहरू रहेका छन्। यस्ता अभिनय कला, जस्तै : नाटक, नृत्य, गीत तथा सङ्गीत आदि। सामाजिक व्यवहारहरू जन्म, विवाह, मृत्यु आदि, अनुष्ठानहरू जस्तै : पितृ पूजा, देवाली पूजा, चाडपर्वका उत्सव, जस्तै : दसैँ, तिहार, साकेन्वा, डेउडा आदि रहेका छन्।

प्रकृति र ब्रह्माण्डसँग सम्बन्धित ज्ञान तथा व्यवहारहरू पनि अमूर्त संस्कृतिका रूपमा रहेको पाइन्छ । प्रकृति र ब्रह्माण्डप्रति प्रत्येक जाति तथा धर्मावलम्बीहरूको आफ्नै जातीय विश्वास, अवधारणा र दर्शन रहेको पाइन्छ, जस्तै : हिन्दु धर्मावलम्बीको वेद, पुराण साथै स्मृति, किरातहरूको मुन्दुममा व्यवस्थित अवधारणा तथा परम्परागत कलाकौशलहरू जाति र समाजमा प्रचलित सिप, कला, क्षमता आदि । यस्ता संस्कृति, जस्तै : प्रदर्शनीकला, सामाजिक अभ्यास, संस्कार, चाडपर्व, ज्ञान तथा विश्वास रहेका छन् ।

## नेपाली संस्कृति

नेपाली संस्कृतिका बारेमा राष्ट्रिय संस्कृति नीति, २०६७ ले प्रस्ट पारेको छ । यसअनुसार नेपाली संस्कृति भन्नाले "वर्तमान नेपालको सीमाभित्र इतिहासको विभिन्न कालखण्डमा बसोबास गरेका विभिन्न मानव समुदाय वा मानव समुदायहरूले सिर्जना गरेर छाडेका र हाल बसोबास गरिरहेका हाम्रा विभिन्न जाति एवम् समुदायका पुर्खाले सिर्जना र अवलम्बन गरी हामीलाई जिम्मा दिएर गएका भौतिक र अभौतिक सम्पदाहरू साथै त्यसअनुरूपको जीवनशैलीको समष्टिगत रूप नै नेपालको राष्ट्रिय संस्कृति हो ।" यस अर्थ र परिभाषाले नेपाली सांस्कृतिक विविधतालाई प्रस्ट पारेको देखिन्छ ।

नेपाली सांस्कृतिक विविधता निर्माण हुनका लागि लामो समय लागेको थियो । यो संस्कृति निर्माणमा महिषपाल, गोपालवंशी, किरातकाल, लिच्छविकाल, मल्लकाल, शाहकाल हुँदै राणाशासन, पञ्चायती व्यवस्था साथै अहिलेको गणतन्त्रात्मक शासन व्यवस्थाको महत्त्वपूर्ण भूमिका रहेको छ । इतिहासका प्रत्येक कालखण्डमा भिन्न जाति, भाषा, धर्म रहनसहन आदिको सामूहिक संस्कृतिको निर्माण भएको पाइन्छ । नेपाली समाज मूलतः तीन जातिहरूको जमघटबाट निर्माण भएको छ : अस्ट्रोलोइड (द्रविड), मङ्गोल र ककेसियाली । यी तीनमध्ये नेपालको सर्वप्राचीन जाति अस्ट्रोलोइड (द्रविड) हरूले नेपाली सभ्यताको मूल जग बसाएका थिए । नेपाली सभ्यतालाई अझ फराकिलो आयाम दिने काम मङ्गोल जातिभित्रका चिनियाँ-बर्मेली भाषी प्राचीन किरातहरूले गरेका थिए । ती प्राचीन किरातहरू हालका चिनियाँ-बर्मेली भाषी नेपालीहरूका साझा पुर्खा हुन् । अस्ट्रोलोइड (द्रविड) र मङ्गोल जाति एकआपसमा अविभाज्य रूपमा अन्तरघुलन भएको मानिन्छ । नेपाली सभ्यता निर्माणमा ककेसियाली जातिले थप नयाँ योगदान दिएको छ ।

संस्कृतिविद् सत्यमोहन जोशीका अनुसार "आफ्नै देशभित्रका बन्धुजनहरूका जातीय तथा क्षेत्रीय संस्कृतिको पहिचान र ज्ञान हाम्रो शिक्षाको गुणस्तर उठाउनका निमित्त ज्यादै आवश्यक नै भइरहेको हुन्छ।" यस भनाइको तात्पर्य हो हाम्रो देश नेपाल सांस्कृतिक विविधताले सम्पन्न रहेको छ। यहाँ जात, क्षेत्र तथा भूगोलमा आधारित संस्कृतिहरू रहेका छन्। यी संस्कृतिहरूका बारेमा जानकारी राख्न आवश्यक छ। सांस्कृतिक ज्ञानले नै यो देशमा शान्ति, अमनचयन राख्दै समुन्नत बन्न ज्ञान तथा चेतना दिएको छ। यसर्थ नेपालमा प्रचलित मुख्य संस्कृतिहरूका बारेमा जान्न आवश्यक छ। यी संस्कृतिहरूका बारेमा चर्चा क्रमशः गरिएको छ।

## धर्म र धार्मिक मान्यताहरू

विश्वमा भएका प्रत्येक मानव समाज कुनै न कुनै धर्ममा आबद्ध पाइन्छ। हरेक धर्मका आफ्नै मूल्यमान्यता तथा विश्वासहरू हुन्छन्। यस्ता मूल्यमान्यता तथा विश्वासहरू आचार तथा व्यवहारद्वारा व्यक्त हुन्छन्, जस्तै : के खाने, के नखाने, कस्तो व्यवहार गर्ने र कस्तो व्यवहार नगर्ने। यसरी नै मन्दिरमा गएर विभिन्न पूजा सामग्रीहरूको साथमा पूजा गर्दै भगवान्को दर्शन गर्ने हो कि अवसर विशेष उत्पादित अन्न चढाउँदै पितृहरूलाई सम्झने हो। यी धर्मको व्यावहारिक अभ्यास र आचरणहरू हुन्। धर्मप्रतिको आस्था व्यक्त गर्ने माध्यमहरू विभिन्न रहेका हुन्छन्। धर्म भनेको विश्वास वा आस्था हो। जीवन र जगतप्रतिको मानिसको आस्था वा विश्वासलाई धर्मका रूपमा लिन सकिन्छ। "धर्म" शब्दको व्युत्पत्ति संस्कृत भाषाको "धृ" शब्दबाट भएको हो। यसको अर्थ धारण गर्नु भन्ने हुन्छ। अर्को अर्थमा पृथ्वीमा रहेका सबै जीवित प्राणीहरूप्रति दया धारण गर्नु वा दया अभिव्यक्त गर्नु भन्ने हुन्छ। हरेक जीवहरू प्रकृतिका सिर्जना हुन्। यी एकअर्कामा अन्तरसम्बन्धित भई बाँचिरहेका हुन्छन्। त्यसैले यी जीवहरूप्रति दयाको आचार व्यवहार गर्नुपर्छ। यसमा मानवको मुख्य भूमिका हुने भएकाले यो भूमिका निर्वाह गर्न सदा तत्पर रहनुपर्छ भन्ने धर्मको मूलभाव रहेको छ।

अङ्ग्रेजीमा धर्मलाई बुझ्नका लागि 'रिलिजन' शब्दको प्रयोग हुँदै आएको छ। यो शब्द भने 'रिलिगियर' बाट बनेको हो जसको अर्थ 'बाँध्नु वा ईश्वरसँग सम्बन्ध जोड्नु' भन्ने हुन्छ। यसको अर्थ ईश्वरप्रतिको आस्था राख्नु र आस्था व्यक्त गर्नु हो। आस्था व्यक्त गर्ने विधि विभिन्न माध्यम, विधि, आवश्यक सामग्री आदिसँग सम्बन्धित हुन्छ। सामान्यतः कसैको सुख दुःखमा साथ दिनु, समाजको हितका लागि काम गर्नु, सत्य व्यवहार गर्नु आदिलाई पनि धर्म

गर्नु भनेर बुझिन्छ । यो दया वा करुणा अभिव्यक्त गर्ने प्रक्रिया हो । त्यति मात्र होइन कुनै धार्मिक विचार, सिद्धान्त र आदर्शप्रति आस्था राख्नु पनि धर्म नै हो । धार्मिक विचार, सिद्धान्त र आदर्शप्रति आस्था राख्नु भनेको निर्धारित तथा निश्चित धर्मप्रति आस्था राख्नु हो । यसरी धर्मले कुनै जाति, वर्ग, पद आदिका निम्ति निर्धारित कार्य वा व्यवहार, लोकको हित वा व्यवस्थाका लागि अँगालिने कर्म वा कर्तव्यलाई बुझाउँछ ।

धर्मले व्यवहारमा तीनओटा अर्थ दिने गरेको पाइन्छ : पहिलो आफूले प्राप्त भूमिका निर्वाह गर्नु, दोस्रो परोपकार गर्नु, सत्य पालना गर्नु र तेस्रो कुनै धार्मिक विचारप्रति आस्था राख्नु । उल्लिखित तीन पक्षहरूको समग्र रूप नै धर्म हो । कुनै धार्मिक विचारप्रति आस्था र विश्वास राख्दै मानव भएका कारणले सम्पूर्ण विश्वभूगोलमा भएका प्राकृतिक वस्तुहरू हावापानी, वनस्पति र जीवजन्तुहरूको उपकारप्रति आइपरेको भूमिका निर्वाह गर्नु नै धर्म हो । अहिले धर्मको नाममा आम समुदायहरू समाहित हुन पुगेका छन् । त्यसैले विश्वमा रहेका कुनै पनि देश वा मानव धर्मबाट अछुतो रहेको पाइँदैन ।

नेपाल बहुधार्मिक देश हो । यहाँ हिन्दु, बौद्ध, किरात, मुस्लिम, क्रिस्चियन तथा बोन धर्मलगायतका विभिन्न धर्म मान्ने मानिसको बसोबास पाइन्छ । वि.सं. २०७२ मा निर्मित नेपालको संविधानले नेपाललाई धर्म निरपेक्ष भनेर घोषणा गर्दै धार्मिक स्वतन्त्रतालाई प्रवर्धन गरेको छ । सबै धर्मप्रति समान आदर गर्ने, कुनै धर्माबलम्बीलाई भेदभाव नगरिने राज्यको नीतिलाई धर्म निरपेक्षता भनिन्छ । धर्म निरपेक्षता भनेको राष्ट्रभित्र प्रचलित सबै धर्मले समान अवसर पाउनु हो ।

मानिस सामाजिक प्राणी हुनुका साथै धार्मिक प्राणी पनि हो । त्यसैले मानवका लागि धर्म मुख्य सरोकारको विषय भएको पाइन्छ । मानिसको आर्थिक राजनीतिक र सामाजिक आवश्यकता हुन्छन् त्यसैगरी धार्मिक आवश्यकता पनि हुन्छ । धर्म कहिले सुरु भयो भन्ने विषयमा यकिन गर्न सक्ने प्रमाणहरूको अभाव छ तथापि नियन्डरथल मानवका केही प्राप्त अवशेषहरूको अध्ययनबाट धर्म वास्तवमा प्रागैतिहासिक कालबाट नै अस्तित्वमा थियो भन्ने देखिन्छ । सामाजिक नियन्त्रणका साधनहरूमा नियम, कानुन, प्रथा, प्रचलन धर्म र नैतिकता पनि हुन् । यसले व्यक्तिको रहनसहन, भाषा तथा संस्कारलाई निर्देशित गरेको हुन्छ । त्यसैले धर्मलाई मानव र मानव जीवनको निर्देशन गर्ने आधार मानिएको हो । धर्मका कारणले मानव जीवनमा थुप्रै प्रभाव परेको पाइन्छ । मानिसले प्रत्येक क्रियाकलापहरू गर्दा धर्मलाई सम्झन्छ र धर्म निर्देशित नियमको अनुसरण गर्दै भूमिका निर्वाह गरेको हुन्छ ।

पूजा, महोत्सव, समारोह, मूर्ति आदिका आधारमा विभिन्न धार्मिक सिद्धान्तहरू विकास भएको पाइन्छ । यी सिद्धान्तले व्यक्तिको आचरण, व्यवहार, कर्तव्य तथा नैतिक गतिविधिको व्याख्या गर्छन् । त्यसैले हाम्रो समाजमा हिन्दु, बौद्ध, मुस्लिम, इसाई, सिख जस्ता धर्महरू प्रचलनमा रहेको पाउँछौँ । यी धर्महरूले आफ्नो सम्प्रदायका सदस्यहरूलाई केही निश्चित विश्वासमा आधारित व्यावहारिक पद्धतिहरू सिकाउँछन् । धर्ममा पाइने केही निश्चित तत्त्वहरू छन्, जुन यस प्रकार रहेका छन् :

(क) अलौकिक शक्तिमा विश्वास

(ख) अलौकिक शक्तिसँग मानिसको सम्बन्ध

(ग) अलौकिक शक्तिसँग सरोकार राख्ने निश्चित कार्य, अधिकार र चिह्नहरू

(घ) धार्मिक विधिहरू ।

यी तत्त्वहरू मिलेर एउटा धर्म पूर्ण बन्छ । वास्तवमा रीतिथिति र विश्वासको एउटा व्यवस्था नै धर्म हो । कुनै आस्थाका आधारमा व्यक्तिले आफ्ना व्यवहारलाई नियन्त्रण र निर्देशित गर्छ । यसले समाजमा गर्ने प्रकार्यहरू निम्नप्रकार छन् :

(क) व्यक्तिलाई धार्मिक अनुभव प्रदान गर्ने

(ख) मानव मस्तिष्कलाई शान्ति प्रदान गर्ने

(ग) सामाजिक एकता कायम गर्ने

(घ) जीवनको मूल्यलाई संरक्षित गर्ने

(ङ) सामाजिक नियन्त्रणको साधनको काम गर्ने

(च) कल्याणको धारणा विस्तार गर्ने

(छ) मनोरञ्जन प्रदान गर्ने

(ज) व्यक्तिगत समस्याको व्याख्या र समाधानको प्रयास गर्ने ।

प्रकार्यका आधारमा धर्मले समाजलाई नियन्त्रण गर्छ । व्यक्तिको पेसा, व्यवसाय, सम्पत्ति तथा व्यक्तिले कुन काम गर्ने र कुन नगर्ने भन्ने जस्ता प्रश्नहरूको जवाफ धर्मले दिन्छ ।

त्यसैले समाजमा बस्ने सबै सदस्यले आफू संलग्न धर्मका मूल्यमान्यताहरूलाई आत्मसात् गर्छन् । व्यक्तिले खाने वस्तुहरू, लगाउने कपडा तथा गरगहनाहरू, आफूले गर्ने कार्य, अन्तर्क्रियाको तरिका तथा बोल्ने शैली आदि सबै धर्मद्वारा निर्देशित हुन्छन् । उदाहरणका लागि हिन्दु धर्मले पूजापाठ तथा जपतपलाई महत्त्व दिन्छ र सोहीअनुरूपको व्यवहार गर्न सिकाउँछ ।

हरेक धर्मको समाज र संस्कृतिलाई हेर्ने दृष्टिकोण हुन्छ । व्यक्तिको महत्त्वलाई धर्मले आफ्नै किसिमले मूल्याङ्कन तथा ग्रहण गर्छ । समाज कस्तो बनाउने र संस्कृतिलाई कसरी स्थापित गर्ने भन्ने विषयमा धर्मको आफ्नै व्याख्या हुन्छ । त्यसैले फरक धर्म मान्ने व्यक्तिहरूको सामाजिक र सांस्कृतिक जीवन फरक हुन्छ । धर्म र धार्मिक सम्प्रदायअनुसार व्यवहारहरू फरक हुनाले धेरै भिन्नता पाइन्छ । वि.सं. २०७८ मा भएको राष्ट्रिय जनगणनाअनुसार नेपालमा जम्मा १० प्रकारका धर्महरू रहेका छन् । यी धर्महरूमा हिन्दु, बौद्ध, इस्लाम, किरात, क्रिस्चियन, प्रकृति, बोन, जैन, बहाइ र सिख रहेका छन् । यहाँ ती धर्महरूका बारेमा निम्नानुसार चर्चा गरिने छ :

## हिन्दु धर्म

हिन्दु धर्म नेपालको एक प्रमुख धर्म हो । हिन्दु धर्म, हिन्दु र धर्म मिलेर बनेको हो । सिन्धु नाम नै अपभ्रंश भई हिन्दु भएको हो भन्ने भनाइ पनि रहेको छ । यो धर्मलाई आर्य धर्म, वैदिक धर्म र सनातन धर्म नामले पनि चिनिन्छ । यी नामहरूमध्येमा आर्य जातिहरूले मान्ने धर्मका रूपमा आर्य धर्म, धर्मग्रन्थ वेदको नामबाट वैदिक धर्म र अनादिकाल, परापूर्वकाल वा पूर्वजहरूको पालाबाट अनवरत रूपमा पालना गर्दै आएको अर्थमा सनातन धर्म भनिएको हो । नेपाली बृहत् शब्दकोशअनुसार वेद, धर्मशास्त्र, नीतिशास्त्र र पुराण आदिलाई आफ्नो धर्मग्रन्थ मान्ने जाति वा धर्मलाई हिन्दु भनिन्छ । त्यसरी नै हिन्दु धर्ममा आस्था राख्नका लागि अनिवार्य रूपमा वेद, धर्मशास्त्र, नीतिशास्त्र र पुराण आदिमा आस्था राख्ने र विश्वास गर्ने, व्यवस्थित निर्देशनअनुसारको आचरण गर्ने र पालना गर्ने मानिसको समूहलाई हिन्दु भनिन्छ । यसको अर्को विशेषता धर्मसँग सम्बन्धित मूर्तिहरूको पूजा गर्नु पनि हो ।

हिन्दु धर्मावलम्बीहरूको पवित्रग्रन्थ वेद हो । वेदको मूल आधार श्रुतिपरम्परा भएकाले यसलाई श्रुति भनिएको पाइन्छ । प्रारम्भमा वेदका तीन भाग थिए : ऋग्वेद, यजुर्वेद र सामवेद ।

त्यसैले यी तीन वेदलाई त्रयी पनि भनिन्छ । ऋग्वेदमा स्तुति, यजुर्वेदमा अनुष्ठान विधि र सामवेदमा मन्त्रोच्चारण वा सङ्गीतसम्बद्ध पक्षको उल्लेख पाइन्छ । यसबाहेक पनि अर्को अथर्ववेद रहेको छ । चारओटा वेदहरूको समग्रता नै वेद हो । वेदमा उल्लिखित व्यवस्थाको पालना गर्ने, अभ्यास गर्ने र आचरण गर्ने साथै वेदप्रति विश्वास गर्ने व्यक्ति नै हिन्दु हो, हिन्दु धर्मावलम्बी हो ।



*हिन्दु धर्मावलम्बीहरूका आराध्यदेव महादेव*

हिन्दु धर्मलाई निकै पुरानो मानिन्छ । यस धर्मलाई कसैले ४ हजार वर्ष पुरानो मानेका छन् भने कसैले १०००० वर्ष पुरानो मानेका छन् । यो बहुदेवतावादमा आधारित धर्म हो । यो धर्म विभिन्न सम्प्रदाय जस्तै वैश्य, वैष्णव, पशुपति, शाक्त आदिमा विभाजित छ । हिन्दु धर्ममा तेत्तिसकोटी देवता हुने र यसको खास अर्थ तेत्तिस प्रकारको देवता भन्ने हुन्छ । यी देवताहरूले नै जगत्को व्यवस्थापन, सन्तुलन र सञ्चालन गर्छन् भन्ने विश्वास रहेको छ ।

हिन्दु धर्म ज्ञान, कर्म र भक्ति गरी तीन मार्गमा आधारित रहेको छ । यी तीन मार्गको पालनाले मुक्ति प्राप्त हुन्छ भन्ने विश्वास रहेको छ । यसरी नै चार जात ब्राह्मण, क्षेत्री, वैश्य र शुद्र

तथा चार वर्णाश्रम गृहस्थाश्रम, वानप्रस्थाश्रम, ब्रह्मचर्याश्रम र सन्याश्रममा विश्वास राखेको पाइन्छ । वि.सं. २०७८ को जनगणनाअनुसार हिन्दु धर्मावलम्बीहरूको जम्मा जनसङ्ख्या २,३६,७७,७४४ रहेको छ । यो नेपालको जम्मा धर्मावलम्बीहरूको ८१.२ प्रतिशत रहेको छ र धार्मिक जनसङ्ख्याको पहिलो स्थानमा रहेको छ ।

## बौद्ध धर्म

बुद्धबाट प्राप्त ज्ञानलाई नै सर्वोपरि मान्ने धर्म नै बौद्ध धर्म हो । बुद्धलाई गौतम बुद्ध र सिद्धार्थ गौतम पनि भनिन्छ । उनको न्वारानको नाम सिद्धार्थ गौतम थियो । बुद्धत्व प्राप्त गरेपछि उनी बुद्ध वा गौतमबुद्ध नामले प्रसिद्ध हुन पुगे । गौतम बुद्ध कपिलवस्तुका शासक राजा शुद्धोधन र रानी मायावतीका छोरा राजकुमार थिए । उनको मावलीघर रूपन्देहीको देवदहमा थियो । मायादेवीले माइतीबाट कपिलवस्तु फर्किने क्रममा लुम्बिनीमा सिद्धार्थ गौतमलाई जन्म दिएकी थिइन् ।

अवसर विशेष दरबारबाहिर निस्कँदा देखेका परिदृश्यहरू बुढो मानिस रोगी मानिस र रुँदै लासको पछि दौडिरहेका मानिस देखेर उनी निराश बने । अर्कातिर एक जना महात्मालाई शान्त, प्रसन्न र निर्भय देखेर असमञ्जसमा परेका थिए । यी सामुन्नेमा भएका परिदृश्यहरूले गर्दा उनको मनमा दुःख र सुखका बारेमा जिज्ञासा उठ्न पुग्यो । दुःख के हो, दुःख किन हुन्छ र सुख के हो भन्ने जिज्ञासाको उत्तर खोजीमा उनले ३० वर्षको उमेरमा राजपरिवारको सयललाई त्यागेर सुख र सत्यको खोजीमा रातरात दरबारबाट बाहिरिए । उनको यस कार्यलाई महाभिनिष्क्रमण भनिन्छ । महाभिनिष्क्रमणको अर्थ महान् कार्यका लागि निस्कनु भन्ने हुन्छ ।

वैशालीमा पुगेर ध्यान गरेपछि उनलाई सत्य बोध वा बुद्धत्व प्राप्त भयो । बुद्धले त्यहाँ ज्ञान प्राप्त गरेकाले उक्त ठाउँको नाम बोधगया बन्न पुग्यो । यो ज्ञान प्राप्त गरेपछि सिद्धार्थ गौतम पनि गौतम बुद्ध वा बुद्धका नामले चिनिन थाले । सत्य बोध गरेपछि त्यही वर्षको असार महिनाको पूर्णिमाको दिन धर्मचक्र प्रवर्तन अर्थात् प्राप्त ज्ञानका बारेमा प्रवचन दिएका थिए । यो उपदेश दिने काम सारनाथमा गरेका थिए । उनको सत्य बोधलाई चार आर्य सत्य भनिन्छ । यी चार आर्य सत्यहरूमा संसारमा दुःख छ, दुःख सिर्जना हुनुका कारणहरू छन्, दुःखको निरोध हुन्छ र दुःख निरोध गर्ने उपायहरू छन् । दुःख निरोधका आठ मार्गहरू छन् । यी

मार्गहरू उचित ज्ञान, उचित सङ्कल्प, उचित वचन, उचित काम, उचित जीवन व्यवहार, उचित व्यायाम, उचित सोच र उचित ध्यान हुन् । यी मार्गहरूको अवलम्बन गर्न सकेमा दुःखबाट मुक्ति पाइन्छ भन्ने बौद्ध धर्ममा रहेको छ । यसबाहेक पञ्चशीलको पालना पनि गर्नुपर्छ । पञ्च भन्नाले पाँच र शील भन्नाले असल चालचलन एवम् चरित्र भन्ने बुझिन्छ । पञ्चशीलभित्र प्राणी हत्या नगर्ने, चोरी नगर्ने, असल आचरण गर्ने, सत्य बोल्ने र मादक पदार्थ सेवन गर्न नहुने रहेका छन् । यी शीलहरूको पालन गरेमा सम्पत्ति आर्जन हुने, कीर्ति प्राप्त हुने, आत्मविश्वास वृद्धि हुने र सुगति प्राप्त हुन्छ भन्ने मान्यता छ ।



*गौतमबुद्ध*

बौद्धधर्मको मूल ग्रन्थलाई त्रिपिटक भनिन्छ । यो बुद्धले दिएका प्रवचनहरूको सङ्ग्रह ग्रन्थ हो । यो पाली भाषामा लेखिएको छ । त्रिपिटक त्रि र पिटक मिलेर बनेको हो । त्रिको अर्थ तीन र पिटकको अर्थ ज्ञान सङ्ग्रह भन्ने हुन्छ । तीनओटा पिटकहरू सुत्तपिटक, अभिधम्म पिटक

र विनय पिटक मिलेर त्रिपिटक भएको हो । तीन सङ्ग्रहमध्येमा सुत्तपिटकमा धर्मसम्बन्धी, अभिधम्म पिटकमा बुद्धको दार्शनिक विचारहरू साथै विनय पिटकमा नीतिसम्बन्धी व्यवस्था छ । यसको रचनाकाल ई.पू. तेस्रो शताब्दीमा भएको मानिन्छ ।

गौतम बुद्ध सम्बन्धित चार स्थान महत्त्वपूर्ण रहेका छन् । यी ठाउँहरूमा बुद्ध जन्मस्थल लुम्बिनी, बुद्धत्व प्राप्त गरेको स्थान बोधगया, प्रथम उपदेश दिएको स्थान सारनाथ र मृत्यु भएको अर्थात् महापरिनिर्वाण भएको स्थान कुशीनगर रहेका छन् । उनको जन्म, बोध प्राप्ति र मृत्यु वैशाख पूर्णिमाकै दिन भएको थियो । यसैले बौद्ध धर्मावलम्बीहरूका लागि वैशाख पूर्णिमाको ठुलो महत्त्व रहेको पाइन्छ । वि.सं.२०७८ को जनगणनाअनुसार नेपालमा बौद्ध धर्मावलम्बीहरूको जम्मा जनसङ्ख्या २३,९३,५४९ रहेको छ जुन ८.२१ प्रतिशत हुन आउँछ धार्मिक जनसङ्ख्याका आधारमा यो धर्म दोस्रो स्थानमा पर्छ ।

## इस्लाम धर्म

इस्लाम धर्म मान्नेहरूलाई मुस्लिम भनिन्छ । इस्लाम नाम अरबी भाषाबाट आएको हो । इस्लामको अर्थ “अल्लाहसमक्ष समर्पण गर्नु” भन्ने हुन्छ भने अर्को अर्थ “शान्ति” हुन्छ । अल्लाह समक्ष जसले समर्पण गर्छ उसलाई नै मुस्लिम भनिन्छ । अरबी भाषा र कुरआन दुबैमा मुस्लिम नाम नै प्रयोग गरिएकाले मुस्लिम नाम नै उपयुक्त रहेको देखिन्छ । तर मुस्लिम समाजभन्दा बाहिरका समाजले भने मुस्लिमलाई मुसलमान भनेर चिन्छन् । उर्दु भाषामा मुस्लिमसँगै मुसलमान पनि प्रयोग भएको पाइन्छ । इस्लाम शब्दबाट नै मुस्लिम भएको हो ।

इस्लाम धर्मावलम्बीहरूको पवित्र ग्रन्थलाई कुरआन तथा कुरआन मजीद भनिन्छ । कुरआनको मूलभाषा अरबी हो । कुरआनको अर्थ पढ्नु, पाठ गर्नु, अध्ययन गर्नु भन्ने हुन्छ । अल्लाहका अन्तिम सन्देष्टा हजरत मुहम्मद सल्लल्लाहु अलैहि वसल्लममाथि अवतरित ग्रन्थ नै कुरआन हो । यसमा उल्लिखित हरेक शब्द र वाक्यहरू अल्लाहबाट प्राप्त भएका हुन् भन्ने विश्वास गरिन्छ । अल्लाहले यस जगत्को रचना गर्दै आफ्नो उत्कृष्ट सिर्जना मानवजातिको मार्गदर्शनका लागि समय समयमा पठाएका सन्देशहरूको अन्तिम र पूर्ण रूप कुरआन हुन् । यी सन्देशहरूबाट मानवका लागि सदैव शान्ति, सत्य र मुक्तिको मार्ग प्राप्त हुने विश्वास गरिन्छ ।



*नमाजका क्रममा मुस्लिम धर्मावलम्बी*

मुस्लिमहरूका एक मात्र उपास्य अल्लाह हुन् । अल्लाहलाई फारसी भाषामा भने खुदा भनिन्छ । अल्लाहले मानव सृष्टिका बारेमा जानकारी दिन र मानव जीवन निर्दिष्ट गर्न आफ्ना सन्देष्टाहरू पठाए र अन्तिममा हजरत मुहम्मद सल्लल्लाहु अलैही व सल्लमलाई पठाएका थिए । हजरत मुहम्मद सल्लल्लाहु अलैही व सल्लमको नाम मुहम्मद र अहमद हो । इस्लाम धर्म एकेश्वरवाद वा एउटै मात्र ईश्वर अल्लाह मात्र हुन् भन्ने विश्वास गर्छ । कुरआनको अध्ययन नगर्नु, अल्लाहले निषेध गरेका कार्यहरू गर्नु भनेको इस्लाम धर्म विपरीत कार्य गर्नु हो ।

प्रत्येक मुस्लिमले एक अल्लाहमाथि, अल्लाहका सन्देष्टाहरू र इस्लाम धर्मअनुसार मुस्लिमहरूका लागि दिन र रातमा गरी पाँच पटक नमाज पढ्नु, रमजानका महिनामा एक महिना रोजा राख्नु, आफ्नो निश्चित कमाइको निश्चित भाग अनिवार्य रूपमा दान दिनु र मक्कासम्म जान-आउन सामर्थवान् मुस्लिमहरूले जीवनमा एकपटक हज जानु अनिवार्य मानिन्छ । हज भन्नाले साउदी अरबको मक्का सहरस्थित कअ्बाका दर्शन वा परिक्रमा गर्नु र निर्धारित समयमा तोकिएका स्थानहरूमा तोकिएको कार्य गर्नु हो । इस्लाम धर्मअनुसार अन्तिम सन्देष्टा

हजरत मुहम्मद सल्लल्लाहु अलेहि वसल्लम, अल्लाहका किताबहरू, फरिश्ताहरू भाग्य र आखिरत अर्थात् त्यो दिन जब सबै मानिसलाई मृत्युपछि जीवित पारी सांसारिक जीवनमा गरेका कार्यहरूको हिसाबकिताब गरिनेमाथि आस्था राख्नुपर्छ ।

अल्लाहको घरलाई कअ्बा भनिन्छ । इस्लामी पात्रोअनुसार बाह्रौँ महिना जिल्हिज्जाको ८ तारेखदेखि १२ तारेखका दिनसम्म हजको समय हो । नेपालबाट पनि बर्सेनि हजको दर्शनमा मुस्लिमहरू जाने गर्छन् । अहिले दिनानुदिन नेपाली हज यात्रीहरूको सङ्ख्या बढ्दै गएको पाइन्छ । वि.सं. २०७८ को जनगणनाअनुसार इस्लाम धर्मावलम्बीहरूको जम्मा जनसङ्ख्या १४,८३,०६६ रहेको छ । यो नेपालको जम्मा धर्मावलम्बीहरूको ५.०९ प्रतिशत रहेको छ र धार्मिक जनसङ्ख्याको तेस्रो स्थानमा रहेको छ । इस्लाम धर्मावलम्बीहरूको आस्था व्यक्त गर्ने ठाउँलाई मस्जिद भनिन्छ । नेपालको सन्दर्भमा मस्जिदमा उनीहरू प्रत्येक दिन पाँच पटक र हरेक शुक्रबार गएर नमाज पढ्छन् ।

## किरात धर्म

नेपालको एक प्रमुख धर्ममध्येमा किरात धर्म पनि हो । नेपालको पूर्वी भागमा किरातहरूको बसोबास रहेको छ । यो ठाउँमा आदिकालबाट नै किरातहरू बसोबास गर्दै आएका छन् । संस्कृत साहित्यहरूमा “कैरातेदेशे” नाम उल्लेख हुनुले पनि प्रस्ट पार्छ । त्यसरी नै राजा पृथ्वीनारायण शाहको शासनकालमा समेत ओल्लोकिरात, माझकिरात र पल्लोकिरात नाम रहनुले पनि यो क्षेत्रमा किरातहरूको मुख्य बसोबासस्थल थियो भन्ने देखिन्छ । किरातभित्र अहिलेका राई, लिम्बु, याक्खा र सुनुवार पर्छन् ।

किरातहरूले मान्ने धर्मलाई किरात धर्म भनिन्छ । वि.सं. २०७८ को जनगणनाअनुसार किरात धर्मावलम्बीहरूको जम्मा जनसङ्ख्या ९,२४,२०४ रहेको छ । यो नेपालको जम्मा धर्मावलम्बीहरूको ३.१७ प्रतिशत हो र धार्मिक जनसङ्ख्याका आधारमा चौथो स्थानमा पर्छ । यो धर्मको मुख्य मान्यता भनेको प्रकृति र पुर्खाप्रति आस्था राख्नु हो । जीवनको सिर्जना र संरक्षण कार्यमा प्रकृति र पितृहरूको मुख्य भूमिका हुन्छ । त्यसैले यी दुबै पुज्य छन् । प्रकृतिमा हुने चिसो र गर्मी मौसमको परिवर्तन र प्रवेशसँगै मानवीय जीवन प्रक्रियामा पनि परिवर्तन आउँछ । पितृहरू पनि उनीहरूका जन्मदाता र संरक्षक हुन् । यही विश्वासका आधारमा प्रकृति र पितृहरूप्रति आस्था प्रकट गरिन्छ । यस्तो आस्था नियमित र अवसर विशेष मुन्दुमी विधि

र पद्धतिका आधारमा गरिन्छ । त्यसरी नै आचारगत रूपमा आफूभन्दा ठुलोलाई आदर गर्ने, सानोलाई माया गर्ने रहेको छ । झुटो नबोल्ने, ठगी गर्न नहुने, कसैको चित्त दुःखाउन नहुने, चोरी गर्न नहुने, हिंसा गर्न नहुने साथै समाजलाई हानि हुने प्रकृतिका कुनै कार्य गर्न नहुने यस धर्मको मूल मान्यता रहेको छ ।



*किरात राई धामी*

किरात धर्मावलम्बीहरूले मुन्दुमलाई पवित्र धार्मिक स्रोत मान्ने गरेका छन् । यसको मौलिक विशेषता मौखिक हुनु हो । तथापि अहिले भने प्रशस्त मात्रमा अवसर विशेषका मुन्दुम सङ्कलन गरेर पुस्तकाकारमा प्रकाशित छन् । मुन्दुमलाई किरात राईले मुन्दुम, लिम्बुले मुन्धुम, याक्खाले मुन्थुम र सुनुवारहरूले मुक्दुम भन्छन् । सबै भाषी राईहरू मुन्दुम नामले बोलाउने गरिए तापनि आआफ्नो भाषामा भिन्न नामले पनि बोलाउने गरेको पाइन्छ, जस्तै : बान्तावा र पुमा राईहरूले मुत्दुम, थुलुङ राईहरूले ड्युम्लो आदि ।

किरात धर्मका पनि विविध शाखा देखा पर्न थालेका छन् । किरात राईहरूलाई सुप्तुलुङमा पितृ पुज्ने र प्रकृतिलाई आस्था एवम् विश्वासका साथ जङ्गल, खोला साथै विभिन्न जीवजनावरलाई पुज्ने, याक्थुङ लिम्बुहरूले घरको मूलथाममा युमासाम्मा र पितृहरू पुज्ने तथा प्रकृति जङ्गल, खोला साथै विभिन्न जीवजन्तुलाई पुज्ने, याक्खा किरातहरूले पितृ र प्रकृतिलाई आस्था र विश्वासका साथ पुज्ने किरात धर्म, सुनुवार कोईँजहरूले पुज्ने पितृ र प्रकृतिप्रति आस्था र विश्वासका साथ पुज्ने किरात धर्म र गुरु फाल्गुनन्दद्वारा स्थापित सत्यहाङमा किरात धर्म आदि रहेका छन् ।

किरात धर्मले प्रकृति नै जीवनको सृष्टिकर्ता हो भन्ने विश्वास गर्छ । हाम्रो बाँच्ने आधार पनि प्रकृति हो । प्रकृतिबाट नै हाम्रा सबै भोजनहरू प्राप्त हुन्छन् भने हामीलाई बाँच्नका लागि चाहिने हावापानी पनि प्रकृतिबाट नै प्राप्त हुन्छ । हाम्रा जन्मदाता, पालनकर्ता र संरक्षक आमाबुबा वा पितृहरूभन्दा माथि कोही छैन । यी दुई नै सर्वश्रेष्ठ हुन् भन्ने किरात धर्मको विश्वास छ । त्यसैले उनीहरू पितृ र प्रकृतिको अवसर र घटना विशेष पूजा आराधना गर्छन् ।

## इसाई धर्म

नेपालमा पछिल्लो समयमा देखिएका विभिन्न धर्महरूमध्येमा इसाई धर्म पनि एक हो । यो धर्मका मुख्य प्रवर्तक जिसस क्राइस्ट हुन् । उनको अर्को नाम येशु, येशु ख्रिष्ट पनि हो । जन्मनेबित्तिकै राखिएको नाम भने होसे थियो । मोसाले होसे नामलाई परिवर्तन गरेर यहोशू राखिदिएका थिए । यहोशूको अर्थ "परमप्रभुले उद्धार गर्नुहुन्छ" भन्ने हुन्छ । यही नाम नै ग्रिक भाषामा बोलाउँदै जाँदा येशु भनियो ख्रिष्ट युनानी भाषा हो, जसको अर्थ पवित्र पुरुष भन्ने हुन्छ ।



*इसाई धर्मका प्रवर्तक येशु*

येशु ख्रिष्टको जन्म बेथलेहेम, फिलिस्तिन क्षेत्रको पश्चिमी किनारमा भएको थियो । यो ठाउँ राजा दाउदको सहर थियो । युसुप र मेरियमको खास बसोबासस्थल भने नासरत थियो । तत्कालीन रोम सम्राट् सिजर अगस्टसले जनगणनाको घोषणा गरेकाले उनीहरू नासरतबाट बेथलेहेममा जनगणना गर्न पुगेका थिए । त्यही समयमा येशुको जन्म भएको थियो । येशुको जन्म दिनलाई इसाईहरूले क्रिसमस नामले मनाउने गरेको पाइन्छ। अहिले प्रचलित अङ्ग्रेजी वर्ष पनि येशुकै जन्म दिनलाई आधार मानेर प्रचलनमा आएको हो । यसैका आधारमा येशुको जन्म दिनभन्दा अगाडिको समयलाई ईस्वी पूर्व र येशु जन्मेपछिको समयलाई ईस्वी संवत् भनिएको हो । अहिलेको क्यालेन्डर येशुको जन्मपछि सुरु भएकाले ईस्वी संवत् भनिन्छ ।

इसाई धर्म एउटै मात्र परमेश्वरलाई मान्ने एकेश्वर धर्म हो । इसाई धर्मावलम्बीहरूका अनुसार येशुको जन्म यस पृथ्वीमा रहेका मानव समुदायलाई पापबाट मुक्ति दिनका लागि भएको हो । यस धर्मको मान्यता येशुप्रति आस्था, विश्वास जनाउनु साथै उनको शिक्षाको अवलम्बन गर्नु हो । इसाई शिक्षाको मूल स्रोत भनेको बाइबल हो । इसाईहरू पनि क्याथोलिक र प्रोटस्टेन्ट दुई समूहमा विभाजित छन् ।

इसाई धर्ममा मूर्ति पूजा हुँदैन । गरिब र अशक्तहरूको सेवा गर्नु नै ईश्वरको सेवा गर्नु हो । सबै समान हौँ, त्यसैले मिलिजुली बस्नुपर्छ । हाम्रो रक्षा भगवान् येशुले गर्ने भएकाले उनले दिएको आदेश मान्नुपर्छ भन्ने यस धर्मको मूल मान्यता रहेको छ । यी धर्मावलम्बीहरूको धार्मिकस्थललाई चर्च भनिन्छ । नेपालको सन्दर्भमा उनीहरू प्रत्येक शनिबार प्रार्थनाका लागि चर्चमा भेला हुन्छन् । यो धर्म बाहिरी राष्ट्रबाट आएर नेपालमा फैलिएको हो । वि.सं. २०७८ को जनगणनाअनुसार नेपालमा इसाई धर्मावलम्बीहरूको जम्मा जनसङ्ख्या ५,१२,३१३ रहेको छ । यो नेपालको जम्मा धर्मावलम्बीहरूको १.७६ प्रतिशत रहेको छ र धार्मिक जनसङ्ख्याको पाँचौँ स्थानमा रहेको छ ।

## प्रकृति धर्म

वि.सं. २०४६ मा भएको प्रजातन्त्रको पुनःस्थापनाले नेपाली जनताहरूले धार्मिक, सांस्कृतिक तथा वाक्स्वतन्त्रता प्राप्त गरे । यसपछि नेपालमा बसोबास गर्ने सबै नेपाली नागरिकहरूले आफ्नो भाषा, धर्म तथा संस्कृतिका बारेमा चिन्तनमनन तथा विमर्श गर्ने स्वतन्त्रता प्राप्त गरेका थिए । यसपछि नै नेपालमा बसोबास गर्ने विभिन्न जातिहरूले आफ्नो जाति, भाषा, धर्म र संस्कृति बारेमा खुला रूपमा बहस गर्न थाले । यही क्रममा वि.सं. २०६८ मा भएको जनगणनामा प्रकृति धर्म देखा परेको हो ।

प्रकृति धर्म, प्रकृति र धर्म मिलेर बनेको हो । पृथ्वी, जल, तेज, वायु र आकाशको संयोजन वा समग्रता प्रकृति हो । यी तत्त्वहरूलाई पञ्चमहाभूत पनि भनिन्छ । सिर्जना गर्ने शक्ति र परिचालन गर्ने क्षमता पञ्चमहाभूतमा रहेको हुन्छ । जल, जमिन, वनस्पति साथै जीवजन्तु यसै प्रकृतिद्वारा सिर्जना भई गतिशील हुँदै आएका छन् । यसरी प्रकृति धर्म भन्नाले पृथ्वी वा पृथ्वीमा रहेका भूमि, वनस्पति, जीवजन्तु, हावापानी, आकाश, सूर्यप्रति आस्था जनाउने धर्म नै प्रकृति धर्म हो ।

प्रकृति धर्मावलम्बीहरूमा मुख्यतः आदिवासी जनजातिहरू रहेका छन् । उनीहरूको प्रकृति वा प्रकृतिका अवयव साथै प्रकृति सिर्जित वस्तुप्रति विश्वास पाइन्छ । यी वस्तु वा तत्त्वहरूको मदतले नै उनीहरूको जीवन बाँच्न सम्भव भएको हो । प्रकृति, प्रकृतिका अवयव र प्रकृति सिर्जित वस्तुभन्दा उनीहरूलाई बचाउने र संरक्षण गर्ने अरू छैन । यसबाहेकका अन्य मिथ्या हुन् । काल्पनिक शक्तिप्रति उनीहरू विश्वास गर्दैनन् ।



*प्रकृतिको पूजा गर्दै*

धिमाल, मगर, चेपाङ, थारु आदि यस धर्मका अनुयायीहरू रहेका छन् । वि.सं. २०६८ को जनगणनामा प्रकृति धर्म मान्नेहरूको जनसङ्ख्या १,२१,९८२ रहेको थियो भने वि.सं. २०७८ भएको जनगणनामा १,०२,०४८ रहेको छ । यो नेपालको जम्मा धर्मावलम्बीहरूको ०.३५ प्रतिशत हो र धार्मिक जनसङ्ख्याको छैटौँ स्थानमा पर्छ । यसरी नेपाल प्राकृतिक धर्मावलम्बीहरूका लागि पनि महत्त्वपूर्ण रहेको छ ।

उल्लिखित धर्महरूबाहेक पनि नेपालमै जन्मे हुर्केका अन्य धर्महरूमा उराउँ जातिहरूले मान्ने शरणाधर्म र खस जातिहरूको मष्टो धर्महरू पनि छन् । प्रारम्भमा खसहरू पनि वेदलाई मान्दैनथे । उनीहरू मस्टोलाई मुख्य इष्ट देवता वा कुलदेवताका रूपमा मान्ने गर्थे । यसको आकार हुँदैन । मस्टोलाई पुरुष मानिन्छ । मस्टोको आमा मण्डालनी र बहिनी नवदुर्गा भवानी हो भन्ने विश्वास छ । अन्य धर्महरूमा सिख धर्म, जैन धर्म आदि रहेका छन् । सिखको अर्थ शिष्य र शिक्षा हो । सिख धर्मको प्रवर्तक गुरु नानक साहेब हुन् । यो धर्मले पनि एक ईश्वरवादी र ईश्वर निराकार हुने मान्यता राख्छ भने यसले जाति विभेद मान्दैन । प्रेमको बाटो

साँचो हो, सम्पूर्ण मानव जाति एक हुन् भन्ने विश्वास गर्छ । यो धर्मको मुख्य धार्मिकस्थल स्वर्ण मन्दिर हो । उनीहरूको पवित्रग्रन्थ "गुरु ग्रन्थसाहेब" हो । नेपालको विभिन्न ठाउँमा गुरु नानकको धार्मिक स्थलहरू स्थापना गरिएका छन् ।

जैन धर्मका संस्थापक वर्धमान हुन् । उनलाई जिन पनि भनिन्छ । जिन भन्नुको अर्थ सम्पूर्ण रूपमा इन्द्रियहरूलाई जितेको वा मनलाई जितेको भन्ने हुन्छ । यही जिन शब्द नै अपभ्रंश भई जैन भएको हो । वर्धमान जैन धर्मका चौबिसौँ तीर्थङ्कर हुन् । तीर्थङ्कर भन्नाले जैन धर्मका धर्माचार्यलाई भनिन्छ । उनीभन्दा अगाडि २३ जना तीर्थङ्करहरू थिए । प्रथम तीर्थङ्कर आदिनाथ थिए । जैन धर्मको मूल मान्यता भनेको हिंसा गर्नु हुँदैन । त्यसैले ससाना कीटपतङ्ग पनि नकुल्चियोस् भनेर राति नहिँड्ने, हिँड्दा पनि ससाना कीटपतङ्गलाई जोगाएर हिँड्नुपर्ने, बोल्दा पनि अरूलाई असर नपर्ने गरी बोल्नुपर्छ भन्ने रहेको छ । यो धर्मका पनि दुई सम्प्रदायहरू रहेका छन् : दिगम्बर र श्वेताम्बर । उनीहरूको पवित्रग्रन्थ कल्पसूत्र हो ।

## नेपालका प्रमुख चाड

मानवीय जीवन जङ्गली, पशुपालन, कृषि उत्पादन युगसँगै औद्योगिक युगसम्म आइपुग्दा पनि सहज जीवन गुजारा गर्नका लागि प्रयासरत छ । विभिन्न समय, कालखण्डमा पुर्खाहरूले हासिल गरेका आस्था, विश्वास, मूल्यमान्यताहरू आजसम्म सन्तानहरूले पालना गर्दै आउँदा परम्परा र संस्कृतिका रूपमा स्थापित हुन पुगेका छन् । यस्ता आस्था, विश्वास र मूल्यमान्यताहरू विशेष अवसर पारेर निश्चित विधि अवलम्बन गर्दै पालना गरिएका हुन्छन् । यसभित्र आत्मसन्तुष्टिको पक्ष पनि समावेश भएको हुन्छ । अवसर विशेष फुर्सद निकालेर मनोरञ्जन गरिने भएकाले यस्ता कार्यहरूलाई चाड भनिएको हो ।

सन्तुष्टि वा मनोरन्जनका पनि दुई पक्षहरू रहेका छन् : अनुभूतिगत र क्रियात्मक । यो कुनै आस्था र विश्वासका साथ गरिने भएकाले यस्तो चाड मान्दा मानसिक सुख प्राप्त हुन्छ । अर्कोतिर यो कार्य सम्पन्न भएको खुसीयालीमा गरिने मिष्ठान्न भोजन, नाचगान वा मनोरञ्जनले क्रियात्मक सुख प्राप्त हुन्छ । यति मात्र होइन यस्ता कार्यले सामाजिक भेटघाट तथा एकताको माहोल पनि निर्माण गर्छ । एकतामा बल हुन्छ भने झैँ यस्ता जमघट हुने कार्यले निकै ठुला ठुला सामाजिक योगदान दिन सम्भव हुन्छ ।

चाडपर्वहरू विभिन्न प्रकारका हुन्छन् । यस्ता चाडपर्वहरू जाति, धर्म, समाज साथै मौसम र भूगोलमा आधारित रहेका हुन्छन् । जातिगत चाडपर्वहरू जातिभित्र मनाइन्छ भने धर्मसँग सम्बन्धित चाडपर्वहरू धार्मिक समुदायले मान्ने गर्छन् । त्यसरी नै भूगोलमा आधारित चाडपर्वहरू स्थानीय, क्षेत्रगत र राष्ट्रिय महत्त्वका हुन्छन्, जस्तै : जातिगत चाडहरूमा थारुहरूको माघी चाड, धार्मिक चाडहरूमा हिन्दुहरूको तिज, बडादसैँ, मुस्लिमहरूको रामजान, क्षेत्रीय रूपमा मनाइने चाड, जस्तै : तराई क्षेत्रमा मनाइने छठपर्व, सुदूरपश्चिममा मनाइने गौरा आदिलाई लिन सकिन्छ ।

नेपाल १४२ जातजाति र १२४ भाषा भएको देश भएकाले यहाँ धेरै चाडपर्वहरू मनाउने गरेको पाइन्छ । जाति, धर्म, स्थान, क्षेत्रगत र राष्ट्रिय रूपमा मनाइने चाडहरूको उपस्थिति रहेकाले काठमाडौँ उपत्यका मन्दिरैमन्दिरको सहर, देवता नै देवताको सहर भन्ने उपनामले चिनिए जस्तै चाडपर्वको मुलुकका रूपमा पनि नेपाललाई लिन सकिन्छ । त्यसैले यहाँ जाति, धर्म, क्षेत्र र राष्ट्रिय विशेषका मुख्य मुख्य चाडहरूको मात्र चर्चा गरिएको छ । यस्ता चाडपर्वमा छिमेकी र आफन्तलाई निम्तो दिएर सँगै बसेर रमाइलो गर्ने चलन रहेको छ । विविधतामा आधारित नेपाली समाजमा सामाजिक सद्भाव र समन्वय निर्माणका लागि चाडपर्वले महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । नेपालका मुख्य चाडपर्वहरू निम्नप्रकार रहेका छन् :

## दसैँ

दसैँ मूलतः हिन्दु धर्मावलम्बीहरूको मुख्य र ठुलो चाड हो । यसलाई बडादसैँ र विजयादशमी पनि भनिन्छ । दसैँ चैत महिनामा पनि मनाइन्छ तर चैतमा मनाइने दसैँभन्दा बढी धुमधामका साथ असोजमा मनाइने र विजयोत्सव मान्ने कार्य दशमीको दिन गरिने भएकाले यसलाई विजयादशमी भनिएको हो । सामान्यतः शरद् ऋतुको आश्विन शुक्लप्रतिपदाको दिनबाट दसैँको सुरुआत हुन्छ । यो दिनलाई घटस्थापना भनिन्छ । कहिलेकाँही यो तिथि कार्तिकमा पनि पर्छ ।

घटस्थापनाको दिन जमरा राख्ने कोठालाई लिपपोत गरेर भुँइमा वा टपरी वा कुनै भाँडामा पञ्चमाटो वा बालुवा र माटो मिसाइ मकै, धान, गहुँ र जौ मिसाएर जमरा राखिन्छ । देवी शक्तिका रूपमा कलश स्थापना गरेर दुर्गाको प्रथम रूप शैलपुत्रीको पूजा गरिन्छ । यसपछि नियमित रूपमा नौ दिनसम्म नवदुर्गाको विभिन्न प्रतीकहरूको पूजा गरिन्छ । नौ दिनसम्म

गरिने नवदुर्गाको पूजालाई नौरथा वा नवरात्री भनिन्छ । नवदुर्गाको दोस्रो रूपलाई ब्रह्मचारिणी भनिन्छ, तेस्रो रूपलाई चन्द्रघण्टा, चौथो स्वरूपलाई कुष्माण्डा, पाँचौं स्वरूपलाई स्कन्दमाता र छैटौं स्वरूपलाई कात्यायनी नामले चिनिन्छ ।



*दसैँमा टीका लगाउँदै*

सप्तमीको दिनलाई फूलपाती भनिन्छ । दुर्गाको सातौँ दिनमा पूजा गरिने रूप कालरात्री हो । यो दिन नवपत्रिका घर भित्र्याइन्छ । नवपत्रिका भन्नाले नौओटा वनस्पतिहरू केराको बोट, वन हलेदो, कर्चुर, जयन्ती फूल, बेल, दारिम, अशोक, माने, धानसहितको समूह बुझिन्छ । दुर्गा भवानीको कालरात्री रूपलाई नवपत्रिका चढाइन्छ । दुर्गा भवानीलाई दुर्गा भगवती पनि भनिन्छ । अष्टमीलाई महाअष्टमी पनि भनिन्छ । यो दिन नवदुर्गाको आठौँ रूप महागौरीको पूजा गरिन्छ । नवौँ रूपलाई सिद्धिदात्री भनिन्छ र यही दिनमा सिद्धिदात्रीको पूजा गरिन्छ । घटस्थापनाका दिन सुरु गरिएका नवदुर्गासँग सम्बन्धित चण्डीपाठलगायतका स्तुति पाठहरूको अन्त्य गरिन्छ । यो दिन सबैतिर शक्तिपीठहरूमा बलि चढाइन्छ ।

दसैँ मान्ने बारेका विभिन्न अनुश्रुतिहरू रहेका छन् । यस्ता अनुश्रुतिहरूमा नवदुर्गामाताले महिषासुर, शुम्भ, निशुम्भ, चण्डमुण्डलगायतका राक्षसहरूको वध गरेर स्वर्गलोक, मृत्युलोक

र पाताललोकमा शान्तिसँग बस्न सक्ने अवस्था बनाएको खुसीयालीमा दसैं मनाइएको हो। राजा रामचन्द्रले नौ दिनसम्म दुर्गा भवानीको पूजा गरेर शक्ति प्राप्त गरी राक्षस रावणलाई दसौँ दिनमा वध गर्न सफल भएको खुसियालीमा विजयादशमी मनाउन थालिएको हो भन्ने जनविश्वास रहेको छ। दशमीको दिनलाई विजयादशमी भनिन्छ। यो दिन दुर्गा भवानीको प्रसाद ग्रहण गरेपछि आफूभन्दा ठुलासँग टीका लगाई आशीर्वाद थाप्ने चलन छ। यो क्रम पन्ध्रौँ दिन अर्थात् पूर्णिमासम्म चल्छ। तर पश्चिम नेपालका केही ठाउँहरूमा भने दशमीको दिन मात्र टीका लगाउने चलन पनि छ। पूर्णिमाको दिन दसैं सेलाएर टीकाको विर्सजन गरिन्छ। यो पूर्णिमालाई कोजाग्रत पूर्णिमा भनिन्छ।

## तिहार

तिहार हिन्दु धर्मावलम्बीलगायत नेपालीहरूको दोस्रो ठुलो चाड हो। तिहार संस्कृत भाषाको तिथिबार अपभ्रंश भएर बनेको हो भन्ने जनश्रुति रहेको छ। यसलाई यमपञ्चक पनि भनिन्छ। पाँच दिनसम्म यमराजसँग सम्बन्धित पूजा गरिने भएकाले यसलाई यमपञ्चक भनिएको हो। यस पूजाको अवसरमा दीप बालिने भएकाले दीपावली वा दिवाली पनि भनिन्छ। यो चाड कार्तिक कृष्ण त्रयोदशीबाट सुरु भई कार्तिक शुक्लद्वितीया तिथिसम्म मनाइन्छ।

तिहारको पहिलो दिन कागतिहार हो। कागलाई यमराजको सन्देशवाहक दूत मानिन्छ। त्यसैले शुभ सन्देशहरू लिएर आउनु भनेर कागको पूजा गरिन्छ। यही दिनबाट क्रमशः तिहार सुरु हुन्छ। घरमा पाकेको खाना, दुध, दही साथै फूलको थुँगा वा माला टपरीमा राखेर भाग दिइन्छ। दोस्रो दिनमा कुकुरतिहार पर्छ। यो दिन कुकुरको पूजा गरिन्छ। कुकुर पनि यमराजको विश्वासिलो दूत र रक्षक भएकाले कुकुरको पूजा गरिएको हो। कुकुरलाई यमराजको द्वारपाल भएको विश्वास गरिन्छ। यो दिन कुकुरलाई तेल, फूलमाला लगाइदिएर मिठो मसिनो खुवाएर कुकुरको पूजा गरिन्छ।

तिहारको तेस्रो दिन गाई तिहार पर्छ। हिन्दु धर्मअनुसार गाई आमा, लक्ष्मी र उद्धारक हुन्। तिहारमा भने गाईलाई लक्ष्मीको प्रतिरूप मानेर पूजा गरिन्छ। बिहान गाईको पूजा गरेर साँझ लक्ष्मीको पूजा गरिन्छ। यो दिन गाईलाई तेल र माला लगाइदिई विभिन्न प्रकारका खानेकुरा मिलाएर तयार पारिएको खानेकुरा खुवाइन्छ। साँझ लक्ष्मीको पूजा गरिन्छ। लक्ष्मी नाम संस्कृत भाषाको लाभात् शब्दबाट बनेको हो भन्ने भनाइ छ। लक्ष्मीलाई सौन्दर्य, शोभा,

सौभाग्य, सम्पन्नता, ऐश्वर्य र सृष्टिकी देवी मानिन्छ । लक्ष्मी पूजाको साँझ झिलिमिलि बत्ती बाल्ने प्रचलन छ । त्यसैले यसलाई प्रकाशको पर्व, दीपावली र ज्योतिपर्व पनि भनिन्छ । यसको पूजा गर्दा घरमा भएका गरगहना र पैसाको पूजा गरिन्छ । लक्ष्मीको पूजा गरेपछि भैलेनी खेल्ने चलन छ ।

तिहारको महत्त्वपूर्ण अंश गोरुतिहार पनि हो । गोरुतिहारलाई गोवर्धन पूजा पनि भनिन्छ । यो तिहारको चौथो दिनमा मनाइन्छ । गोरुलाई भगवान् शङ्करको वाहन मानिन्छ । यो दिन गोरुलाई फूलमाला लगाइदिएर मिठा मिठा खानेकुरा दिने, तेल अन्डा खुवाउने गरिन्छ । यो दिन जजसले गोरुलाई जोत्नका लागि लगेका वा प्रयोग गरेका थिए, तिनीहरूले गोरुलाई खानेकुरा भाग ल्याइदिने चलन छ । यही दिनबाट देउसी खेल्न सुरु गरिन्छ । देउसी खेल्न आउनुको कारण र प्रक्रिया बारेमा भट्याउने एवम् देउसिरे भनेर सही जनाउने काम गरिन्छ ।



*तिहारमा चेलीसँग टीका ग्रहण गर्दै माइती*

तिहारको पाँचौं तथा अन्तिम दिनलाई भाइटीका भनिन्छ । यो दिन दिदीबहिनीहरूले आफ्नो माइती दाजुभाइहरूलाई सुस्वास्थ्य र दीर्घायुको कामना गर्दै टीका र फूलमाला लगाइदिई विभिन्न प्रकारका मिष्ठान्न परिकारहरू खुवाउने गर्छन् । भाइटीकाको दिनलाई उत्सवका

रूपमा मान्नुका कारण यो दिन बहिनी यमुनाले आफ्नो दाजु यमराजलाई कागतिहारको दिनदेखि पाँच दिनसम्म आफ्नै घरमा राखेर दीर्घायुको कामना गर्दै टीका लगाइदिई अकाल मृत्युबाट बचोस् भनेर वर मागिदिएकी थिइन् । यही समयबाट भाइटीकाको दिनलाई चाडका रूपमा मान्न थालिएको जनविश्वास रहिआएको छ । यसरी नै दिदीबहिनीले पनि माइतीलाई दीर्घायुको कामना गर्दै फूलमाला र टीका लगाइदिएर पर्वका रूपमा मान्ने परम्पराको विकास भएको हो । यो दिन काठमाडौँ उपत्यकामा भने चेली नहुनेहरू रानीपोखरीका बिचमा रहेको बालगोपालेश्वर मन्दिरमा गएर टीका लगाउने परम्परा रहेको छ ।

## तिज

तिज हिन्दु महिलाले मान्ने पर्व हो । तिजको शाब्दिक अर्थ पाइँदैन । यसलाई हरितालिका साथै हरितालिका तिज पनि भनिन्छ । हरितालिकाको अर्थ भने विभिन्न रूपमा दिएको पाइन्छ । एउटा धार्मिक विश्वासअनुसार पार्वतीलाई साथीहरूले अपहरण गरी एकान्त ठाउँमा लिएर गए । त्यहाँ उनलाई तिजव्रत बसाई शिवसँग वैवाहिक सम्बन्ध जोड्न सफल भए । यही सफलताको सन्दर्भमा मनाइने चाडलाई हरितालिका तिज हो भन्ने भनाइ रहेको पाइन्छ ।



*तिज पर्वमा पूजा गर्दै महिलाहरू*

वास्तवमा सफल दाम्पत्य जीवन नै सुखी जीवन हो । मानवहरू हरेक बाध्यता, कठिनाइ तथा परिस्थितिहरूको सामना गर्दै भए पनि पारिवारिक सुखका लागि तयार हुन्छन् । पारिवारिक सुख भनेको नै स्वर्ग हो । स्वर्ग भन्नाले अत्यन्तै रमणीय र आनन्दमयी ठाउँ भन्ने बुझिन्छ । परिवार स्वर्ग बन्नका लागि परिवारका मुख्य सदस्यहरू श्रीमान् र श्रीमतीबिचको सम्बन्ध समधुर बन्नु आवश्यक हुन्छ । बच्चा जन्माउने, लालनपालन गर्ने, शिक्षादीक्षा दिने कार्यमा बच्चाहरूसँग बढी मात्रामा नजिक हुने भएकाले यसको बढी भार महिलामाथि पर्नु स्वाभाविक हो । योग्य पति प्राप्त भएमा यस्तो भार धान्न मदत मिल्छ । यस अर्थमा योग्य पति प्राप्त होस् भनेर हिन्दु अविवाहित युवतीहरू व्रत बस्छन् । पति परिवारप्रति उत्तरदायित्व बहन नगर्ने र अस्वस्थ्य भएमा पनि परिवार धान्न गाह्रो हुन्छ । त्यसैले विवाहित महिलाहरू पति अनुशासित, स्वस्थ र दीर्घजीवी होस् भनेर व्रत बस्ने गर्छन् । यसरी अविवाहित केटीहरूका लागि सुयोग्य पति प्राप्त गर्न र विवाहित महिलाले पतिको स्वास्थ्यलाभ एवम् कार्य सफलताका लागि गरिने व्रत नै तिज पर्व वा हरितालिका पर्व हो । यस बारेमा विभिन्न हिन्दु धार्मिक ग्रन्थहरूमा वर्णन गरिएको पाइन्छ । यो पर्व हिन्दुबाहेकका अन्य समुदायका महिलाहरूमा पनि प्रभाव पर्दै गएको देखिन्छ ।

## भुँयार

भुँयार मगर जातिले मान्ने चाड हो । मगर जाति नेपालको धेरै जनसङ्ख्या भएको आदिवासी जनजातिअन्तर्गत पर्छ । यो जाति नेपालको पूर्वदेखि पश्चिमसम्म र उत्तरदेखि दक्षिणसम्म फैलिएर बसोबास गरेको पाइन्छ । सबैतिर फैलिनुको मुख्य कारण भने राज्यको सैनिक र न्यायिक प्रशासनमा पहुँच हुनु हो भने अर्को प्राविधिक र पुजारीका रूपमा पनि पुगेको पाइन्छ । मानवशास्त्री डोरबहादुर विष्टका अनुसार मगरहरू खानी विज्ञ, ढुङ्गा काट्न र घर बनाउनमा सिपालु थिए । खानीमा तामाखानी, फलामखानीलगायत ढुङ्गाखानीसँग सम्बन्धित थिए । अहिले पनि पुरानो खानी वरपर मगरबस्तीहरू छन् । पछिल्लो समयमा भने यस्ता खानीहरू बन्द भएकाले अवशेषका रूपमा मात्र बाँकी छन् । मगरहरूको फैलावटको कारण मगर संस्कृतिहरूमा विविधता देखिनु स्वाभाविक भए तापनि मगर जातिको मुख्य संस्कृतिहरू भुँयारको मात्र यहाँ चर्चा गरिएको छ ।



*भुँयार पर्व मनाउँदै मगरहरू*

भुँयार पूजा नयाँ वर्षको समयमा मिनामलेहस नामले मनाउने गर्छन् । यसको नेपाली नाम वा अर्थ भूमि पूजा हो । सामान्यतः भूमि पूजा वैशाख पूर्णिमादेखि मान्ने गरिए तापनि स्थानविशेष फरक समयमा मान्ने गर्छन् । यो समयमा भूमि र आदिम पुर्खालाई पूजा गरेर चाड मान्ने गर्छन् । यो अवसरमा रोल्पा र रुकुमतिर लोकोबाङ्गे नाच नाचिन्छ भने स्याङ्जालगायतका अन्यतिर भ्याम्रे र रोदभही, सोरठी घाटुलगायतका नाचहरू नाचिन्छन् । माघ १ लाई भने नयाँ वर्षका रूपमा मान्ने गर्छन् । यो समयमा पनि प्रकृति र पुर्खालाई पूजा गर्छन् । यो समयमा ज्वाइँ चेलीलाई बोलाएर भोज खुवाउने चलन रहेको छ ।

## माघीपर्व

नेपालको दक्षिण तराई तथा भित्री मधेसमा बसोबास गर्ने एक प्रमुख जातिमध्येमा आदिवासी थारु पनि हो । यो जातिको बसोबासको फैलावट पूर्वी नेपालको कोसी प्रदेशदेखि पश्चिम नेपालको सुदूरपश्चिम प्रदेशसम्म पाइन्छ । यो जातिको मुख्य र मौलिक चाड माघ हो, जुन हरेक विक्रम संवत्को माघ १ गते पर्छ । यसलाई आम नेपाली समाजले भने माघी नामले चिन्ने गर्छन् । स्थान विशेषका थारुले पनि यसलाई भिन्नभिन्न नामले बोलाउने गरेको पाइन्छ । पूर्वी तराईमा बसोबास गर्ने थारुहरूले यसलाई तिलासक्राइत, मध्य तराई

नवलपरासी, चितवनतिर खिचडा र पश्चिमितर माघी पर्व जस्ता नामले चिनिन्छ। जुनसुकै स्थानमा भए पनि मान्ने उद्देश्य भने एउटै रहेको छ।

थारुहरूले यो पर्वलाई नयाँ वर्षका रूपमा मान्ने गरेको पाइन्छ। वर्षभरि गरिने सम्पूर्ण कामहरू कुन समय, मिति र महिनामा गर्ने भनेर निर्णय गर्ने, खेतीपातीको जिम्मा कसले लिने, पूजापाठ कसले गर्ने, पर्म कसले गर्ने आदि जिम्मेवारी तोक्ने साथै वर्षभरिका महत्त्वपूर्ण निर्णयहरू यही समयमा गरिन्छ। यही समयमा पुरानो कारोबारहरू पनि बन्द गरेर नयाँ प्रारम्भ गरिन्छ। सगोलको परिवारबाट छुट्टिनुपर्ने भएमा पनि यही समयमा गरिन्छ। यही समयमा गाउँको मुखिया छान्ने चलन पनि छ जसलाई बडघर, भलमन्सा वा ककन्डार पनि भनिन्छ। बडघर छान्नु अगाडि पहिलो बडघरको राम्रो नराम्रो पक्षहरूका बारेमा पनि विचार र विमर्श गर्दै नयाँ बडघर छनोट गरिन्छ। यस अर्थमा माघी पर्वको महत्त्व रहेको हुन्छ।



*माघी मान्ने क्रममा थारुहरू*

नेपालको पश्चिमतिर पुस महिनाको अन्तिमदेखि प्रारम्भ भएर माघ महिनाको पहिलो हप्तासम्म मनाउने गरिन्छ। पुसको अन्तिम दिन व्यक्तिगत तथा सामूहिक सुँगुर काट्ने चलन छ जसलाई जिता मर्ना वा सुवर मर्ना भनिन्छ। सामूहिक मारिएको सुँगुरलाई भागबण्डा गरेर खाने चलन छ। तर मध्यतराई र पूर्वी तराईमा भने माघ १ गते मात्र मान्ने चलन रहेको छ। यो दिन हरेक थारु घरमा सुँगुरको मासुको परिकार तयार पारी छरछिमेकमा बाँडेर खाने चलन

छ । सुँगुरको मासुसँगै हाँस, कुखुराको मासु, माछा, बयरको चटनी, सिद्रा, सिन्की, आलुको अचार, खँरिया जस्ता परिकार खाई नाचगान गर्दै रमाइलो गर्छन् ।

पुस मसान्तको बडघर वा गाउँको अगुवाको घरमा धुनी जगाई रातभर जाग्राम बसी गाउँलेहरू मिलेर गीत गाउने चलन छ जसलाई ढमार भनिन्छ । त्यसपछि बिहानै नजिकैको जलाशयमा गएर नुहाइधुवाइ गर्ने र नुहाइधुवाइ गरेको ठाउँमै प्रकृतिको प्रतीक ढुङ्गा राखेर भुँइमा अक्षता र जल चढाई पूजा गरी घर फर्किने चलन छ । घरमा आएर चामल, दाल र नुन परिवारका हरेक सदस्यले छुने प्रचलन छ । यो छोएर आशीर्वाद लिएपछि विगतमा अन्जानमा भएका गल्ती कमजोरीको दोष लाग्दैन भन्ने मान्यता रहेको छ । त्यही दिन चेलीबेटीहरूलाई चामल, दाल जस्ता वस्तुहरू साथै क्षमताअनुसार दक्षिणा दिने चलन छ जसलाई निस्राउ भनिन्छ । आफूभन्दा ठुलालाई ढोग गरी आशीर्वाद लिने गरिन्छ । यो दिन चामलको पिठोको विशेष परिकार बनाइन्छ जसलाई ढिक्री भनिन्छ । यसले पर्व विशेषको सङ्केत गर्छ । यसबाहेक डसिया (दसैँ), डेवारी (तिहार), ढुरेरी रैव, समाचखेवा, अष्टिम्कि (कृष्णजन्मष्टमी), बड्का इतवारी, गुरही आदि पनि मान्ने गर्छन् ।

## ल्होछार चाड

ल्होछार नेपालको हिमाली क्षेत्रमा बसोबास गर्ने जातिहरूको मुख्य र मौलिक चाड हो । यी जातिहरूमा शेर्पा, भोटे, ह्योल्मो, ताङ्बे, तामाङ, गुरुङ आदि रहेका छन् । यी जातिहरूका आआफ्नै भाषा तथा रहनसहन रहेको पाइन्छ । तथापि ल्होछार चाड भने बेग्लै नामले बेग्लै समयमा आआफ्नो अनुकूल मान्ने गरेको पाइन्छ । त्यसैले जाति विशेषले ल्होछारलाई भिन्न भिन्न नामले बोलाउने गरेका छन् । भोट बर्मेली भाषाको ल्होछार, ल्हो र छार मिलेर बनेको हो । ल्होको अर्थ वर्ष र छारको अर्थ नयाँ वा वसन्त ऋतु भन्ने हुन्छ । कसैकसैले ल्होछारलाई ल्होसार पनि भन्ने गरेको पाइन्छ । अर्थात् यो नयाँ वर्ष प्रवेशको अवसरमा मनाइने चाड हो । जाति र स्थान विशेष ल्होछार पनि तीन प्रकारका रहेका छन् : तोला ल्होछार, सोनाम ल्होछार र ग्याल्बो ल्होछार । भिन्न हिमाली जातिहरूका आधारमा ल्होछारको नाम तथा अवसर पनि फरक पाइन्छ । भिन्न जातिको वर्ष वा सालको नाम फरक हुन्छ । यी नामहरू जीवहरूको नामबाट राखिएका हुन्छन् ।

विक्रम संवत्मा जसरी एक वर्षको चक्र पूरा हुन १२ महिना पूरा हुनुपर्छ, त्यसरी नै ल्होछारको पनि चक्र रहेको हुन्छ । ल्होछारको एक चक्र पूरा हुनका लागि १२ वर्ष लाग्छ । १२ वर्षमा

चक्र पूरा हुनुलाई खोरलो वा ल्होकोर भनिन्छ। एक ल्होचक्र पूरा हुन लामो समय लाग्छ। ल्होछारका नामहरू मुसा, गोरु, बाघ, खरायो, गरुड, सर्प, घोडा, भेँडा, बाँदर, चरा, कुकुर र बँदेल रहेका छन्। एक ल्होले एक वर्ष वा विक्रम संवत्अनुसारको १२ महिनाको समयलाई बुझाउँछ। यसरी मुसा ल्होबाट प्रारम्भ भएर बँदेल वर्षमा आएर वर्षचक्र पूरा हुन्छ र पुनः मुसा वर्षबाट सुरु हुन्छ। यी ल्होछारहरूलाई निम्नानुसार चर्चा गरिएका छन् :

## तमु ल्होछार

गुरुङहरूले मान्ने ल्होछारलाई तमु ल्होछार भनिन्छ। यसलाई तोला ल्होछार पनि भनिन्छ। यो तमु र ल्होछार मिलेर बनेको हो। तमु नाम पनि त र मु मिलेर बनेको हो। त भनेको माथि र मु भनेको आएको अर्थात् उनीहरू उत्तरी क्षेत्रबाट आएको भन्ने बुझाउँछ। यही तमु शब्द नै नेपालीकृत हुँदा गुरुङ बन्न पुगेको हो। यस अर्थले भने गुरुङहरूको आगमन वा बसाइँसराइको अवस्थालाई जनाएको पाइन्छ। उनीहरू तराईबाट उकालो चढेको नभई हिमाली क्षेत्रबाट तल झरेका हुन् भन्ने बुझिन्छ। उनीहरूको पुरानो बसोबासको उचाइले पनि प्रस्ट पार्छ। यसरी तमु वा गुरुङहरूले मान्ने ल्होछारलाई नै तमु ल्होछार भनिन्छ। तमु ल्होछार विक्रम संवत्को पौष १५ गते पर्छ।



*ल्होछार पर्व मनाउँदै तमु गुरुङसेनीहरू*

तमुहरूले बडो धुमधामका साथ पुस १५ गते ल्होछार मनाउने गर्छन् । यो समयमा गाउँले, आफन्त तथा दाजुभाइ एक ठाउँ भेला भएर मिष्ठान्न भोजनका साथमा मनोरञ्जन गर्छन् । ल्होछारको राति पुजारी पच्यूले पूजा गरेर स्वस्तिशान्तिको कामना पनि गर्छन् । ल्होछारलाई उनीहरू जीवनसाथी रोज्ने दिनका रूपमा पनि लिएका छन् । यसलाई ल्होछारबाहेक ट्हो ल्हें पर्व, बायो आदि नामले पनि बोलाउने गरेको पाइन्छ ।

## सोनाम ल्होछार

तामाङ तथा ह्योल्मोहरूले मनाउने ल्होछारलाई सोनाम ल्होछार भनिन्छ । यो पर्व माघ शुक्लप्रतिपदाका दिन मनाइन्छ । यसलाई ल्होतोवा वा वर्ष फेरिनु वा फर्कनु पनि भनिन्छ भने कतिले ल्होतिवा पनि भन्छन् जसको अर्थ हुन्छ वर्ष आरम्भ भयो ।



*ल्होछार पर्व मनाउँदै तामाङ समुदाय*

## ग्याल्बो ल्होछार

यो ल्होछार भने शेर्पा समुदाय, तिब्बतीयनका साथै तामाङ लामाहरूले मान्ने गरेको पाइन्छ । यो पर्व फागुन शुक्लप्रतिपदादेखि पूर्णिमासम्म विविध कार्यक्रम आयोजना गरी मनाइन्छ । तिब्बती तथा शेर्पा भाषामा ग्याल्बोको अर्थ राजा वा सामन्त हुन्छ । यसरी राजसंवत्का

रूपमा मानिने नयाँ वर्ष नै ग्याल्बो ल्होछार हो । ल्होछार मनाउनका लागि उनीहरूले आफ्नो गाउँघरको बाटोघाटो तथा पानी पँधेराहरू सरसफाइ तथा घरको लिपपोत गर्ने गर्छन् । यो समयमा आफ्नो पुर्खा र भगवान् गौतम बुद्धको पूजा गर्दै सुख शान्तिको कामना गरेर आफन्त भेटघाट गर्दै मिष्ठान्न भोजन गरेर रमाइलो गर्ने गर्छन् ।



*ल्होछार मनाउँदै शेर्पाहरू*

## म्हः पूजा

म्हः पूजा, नेवार जातिको मौलिक चाड हो । सामान्यतः नेवारहरूले बोल्ने भाषालाई नेवारी भाषा भनिए तापनि सरकारी कामकाजको भाषाका रूपमा प्रयोग गर्दा भने नेपाल भाषा भनिन्छ । नेपाल भाषामा 'म्हः' को अर्थ शरीर वा जीवन भन्ने हुन्छ । इतिहासकार बाबुराम आचार्यले नेवारहरूलाई किरात वा नेवार किरात भनेको पाइन्छ । यो जाति संस्कृति सम्पन्न जातिमा पर्छ । यो जातिमा जस्तो अन्य जातिमा त्यति चाडवाडहरू छैनन् । यी चाडवाडहरू शक्ति प्राप्त, कृषि, विश्वास र सामाजिक जीवनका अवयव विशेषसँग सम्बन्धित छन् । यस्ता चाडवाडहरू स्थान विशेष पनि रहेका छन्, जस्तै : काठमाडौँका नेवारहरूले इन्द्रजात्रा, भक्तपुरको नेवारहरूले बिस्केट जात्रा र ललितपुरका नेवारहरूले मत्स्येन्द्र जात्रा मान्ने गरेको पाइन्छ । तथापि सबैले मान्ने भनेको म्हः पूजा, सिठि नखः, गठामुगः आदि हुन् ।



*म्हः पूजा गर्दै नेवारहरू*

म्हः पूजा, जीवन वा शरीर सकुशलताको पूजा हो । प्रकृतिको संयोजन नै जीवन वा शरीर हो । यही जीवनलाई अगाडि बढाउने क्रममा कुनै बाधाव्यवधान र अप्ठ्यारा परिस्थिति नआओस्, जीवन सकुशल र सम्पन्न हुन सकोस् भन्नका लागि नै म्हः पूजा गरिन्छ । कतिपयले यसलाई पञ्चतत्त्वको पूजा पनि भनेका छन् । पञ्चतत्त्वको अर्थ हो मानिसको जीवन पञ्चतत्त्व पृथ्वी, जल, अग्नि, वायु र आकाश मिलेर बनेको हुन्छ । यसरी पञ्चतत्त्वद्वारा निर्मित शरीरको पूजा नै म्हः पूजा हो । यो पूजा कछलाथ्व पारू अर्थात् कार्तिक शुक्लप्रतिपदा तिथिका दिन प्रायः जून उदाएपछि वा साँझमा गरिन्छ अर्थात् हिन्दु धर्मावलम्बीहरूले मान्ने तिहारको गोवर्धन पूजाको साँझ म्हः पूजा गरिन्छ ।

## ईद उल फित्र

ईद उल फित्र मुस्लिम धर्मावलम्बीहरूको एक महत्त्वपूर्ण चाड हो । यो रमजानको व्रत सकेको खुसीमा मनाइने चाड हो । रमजानको व्रत सकेको भोलिपल्ट इस्लामी पात्रोअनुसार दसौँ महिना शौव्वालको पहिलो तारेखको दिन मनाइन्छ । इस्लामी पात्रो हिजरीअनुसार नवौँ महिनालाई रमजान भनिन्छ । यो महिनाभरि मुस्लिम समुदाय रोजा बस्ने गर्छन् । रमजानको अन्तिम दिन राति खुर्पे चन्द्रमा देखिएको हुन्छ । यस खुर्पे चन्द्रमालाई हिजाल भनिन्छ । यो दिन नै एक महिना लामो रोजा समाप्त भएको हुन्छ । रोजाको अर्थ व्रत वा उपासना भन्ने हुन्छ । यस समयमा मुस्लिमहरू फज्रको नमाजको समय अर्थात झिसमिसे उज्यालो हुँदा नै

र सूर्यास्तपछि मात्र खाने गर्छन् । दिनभर उपवासमा रहेका हुन्छन् । फज्रको नमाजको समय अर्थात् झिसमिसे उज्यालो हुँदा नै खानालाई सुहुर, सहरी र सूर्यास्तपछि खाने खानालाई इफ्तार भनिन्छ । बालबालिकाले रोजा बस्नु पर्दैन । बिरामी, गर्भवती महिला र दुधे बच्चाको आमा, रजस्वला भएकी महिला तथा यात्रामा निस्कनुपर्ने मानिसलाई भने त्यो समयमा रोजा नबस्न छुट छ । तर पछि छुटेको रोजा बस्नु पर्छ । वृद्धवृद्धा र अशक्तले भोकै बस्न सक्दैनन् । बिरामीको रोग निको हुन सक्दैन भन्ने मनसायले डाक्टरले वृद्ध र बिरामीलाई रोजा बस्न मनाही गरेको पाइन्छ । तर त्यस्ता व्यक्तिहरूले रोजाको सट्टामा एक गरिबलाई खाना खुवाउनुपर्छ ।



*ईद उल फित्रको खुसीयाली साटासाट गर्दै*

यसको अर्को दिन ईद उल् फित्र चाड पर्छ । फित्र भन्नाले रोजा समाप्त गर्नु भन्ने बुझिन्छ । अशक्त गरिबहरूले पनि ईद उल फित्र मनाउन् भनेर प्रत्येक मुस्लिमले २ देखि ५ कि.ग्रा. गहुँ वा सोबराबरको पैसा दान दिने गर्छन् । ईस्लाम धर्मका अन्तिम सन्देष्टा मुहम्मद हुन् । उनले नै अल्लाहबाट प्राप्त सन्देशहरूलाई पवित्र ग्रन्थ कुरआनका रूपमा प्रदान गरेका हुन् । यी सन्देशहरू अवतरणको आरम्भमा रमजान महिनामा भएका थिए । यो महिनामा जहन्नम अर्थात् नर्कको ढोकाहरू बन्द हुने र जन्नत अर्थात् स्वर्गका ढोकाहरू खुला हुने विश्वास भएकाले रमजान महिनालाई शुभ महिनाका रूपमा लिने गर्छन् । यस अर्थमा पनि ईद उल फित्रको महत्त्व रहन गएको हो ।

ईद उल फित्रको दिन नुहाइधुवाइ गरेर सफा कपडा लगाई केही मिठो र गुलियो खानेकुरा खाएर इदगाहतिर जान्छन् । इदगाह ईद उल फित्रको समयमा सामूहिक रूपमा छुटेको नमाज

पढ्ने खुला ठाउँ हो । यो दिन मस्जिदभन्दा बाहिर नमाज पढिन्छ । ईदगाह जाँदा अल्लाहको महिमा वचन तक्किर उच्चारण गर्दै जान्छन् । नमाजमा अल्लाहको प्रार्थना गर्दै धन्यवाद दिने गरिन्छ । इदगाहबाट फर्कँदा एकआपसमा ईद मुबारक आदानप्रदान गर्छन् । सकेसम्म जाने र आउने बाटो फरक पारेर हिँड्ने गर्छन् किनभने सकेसम्म धेरै मान्छेसँग ईद मुबारक आदानप्रदान गर्न सकियोस् । यो दिनको नमाज विशेष प्रकारको हुन्छ । यसको पनि दुई भाग छन् । यो नमाज खुला ठाउँमा वा मस्जिदभित्र सामूहिक रूपमा गरिन्छ । यसवेला "अल्लाहु अक्कबर" भनिन्छ, जसको अर्थ हुन्छ अल्लाह सबैभन्दा महान् छन् । यो दिन बालबालिकाहरूले मान्यजनहरूबाट कपडा, खेलौना, मिठाईलगायत उपहार पाउने भएकाले विशेष रमाइलो हुन्छ । यसरी बडो उत्साह र उमङ्गका साथ ईद उल फित्र समापन हुन्छ ।

## ईदुल् अज्हा

मुस्लिमहरूको अर्को महत्त्वपूर्ण चाड ईदुल अज्हा हो । ईदुल् अज्हालाई नेपालीहरूले बकर ईद भनेर चिन्ने गर्छन् । यसको अर्को नाम ईदे कुरबान पनि हो । यो चाड इस्लामी पात्रो हिजरीअनुसार बाह्रौं महिना जिल्हिज्जाको १० तारेखदेखि १२ तारेखका दिनसम्म मनाइन्छ । १० जिल्हिज्जाको दिन बिहानै एक खुला मैदानमा भेला भएर नमाज पढ्छन् । नमाज पढिसकेपछि बाखा वा भैँसी/पाडाको कुर्बान दिइन्छ जसलाई कुर्बानी भनिन्छ । कुर्बान गरिएको मासुलाई तीन भाग लगाएर एक भाग आफूलाई, एकभाग पाहुनाहरूलाई र एक भाग गरिबहरूका लागि छुट्याइन्छ । यससँगै यो अवसरमा गरिबहरूलाई विशेष दान दिने चलन छ जसलाई सदका भनिन्छ ।



*ईदुल अल्जाको खुसीयाली आदानप्रदानका क्रममा*

ईदुल अज्हा मान्नुको कारण बारेमा यस्तो अनुश्रुति पाइन्छ। अनुश्रुतिअनुसार अल्लाहका अन्तिम सन्देष्टा मुहम्मद सल्लल्लाहु अलैहि व सल्लम् थिए। मुहम्मद सल्लल्लाहु अलैहि व सल्लम्लाई मुहम्मद भनेर चिनिन्छ। सन्देष्टा भनेको दूत अर्थात् प्रतिनिधि भन्ने हो। मुहम्मद सल्लल्लाहु अलैहि व सल्लम्भन्दा अगावै पनि अन्य सन्देष्टाहरू थिए। त्यसमध्येका एक सन्देष्टा इब्राहिम पनि थिए। अल्लाहले सन्देष्टा इब्राहिमलाई आफ्नो सबैभन्दा प्रिय वस्तु अर्पण गर्नु भनेर निर्देशन दिए। इब्राहिमको ८० वर्षको उमेरमा पत्नी हाजराबाट छोरा इस्माइलको जन्म भएको थियो। त्यसैले उनको सबैभन्दा प्रिय छोरा इस्माइल थियो। तथापि अल्लाहले दिएको आदेशको पालना गर्न इब्राहिम तयार भए। उनले आफ्नो सबैभन्दा प्यारो छोरा इस्माइललाई अल्लाहका लागि बली चढाउन लाग्दा अल्लाह खुसी भए। इब्राहिमको भक्ति देखेर अल्लाह खुसी भए र भने इस्माइललाई होइन इस्माइलको सट्टामा भेडा बली चढाउनु भने। अल्लाहको परीक्षामा इब्राहिम सफल भएको अवसर तथा अल्लाह प्रफुल्ल भएको सन्दर्भमा इदुल अज्हा मान्ने गरिएको हो।

## साकेन्वा/साकेला

किरात राई समुदायले मान्ने चाडलाई साकेन्वा/साकेला भनिन्छ। यसलाई नेपाली भाषामा उँभौली र उँधौली भनिन्छ। साकेन्वा राई भाषाको सा र केन्वा मिलेर बनेको हो। सा भनेको जीवित समूह र केन्वा भनेको पालक भन्ने अर्थ लाग्छ। जीवहरूलाई पाल्ने पालकहरू सुम्निमा पारूहाङ, घामपानी, हावा, जमिन साथै पितृहरूको सामूहिक पूजा नै साकेन्वा वा साकेला हो। राईहरूमा भएको भाषिक विविधताका आधारमा यसलाई विभिन्न फरक नामले बोलाउने गरेको पाइन्छ। बान्तावा राईहरूले साकेन्वा, साकेवा, चाम्लिङ राईहरूले साकेला, पुमा राईहरूले फग्गु, थुलुङ राईहरूले तोष आदि।

मौसमका आधारमा साकेन्वा मनाउने गरिन्छ। गर्मी प्रवेशको समयलाई डोङवाङ सेवा भनिन्छ। डोङवाङ सेवालाई नेपालीमा उँभौली सेवा भनिन्छ। यो समयमा गर्मी मौसम सुरु भएकाले चिसो मौसम छल्न गर्मी ठाउँतिर गएका माछा र चराहरू उँभो फर्किन्छन्। जाडो छल्न लुकेका किरा फट्याङ्ग्रालगायतका सर्पहरू बाहिर निस्कन थाल्छन्। पात झरेका रुखबिरुवा साथै हिउँद महिनामा सुकेका घाँसपातहरू पलाउन थाल्छन्। तापक्रमको वृद्धिसँगै अन्नबालीहरू टुसा आउने भएकाले मानिसले आफूलाई चाहिने अन्न साथै सागसब्जीको बिउ राख्न सुरु गर्छन्।



*किरात राईहरू साकेन्वा/साकेला नाच्दै*

उँभौली सेवा नयाँ मौसम तथा नयाँ वर्ष प्रवेशको समय हो । यो वर्ष बाँचियो । अर्को साल पनि सकुशल बाँच्नुपर्छ । यसका लागि निरोगी हुनुपर्छ । लगाएको अन्नबाली पनि राम्रो होस् । घाम पानी मिलोस् । खडेरी नलागोस् । बस्तुभाउ राम्रो होस् भनेर आशीर्वाद माग्दै समग्र गाउँले समाज भेला भएर साकेन्वाथानमा सामूहिक पूजा गरिन्छ । यही खुसीयालीमा साकेन्वा, साकेलामा नाच्दै स्थानीयबासीहरू रमाइलो गर्छन् ।

उँधौली सेवा, वर्षको अन्त्य हुन लागेको समयमा मानिने चाड हो । उँभौली सेवासँगै लगाएका अन्न, गेडागुडी र सागसब्जीहरू खानलाई तयार भयो । यो सम्पूर्ण उत्पादन हुनुमा प्रकृति र पितृहरूकै साथ रहेको छ । त्यसैले सबैभन्दा पहिला प्रकृति र पितृहरूलाई चढाउँदै धन्यवाद दिनुपर्छ भन्ने मान्यता रहेको छ । यो समय जाडो मौसम सुरु भयो र वर्ष अन्तिम हुन लाग्यो भन्ने पनि हो । त्यसैले यो समयलाई डोङदावा सेवा वा वर्षको अन्त्य हुन लाग्यो है भनेर जानकारी दिनु पनि हो ।

## चासोक तङनाम

नेपालको पूर्वीभाग विशेषगरी अरूणपूर्वका लिम्बु समुदायको मुख्य बसोबास रहेको पाइन्छ । लिम्बुहरू किरातकै एक शाखा हुन् । उनीहरूको आफ्नै भाषा, संस्कृति र परम्परा रहेको छ । उनीहरू आफूलाई याक्थुङ भन्छन् । याक्थुङको अर्थ पहाडको निवासी, गढीमा बस्ने जेठो

मान्छे भन्ने हुन्छ । उनीहरूले विभिन्न चाडहरू मान्ने गरे तापनि चासोक तङनामलाई मुख्य चाडका रूपमा मान्ने गर्छन् । चासोक तङनाम नाम चासोक र तङनाम मिलेर बनेको हो । चासोकको अर्थ न्वागीपूजा र तङनामको अर्थ चाडपर्व भन्ने हुन्छ ।

लिम्बु जातिको विश्वासअनुसार सर्वशक्तिमान् माङ तागेरानिङ्वाभुमाङ हुन् । माङ भन्नाले देवता, भगवान्, ईश्वर, सृष्टिकर्ता तथा संरक्षणकर्ता भन्ने बुझिन्छ । सर्वश्रेष्ठ माङ तागेरानिङ्वाभुमाङले यम्भामी पोराक्मिलाई सारा सृष्टि गर्न लगाए । माङको आदेशअनुसार सारा सृष्टि गरेको र सृष्टिलाई निरन्तरता दिनका लागि मानवलगायतका जीवहरू जिउनका लागि आहाराको व्यवस्था यम्भामी पोरोक्मिले गरेका हुन् । समय मिलाएर बिउ राख्न, अन्न रोप्न, गोडमेल गर्न, फलाउन र आगोमा पकाएर खान आदिम मानव सावा येहाङकी चेली सिबेरा यक्थुम्मा सिबेरा येभुङ्गेक्माले सिकाएका थिए । माङहरूको सृष्टि र ज्ञान प्रदानले मानवलगायत अन्य जीवहरूले बाँच्न सम्भव भएको हो । त्यसैले मानवले उत्पादन गरेका उत्पादनहरू आफूले उपभोग गर्नुअगाडि सृष्टि गर्न आदेश दिने तागेरानिङ्वाभुमाङ सृष्टि गर्ने यम्भामी पोरोक्मि साथै उत्पादन गर्न सिकाउने सिबेरा यक्थुम्मालाई चढाउने गर्छन् । यसैलाई अवसर मानेर लिम्बुहरूले चासोक तङनाम नामले चाड मान्ने गर्छन् ।




*लिम्बुहरू चासोक तङनाममा रमाउँदै*

वैशाख पूर्णिमाका दिन उनीहरू यक्वा सेवा गर्छन् । यक्वा भन्नाले काठको खन्तीले खनेर बिऊ छर्नु र सेवा भन्नाले पूजा, अर्चना भन्ने बुझिन्छ । यक्वा सेवा पनि आफ्ना सृष्टिकर्ता तागेरानिङ्वाभुमाङ, यम्भामि पोरोक्मी साथै सिबेरा यक्थुम्माको पूजा नै हो । यो समयमा लगाइएका बालीनाली राम्ररी उम्रियोस्, किराफट्याङ्ग्रा नलागोस्, कुनै रोग नलागोस् राम्ररी फलोस् फुलोस् र चरा, मुसा साथै अन्य जीवजन्तु नलागोस् भनेर तागेरानिङ्वाभुमाङ, सृष्टि गर्ने यम्भामी पोरोक्मि र उत्पादन गर्न सिकाउने सिबेरा यक्थुम्मा साथै प्रकृति पूजा गर्छन् । यसलाई पनि शुभअवसर मानेर चाड मनाउने गर्छन् ।

यस अवसरमा उनीहरू एक निश्चित ठाउँमा भेला हुन्छन् । यो ठाउँमा पुक्लुङ लेक्मा वा नेपाली भाषामा छेलो हान्ने खेल खेल्ने, केलाङ नाच (च्याब्रुङ नाच), या?: लाः ङ (धान नाच) नाच्ने गर्छन् । नाच्न जान्नेहरू नाच्दै र नजान्ने तथा अशक्तहरू नाच हेर्दै आनन्द लिने गर्छन् । यसरी चासोक तङ्नाम र यक्वा सेवा सृष्टि, जीवन, विश्राम, सक्रिय जीवन साथै धन्यवाद दिने अवसरका रूपमा रहेको पाइन्छ ।

## फागुपूर्णिमा

फागुपूर्णिमा फागुन महिनामा मनाइने पर्व भएकाले यसलाई फागुपूर्णिमा भनिएको हो । नेपाली ऋतु नियमअनुसार फागुन महिना शिशिर ऋतुको शुभारम्भको समय हो । यो समयमा न गर्मी न जाडो हुन्छ । यो समयमा वनस्पतिहरूको पात झरेर पलाउन थालेको हुन्छ भने लालीगुराँस फुल्नका लागि तयारी अवस्थामा रहेको हुन्छ । कृषकहरूका लागि पनि खेतीपातीको समय सुरु भएको हुन्छ । यो समयको मौसम मध्यम प्रकारको हुन्छ । जाडो मौसम छल्नका लागि गर्मी ठाउँमा पुगेका जीवजन्तु तथा पशुपक्षीहरू पनि फर्कन थालेका हुन्छन् । त्यसैले यो मौसमले नवीन आभास दिन थालेको हुन्छ ।

धार्मिक विश्वासअनुसार राक्षस हिरण्यकश्यपुका छोरा प्रल्हाद थिए । उनी भगवान् विष्णुका भक्त थिए । यसकारण हिरण्यकश्यपु छोरासँग रुस्ट थिए । छोरालाई कति सम्झाउँदा बुझाउँदा पनि नसकेपछि उनले बहिनी होलिकालाई छोरा प्रल्हादलाई आगोमा होमिदिन आदेश दिए । दाजुको आदेशअनुसार होलिकाले प्रह्लादलाई लिएर आगोमा होमिइन् । होलिका आगोमा डढिन् भने प्रह्लाद जिउँदै फर्केर आए । पाप प्रवृति भएकी होलिकाको नष्ट भएको प्रतीकका रूपमा होली मनाउने गरिएको हो ।

अर्को धार्मिक विश्वासअनुसार गोपिनीहरू विनावस्त्र नुहाइरहेको कृष्णले फेला पारे । उनलाई यो शुभकार्य होइन भन्ने लाग्यो । त्यसैले उनीहरूको कपडा सुटुक्कै टिपेर नजिकैको रुखमा हाँगैपिच्छे झुन्ड्याएर त्यही रुखमा बसेर मुरली बजाउन थाले । मुरलीको आवाज सुनेर हेर्दा कृष्णलाई देखे । उनीहरू लाजले भुतुक्कै बने । उनीहरूको अवस्था देखेर दया लागेर कृष्णले भने, "तिमीहरूले आफ्नो गल्तीका लागि क्षमायाचना गर । बल्ल आफ्नो वस्त्र पाउँछौ ।" उनीहरूले गल्तीप्रति क्षमा माग्दै कृष्णलाई अर्घ चढाए र कृष्णले गोपिनीहरूको वस्त्रहरू फिर्ता गरे । यस खुसीयालीमा गोपिनीहरू र श्रीकृष्ण मिलेर फागु खेले । यही समयबाट फागुपूर्णिमा सुरु भएको हो भन्ने रहेको छ ।



*होली मनाउँदै*

यो दिन बिहानै मिष्ठान्न भोजन खाई घर घरमा गएर वा कुनै ठाउँमा भेला भएर वा फागुपूर्णिमा लाग्ने ठाउँमा भेला भएर आपसी चिनजान भएको व्यक्तिहरू बिच रङ दलेर रमाइलो गरिन्छ जसलाई नै फागु खेल्नु वा होली खेल्नु भनिन्छ । तर सहरबजारमा भने बिहानैबाट खेल्ने चलन पनि छ । अन्य दिनमा अबिर भनेर प्रयोग गरिने रङलाई नै यो दिन भने फागु भनिन्छ । फागुबाहेक विभिन्न प्रकारका रङहरू घोलेर बनाएको पानीले एकअर्कालाई छ्याप्ने चलन पनि रहेको छ ।

पहाड क्षेत्रमा शुक्ल पूर्णिमाकै दिन फागुपूर्णिमा मनाइन्छ भने तराईतिर त्यसको भोलिपल्ट मनाउने चलन रहेको छ । यसको मुख्य कारण नेपाली पञ्चाङ्ग तथा मिथिला पचाङ्गअनुसार मनाइने हुनाले गर्दा भएको हो । तराईको रहनसहन पहाडको भन्दा भिन्न हुनाले पनि फरक दिनमा मनाइन्छ ।

## सामाचकेवा

राजा जनकले शासन गरेको क्षेत्रलाई मिथिलाञ्चल क्षेत्र भनिन्छ । यो क्षेत्रमा बोलिने भाषाको नाम मैथिली हो । मिथिला क्षेत्र र मिथिला भाषा बोल्ने क्षेत्रलाई नै मिथिलाञ्चल भनिन्छ । इतिहासमा यस क्षेत्रलाई विदेह भूमि र तिरहुत नामले पनि चिनिन्थ्यो । यसको केन्द्र धनुषा जिल्लाको जनकपुरलाई मानिन्छ । यो क्षेत्रमा पूर्वी तराईका बारा, पर्सा, महोत्तरी, धनुषा, सप्तरी, सिरहा, सुनसरी एवम् मोरङसम्म र भारतको विहारको केही क्षेत्रमा फैलिएको थियो ।



*सामाचकेवा पूजाका क्रममा महिला दिदीबहिनीहरू*

मिथिला क्षेत्रमा मनाइने एक महत्त्वपूर्ण चाडको नाम नै सामाचकेवा हो । सामाचकेवा नाम सामा र चकेवा मिलेर बनेको हो । मधेस प्रदेशको मिथिला क्षेत्रमा विशेष पर्वका रूपमा मनाइने चाडमध्येमा सामाचकेवा पनि हो । यो साम्बा र चारुबाक नाम अपभ्रंश भई

सामाचकेवा भएको हो । श्रीकृष्णकी जेठी छोरी साम्बाको अपभ्रंशित नाम सामा हो भने चकेवा साम्बाका श्रीमान् चारुबाकको अप्रभंशित नाम हो । यही साम्बा र चारुबाकको अनुश्रुतिसँगै सामाचकेवाको चाड मान्न थालिएको हो । कसैले सामालाई चेली र चकेवालाई माइती हो पनि भनेको पाइन्छ ।

छठपर्वको खरनाको दिनदेखि यो चाडको प्रारम्भ हुन्छ । तराई क्षेत्रका दिदीबहिनीहरूले एउटा माटोको भाँडालाई सामाचकेवाको प्रतीक मानी पूजा गर्छन् । अनुश्रुति श्रीकृष्णकी दोस्री श्रीमती जाम्बवतीको गर्भबाट छोरी साम्बाको जन्म भएको थियो । यही साम्बा नाम नै अपभ्रंश भएर साम्य हुँदै सामा नाम हुन पुग्यो । सामा सुन्दर र सुशील थिइन् । साम्बाको सुशीलता र सुन्दरताबाट चुडक नामक केटा मोहित भई एकतर्फी प्रेम गर्न थाले । यो कुरा साम्बालाई थाहा थिएन । उनले भने चारुबाक नामको केटासँग बिहे गरेर रमाइलो जीवन बिताइरहेकी थिइन् ।

साम्बाले चारुबाकसँग बिहे गरेको थाहा पाएर चुडक विह्वल हुन्छन् । त्यसपछि उनले साम्बाप्रति पाप चिताउन थाल्छन् । त्यसैले उनले श्रीकृष्णलाई छोरी साम्बाले आफ्नो श्रीमान् चारुबाकको आँखा छलेर परपुरुषसँग लागेको झुटो खबर दिन्छन् । श्रीकृष्णले चुडकको खबरको सत्यतथ्य जाँच नगरी विश्वासमा परी छोरीलाई चखेवा चरा बन्ने सराप दिए । सराप पाउनसाथ छोरी साम्बा पनि चरा बनेर उडिन् । चारुबाकको आफ्नो श्रीमती साम्बा चराको स्वरूप बदलेर आफूलाई छोडेर गएको देखी विह्वल हुन पुगे । उनले रुँदै रुँदै श्रीकृष्णकहाँ पुगेर सम्पूर्ण कुरा सुनाए । श्रीकृष्णले ज्वाइँको कुरा सुनेपछि वास्तविकता थाहा पाए । तर उनले चरा बनेको आफ्नो छोरीलाई मानव रूपमा फर्काउने नसक्ने कुरा सुनाए । यसपछि चारुबाक महादेवको तपस्या गरेर आफूलाई पनि चखेवा चरामा परिणत गरेर साम्बालाई भेट्टाई सँगै वृन्दावनमा घुम्न थाले ।

बाहिर घुम्न गएका श्रीकृष्णका छोरा साम्ब फर्केर आए । उनले आफ्नो बहिनी र ज्वाइँ चराको रूप बदलेर वृन्दावनमा घुम्न थालेको थाहा पाए । यस घटनाबाट दुःखी बन्न पुगेका आफ्ना बहिनीज्वाइँ पुनः मानव रूपमा फर्काउनलाई महादेवको तपस्या गर्न बसे । साम्बको तपस्याबाट खुसी भएर महादेवले बहिनी साम्बा र ज्वाइँ चारुबाक पुनः मनुष्य रूपमा फर्कन्छन् । यसपछि नै सामाचकेवाको पर्व मान्न थालिएको हो । यही साम्बा र चकेवाबाट नै सामाचकेवा नाम रहन पुगेको हो भन्ने भनाइ रहेको छ ।

भाइटीकाका दिनदेखि नै मनाइने दिदीबहिनी र दाजुभाइबिच प्रेमको प्रतीकका रूपमा सामाचकेवा पर्व मनाइन्छ । यो पर्वका लागि दिदीबहिनीले माटाका विभिन्न प्रकारका जनावर, चरा र मानवलगायतका मूर्ति बनाएर कात्तिक पूर्णिमाको मध्यरात्रिमा विशेष पूजापाठ गरी पर्वको सम्पन्न गर्ने गर्छन् । काँचो माटाले बनाइएका मानव, चरा र जनावरलगायतका मूर्तिलाई 'सामा' र सोही सामालाई आगोमा पकाएमा त्यसलाई 'चकेवा' भनिन्छ । पर्वमा सबैभन्दा रोचक पक्ष भनेको दिदीबहिनीले पर्वको अवधिभर बेलुकीको समयमा दाजुभाइको प्रशंसा गर्दै आशिष दिने सामा गीत गाउने गर्छन् ।

## छठ पर्व

पूर्वी तथा मध्य तराईमा बसोबास गर्ने तराईवासीहरूले मनाउने प्रमुख चाडमध्येमा छठ पर्व पनि हो । संस्कृत भाषाको षष्ठी शब्द नै अपभ्रंश भई छठ बनेको हो भन्ने अनुश्रुति रहेको छ । यो पर्व कार्तिक महिनाको शुक्लषष्ठीका दिन व्रत बसेर षष्ठी माता र सूर्यको उपसना गरी गरिने पूजा हो । छठलाई छठी, प्रतिहार षष्ठी, छठमाता, छैठ, सूर्यषष्ठी, डालाछठ पनि भनिन्छ । क्रमशः पहाडबाट झरेका पहाडी मूलका नेपालीहरूले पनि छठ पर्व मान्न थालेका छन् । काठमाडौँ उपत्यकामा पनि भव्य रूपमा यो पर्व मनाउन थालिएको छ ।



*छठपर्वका क्रममा सूर्यलाई अर्घ दिँदै*

छठपर्व, धनुषा र महोत्तरीमा चैत महिनाको शुक्लषष्ठीको समयमा पनि मनाउने गरिन्छ। तर पनि कार्तिक महिनाको शुक्लषष्ठीको छठलाई नै मुख्य मानेर बडो धुमधामका साथ मानिन्छ। छठको प्रारम्भ चौथी तिथिमा नङ काटी स्नान गरेर भोजन गरी सुरु हुन्छ। पञ्चमीको दिन नुनविनाको भोजन खाइन्छ। षष्ठीको दिन निर्जल उपासना बसेर सप्तमीको दिन समापन गरिन्छ। तथापि षष्ठी तिथिको महत्त्व भएकाले यस पर्वलाई षष्ठी वा छठ भनिएको हो।

षष्ठी तिथिको दिन उपासना बस्ने व्रतालुहरूले कुवा, पोखरी तथा नदीको तिरमा पूजा सामग्रीहरू तयार पारेर सूर्यास्तलाई अर्घ चढाउँछन्। प्रायः गाउँका धेरै व्रतालुहरू नयाँ सफा कपडामा सजिएर एकै ठाउँमा भेला भई पूजा गर्ने हुँदा यो दिन दर्शनार्थीहरू हेर्नलायक देखिन्छन्। सप्तमी तिथिको दिन बिहानै उठेर उदाउँदो सूर्यलाई अर्घ चढाएर पूजापाठ गरेपछि छठको समापन गरिन्छ। यस समापन कार्यलाई पारन भनिन्छ। यो पूजामा सन्तान प्राप्ति, सुस्वास्थ्य र दीघार्युको कामना गर्दै छठ तथा सूर्यको पूजा र प्रार्थना गर्दै छठ पर्व पूरा हुन्छ।

## गौरा पर्व

गौरापर्व विशेष गरेर नेपालको सुदूरपश्चिम तथा कर्णाली क्षेत्रमा मनाइने पर्व हो। यो पर्व हिमालयका पुत्री गौरीसँग सम्बन्धित छ। गौरीकै अर्को नाम गौरा हो भनिएको छ। गौरीलाई नै माया गरेर बोलाउने क्रममा गौरा भनिएको हो। गौरालाई डोट्याली भाषामा गोः रा, गमरा र दुबाटो नामले पनि चिनिन्छ। पौराणिक कथाअनुसार हिमालय र उनकी पत्नी मेनकाको एक छोरी गौराको जन्म हुन्छ। उनी हुर्किएपछि तप गर्ने चाहना राख्थिन्। सोही चाहनाअनुसार गङ्गाको तटमा कुटी बनाएर बस्न थालिन्। यही समयमा गङ्गा नदीपारि जङ्गलमा महेश्वरले बाँसुरी फुकेको सुनिन्छ। बाँसुरीको धुन सुनेपछि गौराले पनि बिनायो बाजा बजाएकी हुन्छिन्। यो क्रम चल्दै जाँदा एकदिन गौरा नुहाइरहेको ठाउँमा महेश्वर आएर परिचय माग्छन्। गौराले आफू हिमालय र मेनकाको सन्तान भएको चिनारी दिन्छिन्।

गौराको परिचय पाएपछि महेश्वर गौरासँग विवाह गर्न चाहन्छन्। त्यसैले महेश्वरले गौरा समक्ष विवाहको प्रस्ताव राख्छन्। गौराले पनि महेश्वरको वैवाहिक प्रस्तावप्रति स्वीकार गरेर विवाह गर्ने निश्चित हुन्छ। यो विवाह चैत महिनामा गर्ने सहमति भए पनि यो महिनामा विवाह गर्न राम्रो नहुने भएकाले भदौ महिनामा गर्ने सहमति भई यही महिनामा विवाह

सम्पन्न हुन्छ । यसै अवसरलाई आधार बनाई गौरा पर्व भाद्र महिनामा गर्ने गरिएको हो । यो पर्व भाद्र महिनाको शुक्ल पक्ष वा कुनै समयमा पर्छ । यो समयमा महिलाहरूले गौरा देवीको पूजाअर्चना गर्नाले पति साथै सन्तान सुखी हुने साथै सन्तान दुबो जस्तै फैलिने विश्वास रहेको छ । पञ्चमीदेखि सुरु भएको गौरा पर्व अष्टमीको दिन झनै विशेष रूपमा मनाउने गरिन्छ ।



*गौरा पर्व मनाउँदै*

गौरा पर्व विशेष गरेर महिलाले मनाउने पर्व हो । तर हिजोआज पुरुषहरूको पनि उत्तिकै सहभागिता पाइन्छ । यो पर्वमा गौरा (पार्वती) र महादेव (शिव) को पूजा गर्ने गरिन्छ । गौरा पर्वमा गौरामहादेवको पूजा गर्नाले मनोकामना पूरा हुनुका साथै जीवनमा आनन्द प्राप्त हुने जन विश्वास छ । भाद्र महिनाको पञ्चमीदेखि सुरु हुने गौरा पर्वको पहिलो दिन दलहन वस्तुको बिरूडा (चना, गहत, गुराँस, सानो केराउ, ठुलो केराउ) भिजाउने चलन छ । बिरूडालाई पञ्चाखिरी शिवमन्त्रको प्रतीक मानिने गरिन्छ । बिरूडा भिजाएर सुरु हुने पर्वको दोस्रो अर्थात् षष्ठीका दिन गेडागुडीलाई नजिकैको नदी, पोखरी वा धारामा धुने गरिन्छ । सप्तमीका दिन महिलाहरू खेतमा गएर धान, बलु, कुस, दुबो, साउँ, पाती, कुर्जो, तिल र

अपामार्ग गरी नौ प्रकारका बिरुवाहरूलाई गौराका रूपमा भित्र्याउने चलन छ । आयुर्वेदको दृष्टिकोणले महत्त्वपूर्ण यी बिरुवालाई नवदुर्गाको प्रतीकका रूपमा लिइन्छ । व्रतालु महिलाले डालोमा राखेर फाग गीत/गाउँदै गौरालाई नचाउने चलन छ । उनीहरूले सप्तमीका दिन गौरालाई गौरा घरमा भित्र्याएपछि पूजापाठ गर्छन् । विधि विधानअनुसार अष्टमीका दिन गौरा सेलाएर देउडा खेल्ने चलन छ । गौरालाई महिलाहरूले गौरामहादेवको विवाहोत्सवका रूपमा पनि मान्ने गरेको पाइन्छ ।

## शिवरात्रि

सांस्कृतिक तथा धार्मिक सौन्दर्यको अंश हो शिवरात्रि । अस्तित्वमा रहेका सारा वस्तुहरूको सृष्टिकर्ता तथा संरक्षक नै भगवान् शिव हुन् भन्ने हिन्दु धर्मावलम्बीहरूको विश्वास छ । यही शिव भगवान्को गरिमा र महिमासँग सम्बन्धित पर्व नै शिवरात्रि हो । भगवान् शिवको समय परिवेशअनुसार अनेक नाम, स्वरूपहरू र भूमिकाहरू रहेको उल्लेख पाइन्छ । ऋग्वैदिककालमा शिवलाई हरेक रोगहरू निको पार्ने तथा अनेक जडीबुटीका ज्ञाताका रूपमा उल्लेख गरेको पाइन्छ । कतै रूद्र नामले विनाशकारीका रूपमा पनि उल्लेख पाइन्छ । अथर्ववेदमा भने शिव संहारकर्ता भएको उल्लेख पाइन्छ ।

यो समयमा उनको नाम र भूमिकाअनुसार सात प्रकारका नामहरू प्रचलित थिए । त्यसमध्येमा उनको नाम महादेव पनि एक हो । शिवलाई सम्पूर्ण देवताको स्वरूप मानिएकाले महादेव भनिएको हो । भगवान् शिवका धेरै नामहरू पुराणहरूमा उल्लेख पाइन्छ । तीमध्ये प्रमुख नाममा महेश, नीलकण्ठ, महादेव, महाकाल, शङ्कर, पशुपतिनाथ, गङ्गाधर, नटराज, त्रिनेत्र, भोलेनाथ, आदिदेव, आदिनाथ, त्र्यम्बक्, त्रिलोकेश, जटाशङ्कर, जगदीश, प्रलयङ्कर, विश्वनाथ, विश्वेश्वर, हर, शिवशम्भु, भूतनाथ एवम् रुद्र हुन् । पशु (जीव तथा ज्ञान) हरूको मालिक संरक्षक भएकाले पशुपति भनिएको हो । विभिन्न कालखण्डमा कल्याणकारी देवताका रूपमा चर्चा भएको पाइन्छ ।



*शिवरात्रिपर्वमा साधुहरू*

पुरुष शक्तिका रूपमा शिव र प्रकृति शक्तिका रूपमा पार्वतीलाई मानिन्छ। दुबैको संयुक्त रूपलाई उमामहेश्वर भनिन्छ। उमामहेश्वरलाई सृष्टि गर्ने देवता मानिन्छ। एक समय नागराज वासुकीले अमृत प्राप्तिको निम्ति मन्दराचललाई मन्थन गर्न लाग्दा पृथ्वी डुब्न लागेकाले यसलाई बचाउन शिवले विष्णु रूप कछुवा लिई बचाएका थिए। यही मन्थनकै क्रममा निस्किएको कालकुट विषले जगत् नष्ट हुन लागेको देखेर शिवले कालकुट विषपान गरेका थिए। यही विष उनको घाँटीमा गएर जम्मा भयो र नीलकण्ठको सिर्जना हुन पुग्यो। यसै कारण शिवलाई नीलकण्ठ पनि भनिन्छ।

शिव दानवहरूका पनि देवता थिए। आफूलाई टेकेर रुखमा चढ्न लाग्दा पनि आफ्नो आराधना गर्न लागेको सम्झी कल्याण गरेको र गुणनिधि नामक चोर शिवमन्दिरभित्र पसेर बत्ती बाल्दा पनि आफ्नो आराधना गर्न पसेको भन्ने सम्झेर कल्याण गरेको कुरा पाइन्छ। उनी दुष्टलाई पनि प्रेम गरेमा सुध्रिन्छन् र समाज कल्याणका लागि लाग्छन् भन्ने विश्वास गर्थे। यसरी शिवलाई सृष्टिकर्ता, उद्धारकर्ता, क्षमाशील तथा करुणाका देवताका रूपमा शिवको पूजा गरिएको हो। यति मात्र होइन उपत्यकामा शिवरात्रिको पूजा समापनसँगै फर्कने साधुहरूसँगै

यहाँको जाडो पनि जाने अनुभव पनि रहेको छ । यस अर्थमा यो मौसम सूचक वा वसन्त ऋतु आगमन सूचकका रूपमा पाइन्छ ।

रामायणकालमा रामले रावणलाई जित्नका लागि शिवको तपस्या गरेको र महाभारतकालमा अर्जुनले पाशुपत शास्त्र पाउनका लागि हिमालय गएको भनाइहरू विभिन्न स्रोतहरूमा उल्लेख पाइन्छ । यही अर्थमा शिवको नाममा विशद पूजा गरिने भएकाले यसलाई शिवरात्रि भनिएको हो । शिवको अर्थ मङ्गल र कल्याण भन्ने हुन्छ । यो पूजामा सबैको मङ्गल र कल्याणको प्रार्थना गरिन्छ । यो फागुन चतुर्दशीको राति देवादिदेव महादेव शिवलिङ्गका रूपमा प्रकट हुने विश्वासले शिवरात्रि भनेर पूजा गरेर शिवरात्रि मनाउने गरिएको हो ।

यसबाहेकका जातीय चाडपर्वहरू धेरै रहेका छन् । मुस्ताङमा बसोबास गर्ने ताङ्बे जातिका चाडहरू छौ, योर्तोङ, फानिङ, धज्याङ, घ्याचाङ, सन्थाल जातिको चाडहरूमा हुदुरहय, एरोक, इरी गुन्दली नवोय, माग सिम, बाहाँ, सोहराय, उम आदि रहेका छन् । दरै जातिहरूले वैशाख पूर्णिमा, दशहरा, साउने सङ्क्रान्ति आदि रहेका छन् ।

## नेपालका प्रमुख तीर्थस्थलहरू

संस्कृतिको एक महत्त्वपूर्ण अंशमध्ये तीर्थ पनि हो । तीर्थ भनेको धार्मिक र आध्यात्मिक पवित्रस्थल हो जहाँ श्रद्धालुहरू पूजा, ध्यान, स्नान र दर्शन गर्न जान्छन् । यस्ता ठाउँहरू जाति, धर्म र भूगोलमा आधारित रहेका हुन्छन् । उदाहरणका लागि मन्दिर, गुम्बा, विहार, मस्जिद, पहाड, थुम्का, नदी, पोखरी आदिलाई लिन सकिन्छ ।

प्रदेशगत तीर्थस्थलहरूको उल्लेख गर्नुपर्दा कोसी प्रदेशमा रहेका मुख्य तीर्थहरूमा मुकुम्लुङ (पाथीभरा), वराहक्षेत्र, औलिया, विष्णुपादुका, सतासीधाम, चित्रेगुम्बा, ठिगुमहाङमा छिन्ताङदेवी, होम्बोङमा धर्मदेवी, मधेसप्रदेशको जनकपुरधाम, गढीमाई, वागमती प्रदेशको पशुपतिनाथ, बौद्ध, स्वयम्भू, कालिञ्चोक, भीमसेन मन्दिर, कुशेश्वर महादेवस्थान, गण्डकी प्रदेशको मनकामना, मुक्तिनाथ, लुम्बिनी प्रदेशको लुम्बिनी, कर्णालीको विष्णुस्थान, पादुकास्थान, देउतीबज्यै र सुदूरपश्चिम प्रदेशका मुख्य तीर्थस्थलहरूमा बझाङ, डोटी र बाजुराको सङ्गममा रहेको खप्तड, बाजुराको बढीमालिका, बझाङको सुर्मादेवी भगवती र ताल, उग्रतारा, मालिकार्जुन, चन्दननाथ भगवती आदि रहेका छन् ।

जातिगत रूपमा रहेका तीर्थस्थलहरूमा किराती राईहरूसँग सम्बन्धित मुख्य तीर्थस्थलहरूमा सानो हात्तीवन, साल्पा सिलिचुङ, खुवालुङ, तुवाचुङ, होलेसुङ (हलेसी) छिन्ताङदेवी आदि रहेका छन् भने किरात लिम्बुहरूको मुकुम्लुङ (पाथीभरा), किरात याक्खाहरूसँग सम्बन्धित होम्बोङमा रहेका छन् भने किरात सुनुवारहरूसँग सम्बन्धित खिदी (दुधकुण्ड) रहेका छन् । थारुसँग सम्बन्धित तीर्थस्थलहरू रिहार, डुमडुम भवानी, बाघनाथ बाबा, ठाकुरद्वारा, घोडीघोडी रहेका छन् भने मगरहरूको मुख्य तीर्थस्थलहरूमा वराहाथान (पुर्खा थान), जेठी बराहा (मनकामना), भूमि भुँयार (चण्डीथान), सिद्धथानलगायतका पितृ प्रकृति रहेका छन् । यहाँ केही तीर्थस्थलहरूका बारेमा चर्चा गरिएको छ :

## वराहक्षेत्र

पूर्वी नेपालको एक महत्त्वपूर्ण तीर्थस्थलहरू मध्येमा वराहक्षेत्र पनि हो । यो सुनसरी जिल्लाको वराहक्षेत्र नगरपालिकामा पर्छ । वास्तवमा नगरपालिकाको नाम वराहक्षेत्र रहनुमा यहाँ वराहक्षेत्र तीर्थस्थल रहनुले हो । यो किरात र हिन्दु धर्मावलम्बीहरूको मुख्य तीर्थस्थलका रूपमा रहेको पाइन्छ । यसलाई हिन्दु धर्मावलम्बीहरूले विष्णुको वराह अवतारका रूपमा पूजा गर्छन् । यहाँ बाह्रै महिना हिन्दु धर्मावलम्बी दर्शनार्थीहरूको भिड लाग्ने गर्छ भने अवसर विशेष कार्तिक पूर्णिमा र मकर सङ्क्रान्तिमा विशेष मेला लाग्ने गर्छ ।



*वराहक्षेत्रको मन्दिर*

## छोङ्खा

किरात राईहरूको आस्थास्थलका रूपमा रहेको सबैभन्दा पुरानो साकेन्वा छोङ्खा साकेन्वा पनि हो । यो साकेन्वाको थान खोटाङ जिल्ला, जन्तेढुङ्गा गाउँपालिका, वडा नं.४, डम्बर्खुमा रहेको छ । यसको बजारचाहिँ भोजपुर जिल्ला, आमचोक गाउँपालिका, वडा नं.३, छोङ्खामा रहेको छ । पहिले थान र बजार आमचोकमा नै पर्थ्यो । पछिल्लो समयमा राजनीतिक र प्रशासनिक विभाजनका क्रममा यो साकेन्वाको थान खोटाङ जिल्लाको डम्बर्खु र बजार भोजपुर जिल्लाको आमचोक गाउँपालिकामा पर्न गएको हो । यो साकेन्वामा १० पगरी नामले १० गाउँबाट साकेन्वा पुजारी नाक्छोङहरू भेला भएर पूजा गरिन्छ । यो साकेन्वा वैशाख पूर्णिमा र मङ्सिर पूर्णिमाको अवसर पारेर वर्षमा दुई पटक मनाउने गरिन्छ ।



*छोङ्खा थानमा पूजा गर्दै*

## छिन्ताङदेवी

यो देवी धनकुटा जिल्लाको सहिदभूमि गाउँपालिकामा रहेको छ । यो देवीको नाम छिन्ताङ राई भाषामा रहेको नाम हो । यो भाषाको छेन्ताओबाट छेन्ताङ रहन गएको हो । छेन्ताओको नेपाली अर्थ छानेको ठाउँ वा देवीले बस्नका लागि छानेको ठाउँ भएकाले छेन्ताओ भन्दाभन्दै

अपभ्रंश भई यो ठाउँको नाम छेन्ताङ हुनुपुगेको हो । पछिल्लो समयमा छिन्ताङ भन्न थालिएको छ भने अहिले यो देवीलाई छिन्ताङदेवी, जाल्पादेवी र सिंहदेवी नामले चिनिन्छ । यो देवीको खास नाम भने ठिगुमहाङमा हो । यो देवीलाई सङ्खुवासभाबाट हिलोको स्वरूपमा ल्याएर स्थापना गरिएको थियो । अहिले पनि हिलोको स्वरूपमा नै रहेको पाइन्छ ।




*ठिगुमहाङमा छिन्ताङदेवी*

## ट्याङ्बोचे गुम्बा

गुम्बा बौद्ध धर्मावलम्बीहरूको पवित्र धार्मिकस्थल हो । यो बौद्ध धर्मावलम्बीहरूको धार्मिक शिक्षा हासिल गर्ने मुख्य ठाउँ हो भने अवसर विशेष धार्मिक कार्यहरू पनि यहाँ सम्पन्न गर्ने गरिन्छ । यहाँ लामाहरूद्वारा भिक्षुहरूलाई पढाउने गरिन्छ । यस्ता धार्मिक शिक्षा दिने ठाउँहरू अन्य धर्मावलम्बीहरूको पनि रहेको पाइन्छ, जस्तै : इस्लाम धर्मको मदरसा, हिन्दु धर्मावलम्बीहरूको गुरुकुल आदि ।



*ट्याङ्बोचे गुम्बा*

ट्याङ्बोचे गुम्बा बौद्ध धर्मावलम्बीहरूको धार्मिक शिक्षा आर्जन गर्ने एक महत्त्वपूर्ण शिक्षालय हो । यो गुम्बा सोलुखुम्बु जिल्लामा रहेको एक महत्त्वपूर्ण, पुरानो र प्रसिद्ध गुम्बा हो । यो सोलुखुम्बुको खुम्बु क्षेत्रमा रहेको छ । समुद्र सतहबाट करिब ३,९०० मिटरको उचाइमा अवस्थित छ । यो गुम्बा लामा ग्याल्जेनले स्थापना गरेका थिए । स्थानीय शेर्पाहरू हरेक वर्ष मनाइने मनिरिम्दु यही गुम्बामा मनाउने गर्छन् । यस गुम्बाबाट हिमालको दृश्यहरू पनि मोहक देखिन्छन् । यस्तै अन्य गुम्बाहरूमा काठमाडौँमा रहेको कपन गुम्बा, सेतो गुम्बा, सेचेन गुम्बा आदि थुप्रै गुम्बाहरू रहेका छन् । रसुवा, नुवाकोट, धादिङ, मनाङ, मुस्ताङलगायतका अन्य ठाउँहरूमा पनि गुम्बाहरू रहेका छन् ।

## गढीमाई

गढीमाई, बारा जिल्लाको महागढीमाई नगरपालिकामा रहेको छ । प्रत्येक पाँच वर्षमा गढीमाईको पूजा गरिन्छ । यसको पूजाको अवसरमा विशाल मेला लाग्ने भएकाले गढीमाई मेला नामले पनि चिनिन्छ । यो मेलामा नेपाल र भारतका दर्शनार्थीहरूको विशाल सहभागिता हुन्छ । दर्शनार्थीहरू आफ्नो मनोकाङ्क्षा, भाकल पूरा भएको र मनोकाङ्क्षा पूरा होस् भनेर

राँगा, बोका र परेवा बली दिने गर्छन् । यो अत्यधिक बली दिने देवस्थलका रूपमा पनि चिनिन्छ ।



*गढीमाई*

गढीमाईको उत्पत्तिसम्बन्धीको भनाइ पनि प्रचलनमा रहेको छ। आठ सय वर्ष पहिला भगवानदास नाम गरेको व्यक्ति जेलमा थिए। उनले एक रात सपनामा गढीमाई देखेछन् । गढीमाईले आफू देवी भएको र उनलाई गाउँमा लगेर स्थापना गरेमा सबै दुःखपीडाबाट मुक्त गरिदिने वाचा सुनाइन् । भगवानदासले गढीमाईलाई सपनामा देखेको केही दिनपछि नै उनी जेलबाट मुक्त भए। यसपछि उनले भवानीको त्रिशूल किनेर ल्याई बाराको बरियारपुरमा स्थापना गरेर मन्दिर निर्माण गरे । क्रमिक रूपमा उनको दुःख हट्दै गयो । त्यसरी नै गाउँलाई अनिष्टबाट बचाउनका लागि गाउँले मिली भोग दिनू भन्ने सपनामा दिएपछि सबैले भोग दिन थालेका थिए । यही परम्परा आजसम्म चल्दै आएको पाइन्छ । अहिले विश्वकै अधिक बलि दिने ठाउँका रूपमा गढीमाई मेलालाई चिनिन्छ ।

## जानकीधाम

तराईका मुख्य तीर्थस्थलमा जानकीधाम वा जानकी मन्दिर पनि एक हो । यो मन्दिर धनुषा जिल्लामा पर्छ । यो हिन्दु धर्मावलम्बीहरूको एक पवित्र मन्दिर हो । रामायणमा उल्लेख भएको सीताको जन्मस्थलका रूपमा पनि जानकी मन्दिर महत्त्वपूर्ण छ । सीता देवीलाई जानकी पनि भनिन्छ । उनी विदेह राज्यका राजा जनककी छोरीका रूपमा प्रख्यात रहेको पाइन्छ । सीताको विवाह अयोध्याका राजकुमार रामसँग भएको थियो ।

विदेहलाई मिथिलाञ्चल पनि भनिन्छ । मैथली सभ्यता क्षेत्रका रूपमा यो ठाउँलाई मिथिलाञ्चल वा मिथिला क्षेत्र भनिएको हो । यो राज्य क्षेत्र विगतमा विहारसम्म फैलिएको थियो । लामो समयसम्म यो मन्दिर लोपोन्मुख अवस्थामा रहेको थियो । यस मन्दिरको महत्त्वका बारेमा सन्त सुरकिशोर दासले सपनामा देखेपछि पत्ता लागेको थियो । उनले सपनामा यहाँ जानकी मन्दिर भएको देखेपछि सानो जानकी मन्दिर स्थापना गरेर शिष्य प्रयाग दासलाई मन्दिरको महन्त बनाएर पूजा प्रारम्भ गरेका थिए भन्ने विश्वास छ । यसपछि नै क्रमिक रूपमा यसको महत्त्व फैलिँदै गएको थियो । मकवानपुरका राजा माणिक सेनले वि.सं. १७८४ मा दर्शन गरेर १४० विघा जग्गा मन्दिरलाई दान दिएपछि झन् यसको महिमा फैलिँदै गएको थियो ।



*जानकीधाम, जनकपुर*

भारत टिकमगढका निःसन्तान राजा र उनकी रानी वृषभानुकुमारी थिए । उनीहरू एक दिन दर्शनका लागि यस मन्दिरमा आइपुगे । जानकीदेवीको दर्शनपछि उनीहरूको सन्तानलाभ भयो । यस खुसीयालीमा उनीहरूले हाल भएको जानकी मन्दिरको निर्माण गरेका थिए । वि.सं. १९६३ बाट निर्माण सुरु गरिएको यो मन्दिर निर्माणमा नौ लाख रुपियाँ खर्च लागेको थियो । खर्च लागेका आधारमा यो मन्दिरलाई नौलखा पनि भन्न थालियो । यहाँ विभिन्न समयमा विशेष अवसरका रूपमा पूजा गर्ने चलन छ । चैत महिनामा भगवान् रामको जन्म दिनका रूपमा रामनवमी, वैशाख महिनामा जानकी नवमी, मङ्सिर महिनामा रामजानकी विवाह उत्सव, असोज महिनामा कोजाग्रत पूर्णिमा, साउनभदौ महिनामा झुला पर्वलगायतका समयमा पूजा हुन्छ । यहाँ प्रत्येक पूर्णिमाको दिन विशेष पूजा गरिन्छ ।

यो मन्दिरको वास्तुशैली राजपुत र मुगल शैली मिश्रित अर्थात् गुम्बज र शिखर शैली मिश्रित रहेको छ । ढुङ्गा र सिंहमरमर प्रयोग गरिएको यो तीन तलाको मन्दिर चम्किलो सेतो रङले रङ्गाइएको छ । यहाँ बाह्रै महिना भक्तजनहरूको भिड लाग्ने गर्छ ।

## देवघाट

तनहुँ, चितवन र नवलपुरको बिच भाग भएर बग्ने दुई नदीहरू नारायणी र कालीगण्डकीको सङ्गमस्थललाई देवघाट भनिन्छ । यो सङ्गम पनि हिन्दु धार्मिक पवित्रस्थलका रूपमा रहेको छ । यो धार्मिकस्थल तत्कालीन पाल्पाका राजा मणि मुकुन्दसेनको पालाभन्दा अगाडि नै स्थापित भएको थियो । राजा मणिमुकुन्द सेनले यहाँ केही मन्दिरहरू स्थापना गरेपछि मात्र यसको महिमा चारैतिर फैलिएको थियो ।

देवघाट विशेषतः त्रिवेणीस्नानका लागि महत्त्वपूर्ण मानिन्छ । यहाँ स्नान गरेमा धर्म प्राप्त हुने विश्वास छ । माघेसङ्क्रान्तिका दिन लाग्ने त्रिवेणी स्नानले विशेष महत्त्व राख्छ । पुस ३० गतेका दिन विधिपूर्वक बाँसको लिङ्गो गाडेर त्रिवेणीस्नान सुरुआत हुन्छ । स्नान गर्ने कार्य माघ १ गते हुन्छ । यो दिन दर्शणार्थीहरूको भिड लाग्ने गर्छ । यो समयमा नेपालका विभिन्न ठाउँ र भारतबाट समेत दर्शनार्थीहरू आउने गर्छन् ।



*देवघाटमा दर्शनार्थीहरू*

## देउती बज्यै

देउती बज्यै पनि कर्णाली प्रदेशको एक महत्त्वपूर्ण तीर्थस्थल हो । यो कर्णाली प्रदेशको राजधानी सुर्खेतमा रहेको छ । यसलाई आफ्नो मनोकाङ्क्षा पुरा गर्ने देवीका रूपमा स्थानीयबासी र बाहिरबाट पुग्ने दर्शनार्थीहरूले दर्शन गर्ने गरेको पाइन्छ । यहाँ सामान्य पूजाआजा मात्र गरिँदैन भाकल पूरा गर्नका लागि परेवा उडाउने साथै बोकाको बली दिने गरिन्छ ।



*देउती बज्यैको मन्दिर*

देवती बज्यैको उत्पत्ति कहिले भयो भन्ने बारेमा कुनै तिथिमिति प्राप्त छैन । तर देउती बज्यै उत्पत्ति बारेमा अनुश्रुति भने पाइन्छ । सुर्खेतको मुख्य निवासी राजी जाति हुन् । एक दिन एक जना राजी भेरी नदीमा जाल हान्न जाँदा नदीमा राउट्या आरी बग्दै आएको देखे । आरीलाई जाल हानेर बाहिर निकालेर हेर्दा एक जना बच्चा फेला पऱ्यो । उनले बच्चालाई घर ल्याएर पालनपोषण गरेर हुर्काए । तर बिहे गर्न लाग्दा अलप हुन पुगे । सपनामा राजी पुर्खालाई आफू देउता भएको र मन्दिर स्थापना गरेर पूजा गर्नु भनेपछि फकिर नामको राजीले मन्दिर स्थापना गरेर पूजा गर्न थाले । नदीमा फेला परेको देवी भएकाले यसलाई गङ्गामाला देउती बज्यै पनि भनिन्छ । देउती बज्यैको मन्दिरका पुजारी राजी जाति मात्र रहने परम्परा छ ।

## मुक्तिनाथ

गण्डकी प्रदेशको एक प्रमुख तीर्थस्थलमध्येमा मुक्तिनाथ पनि हो । यो मुस्ताङ जिल्लाको ३,७१० मिटरको उचाइमा रहेको छ । यो तीर्थस्थल हिन्दु धर्मावलम्बी र बौद्ध धर्मावलम्बी दुबैका लागि आस्थास्थल रहेको पाइन्छ । हिन्दु धर्मावलम्बीहरूले यसलाई विष्णुका रूपमा र बौद्ध धर्मावलम्बीहरूले लोकेश्वरका रूपमा मान्ने गरेका छन् । बौद्ध धर्मावलम्बीहरूले २४ तान्त्रिक स्थलमध्येको यसलाई एक मान्छन् । यहाँ शालिग्राम पाइने र शालिग्रामलाई विष्णुको प्रतीक मानिन्छ । त्यसैले यसलाई विष्णुको मन्दिर मानिएको हो । यसको दर्शन गरेमा मोक्ष वा मुक्ति प्राप्त हुन्छ भन्ने विश्वास छ । यसको छेउमा धर्मकुण्ड र पापकुण्ड पनि रहेका छन् । यसरी मुक्तिनाथ दुई धार्मिक सम्प्रदायका लागि पवित्र स्थलका रूपमा रहेको पाइन्छ ।



*मुक्तिनाथ मन्दिर*

## खप्तड

खप्तड सुदूरपश्चिम प्रदेशमा रहेको एक प्रमुख धार्मिकस्थल हो । यो डोटी, अछाम, बाजुरा र बझाङ जिल्लाको सङ्गममा रहेको छ । यो ठाउँ प्राकृतिक रूपमा पनि सुन्दर रहेको छ । खप्तड नाम कसरी रहेको हो भन्ने बारेमा विभिन्न भनाइहरू रहेका छन् । खापतड नाम नै अपभ्रंश भई खप्तड भएको हो । खापड र तड मिलेर खापडतड भएको हो । खापड भनेको देवताको नाम र तड भनेको फाँट भन्ने बुझिन्छ । यसरी फाँटमा रहेको देवता नै खप्तड देवता हो ।



*खप्तड*

आम जनविश्वासअनुसार यहाँ सत्य युगमा हिन्दुहरूका देवादिदेव महादेव र पार्वती बिहे गरेर वैवाहिक जीवन बिताएको ठाउँ साथै त्रेता युगमा भगवान् राम यहीँ आएर महादेव र पार्वतीको पूजा गरेर शक्ति आर्जन गरेका थिए । यही ठाउँमा खप्तडबाबाले ५० वर्षसम्म कठोर ध्यान गरेका थिए । यो ठाउँ प्राकृतिक रूपले पनि अति नै आकर्षक ठाउँका रूपमा रहेको छ । यो ठाउँ निकै उचाइमा रहेकाले फाँटमा विभिन्न फूलहरू फुल्नुका साथै प्रशस्त मात्रामा जडीबुटीहरू रहेको पाइन्छ । यस अर्थमा खप्तड धार्मिकस्थल र प्राकृतिक दुबै रूपमा महत्त्वपूर्ण रहेको पाइन्छ ।

उल्लिखित तीर्थस्थलहरू बाहेक पनि कर्णाली प्रदेशभित्र रहेको दैलेखको नाभिस्थान, विष्णुपादुका, जुम्लाको चन्दननाथ आदि महत्त्वपूर्ण रहेका छन् । सुदूरपश्चिम प्रदेशमा रहेका अन्य तीर्थस्थलहरूमा बैतडीको मेलौली भगवती, बाजुराको मालिकार्जुन, डडेलधुराको उग्रतारा, बझाङको सुपादेउराली आदि रहेका छन् ।

## नेपालका विश्वसम्पदा स्थलहरू

सम्पदा भनेको सम्पत्ति हो । सम्पत्ति भनेको धन र वैभव हो । यस्ता सम्पत्तिहरू प्रकृति र मानवद्वारा सिर्जना भएका हुन्छन् र मानवीय जीवनका लागि महत्त्वपूर्ण रहेका हुन्छन् । प्रकृतिले सिर्जना गरेका सम्पदाहरू, जस्तै : सगरमाथा, एकसिङ्गे गैँडा आदि रहेका छन् । सगरमाथा विश्वको सबैभन्दा अग्लो एक मात्र हिमाल हो । लोपोन्मुख एकसिङ्गे गैँडा पनि प्रकृतिको देन हो । त्यसैले यसलाई बचाउनु आजको आवश्यकता हो । मानव सिर्जित सम्पदाहरूलाई सांस्कृतिक सम्पदा भनिन्छ । यस्ता सम्पदाहरू कुनै समयक्रममा सिर्जना गरिएका थिए । यी सिर्जनाहरू भविष्यमा कुनै पनि अवस्थामा सिर्जना हुन सक्दैनन् । यी सम्पदाहरू आउने पुस्ताका लागि महत्त्वपूर्ण हुन्छन् । यस्ता सम्पदाहरू पुरातात्त्विक, ऐतिहासिक र सांस्कृतिक हुन्छन् । त्यसैले यी सम्पदाहरू भावी पुस्ताका लागि ज्ञानको स्रोतका रूपमा संरक्षण गर्न आवश्यक रहेको हुन्छ ।

समाजले आफू अनुकूल सिर्जना गरेर व्यवहारमा ल्याएका संस्कृतिहरू पनि त्यो समाज र देशका लागि चिनारी, वैभव र सम्पत्तिका रूपमा रहेका हुन्छन् जसलाई सांस्कृतिक सम्पदाका रूपमा लिइन्छ । यस्ता सम्पदाहरू देश र समाजअनुसार विशेष रहेका हुन्छन् । सम्पदाहरू पुर्खाहरूको ज्ञान, सिर्जना र सभ्यतासम्बन्धी जानकारीका स्रोत हुन् । यी स्रोतहरूको जानकारी पुस्तान्तरण हुन आवश्यक छ । त्यसैले यिनीहरूको संरक्षण गर्न आवश्यक हुन्छ ।

राष्ट्रभित्रको सांस्कृतिक तथा प्राकृतिक सम्पदाहरू राष्ट्रकै सम्पदा हुन्छन् । तर यस्ता सम्पदाहरूले विश्वकै लागि महत्त्व राख्छन् भने यी विश्व सम्पदा मानिन्छन् । विश्व सम्पदाहरू विश्वकै लागि महत्त्वपूर्ण हुन्छन् । तसर्थ यस्ता सम्पदाहरू विश्वकै लागि संरक्षण र संवर्धन गर्न नितान्त आवश्यक मानिन्छ । विश्व सम्पदाहरूको सूची राख्ने र संरक्षण गर्ने काम भने संयुक्त राष्ट्रसङ्घको विशिष्टीकृत संस्था युनेस्कोले गर्ने गर्छ । सम्पदा सूचीकृत गर्नुको मुख्य उद्देश्यमा विश्वमा रहेका सांस्कृतिक तथा प्राकृतिक सम्पदाहरूको दीर्घकालीन संरक्षण सुनिश्चित गर्नु,

सम्पदाहरूको ऐतिहासिक, सांस्कृतिक तथा प्राकृतिक महत्त्वलाई अन्तर्राष्ट्रिय जगतमा चिनारी दिनु, सम्पदाहरूको व्यवस्थित प्रचारप्रसार गरेर पर्यटन प्रवर्धन गर्नु रहेको छ । यस कार्यले राष्ट्र र समाजको सामाजिक र आर्थिक विकासमा योगदान पुऱ्याउन मदत पुगोस् भन्ने ध्येय रहेको हुन्छ । सम्पदा संरक्षणका लागि विश्वभरका राष्ट्रहरूबिच सहकार्य र सहायता प्राप्त हुन सकोस् र स्थानीय वासिन्दाहरूलाई पनि सम्पदाको महत्त्वका बारेमा ज्ञान सम्प्रेषण गर्दै सम्पदा संरक्षण कार्यमा जिम्मेवार बनाउन सकियोस् भन्ने रहेको छ । सम्पदाहरू संस्कृति, इतिहास, पुरातत्त्व साथै प्राकृतिक ज्ञान प्राप्तिका लागि अनुसन्धान स्थलका रूपमा पनि महत्त्वपूर्ण रहेका हुन्छन् । यसकारण विश्वको कुनै पनि मुलुकको सम्पदाको विश्वसम्पदा सूचीमा सूचीकरण गर्न आवश्यकता परेको हो ।

विश्व सम्पदा सूचीमा सन् २०२४ सम्ममा १६८ राष्ट्रका १,२२३ सम्पदाहरू सूचीकृत भएका छन् । यी सम्पदाहरू सांस्कृतिक, प्राकृतिक र सांस्कृतिक तथा प्राकृतिक मिश्रित गरेर तीन प्रकारका छन् । यीमध्येमा सांस्कृतिक सम्पदाहरू ९५२, प्राकृतिक २३१ र मिश्रित ४० ओटा रहेका छन् । त्यसमध्येमा नेपालको दुई सांस्कृतिक र प्राकृतिक सम्पदाहरू विश्व सम्पदा सूचीमा सूचीकृत छन् । सूचीकृत सांस्कृतिक सम्पदाहरूमध्येमा काठमाडौँ उपत्यका र लुम्बिनी रहेका छन् । प्राकृतिक सम्पदाअन्तर्गत सगरमाथा राष्ट्रिय निकुञ्ज र चितवन राष्ट्रिय निकुञ्ज रहेका छन् । काठमाडौँ उपत्यकाभित्रका स्वयम्भूनाथ, बौद्धनाथ, वसन्तपुर दरबार स्क्वायर, भक्तपुर दरबार स्क्वायर, पाटन दरबार स्क्वायर र चाँगुनारायण रहेका छन् । यी सम्पदाहरूका बारेमा शीर्षकअनुसार चर्चा गरिएको छ :

## काठमाडौँ उपत्यका

विश्वसम्पदा सांस्कृतिक सूचीमा नेपालबाट काठमाडौँ उपत्यका पनि सूचीकृत भएको पाइन्छ । काठमाडौँ उपत्यकालाई सन् १९७९ मा विश्वसम्पदा सूचीमा सूचीकृत गरिएको थियो । यसलाई सांस्कृतिक र पुरातात्त्विक महत्त्वको ठाउँका रूपमा सूचीकृत गरिएको थियो । उपत्यकाभित्र रहेका धार्मिक वास्तुकला तथा दरबार वास्तुकलाहरूको सुन्दरता, ऐतिहासिकता र पुरातात्त्विक महत्त्वलाई ध्यान दिएर काठमाडौँ उपत्यकालाई विश्वसम्पदा सूचीमा सूचीकृत गरिएको हो । यसमा पनि उपत्यकाको मुख्य सात ठाउँहरू रहेका छन् । यी ठाउँहरूलाई क्रमिक रूपमा प्रस्तुत गरिन्छ :

## (क) पशुपतिनाथ

पशुपतिनाथ विश्वकै हिन्दु धर्मावलम्बीहरूको प्रमुख आराध्यदेव हुन् । यी शक्तिदेवलाई लिच्छवि, मल्ल र शाह शासनकालमा उत्तिकै सशक्त रूपमा मान्ने गरेको पाइन्छ । तत्कालीन राजाहरूले आफ्नो नामको अगाडि परमपरमेश्वर पशुपतिभट्टारकपादानुगृहीत, पशुपतिचरण जस्ता उपाधि थप्ने कार्यबाट पनि पुष्टि हुन्छ । शाहकालमा राजाहरूको शाही सम्बोधनको अन्तिममा "हामी सबैलाई पशुपतिनाथले कल्याण गरुन्, जय पशुपतिनाथ !" भन्ने वाक्यांशले पनि पशुपतिनाथको गरिमा उच्च भएको प्रस्ट हुन्छ ।



*पशुपतिनाथ मन्दिर*

अनुश्रुतिअनुसार पशुपति क्षेत्रमा विशाल वन थियो । तत्कालीन समयमा यो वनलाई श्लेष्मान्तक वन भनिन्थ्यो भने अहिले मृगस्थली वन भनेर चिनिन्छ । यो वनमा शिव र पार्वतीले मृगको रूप धारण गरेर बसेको हुनाले मृगस्थली भनिएको हो । यो वनको एक छेउबाट बागमती नदी उत्तर दिशाबाट दक्षिण हुँदै बगेको छ । नदीको पश्चिम किनारामा पशुपति मन्दिर रहेको छ । यो मन्दिरभित्र शङ्कर तेजोमय रूपमा स्थापित छन् । आराध्य देवतालाई हिन्दुहरूले शिवका रूपमा, किरातीहरूले किरातेश्वर

महादेवका रूपमा आराधना गर्छन् । अहिले भएको पशुपति मन्दिरको स्वरूप सन् १६९२ मा निर्माण भएको थियो ।

जनश्रुतिअनुसार गोपालवंशको समयमा नेप नामका गोपालीको कैली गाईले नियमित यहाँ आई दुध चुहाउने गरेको देखेपछि आश्चर्य लागेर खन्ने क्रममा पशुपतिनाथको ज्योतिर्लिङ्ग प्राप्त भएको थियो । त्यसपछि क्रमिक रूपमा नियमित पूजा गर्न थालिएको हो । अहिले गर्भगृहमा रहेको लिङ्ग साढे ३ फिट अग्लो र चतुर्मुखी रहेको छ । यो लिङ्गको पश्चिमतिरको मुखलाई सद्योजात, उत्तरतिरको मुखलाई तत्पुरुष, पूर्वतिरको मुखलाई वामनदेव र दक्षिण फर्केको मुखलाई अघोर नामले चिनिन्छ । यहाँ बाला चतुर्दशी र महाशिवरात्रिको समयमा विशाल मेला लाग्ने गर्छ । हिन्दु र किरातीबाहेकका अन्य धर्मावलम्बीहरूका लागि पनि पशुपतिनाथ आस्थास्थल रहेको छ ।

## (ख) स्वयम्भूनाथ

स्वयम्भूनाथ, काठमाडौँको पश्चिम दिशाको एक थुम्कोमा रहेको छ । प्राचीनकालमा यस थुम्कोलाई पद्मकण्ठगिरी र गोपुच्छ पनि भनिन्थ्यो । यो प्रसिद्ध बौद्ध आस्थास्थल चैत्यका रूपमा परिचित छ । स्वयम्भूको अर्थ आफैँ जन्मिएको भन्ने हुन्छ । आफैँ जन्मिएका बुद्धलाई आदिबुद्ध भनिन्छ । यहाँ भगवान् बुद्धको जन्म दिन, ज्ञान प्राप्त दिन तथा निर्वाण प्राप्त गरेको दिन वैशाख शुक्लपूर्णिमाको दिन मेला लाग्छ ।



*स्वयम्भूनाथ*

स्वयम्भू पुराणअनुसार त्रेता युगमा महाचीनबाट बोधिसत्व मञ्जुश्री स्वयम्भूको दर्शन गर्न आएका थिए । उपत्यका आउँदा पहिलो बास नगरकोटमा भएको थियो । त्यहाँबाट स्वयम्भूलाई विलक्षण ज्योतिका रूपमा देखेका थिए ।

स्वयम्भूको यो रूप देखेर उनलाई स्वयम्भू नजिकै पुगेर दर्शन गर्ने इच्छा जाग्यो । तर स्वयम्भू नागदहबिच भागमा भएकाले त्यहाँ पुग्न सजिलो थिएन । उनले सबैलाई स्वयम्भूको दर्शन गर्न सजिलो होस् भन्नका लागि दहलाई सुकाउन पश्चिम दक्षिणमा रहेको काः पोतल डाँडालाई साथमा रहेको चन्द्रहास खड्गले काटेर पानीको निकास खोले । यो डाँडा, अहिले चोभार डाँडाको नामले चिनिन्छ । पानी बगेपछि ज्योति रूपमा देखिने कमलको सुरक्षा गरेर राखे । यसपछि यो वासस्थान योग्य ठाउँ बन्न पुग्यो । अहिले भने सबै धर्मावलम्बीहरूका लागि पवित्र तीर्थस्थल बन्न पुगेको छ ।

## (ग) बौद्धनाथ

बौद्धनाथ बौद्धधर्मसँग सम्बन्धित महत्त्वपूर्ण र विशाल स्तूप हो । यो स्तूप काठमाडौँ उपत्यकाको पूर्वी उत्तर भागमा रहको छ । यहाँ प्रत्येक दिन दर्शनार्थीहरूको ठुलो भिड लाग्ने गर्छ । यसलाई बौद्धस्तुप, बौद्धनाथ र नेवार भाषामा खासती चैत्य पनि भनिन्छ । खासतीको सङ्क्षिप्त रूप नै खास्ती हो । तामाङ भाषामा भने ज्यारुङ खस्योर भनिन्छ ।

नेपालमा रहेका तीनओटा चैत्यहरू नमोबुद्ध चैत्य, स्वयम्भू चैत्य र बौद्धको चैत्यको तिब्बतमा समेत चर्चा रहेको उल्लेख पाइन्छ । यसको रेखदेख तामाङ परिवारको मूलीमार्फत गरिन्छ । मूलीलाई चिनियाँ लामा भनिन्छ । यसलाई सरकारी रूपमा पनि मान्यता दिइएको छ । यही चिनियाँ लामा नै लिच्छविकाल र मध्यकालको समयमा चीनको प्रतिनिधि हुने परम्परा पनि थियो । गोपालराज वंशावलीअनुसार बौद्धनाथको स्थापना राजा शिवदेवले गरेका थिए । त्यतिवेला यसलाई ठुलो खासो चैत्य भनिन्थ्यो । खास्ती र खासो नाममा समानता देखिन्छ । यस अर्थमा यो चैत्य लिच्छविकालमा बनेको अनुमान गर्न सकिन्छ ।



*बौद्ध स्तुपा*

गोपाल वंशावलीअनुसार राजा मानदेवले आफ्नो पितृहत्या गरेको पापबाट मुक्त हुनका लागि यो चैत्यको निर्माण गरेका थिए । यो चैत्य बनाउनका लागि श्रीवज्रयोगिनीले आदेश दिएका थिए । आदेशअनुसार चैत्य बनाउन लाग्दा पितृहत्याबाट भएको पापका कारणले बाह्र वर्षसम्म पानी पर्न सकेन । पानी नपरेकाले ईँटा बनाउने काम रोकियो । त्यसपछि कपडा फिँजाएर राति शीत थापेर त्यसलाई निचोरेर निकालेको पानीबाट ईँटा बनाएर यो चैत्य निर्माण कार्य पूरा भएको थियो । अर्को अनुश्रुतिअनुसार माभ्याजिमा नामको तिब्बती महिलाका चार जना सन्तानहरूले घोडा, बँदेल, कुकुर र चराचुरुङ्गी बेचेर निकै पैसा कमाए र उनीहरूले चैत्य बनाउन चाहे । यसका लागि उनीहरूले राजासँग चैत्य बनाउनका लागि अनुमति माग्दा प्राप्त भएपछि सबैभन्दा विशाल बौद्ध चैत्य बनाएका थिए ।

## (घ) चाँगुनारायण

चाँगुनारायण मन्दिर भक्तपुर जिल्लामा पर्छ । यो मन्दिरलाई दोलाशिखरस्वामी पनि भनिन्छ । यो वैष्णव सम्प्रदायका देवताहरूको स्थानमा मुख्य रहेको छ । यसका बारेमा हाँडीगाउँको अंशुवर्माको अभिलेखमा पनि उल्लेख छ । नेवारी भाषामा यस ठाउँलाई

चँगु भनिन्छ । चँगुको अर्थ पिङ जस्तो डाँडा भन्ने हुन्छ । दोलाद्रिको अर्थ पनि पिङ नै हुन्छ । अर्को नामले यस मन्दिरलाई तः देवल पनि भनिन्छ ।



*चाँगुनारायण मन्दिर*

चाँगुनारायण मन्दिर स्थापना बारेमा निश्चित मिति थाहा हुन सकेको छैन । लिच्छवि राजा मानदेवले आफ्नो र आफ्नो परिस्थितिका बारेमा वर्णन भएको शिलालेख स्तम्भ राखेकाले शिलालेख राख्नुभन्दा अगाडि नै यस मन्दिरको स्थापना भइसकेको देखिन्छ । इतिहासकारहरूले यसलाई वनदुर्गा भएको उल्लेख गरेका छन् । वनदुर्गा भनेको वनमा रहेको दुर्ग, किल्ला र सुरक्षा केन्द्र भन्ने बुझिन्छ । प्राचीनकालमा लडाइँ हुँदा सम्पत्ति लुटिने डरले यस्ता दुर्गहरूमा सम्पत्ति लगेर लुकाउने गरिन्थ्यो । चोरी नहोस् भन्नका लागि लुकाएको सम्पत्तिमाथि मन्दिर स्थापना गर्ने चलन थियो ।

## (ङ) भक्तपुर दरबार क्षेत्र

काठमाडौँ उपत्यकाको सबैभन्दा पुरानो दरबार नै भक्तपुर दरबार हो । भक्तपुरलाई नेवारी भाषामा ख्वपः भनिन्छ । यो प्रारम्भिक मल्ल शासनकालको एकमात्र केन्द्रीय दरबार थियो । राजा यक्ष मल्लको मृत्युपछि उनका सन्तानहरूले उपत्यकालाई तीन

राज्यमा विभाजन गरेर भक्तपुरलाई भिन्न राज्यका रूपमा स्थापित गरेका थिए । यो दरबारको मूल अंश यक्ष मल्लको पालामा सन् १४२७ मा निर्माण भएको थियो । यही भक्तपुरबाट छुट्टिएका शासकहरूले काठमाडौँ र पाटनमा भिन्न दरबारहरू निर्माण गरेका थिए ।



*भक्तपुर दरबार स्क्वायर*

यो दरबार विभिन्न कालखण्डमा निर्माण हुँदै आजका रूपमा आएको थियो । यसको सबैभन्दा पुरानो भाग मूलचोक हो । यसमा अनेकौँ चोकहरू रहेका छन् । यस्ता चोकहरूमा भैरवचोक, इँटचोक, थन्थुरी राजकुल, सिद्धिचोक, मालतीचोक आदि रहेका छन् । यी चोकहरूमा विभिन्न देवदेवीका मूर्तिहरू साथै सुन्धाराको निर्माण गरिएको छ । अगाडिको भाग परिसरका रूपमा रहेको छ । विविध कलाहरूको संयोजनले यो दरबार ऐतिहासिक र अनुपम रहेको छ । यही ऐतिहासिक तथा कलाको संयोजन रहेकाले युनेस्कोले नेपालका विश्वसम्पदा सूचीमा सूचीकृत गरेको हो ।

पचपन्नझ्याले दरबार भने भूपतीन्द्र मल्लको पालामा सन् १६९७ निर्माण भएको थियो । यो दरबारको भित्र भाग सुरक्षा र सामरिक दृष्टिकोणले चौकोट शैलीमा

निर्माण गरिएको छ । त्यसैले यो दरबारलाई उनान्सय चोकको दरबार नामले पनि चिनिन्छ । तर अहिले भने जम्मा छओटा चोकहरू मात्र बाँकी छन् । तीमध्येका मुख्य चोकहरूमा मूलचोक, कुमारीचोक र भैरवचोक रहेका छन् । यहाँको अर्को महत्त्वपूर्ण कलासम्बन्धी भित्तेचित्र हो । यो चित्र राजा भूपतीन्द्र मल्लले आफ्नो पचपन्नझ्याले दरबारको लाल बैठकमा बनाएका थिए । यस भित्तेचित्रमा राजपरिवारको दिनचर्या, युद्धको दृश्य रामायण र महाभारत साथै देवी भागवतका कथाहरू चित्रण गरिएका छन् । यसका साथै अन्य दृश्यहरू शिवको विश्वरूप चित्रलगायतका चित्रण गरिएको छ ।

## (च) हनुमानढोका दरबार क्षेत्र

काठमाडौँमा रहेको पुरानो दरबारलाई हनुमानढोका दरबार नामले चिनिन्छ । यसलाई वसन्तपुर दरबार पनि भनिन्छ । हनुमानढोका नाम रहनुभन्दा अगाडि यो दरबारको नाम गुन्पो थियो । राजा प्रताप मल्लले दरबारको मुख्य द्वारअगाडि हनुमानको मूर्ति स्थापना गरेपछि भने दरबारको नाम हनुमानढोका दरबार रहन गएको थियो । यो मूर्तिको पाठपीठमा उल्लेख भएको मितिका आधारमा यो मूर्ति वि.सं. १७२९ मा राखिएको थियो । हनुमान् रामायणका मुख्य पात्र भगवान् रामको सहयोगी सिपाही बाँदरको नाम हो । मल्लकालमा यो दरबारलाई राजकर, लाजकुट र लायकु भनिन्थ्यो । यो दरबारको स्वरूप विभिन्न कालखण्डमा थप्दै जाँदा अहिलेको स्वरूप तयार भएको हो ।

राजा यक्ष मल्लको पालासम्म यो ठाउँ भक्तपुर राज्यको एउटा प्रशासकीय एकाइका रूपमा रहेको थियो । त्यतिवेला यहाँको प्रमुख प्रशासक राजकुमार रत्न मल्ल थिए । यक्ष मल्लको मृत्युपछि राजकुमार रत्न मल्ल यहाँको प्रशासक बनेका थिए । रत्न मल्लको देहान्तपछि उनका छोरा सूर्य मल्लले कान्तिपुरलाई भक्तपुरबाट छुट्याई भिन्न राज्यका रूपमा स्थापना गरेका थिए । यसपछि स्वतन्त्र राज्य भई सूर्य मल्ल राजा भएर उनको नेतृत्वमा भक्तपुरमाथि आक्रमण गरेर साँगा क्षेत्रलाई पनि कान्तिपुर राज्यमा मिलाउन सफल भएका थिए ।



*काठमाडौँ दरबार स्क्वायर*

हनुमानढोकाको संरचना मल्लकाल, शाहकाल र राणाकाल गरेर तीन कालमा पूरा भएको थियो । यो दरबार निर्माण प्रारम्भ कति सालमा भएको थियो भन्ने कुनै निश्चित छैन । दरबारको मुख्य भाग तानादेवल र मरुसत्तल मल्लकालकै हुन् । मरुसत्तल भने वि.सं. १२०० भन्दा अगाडि निर्माण भएको थियो । तानादेवलका बारेमा केही थाहा हुन सकेको छैन । दरबारको विभिन्न भागको जीर्णोद्धार गर्नेदेखि लिएर नयाँ संरचना निर्माणमा राजा महेन्द्र मल्ल र प्रताप मल्लको पनि महत्त्वपूर्ण भूमिका रहेको छ । दरबारको नौतले भागचाहिँ पृथ्वीनारायण शाहको पालामा बनेको थियो भने पश्चिमतिर रहेको लङचाहिँ जङ्गबहादुर राणाको पालामा निर्माण गरिएको हो ।

यो दरबारमा थुप्रै चौकोटहरू रहेका छन् । चौकोटहरू पनि विभिन्न समयमा तयार भएका हुन् । बगैँचा, हिटी तथा विभिन्न देवीदेवताका मूर्तिहरू पनि रहेका छन् । यो दरबार वास्तुकलाको शैलीले भव्य र सुन्दर देखिन्छ । पछिल्लो समयमा यस दरबारको केही भागलाई सङ्ग्रहालयमा परिणत गरिएको छ । ऐतिहासिक र पुरातात्त्विक महत्त्वको दरबार परिसर, दरबारभित्रको सङ्ग्रहालयको कारण पर्यटकहरूको भिड लाग्ने गर्छ । यसको पुरातात्त्विक तथा ऐतिहासिक महत्त्वलाई मध्यनजर गरेर युनेस्कोले विश्व सम्पदा सूचीमा सूचीकरण गरेको छ ।

## (छ) पाटन दरबार क्षेत्र

नेपाल भाषामा पाटनलाई यल भनिन्छ । पाटनका प्रथम राजा सिद्धिनरसिंह मल्ल थिए । यिनी कान्तिपुर राज्यका राजा हरिहरसिंहकी विवाहिता रानी लालमतीका छोरा थिए । १२ वर्षको उमेरमा वि.सं. १६७५ मा राजा बनेर आमाको सहयोगमा शासन गर्न थालेका थिए । भिन्न राज्यका रूपमा स्थापना हुनु अगाडिसम्म भक्तपुर राज्यको प्रशासकीय केन्द्रका रूपमा मात्र थियो । उनकै पालाबाट विधिवत् रूपमा पाटन एक स्वतन्त्र राज्यका रूपमा स्थापना भएको देखिन्छ । राज्यका रूपमा स्थापित भएपछि भने दरबारलाई नयाँ रूपमा निर्माण गरिएको थियो ।

यो दरबार सिद्धिनरसिंह मल्लको पालामा निर्माण भएको थियो । त्यसपछि क्रमिक रूपमा समय सन्दर्भमा श्रीनिवास मल्ल र योगनरेन्द्र मल्लले संरचना थप्दै र जीर्णोद्धार गर्दै जाँदा दरबारको वर्तमान स्वरूप तयार भएको थियो ।



*पाटन दरबार स्क्वायर*

दरबारको संरचनालाई मुख्यतः तीन भागमा विभाजन गरेर तयार गरिएको छ। दरबार, दरबारको भित्रीभाग र दरबारको अगाडिको परिसरको भाग रहेका छन्। करिब १०० मिटर लम्बाइमा दरबार निर्माण भएको छ। तीन खण्डमा तीनओटा चोकहरू रहेका छन्। यी चोकहरू चौकुने वा विहार आकारका छन्। प्रत्येक चोकमा मन्दिर निर्माण गरिएको छ। यो दरबार चौकोट शैलीमा निर्माण भएकाले तत्कालीन समयमा भइरहने लडाइँलाई ध्यान दिएर बनाएको देखिन्छ। यसैले यो दरबारलाई चौकोट दरबार नामले पनि चिनिन्थ्यो। यसलाई लायकु र पाटन दरबार भनिन्छ। यहाँ सुन्दरी चोक रहेको छ। यो चोकमा राजा सिद्धिनरसिंह मल्लको परिवार बस्ने गर्थे। यो चोकको मध्यभागमा सिद्धिनरसिंह मल्लले तुषाहिटी निर्माण गरेका थिए। यो हिटीबाट राजपरिवार र दरबारका लागि पानी आपूर्ति हुन्थ्यो। विभिन्न देवदेवीका मूर्तिहरूले तुषाहिटी सजिएको पाइन्छ।

दरबारको बाहिरी भाग परिसरमा विभिन्न देवदेवीसँग सम्बन्धित मन्दिरहरू निर्माण गरिएका छन्। यी मन्दिरहरूमा कृष्णमन्दिर, भवानी मन्दिर, विश्वनाथ मन्दिरलगायतका रहेका छन्। राजाले दरबारबाट नै देवदेवीहरूको दर्शन गर्न सहज होस् भनेर मन्दिरहरू दरबारतिर फर्काएर बनाइएको थियो। यसरी दरबारको सुन्दरता भव्य रहेको पाइन्छ।

## (ज) लुम्बिनी

लुम्बिनी बौद्ध धर्मसँग सम्बन्धित महत्त्वपूर्ण स्थान हो। बौद्धधर्मका प्रतिपादक गौतम बुद्ध हुन्। उनको न्वारानको नाम भने सिद्धार्थ गौतम थियो। उनले बुद्धत्व प्राप्त गरेपछि भने उनलाई गौतम बुद्ध वा बुद्ध मात्र भन्न थालियो। गौतम बुद्धको जीवनसँग सम्बन्धित यस्ता चार ठाउँहरू महत्त्वपूर्ण रहेका छन् : १. लुम्बिनी जहाँ गौतमबद्ध जन्मेका थिए, २. ज्ञान प्राप्त गरेको स्थान बोधगया, ३. प्रथम उपदेश दिएको ठाउँ सारनाथ, ४. मृत्युवरण गरेको वा महापरिनिर्वाण प्राप्त गरेको स्थान कुशीनगर। यी चार स्थानहरूलाई बौद्ध धर्मावलम्बीहरूका लागि पवित्र तीर्थस्थल मानिन्छन्। गौतमबुद्धको जन्मस्थान भने नेपालको मध्य तराई लुम्बिनी हो। यसैले लुम्बिनीलाई बुद्धको जन्मस्थल भएकाले पवित्र मानिएको हो।

लुम्बिनीमा गौतमबुद्धको जन्म ईसापूर्व ५६३ भएको थियो। उनको बुबा शुद्धोधन र आमा मायादेवी थिइन्। सिद्धार्थ गौतमले बुद्धत्व प्राप्त गरेपछि यो ठाउँ पवित्र बन्न

पुग्यो । ई.पू. २४५ मा राजा अशोक लुम्बिनी पुगेर बुद्ध जन्मेको ठाउँको विवरण उल्लेख गरी अशोक कीर्ति स्तम्भ स्थापना गरेका थिए । यसपछि क्रमिक रूपमा बौद्ध तीर्थयात्रीहरू ईस्वी ४०३ मा चिनियाँ तीर्थयात्री फाइयान साथै ईस्वी ६३६ मा ह्वेनसाङ पुगेका थिए । हात्ती र सिंहको आतङ्क बढ्दै जाँदा बस्ती खाली हुँदै गएको, मायादेवी स्नान गरेको पोखरी, प्रसवपीडामा समातेको रुख, अशोक स्तम्भ र त्यसमाथि घोडा चढेको जानकारी फाइयान र ह्वेनसाङले उल्लेख गरेका छन् । यही आधारमा लुम्बिनी उत्खनन प्रयास भएको थियो ।



*लुम्बिनी*

सन् १८९६ मा खड्ग शमशेरले लुम्बिनीको उत्खनन गरेर अशोक स्तम्भ प्राप्त गरेपछि त्यस स्तम्भ र त्यसमा लेखिएको अभिलेखको तस्बिर जर्मन पुरातत्त्वविद् फुहररले प्रकाशन गरेपछि बुद्धको जन्मस्थल निश्चित भएको थियो । यो अभिलेख ब्राह्मी लिपिमा र पाली भाषामा लेखिएको छ । राजा अशोकले आफ्नो राज्याभिषेक २० वर्ष पुगेको अवसरमा बुद्धको जन्मस्थल लुम्बिनीमा आएर पूजा गरी स्तम्भ खडा गरेका थिए । यो अवसरमा उनले यहाँका जनतालाई करमुक्त गरेका थिए । यस अभिलेखले नै लुम्बिनी बुद्धको जन्मस्थल भएको कुरा प्रमाणित हुन पुगेको थियो । यसरी बौद्ध धर्मको संस्थापक बुद्धस्थल पवित्रभूमिका रूपमा लुम्बिनीलाई युनेस्कोले सन् १९९७ मा विश्वसम्पदा सूचीमा समावेश गरेको थियो ।

## प्राकृतिक सम्पदाहरू

विश्व सम्पदा सूचीमा सूचीकृत नेपालका प्राकृतिक सम्पदाहरूमा सगरमाथा राष्ट्रिय निकुञ्ज र चितवन राष्ट्रिय निकुञ्ज रहेका छन् । यी निकुञ्जहरूका बारेमा पनि सङ्क्षिप्त रूपमा प्रस्तुत गरिन्छ :

### (क) चितवन राष्ट्रिय निकुञ्ज

यो निकुञ्जको स्थापना सन् १९७३ मा भएको थियो । नवलपरासी, चितवन, पर्सा र मकवानपुर जिल्लामा फैलिएको यो निकुञ्जको क्षेत्रफल जम्मा ९३,२०० हेक्टर छ । यस निकुञ्जमा १०० मिटरको होचो मैदानदेखि चितवन उपत्यकाको ८१५ मिटर उचाइसम्मको शिवालिक पहाडसम्म पर्छ । पर्यटकीय आकर्षणको केन्द्र बनेको यो राष्ट्रिय निकुञ्ज एक सिङ्गे गैँडा, जङ्गली पानीगाई र पाटेबाघका लागि आकर्षणको केन्द्र रहेको छ । घडीयाल र मगर गोहीका लागि पनि यो निकुञ्ज महत्त्वपूर्ण रहेको छ । ७० प्रतिशत सालको वनस्पतिले ढाकेको यो निकुञ्जमा ७०० प्रकारका जीवजन्तुहरू र ६८ प्रकारका स्तनधारी प्राणीहरूको वासस्थानका रूपमा रहेको पाइन्छ ।



*चितवन राष्ट्रिय निकुञ्जमा पर्यटक र गैँडा*

यसको आकर्षण भनेको प्राकृतिक रूपमा सुन्दर जमिन, तालतलैया, वनजङ्गल र जीवजन्तुहरू मुख्य हुन् । यिनै कारणहरूले गर्दा सन् १९८४ मा विश्व सम्पदा सूचीमा सूचीकृत भएको हो । यो निकुञ्जको सिमाना पूर्वमा पर्सा राष्ट्रिय निकुञ्ज, पश्चिममा नवलपरासी, उत्तर पश्चिममा नारायणी र राप्ती साथै दक्षिणमा भारतको वाल्मिकी राष्ट्रिय निकुञ्ज रहेको छ । यहाँको हावापानी समशीतोष्ण प्रकारको रहेको छ ।

### (ख) सगरमाथा राष्ट्रिय निकुञ्ज

विश्वकै सर्वोच्च शिखर सगरमाथा भएको ठाउँमा स्थापित राष्ट्रिय निकुञ्ज नै सगरमाथा राष्ट्रिय निकुञ्ज हो । यो सोलुखुम्बु जिल्लामा अवस्थित छ । वि.सं. २०३२ मा स्थापित यो निकुञ्जको उत्तरतिर चीनको सिमानासँगै क्वोमोलुङमा प्रकृति आरक्षण केन्द्र, तिब्बत रहेको छ भने पूर्वी भागमा मकालु वरूण राष्ट्रिय निकुञ्ज रहेको छ । दक्षिण भागमा दुधकोसी नदी पर्छ । सगरमाथालाई तिब्बती भाषामा क्वोमोलुङमा, शेर्पा भाषामा झोमोलुङ्मा र स्थानीय किरात राई भाषामा चोमोलुङ्मा र अङ्ग्रेजी भाषामा एभरेस्ट नामले चिनिन्छ । यसको जम्मा क्षेत्रफल १,१४८ वर्ग किलोमिटर रहेको छ ।




*सगरमाथा राष्ट्रिय निकुञ्ज बोर्ड*

यसको भौगोलिक संरचना, सुन्दरतासँगै रातो पान्डा साथै शेर्पा जातिको बसोबासको कारण यो क्षेत्रलाई युनेस्कोले सन् १९७९ मा न. १२० सूचीमा सूचीकरण गरेको थियो। विशेषतः हिमाल आरोही पर्यटकहरू बर्सेनि सगरमाथा चढ्ने गर्छन्। यस निकुञ्जमा २०८ प्रकारका चराहरू हुनुका साथै रेडपान्डा साथै हिउँ चितुवालगायतका जनावरहरू पाइन्छन्। त्यसरी नै यो क्षेत्रमा शेर्पाहरूको पुरानो र मौलिक संस्कृति पाइन्छ भने शेर्पाहरूका धार्मिक केन्द्र प्रसिद्ध ट्याङबोचे गुम्बा यसै राष्ट्रिय निकुञ्ज क्षेत्रमा रहेको छ।

## नेपाली नृत्यहरू

सामान्य भाषामा नृत्यलाई नाच भनिन्छ। यो संस्कृतिको एक महत्त्वपूर्ण अंश हो। नृत्य, निश्चित गीतसङ्गीतको साथमा शारीरिक हाउभाउ मिलाउँदै देखाइने मनोरञ्जनपूर्ण सामाजिक क्रियाकलाप हो। विभिन्न धार्मिक, ऐतिहासिक, वीरता र युद्ध कथा साथै सामाजिक जीवनका विभिन्न क्रियाकलापहरूमा नृत्य आधारित हुन्छ। सरल भाषामा भन्ने हो भने गीत र सङ्गीतको ताल र लयअनुसार हाउभाउ देखाउँदै शरीरका हात, गोडा, कम्मर आदि अवयवहरूको सञ्चालन गर्ने काम नै नृत्य हो। यसबाट मानव समाजले विगतको सामाजिक इतिहास साथै मनोरञ्जन प्राप्त गर्छ।

नाचहरू जाति, धर्म, भूगोल र समयअनुसार फरक हुन्छन्। शेर्पा जातिको नाच बाहुन जातिको नाचसँग मिल्दैन। किरात धर्मावलम्बीहरूको नाच बौद्ध धर्मावलम्बीहरूको नाचसँग मिल्दैन। पूर्वेली बाहुन र सुदूरपश्चिमका बाहुनबिचकै नाचमा भिन्नता हुन्छ। एसियाली जातिहरू र पश्चिमा युरोपेली जातिहरूको नाचबिच भिन्नता रहेको हुन्छ।

प्राचीन समयबाट नै नाचमार्फत मानवहरूले आफ्ना भावनाहरू प्रस्तुत गर्दै आएका छन्। नेपालको इतिहासको अध्ययनले पनि यो सत्यलाई पुष्टि गर्छ। नेपालको इतिहासमा गोपालवंश, महिषपालवंश, किरातवंश, लिच्छविवंश, मल्लवंश र शाहवंश हुँदै लोकतन्त्रसम्म आइपुग्दा पनि नृत्यका अनेक आयाम र इतिहासहरू विकास भएको पाइन्छ। गोपालवंश र महिषपाल वंशकालबाहेकका हरेक शासनकालका प्रतिनिधि नाचहरू प्रचलनमा थिए। अहिले पनि कतिपय नाचहरू जीवित रहेका छन्। किरातकालीन नाचहरू साकेन्वा/साकेला नाच, के लाःङ नाच, वाडाङमी आदि थिए। लिच्छविकालमा पनि मनोरञ्जनको माध्यम नृत्य पनि

थियो । के कस्ता नृत्यहरू नाचिन्थ्यो भन्ने बारेमा भने प्रस्ट छैन । तर त्यति वेला मठमन्दिरमा नाच देखाउनका लागि दासीहरूको व्यवस्था थियो भने नाचगान सञ्चालन गर्नका लागि वादित्र गोष्ठीको व्यवस्था भएको उल्लेख पाइन्छ । मल्लकालमा पनि हरिसिद्धि, भैरव, काली र अष्टमातृका नाचहरू प्रसिद्ध थिए । नेपाली समाजभित्र यस्ता नृत्यहरू प्रशस्त मात्रामा रहेका छन् । यहाँ स्थान, जाति र भूगोल विशेषका नृत्यहरू नाचिने गरेको पाइन्छ । यहाँ प्रचलित नृत्यहरूको अभिलेखन गर्दै सूचीकरण गर्ने हो भने नेपाल नृत्यको खानी प्रमाणित हुन्छ । यहाँ नेपालमा प्रचलित केही नाचहरूका बारेमा चर्चा गरिएको छ ।

## कार्तिकेय नाच

नेपालमा प्रचलित ऐतिहासिक तथा धार्मिक नाचमध्येको एक कार्तिकेय नृत्य पनि हो । यो नृत्य ललितपुर जिल्ला पाटनको नेवारी समाजमा विशेष रूपले नाचिने एक परम्परागत नृत्य हो । यो नाच लगातार १५ दिनसम्म नाचिन्छ । वीरगाथा र हिन्दु देवीदेवताको कथामा आधारित भई नाचिने यो नाचमा विशेषतः शिव र पार्वतीका छोरा कुमार कार्तिकेयको वीरता र असुरहरूसँगको युद्धका बारेमा प्रस्तुत गरिएको हुन्छ । यो नाच करिब चार सय वर्ष पुरानो मानिन्छ । यो नाचको सुरुआत पाटनका राजा सिद्धिनरसिंह मल्लले प्रारम्भ गरेका थिए । यो नाचबाहेक रामनाच पनि उनको पालामा नाचिन्थ्यो ।



*कार्तिकेय नाच*

## कौरा नृत्य

मगर, गुरुङ, दुरा, दरै आदि समुदायमा लोकप्रिय नाच नै कौरा नृत्य हो । यो रोदीघरमा नाचिने नाच हो । मगरहरूको विशेष महत्त्वपूर्ण नाचका रूपमा रहेको कौरा नाच मगर भाषाको “कान राहा” शब्दबाट आएको हो । “कान राहा” को अर्थ “हामी आयौँ है” भन्ने हुन्छ । रोदीघरमा मामाहरू नाच्न जाने क्रममा मामाले भान्जीलाई “कान राहा” अर्थात् हामी आयौँ है भन्ने गर्छन् । यही “कान राहा” शब्द नै क्रमिक रूपमा अपभ्रंश हुँदै जाँदा कौराहा, कौडा हुँदै कौरा बन्न पुगेको हो ।



*कौरा नृत्य गर्दै*

## हुड्केली नाच

सुदूरपश्चिम प्रदेशको प्रमुख नाचमध्ये हुड्केली पनि एक हो । यसलाई छलिया नाच, हुड्के नाच पनि भनिन्छ । यो नाच देउडा भाकामा हुड्काको तालमा नाचिन्छ । यो नाचमा गाइने गीतका शब्दहरू पौराणिक कथा राजा तथा महाराजाहरूको गौरव गाथा साथै वीरगाथालगायत युद्धको वर्णनसँग सम्बन्धित रहेका हुन्छन् । यही कथामा आधारित भएर हाउभाउका साथमा

हुड्केली नाचिन्छ । यो नाचमा कलाकारहरूले हुड्का, ढाल र तरबार लिएर नाच्छन् । विशेषतः शुभ उत्सवहरू जन्मसंस्कार, व्रतबन्ध र विवाहको अवसरमा हुड्केली नृत्य नाच्ने गरिन्छ ।

## तबुस्याबा नाच

तामाङ जातिको मुख्य पुर्ख्यौली थलो र घना बस्ती भएका ठाउँमा अति लोकप्रिय रहेको नाच तबुस्याबा हो । यसको नेपाली नाम भने घोडाचढी नाच हो । यो नाच युद्ध र मित्रतासँग सम्बन्धित कथासँग जोडिएको पाइन्छ । विशेषतः यो नाचको कथा तिब्बती राजा र गोरखाली राजाबिच भएको युद्धसँग सम्बन्धित देखिन्छ । दुबै पक्षका सेनाहरूको धेरै नोक्सान भइसक्दा पनि कसैको हारजित हुन सक्दैन । यस्तो अवस्था देखेपछि एक जना लामाले मध्यस्थ गरेर मेलमिलाप गराउँदै युद्ध अन्त्य हुन्छ । यही युद्ध समाप्त भएको खुसीयालीमा तबुस्याबा नाचको सुरु भएको हो । यो नाच मङ्सिर पूर्णिमाको दिन धुमधामका साथ नाचिन्छ । यस नाचमा तिब्बती सेना र गोरखाली फौजबिच भएको युद्धको अभिनय गरिन्छ । यस नृत्यको गीत पनि युद्ध र शान्तिसँग सम्बन्धित रहेको छ ।



*तबुस्याबा नाच*

## छेच्युनाच

छेच्युनाच नेपालको हिमाली क्षेत्र सिन्धुपाल्चोकको उत्तरी हिमालीक्षेत्र हेलम्बुमा बसोबास गर्ने बौद्धमार्गी ह्योल्मो समुदायमा प्रचलित नाच हो । ह्योल्मो भाषा छेच्युको अर्थ दशमी हुन्छ । बौद्धग्रन्थअनुसार महान गुरु रिन्पोछेद्वारा तान्त्रिक नृत्य नाचेर राक्षसमाथि विजय हासिल गरेका थिए । यही खुसीयालीको अवसरमा छेच्यूपर्व मान्न थालिएको हो । यो नाच नाच्दा मौलिक पोसाक लगाएर गोलाकार भई हातमा समाएर एउटै लय र तालमा नाच्ने गरिन्छ ।



*छेच्यु नाच्दै ह्योल्मो महिलाहरू*

## साकेला/साकेन्वा लाक

पूर्वी नेपालमा बसोबास गर्ने किरात राई समुदायको मुख्य नाच नै साकेन्वा लाक वा साकेला सिलि नाच हो । यसलाई अन्य किरात राई भाषामा तोषी, साकेवा, साक्खेवा, तोषी र तोष नाच पनि भनिन्छ । किरात राई समुदायभित्र भिन्न २६ ओटा भाषाहरू बोलिन्छन् । विशेषतः किरात राईहरू साकेन्वा/साकेला उँभौली र उँधौलीको अवसरमा पितृ र प्रकृतिको पूजा गर्दै यो नाच नाच्ने गर्छन् । उनीहरू "उँभौलीको समयमा अन्नबाली राम्रो फलोस्, स्वास्थ्य राम्रो होस्" भनेर पूजा गर्छन् भने "उँधौलीको समयमा लगाइएका बालीनालीहरू राम्रै फुले फले, परिवार र समाजको स्वास्थ्य पनि राम्रो भयो । फलेका अन्नहरू तपाइँ पितृ र प्रकृतिलाई

पनि चढाउँदै छौँ र हामीले पनि अब खान थाल्ने छौँ" भन्दै प्रकृति र पितृहरूलाई चढाएर साकेन्वालाक वा साकेला नाच नाचिन्छ । साकेन्वालाक वा साकेला नाच साकेन्वा छाम वा साकेला गीतसँगै ताल मिलाएर नाचिन्छ । यसरी नाचिने नाचको शैलीलाई सिलि भनिन्छ । सिलिमा दैनिक जनजीवन साथै मानवीय जीवनसँग सम्बन्धित जीवजन्तुका क्रियाकलापहरूको अभिनय गर्दै नाचिन्छ । यस्ता सिलिहरू लगभग दुई सय जति रहेका छन् ।



*साकेन्वा नाच्दै*

## या?लाः ङ र के लाःङ

या?लाः ङ लिम्बु जातिले नाच्ने परम्परागत नाच हो । लिम्बु भाषाको या?लाः ङ नाम या? र लाःङ मिलेर बनेको हो । या? को अर्थ धान र लाः ङ को अर्थ नाच हुन्छ । यसको नेपाली प्रचलित अर्थ र नाम धाननाच हो । यो नृत्यको विकास कृषियुगसँगै भएको विश्वास गरिन्छ । प्रचलित मिथकअनुसार सृष्टिकर्ता तागेरा निङ्वाभुमाङले फेत्ल्यरे फेम्पुना नामको मानिसलाई धानको बिउ ल्याइदिन अह्राए । त्यो चराले धानको बिऊ खोजेर ल्याई आफूलाई पनि खान दिने सर्तमा मानिसलाई दिए । मानिसले धानको बिऊ पाएर खेती गरेर उत्पादन गरे । तर पाकेपछि फेत्ल्यरे फेम्पुना चरा आएर केही बाँकी नराखी खान थाले । यसबाट खेतीवालाहरू आजित भए । खेतीवालमध्येको सरःक्पा नामको कृषकले धानलाई बचाउनका लागि उपाय निकाले । फलिसकेको धानलाई एक ठाउँमा भेला पारेर गाउँका तरुनीतन्नेरीहरूलाई हात समाउन

लगाई अगाडिपछाडि नाच्न लगाए । यो नाचका कारणले धान झारियो भने फेत्ल्यरे फेम्पुना चराले पनि खान पाएन । यही विधि अपनाउन जाँदा कालान्तरमा या?लाः ङ नाचको विकास हुन पुग्यो । अहिले पनि यो नाच शुभकार्यहरू, जस्तै : पास्नी, छेवर, विवाहलगायतका मेला पर्वहरूमा नाच्ने गरिन्छ । तर यो नाचमा चेलीमाइती भने सँगै नाच्न मिल्दैन ।



*या?लाः ङ नाच्दै लिम्बुहरू*

लिम्बु जातिको अर्को लोकप्रिय नाच भनेको के लाः ङ पनि हो । के लाः ङ नाम के र लाः ङ मिलेर बनेको हो । के को अर्थ च्याब्रुङ बाजा र लाः ङ को अर्थ नाच हुन्छ । के लाः ङ भनेको च्याब्रुङ बाजा बजाएर नाचिने नाच हो । के लाः ङ महिला र पुरुषहरू दुबै मिलेर नाचिन्छ । यो नाचमा पुरुषहरूले च्याब्रुङ बजाउँदै ताल मिलाएर नाच्न सुरु गरेपछि महिलाहरू बिचमा छिरेर पुरुषहरूसँगै ताल मिलाउँदै नाच्ने गर्छन् । विनागीत नाचिने यो नाच बडो सुन्दर देखिन्छ । के लाः ङ नाचको सुरुआत पुर्खाहरू पाजाइबा तेन्दुम ताम्बा श्रीमान् र लुप्लिना वदन्नामा श्रीमतीले सर्वप्रथम घर निर्माण गर्न सक्षम भएको अवसरमा यो नाचको सुरु गरेका थिए । त्यसैले लिम्बु जातिको घरपैंचो गर्दा यो नाच अनिवार्य नाचिन्छ । तर अहिले भने हरेक शुभ कार्यमा के लाः ङ नाचिन्छ । यसलाई च्याब्रुङ नाच भनेर पनि चिनिन्छ ।

## डाकेनी

डोकेनी, पूर्वी नेपालमा बसोबास गर्ने किरात याक्खाहरूले नाच्ने मुख्य नाच हो । किरातभित्र राई, लिम्बु, याक्खा र सुनुवार रहेका छन् । यसमध्येमा याक्खाहरूको बसोबास धनकुटा र सङ्खुवासभा जिल्लामा बाक्लो रहेको छ । उनीहरूको आफ्नै मौलिक भाषा, धर्म र संस्कृति

रहेको छ । यो नाच परम्परागत रूपमा याक्खा महिलाहरूले नाच्दै आएका हुन् । तिहारको लक्ष्मी पूजाको दिन याक्खा महिलाहरूले डोकोलाई याक्खा महिलाहरूले लगाउने वेशभूषा साडी, चोलो, पटुका र पछ्यौरा साथै विभिन्न गरगहनाले सजाएर त्यसभित्र एक जना महिला बसेर नाचेका हुन्छन् । डोकेनीलाई लक्ष्मीको प्रतीक मानिन्छ । उनको वरिपरि अर्को एक जना महिला पुरुष पहिरनमा सजिएर लौरो टेकेर खुट्टा ढ्वाक ढ्वाक गर्दै नाच्छन्, जसलाई ढँट्वारे भनिन्छ । ढँट्वारेले यो खुट्टा बजार्दै "नाच बुढी नाच, पैसै दिन्छ पाँच" भन्दै हसाउँने पनि गर्छन् । यो एक किसिमको हाँस्य भैलिनी हो । तर अहिले भने परिस्कृत रूपमा नाच्ने गरेको पाइन्छ ।



*डोकेनी नाच्दै याक्खाहरू*

उल्लिखित नाचबाहेक पनि नेपालभित्र विभिन्न प्रकारका नाच नाचिन्छ । उपत्यकाको कुमारी नाच, नेपाली समाजमा नाचिने मारुनी नाच, गुरुङ जातिमा नाचिने सेर्का नाच, थारु जातिमा नाचिने नाचहरू झुम्रानाच, लाठीनाच, सख्यानाच, कठघोरीनाच, मङ्ग्राहवानाच, मघौटानाच, बर्कानाच, छोक्रानाच, बिरहैन चाँचरनाच, चोरखेलियानाच, तलवारनाच, महरूवा देवीनाच, बरमसियानाच, फागुनाच, सुरुनाच, बिहग्रानाच आदि नाचिन्छ । यस्तै मगर समाजमा नाचिने नाचहरूमा सिङ्गारु (सोरठी, मारूनी, पुर्ख्यौली), घाटुनाच, झोरा नाच, झाम्रेनाच, सरङ्ग्यास्याइ/सराइ, कौरानाच, हुर्रानाच आदि पर्छन् । नाच मात्र होइन गीतमा पनि उत्तिकै सशक्त पाइन्छ, जस्तै : पश्चिमतिर प्रचलित लोकगीतहरूमा सालैजो,

ठाडोभाका, लस्केभाका, यानीमाया, झाम्रेभाका, देउसीरे, तराईतिर फागुगीत, गुरुङ समाजमा घाटुगीत, सोरठी गीत, पूर्वतिर साकेन्वाछाम, हाक्पारे, लहरेगीत आदि रहेका छन् । नेपाली समाजलाई नाचहरूको समाज भन्दा पनि फरक पर्दैन ।

## वेशभूषा

वर्तमान समयमा मानिसले विभिन्न आकारप्रकारका कपडा लगाउने गरेको देखिन्छ। यी आकारप्रकारहरू मानिसमा सुन्दर देखिनुपर्छ भन्ने चेतनाको विकासका परिणाम हुन् । मानिसले सर्वप्रथम वेशभूषाको प्रचलन भने शरीरलाई चिसोतातो मौसमबाट बच्नका लागि प्रयोग गरेका थिए । क्रमशः यसलाई इज्जतसँग जोड्दै लाज छोप्नका लागि पनि वेशभूषा अनिवार्य मान्न थालियो र वेशभूषा वा पहिरन शारीरिक आवश्यकताको परिपूर्तिसँगै सामाजिक मान प्रतिष्ठासँग जोडिएर प्रयोगमा आउन थाल्यो । पहिला पहिला वेशभूषा भूगोलको हावापानी र त्यहाँ पाइने स्रोतमा आधारित हुन्थ्यो । जाडो ठाउँको वेशभूषा बाक्लो र न्यानो प्रकारको हुन्थ्यो भने गर्मी ठाउँको पातलो र शीतल दिने खालको हुन्थ्यो, जस्तै : हिमाली क्षेत्रमा बसोबास गर्ने शेर्पा जातिहरूले जाडोको कारण बाक्लो कपडा ज्याकेट, बक्खु र दोचा लगाउने गर्छन् भने तराई क्षेत्र जहाँ बढी गर्मी हुन्छ त्यहाँ पातलो कपडा लगाउने गरिन्छ । पातलो कपडाले हिमाली क्षेत्रको चिसो छेक्दैन भने गर्मी ठाउँमा बाक्लो कपडा लगाएमा गर्मीमाथि झन् गर्मी थपिन्छ ।

चेतनाको विकाससँगै वेशभूषामा पनि विविधता सिर्जना हुँदै गएको पाइन्छ । नेपाली समाजका पहिरनहरू पनि जाति, क्षेत्र र भूगोल विशेष आधारित रहेका छन् । जातिका आधारमा उदाहरणका रूपमा दार्चुलाका सौका जाति, तराईमा यादव, गुप्ता, झा, कुर्मीलगायत जातजातिका अतिरिक्त बाराई, लिम्बु, मगर, गुरुङ आदि पनि रहेका छन् भने भूगोलका आधारमा तराई, पहाड र हिमाली पहिरन भनेर चिनिन्छ । त्यसरी नै क्षेत्रगत रूपमा पूर्वेली, पश्चिमेली भनेर पनि सहजले पहिचान गर्न सकिन्छ । यस अर्थमा पहिरन पनि पहिचानसँग सम्बन्ध रहेको देखिन्छ ।

राई जातिका महिलाका वेशभूषामा छिटको गुनिउँ, चौबन्दी चोलो, कम्मरमा पुटुकी र काँधमा गम्छा रहेको छ भने पुरुषको दौरा सुरुवाल र टोपी रहेको छ । लाप्चा जातिका पुरुषले लगाउने वेशभूषाहरू ताप्री, दप्रा, तगो, नाम्रिक र महिला पहिरन दम्बोन, तगो, हन्जो, नाम्रिक रहेको छ ।

नेपालको पूर्वी हिमाली क्षेत्र सङ्खुवासभामा बसोबास गर्ने ल्होमी सिङ्सावा महिलाहरूले लगाउने वेशभूषाहरूमा श्यमुङडोस्यो नामको टोपी, छिङचिप्पा, फुच्येक, ओङचुक, बुरे घोताङ, कितेन, सिटा, फिचुङ ल्हाप्ची, पाङदेन ल्होगो, चिमरकी फोतङ, टालोङ, टापीङ् काङ्स रहेका छन् भने पुरुषहरूले बख्खु, तोतङ, काङ्स, काबु श्यमुङ, ओम्सो, थाङगर, छिरिङच्यीङगप, नाम्बी लगाउने गर्छन्। बराम जातिको महिलाका वेशभूषामा मुगीको फरिया, पाटको चोलो, गाउन परिया, नैनसुत, चुँदरीका पटुका, घलेक, ढाका पछ्यौरा र पाँगा लगाउने गर्छन् भने पुरुष वेशभूषामा सुरुवाल, दौरा, इस्टकोट, भोटो, कछाड, धोती, गादा, ऐंठे, टोपी र फेटा रहेका छन्।

दोलखा जिल्लामा बसोबास गर्ने सुरेल जातिहरूले पहिला धोक्रो जस्तै देखिने गादो र लगौटा लगाउने गरेकामा अहिले आएर नेपाली समाजमा प्रचलित महिला पुरुषले लगाउने कपडा नै प्रयोगमा ल्याएको पाइन्छ। पुरुषहरूले दौरा सुरुवाल, इस्टकोट, टोपी, गादो, पटुकी र महिलाहरूले फरिया, गुनिउँ, चोली, पेटीकोट र मजेत्रो लगाउने गर्छन्। अविवाहित केटीहरूले भने फ्रक र घाँगर लगाउने गर्छन्। बोटे जातिका पुरुषहरूले खद्दरको भोटो, कछाड, लगौंटी र महिलाहरूले मखमलको चोलो, मुङ्ग्रे कालो गुनिउँ र कालो लुङ्गी वा सारी लगाउने गर्छन्। अहिले आएर समाजमा प्रचलित वेशभूषातिर नै आकर्षित भएको देख्न सकिन्छ।



*सौका महिलाहरू आफ्नो जातीय पहिरनमा*

गण्डकी प्रदेशमा बसोबास गर्ने दुरा जातिका महिलाहरूले चोलो, मजेत्रो, घलेक, पटुका र लुङ्गी र पुरुषले भाङ्ग्रा, जवारीकोट, कछाड, भोटो, पटुका र टोपी लगाउने गरेको पाइन्छ। थारु जातिको महिलाहरूले लहेङ्गा, कुर्था, चोलिया, गोनिया, अघरान, अचरा, खरकी, धोती र पुरुषहरूले धोती, जामा, कमिज, लगाउने गर्छन्। राउटेहरू ओदाल, भाङ्ग्रो, सिस्नु, मालु र पाटका रेसा निकालेर आफैँले बुनेका कपडा गादो, कछाड लगाउने गर्छन्। अहिले भने राउटे महिलाले मुगियाको फरिया र छिपाको चोली लगाउने गर्छन्। पुरुषले गादो, लगौँटी र पटुका बाँध्ने गर्छन् भने टाउकोमा पगरी गुँथ्छन्।

पूर्वी तराईमा बसोबास गर्ने धिमाल जातिमा पुरुषले तुप्री, पाकुटा, लोखोन, चाकाचेउता र धारी लगाउँछन् भने महिलाले बोना, आल्गी लगाउने गर्छन्। यसरी नै अन्य जातजाति, क्षेत्र र भूगोलका पहिरनहरू भिन्न भिन्न रहेको पाइन्छ।



*जातीय पहिरनमा नेवार महिला र पुरुष*

## गरगहना

गहना सुन्दरतासँग सम्बन्धित छ । गरगहना र सुन्दरता एकअर्काका पूरक हुन् । मानवमा चेतनाको विकाससँगै सुन्दर देखिनुपर्छ भन्ने मान्यताको विकास भएको हो । त्यसैले मानिसले सुन्दर देखिनका लागि विभिन्न वस्तुले शरीरलाई सजाउन थाले । एक व्यक्तिले प्रयोग गरेको गरगहना सुन्दर देखिएपछि अन्य व्यक्तिले पनि प्रयोग गर्न थाले । क्रमिक रूपमा आम समाज र समुदायले प्रयोग गर्दै जाँदा गहनाको विकास हुन पुग्यो । अहिले आम मानव समुदायको संस्कृतिका रूपमा गहना स्थापित हुन पुग्यो । संसारमा विशाल गहना उद्योगहरू स्थापित भई सञ्चालनमा रहेका छन् । हुनतः कतिपय गहनाहरू शारीरिक सुरक्षा हुने विश्वासले पनि लगाउने गरिएको पाइन्छ, जस्तै : जन्तर । जन्तरभित्र विभिन्न शारीरिक सुरक्षा गर्ने वस्तुहरू राखिएको हुन्छ । अहिले क्रमशः त्यो चलन हट्दै गएको देखिन्छ ।



*गहनामा सजिएकी थारु महिला*

गहनाहरू समय, स्थान विशेष भिन्न आकारप्रकारका हुन्छन् । मानिसको उत्पत्ति र विकासका क्रममा गहना तयार गरिने वस्तु, आकार आदिमा पनि फरक देखिन्छ । प्रारम्भिक कालमा फल, काठ, ढुङ्गाका टुक्रा, हड्डी, सिप र प्वाँखहरू प्रयोग हुन्थे । बिस्तारै माटो, धातुलगायतका वस्तुहरूबाट पनि गहनाहरू निर्माण हुन थाले । यही क्रममा महिला र पुरुषका भिन्न गहना बन्न थाले । यी सभ्यताका चिनारी पनि बन्न थाले । यसरी नै जाति र स्थानअनुसारका गहनाहरू पनि तयारी र प्रयोग हुन थाले ।

नेपालमा बसोबास गर्ने जातजातिहरूले पनि विभिन्न प्रकारका गहनाहरू प्रयोग गर्ने गरेको पाइन्छ । यस्ता गहनाहरू जातिअनुसार फरक रहेको पाइन्छ । हिमालका ल्होमी शिंसाब जातिले गहनाहरूमा महिलाले हारी, क्षीन्दो, क्षीन्दुक्पा, कीलुङ, भाङ्दी, काटुक, ठिक्चुक र घिन्चुक, काबु बुरे, जेनजेन नेक्ता, भाङ्दी, औंठी र धुङगर र पुरुषहरूले आलोङ, औंठी, छिन्दो, सिमाला, दाँतमा सुन लगाउने गर्छन् । बराम जातिका महिलाहरूले कानढुङ्ग्री, माडवारी, तिलहरी, कण्ठमाला, चाँदीका झुम्का, ठिम्रा, मुगाको माला, बुलाकी, लहरेफुली, पोते, चुरा, पातेसुन, बालो रैया, ठिङ्गुरा आदि जस्ता गहना लगाउने गर्छन् ।



*गहनामा सजिएकी महिला*

सुरेल जातिका महिलाहरूले फुली, बुलाकी, यार्लिङ, कुन्डल, पोते, चारानी आठानी कम्पनीका माला, हार, बाला र चुरा जस्ता गहनाहरू लगाउने गरेका छन् । दुरा जातिका महिलाहरूले लगाउने गहनाहरूमा जन्तर, कण्ठ, बाला, ढुङ्ग्री, चेप्टेसुन, बुलाकी, चुरा आदि रहेका छन् । थारु जातिमा महिलाहरूले प्रायः चाँदीको गहना लगाउने चलन छ । उनीहरूले लगाउने गहनाहरूमा चाँदीको माला, मङ्गिया, सुतिया, टँरिया, झिमिलिया, बाँक, बिजाइठ, चन्द्रहार, फोँफी, मुन्द्री (औँठी) आदि रहेका छन् ।

बोटे महिलाहरूले चाँदीका कम्पनी हारी, लाहुरे फुली, ढोम्ना, हसुँली, औँठी, ठोका आदि लगाउने गर्छन् । धिमाल गरगहनाहरूमा पुरुषले आंखुटी, ठाकुली, गाकुली र स्त्री गहनाहरूमा चाँदी र सुनबाट निर्मित विभिन्न प्रकारका गरगहनाहरू नादोइ, खुण्टिला, कानैला, नांको रहेका छन् ।

राउटे महिलाहरूले फलामका चुरा, कानमा लाउने फलामकै मुन्द्री, सेतो र निलो पोते, खगालो र औँठी लगाउने गरेको पाइन्छ । किराती महिलाहरूले भने चाँदीको हार, कल्ली, चुरा, औँठी, चन्द्रहार, कल्ली र सुनको फूल, ढुङ्ग्री, बुलाकी, झुम्के बुलाकी, कण्ठ आदि लगाउने गरेका छन् । नेपालमा बढी गहना लगाउने चलन महिलाहरूमा रहेको छ, पुरुष गहनाहरू त्यति धेरै पाइँदैन ।

## खानपान

खानपान पनि संस्कृतिको एक महत्त्वपूर्ण भाग हो । खानपान पाकशास्त्र वा पाककलाका रूपमा वर्तमान समयमा स्थापित हुन पुगेको छ । अन्य संस्कृतिहरू जस्तै खानपान संस्कृतिमा पनि विविधता पाइन्छ । खानपान संस्कृति पनि स्थान, धर्म, जाति र अवसर विशेष फरक हुन्छ । यो संस्कृतिमा पनि पुस्ताअनुसार पुरानालाई यथावत् राख्दै नयाँ नयाँ खानपानका परिकारहरू थपिदैं गएको पाइन्छ । त्यसैले यसलाई पनि खानपान संस्कृतिमा चेतना समृद्धि सूचकका रूपमा लिन सकिन्छ । नेपालमा जाति, स्थान, धर्म र समय विशेषका खानपान संस्कृति प्रचलनमा रहेको पाइन्छ ।



*नेवारी समाजमा प्रचलित समयबजी*

भूगोलअनुसार खाद्यसामग्री उत्पादन हुने भएकाले खानपान संस्कृति पनि भूगोलअनुसार हुनु स्वाभाविक मानिन्छ, जस्तै : हिमाली क्षेत्रमा उवा, जौ, आलु बढी उत्पादन हुने भएकाले त्यही प्रकारका खानपान तयार हुन्छ भने तराई क्षेत्रमा बढी मात्रामा धान उत्पादन भएकाले धानबाट तयार हुने खाना अधिक मात्रामा प्रचलनमा रहेको पाइन्छ । त्यसरी नै जाति र धर्मका आधारमा पनि खानपान फरक हुन्छ ।

कोसी प्रदेशको पूर्वी भेगमा किरात राई, लिम्बु, याक्खा र सुनुवारहरूले च्याँख्ला, ढिँडो र अन्य मासुजन्य परिकारहरू खाने गर्छन् । लाप्चा जातिको प्रिय खाना कागुनीको भात रहेको छ । मधेस प्रदेशमा रोटी, खाना, माछा बढी खाने चलन छ भने बागमती प्रदेशका बराम जातिका मुख्य खानाहरूमा ढिँडो रोटी, आँटो, च्याँख्ला आदि मुख्य रहेका छन् । त्यसरी नै दुध, दही, मही, घिउलगायत माछा, मासु, निङ्गुरो, च्याउ गरेर ५५ भन्दा बढी प्रकारका परिकार खाने गर्छन् । मुख्य खानाहरूमा खाना, च्याख्ला, ढिँडोलगायत तरकारीमा सागसब्जी खाने गर्छन् । माछा, राँगा, खसी, बोका र कुखुराको मासु खाने गर्छन् ।



*तराईमा बसोबास गर्ने आदिवासी जातिले खाने घुँगी*

थारु खानपानमा खँरिया, बरिया, अनडिको झोल, महुवाको रक्सी, बयरको चटनी, सिन्की, सिद्रा, माछा, हाँस, कुखुरा, परेवा, सुँगुर, गँगटा, चिचर (अनदिको भात) आदि रहेका छन् । मगरहरूको खानपान बारा, ढिँडो र रोटी, तरुल, गिठा भ्याकुर रहेको छ । सुदूरपश्चिम र कर्णाली प्रदेशतिर घुमफिर गर्ने राउटे जातिले खसी, बोका, कुखुराको मासु खाने गर्छन् । उनीहरूका लागि गुना र बाँदरको मासु प्रिय परिकारमा पर्छ । यसरी नै गिट्ठा, तरुल, भ्याकुर आदि कन्दमूल, फलफूल र अन्नबाट तयार हुने परिकारहरू पनि खाने गर्छन् । यससँगै उनीहरू जाँड र रक्सी पनि खाने गर्छन् ।

बाहुनक्षेत्रीका परम्परागत खानाहरूमा भात, च्याख्ला, खसीको मासु, दही, मोही र गुन्द्रुक रहेका छन् । तराईतिर भातभन्दा बढी रोटी खाने चलन छ । माछा मासु भने जात र धर्मअनुसार फरक रहेको छ ।

निष्कर्षतः संस्कृति मानव जीवनयापन गर्ने एक प्रमुख माध्यम हो । संस्कृतिभित्र मानिसका सोच, विश्वास, क्रियाकलापहरू, भाषा, खानपान, गरगहना, वेशभूषा आदि पर्छन् । यस्ता संस्कृतिहरू पुर्खाहरूले जीवनयापनका क्रममा आर्जन गरेका थिए । यी संस्कृतिहरू अहिले सिर्जना भएका होइनन्, युगौंदेखि चल्दै आएका हुन् । यी संस्कृतिहरू सन्तानहरूका लागि पुर्खाका अनुपम उपहार हुन् । हामीले यस्ता संस्कृति, परम्परा, अनुश्रुति साथै चालचलनका माध्यममार्फत प्राप्त गरेका हुन्छौँ, जस्तै : खानपानका अधिकांश ज्ञानहरू हामीले पुर्खाबाट

पाएका छौँ । परिस्थितिअनुसार हामी नयाँ पुस्ताले पनि केही सिर्जनामार्फत थपेका हुन्छौँ । यसरी संस्कृति मानव जीवनमा अविचलित र अनवरत रूपमा अवलम्बन गर्दै आइरहेका छौँ ।

संस्कृति भूगोल र समाजअनुसार पृथक् हुन्छ । भूगोलअनुसारको हावापानी, वनस्पति र वातावरण हुने गर्छ । परिवेशअनुसार जीवन अनुकूलन बनाउने क्रममा संस्कृतिको निर्माण हुन पुग्छ । त्यसैले फरक भूगोलअनुसारको संस्कृति निर्माण हुने भएकाले भूगोलपिच्छे फरक फरक संस्कृति देखा पर्नु स्वाभाविक हो । यही क्रममा संस्कृतिमा विविधता सिर्जना हुन पुग्छ । यसबाहेक धर्म, परिस्थिति र राष्ट्रको संविधान, कानुन तथा नीतिका कारण पनि सांस्कृतिक विविधता सिर्जना हुन पुग्छ ।

नेपाल सांस्कृतिक विविधतायुक्त देश हो । जसरी विभिन्न प्रकारका फूलहरूको सौन्दर्यताले फूलबारीको शोभा वृद्धि गर्छ, त्यसरी नै हाम्रो देशमा भएको सांस्कृतिक विविधताले हाम्रो देशको सौन्दर्य अभिवृद्धि गरेको पाइन्छ । यो नेपाली समाजले युगौँ लगाएर मिहिनेतपूर्वक आर्जन गरेको उपलब्धि हो । सांस्कृतिक विविधतासँग ज्ञान र अनुभवहरूको विविधता पनि सँगसँगै रहेको हुन्छ । जति धेरै विविधता उति नै धेरै ज्ञान र अनुभवहरू हुन्छन् । ज्ञान र अनुभवको विविधता स्वयम्मा शक्ति हो । यो कुरा सानो भूगोलमा विभिन्न हावापानी हुनु, १४२ प्रकारका जाति हुनु, १२४ प्रकारका भाषा बोलिनु साथै १० प्रकारका धर्म पालना हुनुले प्रमाणित हुन्छ । यससँगै गीत, सङ्गीत, नाटक, विभिन्न चाडवाड संस्कृतिको भण्डारकै रूपमा रहेको पाइन्छ । यसका अतिरिक्त धर्मविशेषका मठमन्दिर, गुम्बा, मस्जिदलगायतका धार्मिक तीर्थस्थलहरूले सांस्कृतिक योगदान पुऱ्याएका छन् ।

नेपाली संस्कृतिको अर्को अमूल्य सांस्कृतिक विशेषता भनेको भिन्न जाति, धर्मावलम्बी तथा समाजबिच आपसी सहिष्णुता, सहअस्तित्व र समन्वय हो । यी विशेषताहरूले नेपाली समाजलाई एकताबद्ध गरेको छ । कुनै स्वार्थी मानिसले भिन्न समाजमा वैमनश्यता निर्माण गर्न खोज्दा पनि नेपाली समाजले सकुशल असफल बनाउन सक्नुमा यही सहिष्णुता, सहअस्तित्व र समन्वयको संस्कृतिले महत्त्वपूर्ण भूमिका खेलेको छ । त्यस अर्थमा सांस्कृतिक समन्वय र सहिष्णुता नेपाली समाजको पहिचान र सामर्थ्य दुबै हुन पुगेको छ ।

एकाइ तीन

# नेपाली सामाजिक विविधता

## समाजको अवधारणा

सामान्य बोलचालको भाषामा समाज शब्दको प्रयोग सङ्गठित समूहलाई जनाउने गरिन्छ। 'समाज' शब्दको प्रयोग मानिसले आआफ्नै तरिकाले गरेको पाइन्छ। मानवशास्त्रमा आदिम समुदायलाई समाज तथा अर्थशास्त्रमा आर्थिक क्रियाकलापमा संलग्न हुने व्यक्तिहरूको समूहलाई समाज भनिन्छ। राजनीतिशास्त्रमा समाजलाई व्यक्तिहरूको समूह मानिन्छ। यसरी समाजलाई व्यक्तिहरूको समूहका रूपमा र कसैले सङ्घसंस्थाका रूपमा प्रयोग गरेको पाइन्छ। तथापि व्यक्ति व्यक्तिबिचको सामाजिक सम्बन्धका आधारमा समाजको निर्माण हुन्छ।

समाजशास्त्रीहरूले समाजलाई निम्नअनुसार परिभाषित गरेको पाइन्छ। म्याकवेबर र पेजले "समाजलाई सामाजिक सम्बन्धको जालो" भनी परिभाषित गरेका छन्। ईडवार्ड बनेट टाइलरले "समाज मानवको एउटा समूह हो" भनेका छन्। गिडिङ्सले "समाज व्यक्तिहरूको यस्तो समूह हो जसमा मानिसले एकआपसमा मिलेर सचेत रूपमा सामूहिक जीवनयापन गर्छन्।" समाजको निर्माण मानिसबिचको लामो समयसम्मको पारस्परिक अन्तर्क्रिया वा सम्पर्कका आधारमा हुने गर्छ। पारस्परिक सम्पर्कले निश्चित व्यवस्था निर्माण गर्छ। त्यस्तो व्यवस्थाका आफ्नै निश्चित गतिविधि र नियम हुन्छन्। यही गतिविधि र नियमको व्यवस्थामा सहभागी हुने मानिसको समूहलाई समाज भनिन्छ। सामाजिक संरचना र नियमले समाजका सदस्यको व्यवहार एवम् सम्बन्धलाई निर्देशन र नियन्त्रण गर्छ। निष्कर्षमा मानिसको पारस्परिक सम्बन्धको जालोलाई समाज भन्न सकिन्छ।

समाज, साझा उद्देश्य भएका समूहको सङ्गठित रूप हो जुन निरन्तर परिवर्तन भइरहेको हुन्छ। समाज जहिले पनि सदस्यको साझा उद्देश्य प्राप्तिका लागि क्रियाशील हुन्छ। मानिसका

विभिन्न आवश्यकता हुन्छन् । त्यस्ता आवश्यकता पूरा गर्न सामूहिक प्रतिबद्धता चाहिन्छ र सोही क्रममा समूहको निर्माण भएर पारस्परिक हितमा काम गर्न थाल्छन् । यसरी आवश्यकता पूरा गर्ने क्रममा समाजको निर्माण हुन्छ ।

## समाजका विशेषता

समाजमा विविध प्रकारका सामाजिक सम्बन्धहरू विकास भएका हुन्छन् । यिनै पारस्परिक सम्बन्धद्वारा विकसित गतिविधि समाजका विशेषता हुन् । समाज परिवर्तनशील अवधारणा हो जुन समय, सन्दर्भ र परिस्थितिअनुसार निरन्तर परिवर्तन भइरहेको हुन्छ । समाज पारस्परिक सहयोगमा आधारित हुन्छ र सहयोगद्वारा सामाजिक सम्बन्ध स्थापना हुन्छन् ।

समाजमा साझा उद्देश्य र आवश्यकतामा जोड दिइन्छ । मानिस त्यही साझा उद्देश्य पूरा गर्नका लागि समूहमा मिलेर बस्छन् । समाज अमूर्त धारणा हो । यस सम्बन्धलाई छुन र देख्न सकिँदैन तर अनुभूति गर्न भने सकिन्छ । समाज सर्वव्यापक छ । जुनसुकै ठाउँमा पनि समाजको अस्तित्व पाइन्छ । समाजमा मानिसबिच अन्तरनिर्भरता हुन्छ । समाज स्वनिर्भर हुँदैन । समाजको एउटा व्यक्ति अर्को व्यक्तिसँग, एउटा परिवार अर्को परिवारसँग निर्भर हुनु स्वाभाविक मानिन्छ । प्रत्येक समाजमा आआफ्नै प्रकारको संस्कृति हुन्छ । समाजअनुसारका भिन्नाभिन्नै जीवनशैली, तरिका, धर्म र परम्परा हुन्छन् ।

## समुदायको अवधारणा

कुनै एक निश्चित भौगोलिक क्षेत्रमा बसोबास गर्ने र सामूहिक पहिचान बोकेका मानिसको समूहलाई समुदाय भनिन्छ । समुदायको निर्माण जाति, धर्म, क्षेत्र, वर्ण, पेसा आदिका आधारमा हुने गरेको पाइन्छ । समुदायका मानिसको जीवनपद्धति समान हुन्छ र उनीहरू एकआपसमा अन्तरनिर्भर हुन्छन् । त्यसैले समुदाय सानो समूह हो जहाँ सामाजिक जीवनका सम्पूर्ण पक्षको उपस्थिति भएको पाइन्छ । समुदाय व्यक्तिहरूको समूह हो जहाँ मानिस विशिष्ट भौगोलिक क्षेत्रमा बसोबास गर्छन् । त्यहाँ मानिसबिच समानता, आपसी निर्भरता र सामूहिकताको भावना पाइन्छ । त्यति मात्र होइन सानो समूहमा सामाजिक जीवनका विविध पक्ष समेटिएका हुन्छन् ।

## समुदायका विशेषता

एउटै समुदायमा बस्ने मानिसको धर्म, संस्कृति, भाषा रहनसहन आदिमा समानता हुन्छ। समान हैसियत, संस्कृति, भाषा आदि भएका मानिस निश्चित ठाउँमा बस्ने हुनाले समुदायमा हामी भन्ने भावना बढी पाइन्छ। सामूहिक भावनाको विकास र विस्तार भएको हुन्छ। समुदायमा बस्ने मानिसको भाषा रहनसहन, बोलीचालीका आधारमा छुट्याउन सकिन्छ। समुदाय निश्चित भौगोलिक क्षेत्रमा अवस्थित हुन्छ। उत्पादन प्रणालीदेखि उत्पादित वस्तु तथा सेवामा पनि एकरूपता पाइन्छ। समुदायका मानिसको रहनसहन, संस्कृति र सम्बन्ध स्थायी प्रकृतिको हुन्छ। समुदायलाई तामाङ समुदाय, चेपाङ समुदाय, पिछडिएको समुदाय तथा अल्पसङ्ख्यक समुदाय आदिका नामले चिनिन्छ। त्यति मात्र होइन समुदायमा व्यक्तिको पहिचानसमेत जन्मजात हुन्छ।

## व्यक्ति र समाजको सम्बन्ध

समाज व्यक्तिहरूको समूहमा आधारित हुन्छ। व्यक्ति व्यक्ति मिलेर समुदाय र समुदाय समुदाय मिलेर समाज बन्छ। व्यक्ति समाजको एक एकाइ मात्र हो। व्यक्ति चेतनशील प्राणी मानिन्छ। त्यसैले समाजको विकास तथा रूपान्तरणमा व्यक्तिको महत्त्वपूर्ण भूमिका हुन्छ। व्यक्तिको रुचि, चाहना, इच्छा र स्वभावले समाजको रूपान्तरणलाई प्रभाव पार्छ। अर्थात् समाजको आधारभूत एकाइ व्यक्ति हो र उसका आवश्यकता पूरा गर्न समाज आवश्यक पर्छ। व्यक्तिविना समाज हुँदैन र समाजविना पनि व्यक्तिले सहज जीवनयापन गर्न सक्दैन। त्यसैले समाज हुन व्यक्ति र व्यक्तिका आवश्यकता पूरा गर्न समाज आवश्यक पर्छ। त्यसैले मानिसले आफ्नो आवश्यकता पूरा गर्न, जीवनलाई सहज बनाउन तथा अरू व्यक्तिसँगको सम्बन्ध विकास गर्न समाजको विकास भएको हो।

व्यवस्थित समाजमा व्यक्तिले सहज ढङ्गले आफ्ना आवश्यकता पूरा गर्न सक्छ। व्यक्तिको भोगाइ र आवश्यकता पूरा गर्न समाज चाहिन्छ। वर्तमान समाज आदिम समाजबाट रूपान्तरण हुँदै अहिलेको अवस्थामा आइपुगेको हो। त्यसैले अन्तरनिर्भरता, एकता, समन्वय, गतिशीलता आदि वर्तमान समाजका महत्त्वपूर्ण विशेषता हुन्।

## समाज विकासको दृष्टिकोण

समाजको विकाससँगै सभ्यताको पनि विकास हुँदै गयो । वर्तमान मानवका पुर्खा नरजस्तै देखिने पुच्छर नभएका प्राणी थिए । त्यस्तो मानवलाई होमिनिड भनिन्छ । सन् १९२४ मा अफ्रिकाको टङ गुफामा प्राचीन मानवको अवशेष पाइयो । त्यही आधारमा होमिनिडबाट अस्ट्रेलोपिथेकस अफ्रिकान्स, होमोह्याविलिस, होमोइरेक्टस हुँदै होमोसेपियन्स (मेधावी) मानव वा वर्तमान मानवका पुर्खाको उद्विकास भएको प्रमाणित भएको छ । होमो सेपियन्स मानवको विकाससँगै मानव समाजको सुरुआत भएको पाइन्छ । समाजको उत्पत्तिसम्बन्धी विभिन्न सिद्धान्त छन् । दैवी उत्पत्ति सिद्धान्त, शक्ति सिद्धान्त, पितृसत्तात्मक सिद्धान्त तथा सामाजिक सम्झौताका सिद्धान्तले समाजको उत्पत्तिसम्बन्धी आआफ्ना धारणा अगि सारेका छन् ।

दैवी उत्पत्ति सिद्धान्तले समाजको उत्पत्तिको कारण अदृश्य शक्ति भएको धारणा राख्छ । जसरी वस्तु तथा विभिन्न तत्त्वहरूको उत्पत्ति भयो, समाजको उत्पत्ति पनि त्यसरी नै भएको मान्छ । सत्रौँ शताब्दीसम्म समाजको उत्पत्ति दैवी आधारमा भएको मानिन्थ्यो । शक्ति सिद्धान्तअनुसार शक्तिशालीले कमजोरलाई नियन्त्रण लिने क्रममा समाजको उत्पत्ति भएको धारणा प्रस्तुत गर्छ । प्राचीनकालमा शक्तिशाली व्यक्ति वा समूहले आफ्नो सत्ता वा वर्चस्व निर्माण गर्ने क्रममा कमजोरलाई नियन्त्रणमा लिनाले समाजको उत्पत्ति भयो । यस्तो अवस्थामा शारीरिक रूपमा बलियाले कमजोरलाई नियन्त्रणमा लिने वा दास बनाउने परिपाटीसँगै समाजको उत्पत्ति भयो । समाजको उत्पत्ति पितृसत्तात्मक सिद्धान्तका आधारमा पनि व्याख्या गरिएको छ । उक्त सिद्धान्तअनुसार समूहको जेठो पुरुष सदस्यले शक्ति र स्रोतसाधन आफ्नो अधीनमा राख्ने क्रममा समाजको विकास भयो ।

मातृसत्तात्मक धारणाले पनि समाजको उत्पत्ति र विकास भयो । यो सिद्धान्तअनुसार प्राचीन समाजमा महिलाहरूले नेतृत्व र शक्ति लिने गर्थे । विशेष गरेर मातृत्व र प्रजनन क्षमताले उनीहरूको भूमिका प्रभावकारी थियो जुन समाज विकासको महत्त्वपूर्ण आधार बन्यो ।

समाजको उत्पत्तिको व्याख्या गर्ने अर्को महत्त्वपूर्ण सिद्धान्त सामाजिक सम्झौता सिद्धान्तलाई मानिन्छ । उक्त सिद्धान्तले मानिस आफ्ना आवश्यकता पूरा गर्ने क्रममा समूहमा बस्न थाले र त्यहीँबाट समाजको विकास भएको व्याख्या गर्छ । मानव सभ्यताको सुरुको समयमा मानिस एक्लै बस्ने र घुम्ने गर्थे । शत्रुबाट तथा जनावरको आक्रमणबाट बच्न मानिस समूहमा बस्न थाले । यसले परिवारको धारणा विकास गऱ्यो । सन्तान वृद्धि हुँदै गए । मान्छेले आगोको प्रयोग

गर्न थाल्यो । जनावरहरूलाई घरमा पालेर उपयोग गर्न थाल्यो । जनसङ्ख्या वृद्धि हुँदै जाँदा एउटै वंशका सन्तानहरू एक ठाउँमा बस्ने क्रममा समाजको विकास भयो । यो अवस्था नै समाज विकासको प्रारम्भिक चरण थियो ।

आध्यात्मिक र भौतिकवादी दृष्टिकोणबाट पनि समाज विकासको व्याख्या गरिएको पाइन्छ । समाजको उत्पत्तिलाई पनि यही आधारमा वर्गीकरण गर्न सकिन्छ । विभिन्न धर्मको आआफ्नो मतअनुसार समाज विकासलाई व्याख्या गरेको पाइन्छ । भौतिकवादी दृष्टिकोणले आर्थिक तथा भौतिक पक्षको कारण समाजको विकास भएको तर्क प्रस्तुत गर्छ । समाज विकासको व्याख्या गर्ने पछिल्लो र महत्त्वपूर्ण सिद्धान्तका रूपमा विकासवादी सिद्धान्तलाई मानिन्छ । यस सिद्धान्तले समाज निर्माण भएको नभई क्रमिक विकास भएर यहाँसम्म आइपुगेको मान्यता राख्छ । यो दृष्टिकोणअनुसार समाज असङ्गठित अवस्थाबाट सङ्गठित, अपूर्णताबाट पूर्णतातिर विकास हुँदै गएको हुन्छ । पछि गएर परिवार र नातेदारी प्रथाले समाज विकासको आधार तयार पाऱ्यो । त्यसपछि मानिस क्रमशः समूहमा बस्न थाले । त्यही क्रममा गाउँ र सहरको विकास भयो । समाज विकासको भौतिकवादी र वैज्ञानिक धारणाको व्याख्या समाजशास्त्री अगस्ट कम्टले गरे । उनका अनुसार समाजको विकास धार्मिक, तात्त्विक र सकारात्मक (भौतिक) र वैज्ञानिक रूपमा भएको हो । सामूहिक आवश्यकता पूरा गर्न नियमहरूको विकास गरियो । यही आधारमा समाज विकास भएको हो । उनले मानव उत्पत्तिको प्रारम्भतिर आध्यात्मिक प्रकारको समाजको परिकल्पना गरेका छन् । विकासको दोस्रो स्तरलाई तात्त्विक स्तर भनिन्छ । यस स्तरमा मानिसले ईश्वरीय शक्तिलाई आधार माने पनि प्राकृतिक रूपमा घटनाहरूको विश्लेषण गर्न थाले । त्यसैले यस अवस्थालाई प्राकृतिक अवस्था भनिन्छ । उनले समाज विकासको तेस्रो चरणलाई वैज्ञानिक चरणका रूपमा व्याख्या गरेका छन् । यस अवस्थामा मानिसले कुनै पनि घटनालाई तार्किक ढङ्गले सोच्ने र विश्लेषण गर्ने गर्छ ।

प्रसिद्ध विद्वान् कार्ल मार्क्सले श्रम सम्बन्धका आधारमा समाजको विश्लेषण र वर्गीकरण गरेका छन् । उनले समाज विकासका चरणमा आदिम साम्यवादी समाज, दास समाज, सामन्ती समाज, पुँजीवादी समाज, समाजवादी समाज र साम्यवादी समाजमा वर्गीकरण गरेका छन् । निजी सम्पत्तिको अवधारणा विकास नभएको समयमा समाज समानतामा आधारित थियो । सानो, ठुलो र उँचोनिचोको भावना समाजमा थिएन । यस्तो समाजलाई उनले आदिम साम्यवादी समाज भनी व्याख्या गरेका छन् । यस्तो समाजमा मानिस प्रकृतिमा निर्भर थियो । व्यक्तिगत सम्पत्तिको धारणासँगै समाजमा वर्ग विभाजन भयो । यस्तो समाजमा धनीहरूले

गरिब र कमजोरलाई दासका रूपमा राख्ने परिपाटीको विकास भयो । यस परिपाटीले दास समाजको स्थापना भयो । सामन्तवादी समाजमा जमिनलाई अत्यधिक महत्त्व दिइने परिपाटीको विकास भयो । उक्त परिपाटीले केही मानिस बढी जमिन ओगटेर जमिनदार वा भूमिपति भए भने केही मानिस जमिनविहीन भएर भूमिपतिकहाँ काम गर्ने कृषि मजदुर भए । यस्तो समाजलाई सामन्तवादी समाज भनियो । उत्पादनका साधनमाथि निश्चित वर्गको वर्चस्व स्थापित भयो । पुँजी र पुँजीगत वस्तुको उत्पादनमा जोड दिन थालियो । यस्तो समाजलाई पुँजीवादी समाज भनियो । यस्तो समाजमा दुईओटा वर्ग हुने, एउटा वर्गले अर्को वर्गमाथि शोषण गर्ने र कामदार वर्गको अवस्था एकदम कमजोर हुने हुन्छ । यस्तो प्रकारको समाजमा वर्ग हुँदैन । उत्पादनका साधनहरू राज्यको स्वामित्वमा हुन्छन् । जनताका आवश्यकतालाई राज्यले पूरा गरिदिन्छ । समाजमा धनी, गरिब केही नहुनाले सबैको हैसियत समान हुने समाजलाई समाजवादी समाज भनेका छन् । समाजमा सबै प्रकारका विभेद अन्त्य भएर समानतामा आधारित समाजको निर्माण हुन्छ । त्यस्तो समाजलाई साम्यवादी समाज भनिने कुरा कार्ल मार्क्सले उल्लेख गरेका छन् ।

## जीवन पद्धतिको आधारमा समाज

जङ्गली समाजबाट सुरु भएको मानव जीवनको प्रारम्भिक अवस्था अत्यन्त जटिल थियो । हामी रामापिथेकसबाट विकास हुँदै आजको अवस्थामा आइपुगेका हौँ । यही क्रममा करिब २५ लाख वर्ष अगिदेखि १०,००० वर्षसम्मको अवधिमा मानिसले विकास गरेको संस्कृतिलाई प्रागैतिहासिक संस्कृति भनिन्छ । प्रागैतिहासिक संस्कृतिलाई पनि पूरापाषण, मध्यपाषण र नवपाषण गरी तीन भागमा विभाजन गरेर अध्ययन गर्ने गरिन्छ । त्यतिवेला मानिस ढुङ्गाका औजार प्रयोग गर्थे । जीवन पद्धतिको प्रमुख आधार नै ढुङ्गाका सामग्री हुनाले त्यस युगलाई ढुङ्गे युग भनिन्छ । सुरु सुरुमा प्रयोग भएका ढुङ्गाका औजार भद्दा खालका हुन्थे । पछि पछि मात्र मानिसले औजारलाई परिष्कृत गरे । यिनै हतियार प्रयोग गरेर मानिसले सिकार खेल्ने गर्थे । यो समाजलाई जङ्गली समाजका रूपमा परिभाषा गरिएको छ ।

**मध्यकालीन समाज :** दोस्रो खालको समाजलाई मध्यकालीन समाज भनेर इ. बी. टेलर र एल. एच. मोर्गनले व्याख्या गरेका छन् । धातुको प्रयोगसँगै यस्तो समाजको विकास भएको मानिन्छ । धातुका सामग्री प्रयोग भएसँगै विकसित समाजलाई उनीहरूले मिश्रित वा मध्यकालीन समाज भनेका छन् । यस्तो समाजमा मानिस समूहमा बस्न थाले । खेतीपाती गर्ने,

जङ्गली जनावरलाई समाएर घरपालुवा बनाउने कामको सुरुआत भयो । त्यस्तो समाजमा एउटा समूहले अर्को समूहलाई हेप्ने, दबाउने जस्ता बर्बर गतिविधि हुने हुनाले यो समाजलाई असभ्य बर्बरिक भनी व्याख्या गरेको पाइन्छ ।

**सभ्य समाज :** मध्यकालीन समाजको विकाससँगै मानिसको चेतनाको स्तर बढ्यो । लेखन कलाको विकास भयो । सभ्यता संस्कृतिको विकास भयो । मान्छेले हरेक वस्तु, पदार्थ वा विषयलाई तर्कपूर्ण ढङ्गले विवेचना गर्न थाले । कुनै पनि घटना घट्नुका कारण र असर खोजी गर्ने परिपाटीको विकास भयो । अन्त्यमा समाज बर्बरिक समाज सभ्य समाजमा रूपान्तरण भयो ।

## नेपाली समाजको उद्‌विकास

मानव विकासको सन्दर्भमा नेपाली समाज र तिनका पुर्खाहरू को थिए भन्ने पक्ष प्रस्ट हुनुपर्ने देखिन्छ । खास गरेर आदि मानवले अहिलेको अवस्थामा आइपुग्न ठुलो सङ्घर्ष गरेको देखिन्छ । पृथ्वीको उत्पत्ति सम्बन्धमा फरक फरक मत पाइए तापनि वैज्ञानिक अवधारणाअनुसार सूर्य अत्यन्त ठुलो र तातो पिण्ड थियो । सूर्यसँग कुनै अर्को ग्रहको डल्लो एकआपसमा ठोकिएर ससाना चोइटाहरू बने । तिनै चोइटाहरू सूर्यलाई केन्द्रबिन्दु बनाएर वरिपरि घुम्न थाले । यसरी बनेका टुक्राहरूमध्ये एउटा टुक्रा पृथ्वी पनि थियो र यस्ता टुक्राहरूलाई ग्रहको नाम दिइयो । यस्ता ग्रहका थुप्रै उपग्रहहरू पनि भए । यसरी ग्रह तारा आदिको समष्टि रूपबाट सौर्यमण्डलको निर्माण भयो ।

भौगोलिक रूपमा नेपाल टेथिससागरबाट करोडौँ वर्ष पहिले बनेको अनुमान गरिन्छ । भौगर्भिक हलचलका कारणले टेथिससागरको पिँधको भाग माथि उठेर हिमाली भाग निर्माण भयो । त्यसपछि क्रमशः महाभारत पर्वत श्रेणी र चुरे पर्वत श्रेणीहरू निर्माण भएको अनुमान गरिन्छ । नेपालका विभिन्न ठाउँमा गरिएका उत्खननका आधारमा यहाँ प्राचीनकालदेखि नै मानव बसोबास भएको आधारहरू पाइन्छ । नेपालमा उत्तरबाट मङ्गोल र दक्षिण वा पश्चिमबाट आर्यहरूको प्रवेश भएसँगै मानव समाजको विकास भएको अनुमान गरिन्छ । यसरी आएका समूहबिचको अन्तर्क्रिया घुलमिल र सम्बन्धका आधारमा नेपाली समाजको विकास हुन पुगेको देखिन्छ । यसरी आएका मानिसबिचको अन्तर्क्रिया, घुलमिल र सम्बन्धले विविधताको विकास भएको तथ्य प्रस्ट हुन्छ । त्यसैले नेपाली समाजको सन्दर्भमा जहिले पनि विविधताको

पक्ष जोडिएर आउँछ । विभिन्न कालखण्डमा आएका मानिस बसोबास गरेर भिन्नभिन्न खालको भाषा, संस्कृति, परम्परा, चालचलन रीतिरिवाज तथा लवाइखवाइको विकासले नै हाम्रो समाजमा विविधताको अवस्था सिर्जना भयो । नेपाली समाजमा विद्यमान विविधतालाई विभिन्न सैद्धान्तिक दृष्टिकोणहरूबाट व्याख्या गर्न सकिन्छ । संरचनात्मक प्रकार्यवादी तथा द्वन्द्वात्मक दृष्टिकोणका आधारमा नेपाली समाजमा विद्यमान विविधताको व्याख्या गर्न सकिन्छ ।

## सामाजिक विविधताको अवधारणा

विभिन्न संस्कृति भएका मानिसलाई बहुविशेषताका आधारमा बुझ्ने तरिकालाई सामाजिक विविधता भनिन्छ । त्यसैले सामाजिक विविधता भनेको एउटै संस्कृतिभित्रका मानिसलाई एकापसमा अलग राखेर हेर्नु पनि हो । तसर्थ सामाजिक विविधताले समाजमा वर्ण, जात, धर्म, संस्कृति, भाषा, शिक्षा, आर्थिक हैसियत, लिङ्ग, वैवाहिक स्थिति, उमेर, भौगोलिक अवस्थिति, संस्कृति आदिका आधारमा रहने र देखिने भिन्नतालाई बुझाउँछ । कुनै पनि समाजमा यस्ता भिन्नताहरू प्रस्ट गरी देख्न र हेर्न सकिन्छ । सामाजिक विविधता कुनै पनि समाजको महत्त्वपूर्ण विशेषता हो । समाजमा बस्ने मानिस विभिन्न आधारमा अन्तरसम्बन्धित भएका हुन्छन् । विविधताभित्र समानता, सहकार्य, सहअस्तित्व, विभेद, स्तरीकरण र असमानता पनि पाइन्छ । वर्तमान विश्वमा भूमण्डलीकरणका कारणले मानिसको गतिशीलता व्यापक बढ्दै गएको छ । बसाइँसराइले सामाजिक अन्तरघुलनलाई बढाएको देखिन्छ । परिणामतः सबै प्रकारको समाजमा विभिन्न जात, धर्म, भाषा, संस्कृति र हैसियत भएका मानिसको समूह निर्माण भएको पाइन्छ । आधुनिक सहरी समाजमा यही गतिशीलताले गर्दा विविधताको अवस्था अझ बढी देख्न सकिन्छ । समाजमा सामाजिक विविधतायुक्त भएसँगै जातीय, धार्मिक, सांस्कृतिक, आर्थिक तथा राजनीतिक आधारमा फरक फरक अभ्यासहरू देखिन्छन् । नेपाली समाज जनजाति, आदिवासी, धर्म, भाषा, संस्कृति, उत्पत्तिको इतिहास, लिङ्ग, वर्ण, आर्थिक हैसियत आदिका आधारमा निर्माण भएको छ । निष्कर्षमा फरक फरक विशेषतामा आबद्ध भएको समाजको अवस्थालाई नै सामाजिक विविधता भन्न सकिन्छ ।

सामाजिक विविधतालाई बहुआयामिक दृष्टिकोणबाट व्याख्या र विश्लेषण गर्न सकिन्छ । जात, धर्म, जनजातीयता, लैङ्गिकता र यौन झुकाव, पहिचान, शिक्षा, पेसा, जीवनशैली राष्ट्रियता, सामाजिक र आर्थिक अवस्था, सांस्कृतिक पहिचान, उद्भव र इतिहासजस्ता

पक्षमा हुने समाजको आबद्धता नै वास्तवमा सामाजिक विविधता हो । यसैले सामाजिक विविधताका विविध पक्षहरूलाई गहन तरिकाले बुझ्न आवश्यक हुन्छ । हाम्रो देश पनि जात, जनजाति, भाषा, धर्म, मूल्यमान्यता, संस्कृति, आर्थिक अवस्था, पहिचान आदिका आधारमा विविधतायुक्त छ । यही विविधताभित्र मानिसका भिन्न भिन्न सोचाइ, जीवन जिउने तरिका, मनोभावना तथा जीवनशैलीको विकास भएको पाइन्छ ।

## नेपाली समाजमा विविधता

नेपाली समाज सांस्कृतिक विविधतामा आधारित छ । हाम्रो समाजमा जातीय, धार्मिक, सांस्कृतिक तथा भाषिक विविधता पाइन्छ । धेरै धार्मिक सम्प्रदायहरू तथा धेरै जातजातिका मानिसको बसोबास हुनु हाम्रो मुलुकको मौलिक विशेषता मान्न सकिन्छ । यस्तो समाजलाई बहुलवादी समाज मानिन्छ । यहाँ भौगोलिक क्षेत्रअनुसार जातजाति, भाषा, रहनसहन तथा वेशभूषामा भिन्नता पाइन्छ । त्यसैले यहाँ अनेकतामा एकता तथा एकतामा अनेकता देख्न सकिन्छ ।

नेपाली समाजमा रहेको सामाजिक तथा सांस्कृतिक विभिन्नताले नेपाल र नेपालीको परिचय मात्र दिएको छैन, यसले नेपाली समाजमा भएको सहअस्तित्वलाई अभिव्यक्त गर्छ । एउटै समाजमा विभिन्न जातजातिहरू आफ्नो स्वतन्त्र अस्तित्व लिएर बसिरहेको पाइनु नेपाली समाजको महत्त्वपूर्ण चरित्र हो । यहाँ धनी र गरिबका बिचमा असमानता, राजनीति तथा निर्णय प्रक्रियामा सबै जातजातिको असमान पहुँच तथा जातीय आधारमा भेदभावको यदाकदा आभाष पाइए तापनि वर्तमान संविधानले सबै जातजाति, भाषा, वर्ग, वर्ण र सम्प्रदायका बिचमा समानताको सुनिश्चित गरेको छ ।

जातकै आधारमा श्रम विभाजन हुने कारणले पनि धनी र गरिबबिचको दुरी बढेको छ । लैङ्गिक आधारमा महिला र पुरुषबिच समाजमा असमानता देख्न सकिन्छ । यसैले यहाँ विविधताभित्र एकता छ तर विविधताभित्र समानता रहन सकेको छैन । अतः नेपाली समाजको विविधताको व्याख्या र विश्लेषण गर्दा सामाजिक संरचनाको विषय जोडिएर आउँछ । यहाँ हामी नेपाली समाजको संरचनाअन्तर्गत परिवार, विवाह, नाताप्रणाली तथा जात, धर्म, जनजाति तथा भाषाको सङ्क्षेपमा चर्चा गरिएको छ :

## नेपाली समाजमा जातीय संरचनाको ऐतिहासिक स्वरूप

जाति शब्दको प्रयोग बृहदारण्यक उपनिषद्मा गरिएको छ जहाँ वैश्यलाई जनाउन त्यो शब्दको प्रयोग गरिएको थियो । त्यस्तै पाणिनिको अष्टाध्यायी, कात्यायन र मनुस्मृतिमा पनि जाति शब्दको प्रयोग भएको पाइन्छ । यसैगरी महाभारतको शान्ति पर्वमा पनि ऋषि परासरले चार वर्णहरूको वैवाहिक मिश्रणका कारणले जातिको उत्पत्ति हुने तथ्य उल्लेख गरेका छन् ।

नेपालमा मानवबस्ती आजभन्दा ८-९ हजार वर्ष अगिदेखि रहेको कुरा दाङदेउखुरी उपत्यकामा पाइएका पाषाण युगका औजारहरूले पुष्टि गरेको छ । कपिलवस्तु तथा अन्य भागमा गरिएको पुरातात्त्विक उत्खननबाट ईसापूर्व प्रथम शताब्दीको प्रथम चरणतिरबाट नै मानव बसोबास भएको कुरा देखिन्छ । पन्ध्रौँ शताब्दीतिर जुम्लाको खस राज्य पतन भएर विभिन्न ससाना बाइसे तथा चौबिसे राज्यहरूको उदय भयो । यसरी लामो समय पार गरेर आउँदा अहिलेसम्म नेपालमा १४२ जातिहरू र १२४ भाषाभाषीहरू पहिचान भइसकेको छ । सबै जातजातिगत समुदायले आआफ्नै इतिहास र संस्कृति अँगालेका छन् ।

नेपालमा जातीय व्यवस्थाको सुरुआतसम्बन्धी पाचौँ शताब्दीदेखि लिच्छविकाल (४००-७५०) सम्मको अभिलेखमा ब्राह्मण (वैदिक पुजारी) र चन्डाल (अछुत) बारे उल्लेख गरिएको पाइएको छ । यो नै सबैभन्दा पुरानो अभिलेख हो । यसबाहेक जातीय व्यवस्थासम्बन्धी अर्को अभिलेखमा राजा जयस्थिति मल्ल (१३८०- १३९४) को शासनकालमा काठमाडौँ उपत्यकामा ६४ विभिन्न जातिहरूलाई पदानुक्रममा विभिन्न कार्य र पदहरूमा बाँडिएको उल्लेख गरिएको छ । नेपालका जातीय समूहलाई ४ मुख्य र बृहत् जातीय/क्षेत्रीय समूहमा विभाजन गर्न सकिन्छ ।

### जातजाति

वि. स. १९६८ को पहिलो जनगणनादेखि नै जातजातिसम्बन्धी तथ्याङ्कहरू सङ्कलन गरिएको भए तापनि २०४८ को जनगणना अगिसम्म सार्वजनिक गरिएको थिएन । प्रत्येक जनगणनामा जातजातिका समूहको सङ्ख्या बढ्दै गएको देखिन्छ। वि.सं. २०६८ मा जातजातिको सङ्ख्या १२५ थियो भने वि.सं. २०७८ मा बढेर १४२ समूहमा पुगेको छ। जनसङ्ख्याको आकारमा नुराङ जाति सबैभन्दा कम (३६ जना) देखि लिएर क्षेत्री (१६.४५%) को उच्चतम जनसङ्ख्या ४७,९६,९९५ सम्म रहेको छ । क्षेत्री र पहाडी ब्राह्मणहरूको जनसङ्ख्या वि.सं. २०४८ पछिका सबै जनगणनाहरूमा सबैभन्दा बढी रहेको पाइन्छ। मगर, थारु, तामाङ,

मुसलमान, नेवार, राई र गुरुङहरूको सङ्ख्या क्षेत्री र पहाडी ब्राह्मणपछि बढी देखिन्छ । तर वि.सं. २०६८ र २०७८ का बिचमा क्षेत्री र पहाडी ब्राह्मणहरूको जनसङ्ख्याको अनुपात भने घटेको देखिन्छ । अर्कोतर्फ जनसङ्ख्याको हिसाबले १५ ठुला समूहभित्र पर्ने विश्वकर्मा, मुस्लिम, परियार, ठकुरी, यादव, मिजार र तेलीको जनसङ्ख्या अनुपात भने वि.सं. २०६८ देखि २०७८ बिचमा बढेको देखिन्छ ।

राष्ट्रिय जनगणनाको प्रतिवेदन, २०७८ अनुसार नेपालमा जम्मा १४२ जातजातिहरू भेटिएका छन्, जसमा १२५ राष्ट्रिय जनगणना २०६८ कै निरन्तरतास्वरूप रहेका छन् भने १७ ओटा यस जनगणनामा नयाँ जात/जातिका रूपमा थपिएका छन् । यो २०७८ सालको जनगणनाअनुसार थपिएका जात/जातिहरूमा रानाथारु, भूमिहार, बनकरिया, सुरेल, चुम्बानुबी निवार बनियाँ, गाँव/गोड, कर्मारोङ, खटिक, बेल्दार, चाइ खुलौट, बोने, केवरतहरूले लेखाएको जात/जातिसम्बन्धी विवरणहरूबाट विज्ञ समूह तथा सरोकारवालासँग छलफल गरी जात/जातिको अन्तिम सूची तयार गरिएको छ । यस प्रतिवेदनमा २०६८ मा कायम भएका जातजातिमध्ये नेपाल सरकारको निर्णय, विभिन्न निकाय, आयोग र राष्ट्रिय तथ्याङ्क कार्यालयमा प्राप्त विभिन्न जातीय तथा भाषिक सङ्घसङ्गठनको मागअनुसार अनुसूचीमा उल्लेख भएबमोजिम केही जातजातिको नाम सच्याई २०७८ को जनगणनाको नतिजा सार्वजनिक गरिएको छ ।

## नेपालका प्रमुख जातिहरू

### क्षेत्री

नेपालमा सबैभन्दा बढी जनसङ्ख्या भएको जाति क्षेत्री हो । यो जातिको प्रायः देशभरका सबै स्थानमा बसोबास रहेको पाइन्छ । हिन्दु धर्म धेरै मान्ने यो जातिको भाषा भारोपेली भाषा परिवारअन्तर्गत पर्छ । वि.सं. २०७८ मा भएको जनगणनामा यो जातिको कुल जनसङ्ख्या ४७,९६,९९५ जना छ भने यो नेपालको कुल जनसङ्ख्याको १६.४५ प्रतिशत छ ।

### ब्राह्मण

नेपालको प्रमुख जातिका रूपमा रहेको ब्राह्मण जाति नेपालको प्रायः सबै भूभागमा बसोबास गर्छन् । यो जाति अर्घाखाँची, गुल्मी, पर्वत, स्याङ्जा, कास्की, चितवन, रूपन्देही, मोरङ,

झापा आदि जिल्लामा बहुसङ्ख्यामा रहेका छन् । यो जाति धर्मकर्म, पूजापाठ र सरकारी सेवामा बढी सक्रिय रहेको पाइन्छ । यिनीहरूले बोल्ने नेपाली भाषा भारोपेली भाषा परिवारअन्तर्गत पर्छ । वि.सं. २०७८ मा भएको जनगणनामा यो जातिको कुल जनसङ्ख्या ३२,९२,३७३ जना छ भने यो नेपालको कुल जनसङ्ख्याको ११.२९ प्रतिशत छ ।

### मगर

मगर जातिहरू देशभरि नै छरिएर रहेको भए पनि मुख्य वासस्थान स्याङ्जा, लमजुङ, तनहुँ, गुल्मी, रुकुम, रोल्पालगायतका स्थानलाई मान्न सकिन्छ । नेपालको एकीकरणपूर्व यिनीहरूको वासस्थानलाई मगरात क्षेत्र भनिन्थ्यो । यो जातिको प्रमुख पेसा घर निर्माण, कला, सैनिक सेवा आदि मानिन्छ । उनीहरूको पुरोहितलाई भुषाल भनिन्छ । यो जातिमा मारुनी नाच, कौरा नाच र रोधिघर अत्यन्तै प्रसिद्ध छ । आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ अनुसार यो जाति सुविधा वञ्चित समूहमा पर्छ । वि.सं. २०७८ मा भएको जनगणनामा यो जातिको कुल जनसङ्ख्या २०,१३,४९८ जना छ भने यो नेपालको कुल जनसङ्ख्याको ६.९० प्रतिशत रहेको छ ।

### थारु

थारुहरू मुख्य गरी नेपालको तराई प्रदेश र दाङ, सुर्खेत, उदयपुर तथा चितवनजस्ता भित्री मधेसका जिल्लाहरूमा बसोबास गर्छन् । यसबाहेक तराईका जिल्लाहरूमा थारु जातिको बसोबास रहेको पाइन्छ । थारु बस्तीलाई थरुहट भनिन्छ । थारुलाई आदरपूर्वक बोलाउँदा चौधरी भन्ने गरिन्छ । थारु जातिभित्र पनि विभिन्न थरहरू हुन्छन् । यिनीहरूको मुख्य पेसा कृषि र पशुपालन हो । नेपालका छ जिल्लामा थारुहरूको बाहुल्यता छ । यो जातिको पुरोहितलाई गुरुवा/भर्रा भनिन्छ । मुख्य चाडका रूपमा माघी (माघ १) लाई मान्छन् । हरेरी पर्व (खेतीपातीको पूजास्वरूप), सुखरात्री सिरुवा, गोरुवेलना (जेष्ठमा पानी पार्न मनाइने) अन्य पर्वहरू हुन् । विवाहमा दुलहीलाई बिदाइ गर्दा बत्ती दिने अनौठो प्रचलन रहेको छ । दुलाहा बिरामी भएमा प्रतिनिधि पठाएर पनि विवाह सम्पन्न हुन्छ । झिझिया नाच, लट्ठी नाच, बाह्रमासे नाच, छोक्रा नाच, मघौटा नाच, चोरखेलिया नाच, वडका नाच, रानी नाच, कटेहर नाच, जरजटिनी नाच, चाचर नाच, धुमरा नाच आदि थारु जातिका प्रसिद्ध नाचहरू हुन् । पश्चिम तराईका थारुले सखिया नाच नाच्छन् । आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ अनुसार सीमान्तकृत समूहमा पर्छ । वि.सं. २०७८ मा भएको जनगणनामा यो

जातिको कुल जनसङ्ख्या १८,०७,१२४ जना छ भने यो नेपालको कुल जनसङ्ख्याको ६.२० प्रतिशत रहेको छ ।

### तामाङ

नेपालको मुख्य गरी मध्यपहाडी क्षेत्रमा तामाङ जातिको बसोबास रहेको पाइन्छ । काठमाडौँ वरिपरिका जिल्लाहरू मुख्य बसोबासस्थल मानिन्छ । तामाङहरू बुद्धधर्म मान्छन् भने मुख्य चाड ल्होसार हो । तामाङ समुदायको पुरोहितलाई बोपो (लामा), धार्मिक स्थललाई घ्याङ (गुम्बा) र मृत्यु संस्कारलाई घेवा भनिन्छ । तामाङको मृत्यु संस्कार गर्दा १०८ बत्ती बाल्ने गरिन्छ, यसलाई याम्जा भनिन्छ । यस जातिले भोटबर्मेली परिवारको तामाङ भाषा बोल्छन् । घरको भित्तामा देवताको नाम र प्रार्थना लेखिन्छ जसलाई हिगी भनिन्छ । भोटेसेलो, तामाङ सेलो, डम्फुनाच, सरस्वती नाच तामाङहरूको महत्त्वपूर्ण नाच हुन् । विवाहवारीमा लमीको काम ताम्बाले गर्छन् । विवाहमा सिन्दुर प्रथा हुँदैन । वैशाख पूर्णिमाको दिन मनाइने दुड्या पर्वमा भीमसेन स्थानमा कुल देवताको पूजा गर्छन् । आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ अनुसार सीमान्तकृत समूहमा पर्छ । वि.सं. २०७८ मा भएको जनगणनामा यो जातिको कुल जनसङ्ख्या १६,३९,८६६ जना छ भने यो नेपालको कुल जनसङ्ख्याको ५.६२ प्रतिशत रहेको छ ।

### मुसलमान

नेपालको तराई तथा काठमाडौँ, पोखरालगायत विभिन्न ठाउँमा बसोबास गर्ने धर्म र संस्कृतिका दृष्टिले हिन्दु धर्मको ठिक विपरीत जस्तो देखिने मुसलमानहरूको आफ्नै पृथक् भाषा, धर्म र संस्कृति रहेको छ । सातौँ शताब्दीमा इस्लाम धर्मको विकास भए तापनि १५ औँ शताब्दीमा राजा रत्न मल्लको पालामा व्यापारीका रूपमा मुसलमानहरू नेपाल प्रवेश गरेका थिए । आफ्नो धर्म र संस्कृतिप्रति कठोर यो जातिका विवाहित नारीप्रति कुनै परपुरुषको दृष्टि नपरोस् भनी शिरदेखि पाउसम्म छोपिएको कालो कपड़ा (बुर्का) लगाउँछन् । पुरुषहरू कमिज, लुङ्गी, टोपी, शेरवानी तथा कुर्तासुरुवाल लगाउँछन् । कुरानमा नमाज (प्रार्थना) रोजा (अत), जकात (दान) र मुलगा नियम पालन गर्नुपर्ने कुरामा जोड दिइन्छ । वि.सं. २०७८ मा भएको जनगणनामा यो जातिको कुल जनसङ्ख्या १४,१८,६७७ जना छ भने यो नेपालको कुल जनसङ्ख्याको ४.८६% पर्छ ।

## नेवार

मूलथलो काठमाडौँ उपत्यका रहेको नेवार जातिको मुख्य पेसा व्यापार व्यवसाय हो । यो जातिको आफ्नै भाषा र लिपि छ । यिनीहरूको लिपिलाई 'रञ्जना' लिपि भनिन्छ । यिनीहरूको पुरोहितलाई 'गुभाजु' भनिन्छ । नेवार कन्याहरूले रजस्वलापूर्व (६ देखि ९ वर्षमा) बेलसँग गरिने विवाहलाई 'इहि' भनिन्छ । नेवार जातिअन्तर्गतको ज्यापू समुदायको महत्त्वपूर्ण पर्व 'योमरी पुन्ही' हो भने यही दिनलाई 'ज्यापू दिवस' का रूपमा पनि मनाइन्छ । परम्परागत रूपमा नेवार महिलाहरूले लगाउने पहिरनलाई 'हाकुपटासी' भनिन्छ भने टाउकामा लगाउने गहनालाई बुलिन भनिन्छ । नेवार जाति आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनअनुसार विकसीत समूहमा पर्छ । वि.सं. २०७८ मा भएको जनगणनामा यो जातिको कुल जनसङ्ख्या १३,४१,३६३ जना छ भने यो नेपालको कुल जनसङ्ख्याको ४.६० प्रतिशत रहेको छ ।

## राई

राई जातिको प्रमुख वासस्थान पूर्वी नेपालको मध्यपहाडी क्षेत्रलाई मानिन्छ । विशेष गरेर राईहरू धनकुटा, भोजपुर, खोटाङ, ओखलढुङ्गा, सोलु, इलाम तथा तराईका जिल्लाहरूमा बसोबास गर्छन् । राई जातिका विभिन्न थर तथा उपथरहरू हुन्छन् । यो जातिको आफ्नै राई भाषा छ जुन भोटबर्मेली भाषा परिवारमा पर्छ । साकेन्वा/साकेला प्रमुख चाड हो । यो उँधौली र उँभौली गरी वर्षमा २ पटक मनाइन्छ । साकेन्वा/साकेलानाच नाच्ने तरिकालाई सिलि भनिन्छ । यस जातिको पुरोहितलाई डोपा, नछुङ, ङोपा आदि नामले बोलाइन्छ भने पवित्र धर्म ग्रन्थ मुन्धुम हो । यिनीहरूले आफ्ना सृष्टिकर्ताका रूपमा पारूहाङ र सुम्निमालाई मान्छन् । राई जातिमा जात तथा भाषाका आधारमा विविधता पाइन्छ । यो समुदाय आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ अनुसार सुविधा वञ्चित समूहमा पर्छ । छोरो जन्मेमा ४ दिनमा र छोरी जन्मेमा ३ दिनमा चोख्याउने चलन छ । वि.सं. २०७८ मा भएको जनगणनामा यो जातिको कुल जनसङ्ख्या ६,४०,६७४ जना छ भने यो नेपालको कुल जनसङ्ख्याको २.२० प्रतिशत रहेको छ ।

## गुरुङ

नेपालको सूचीकृत आदिवासी जनजातिमध्ये गुरुङ जाति पनि एक प्रमुख जाति हो । यो समुदायको आफ्नै भाषा, धर्म, संस्कृति, परम्परा तथा मौलिक पहिचान रहेको पाइन्छ । यो

जातिलाई तमु समुदाय भनिन्छ र बसोबासका दृष्टिकोणले नेपालको मध्यपहाडी भागदेखि चुरे क्षेत्रसम्म फैलिएको छ । गुरुङहरू भोटबर्मेली परिवारको भाषा बोल्छन् । गुरुङहरू प्रकृतिपूजक भए पनि बौद्ध धर्मको प्रभाव बढी रहेको पाइन्छ । यो जातिको मुख्य चाड ल्होसार हो । यसबाहेक माघेसङ्क्रान्ति, श्रीपञ्चमी, फागुपूर्णिमालगायत दसैँ तिहार आदि चाडपर्वहरू मनाउँछन् । गुरुङहरू सुविधा वञ्चित आदिवासी जनजाति समूहमा पर्छ । वि.सं. २०७८ मा भएको जनगणनामा यो जातिको कुल जनसङ्ख्या ५,४३,७९० जना छ भने यो नेपालको कुल जनसङ्ख्याको १.८६ प्रतिशत पर्छ ।

## तेली

यो जातिको मुख्य वासस्थान पूर्वी तराई हो । यो जाति मधेस प्रदेशअन्तर्गतका विभिन्न जिल्लाहरूमा बसोबास रहेको पाइन्छ । तेल पेलेर बेच्ने भएकाले तेली भनिएको हो । प्रमुख पर्वका रूपमा छठ, दुर्गा पूजा, होली आदिलाई मान्ने गर्छन् । वि.सं. २०७८ मा भएको जनगणनामा यो जातिको कुल जनसङ्ख्या ४,३१,३४७ जना छ भने यो नेपालको कुल जनसङ्ख्याको १.४८ प्रतिशत रहेको छ ।

## लिम्बु

यो जातिको मुख्य थलो पूर्वका सङ्खुवासभा, तेह्रथुम, धनकुटा, पाँचथर र इलाम जिल्ला हो । यो जातिको पुरोहितलाई 'फेदाङ्मा' भनिन्छ भने स्त्री पुरोहित भएमा थेमा भनिन्छ । यिनीहरूले तागेरानिङ्वाभुमाङ्लाई सृष्टिकर्ता मान्दै पूजा गर्छन् । गृह देवताका रूपमा खामाङ् पूजा गर्ने चलन छ । मुख्य पेसा कृषि तथा पशुपालन मानिन्छ । यो जातिको धार्मिक ग्रन्थ 'मुन्धुम' हो । धान नाच, च्याम्बुङ नाच, चासोक चाड यो जातिका प्रमुख चाड हुन् । दुबो र ढुङ्गो लिएर सपथ खाने गर्छन् । वि.सं. २०७८ मा भएको जनगणनामा यो जातिको कुल जनसङ्ख्या ४,१४,७०४ जना छ भने यो नेपालको कुल जनसङ्ख्याको १.४२ प्रतिशत पर्छ ।

## मुसहर

मुसहर जातिको मुख्य वासस्थान तराई क्षेत्र हो । यो जातिलाई समाजमा आर्थिक रूपले विपन्न र शैक्षिक रूपले पिछडिएको मानिन्छ । यस जातिलाई सदा पनि भनिन्छ । माघ महिनामा कुल देवता अर्थात् भुँइयाँ महाराजको पूजा आराधना गर्ने चलन छ । दिनाराम र दिनभद्रीलाई कुल

देवता मान्छन् । यी जातिहरूले मुसाको विशेष परिकार बनाएर खाने गर्छन् । वि.सं. २०७८ मा भएको जनगणनामा यो जातिको कुल जनसङ्ख्या २,६४,९७४ जना छ भने यो नेपालको कुल जनसङ्ख्याको ०.९१ प्रतिशत हो ।

## धानुक

धानुक जातिको मुख्य बसोबास नेपालको तराई क्षेत्रमा रहेको पाइन्छ । परम्परादेखि नै धान खेतीलाई आफ्नो पेसा ठान्ने भएकाले यी जातिलाई धानुक भनिएको । हाल यिनीहरूले आफ्नो थर मण्डल लेख्छन् । कुलदेवतामा यिनीहरू गोरेआ बाबा, हनुमान र महावीरको पूजा गर्छन् । हिन्दु धर्म मान्ने यो जातिले वर्षायाममा जरजटिन नाच र झुम्मरी नाच नाच्छन् । मागीविवाहको प्रचलनमा रहेको देखिन्छ । विवाहअगि दुलहादुलहीको उचाइ लौराले नापिन्छ दुलहादुलहीको समान उचाइ राम्रो मानिन्छ । यो जातिमा अन्तिम संस्कार गर्दा जमिनमा आयतकारको खाल्डो खनेर लासको टाउको उत्तरतिर फर्काएर राखि जलाउने चलन छ । वि.सं. २०७८ मा भएको जनगणनामा यो जातिको कुल जनसङ्ख्या २,५२,१०५ जना छ भने यो नेपालको कुल जनसङ्ख्याको ०.८६% पर्छ ।

## कोचे (राजवंशी)

पूर्वी नेपालको कोच समुदाय राजवंशी नामले परिचित छ । राजवंशीको अर्थ 'राजपरिवार' अर्थात् 'राजपरिवारसँग आबद्ध' हुन्छ । राजामहाराजाको वंशका भएकाले यिनीहरूले आफूलाई राजवंशी भनिएको हो भन्ने भनाइ छ । राजवंशी जातिलाई कोच अर्थात् कोचे पनि भनिन्छ । आफूलाई क्षेत्रीय राजकुलको ठान्ने उनीहरू प्रारम्भमा विराट् राजाले आश्रय दिएको मान्छन् । पूर्वी नेपालमा शासन गर्ने किचक उनीहरूकै आदिपुर्खा भएको विश्वास गर्छन् । यही कारणले उनीहरूले आफूलाई राजाका सन्तानका रूपमा राजवंशी भनेका हुन् । कोचे (राजवंशी) जातिको मुख्य बसोबास झापा र मोरङ जिल्लामा रहेको पाइन्छ । यो जातिमा मातृसत्तात्मक परिवारको चलन छ । यिनीहरू गुरुलाई गुरुवा भन्छन् । यिनीहरू प्रकृति पूजा गर्ने तथा हिन्दु र इस्लाम दुबै धर्म मान्ने पाइन्छन् । भोजपुरी भाषा बोल्ने भए पनि यिनीहरूको मातृभाषालाई ताजपुरिया भनिन्छ । यो जाति सीमान्तकृत समूहअन्तर्गत पर्छ । वि.सं. २०७८ मा भएको जनगणनामा यो जातिको कुल जनसङ्ख्या १,३२,५६४ जना छ भने यो नेपालको कुल जनसङ्ख्याको ०.४५% पर्छ ।

## शेर्पा

शेर्पा जातिको मुख्य थलो सोलुखुम्बु भए पनि पूर्वमा ताप्लेजुङदेखि पश्चिममा सिन्धुपाल्चोकको हेलम्बुसम्म बसोबास रहेको पाइन्छ । पर्वतारोहण, पशुपालन र व्यापार तथा पर्यटन सेवा यो जातिका प्रमुख पेसा हुन् । यो जातिको प्रमुख पर्वहरूमा ल्होसार, छेजु, मानिरिन्दु, दुम्चे, ओसो, छिउन आदि हुन् । यो जातिको धर्मग्रन्थ फोग्यु हो । बुद्ध धर्मको बाहुल्यता रहेको शेर्पा समुदायको गुम्बा र घ्याङ प्रमुख पूजास्थल हुन् । शेर्पाको विवाह गर्ने चारओटा विधि छन् । ती विधिहरू क्रमशः टिछ्याड, देगछ्याङ्ग, पेछ्याङ्ग, गनेकुतब हुन् । यो जातिको प्रमुख पुजारी 'लामा' हुन् भने यो जातिको श्राद्ध कर्मलाई 'घेवा' भनिन्छ । शेर्पा जातिको कुल देवतालाई 'जिङ्ग' भनिन्छ । यो जातिमा लासलाई गाड्ने चलन छ । वि.सं. २०७८ मा भएको जनगणनामा यो जातिको कुल जनसङ्ख्या १,३०,६३७ जना छ भने यो नेपालको कुल जनसङ्ख्याको ०.४५ प्रतिशत रहेको छ ।

## घर्ती/भुजेल

भुजेल जातिमा हिन्दु धर्मको बाहुल्यता रहेको छ । नेपाली भाषा नै मातृभाषा रहेको हिन्दु धर्मावलम्बी यो जातिले कृषि पशुपालनलगायत अन्य पेसा अवलम्बन गरेको पाइन्छ । यिनीहरू खेतीपाती, मजदुरी एवम् अन्य सेवामा संलग्न रहेको पाइन्छ । वि.सं. २०७८ मा भएको जनगणनामा यो जातिको कुल जनसङ्ख्या जना १२०२४५ छ भने यो नेपालको कुल जनसङ्ख्याको ०.४१% पर्छ ।

## माझी

माझी जातिको मुख्य बसोबास स्थल ताप्लेजुङ, पाँचथर, तेह्रथुम, धनकुटा, रामेछाप तथा सिन्धुलीका नदीका छेउछाउको क्षेत्रहरू हुन् । यो जातिको मुख्य पेसा माछा मार्ने तथा डुङ्गा खियाउने मानिन्छ । यिनीहरू आफूलाई कुसका सन्तान मान्छन् । माझीका प्रमुख चाडपर्व दसैँ, तिहारलगायत हुन् । भीमसेनलाई कुल देवता मान्छन् । यिनीहरू आफूलाई सुगर भन्न रुचाउँछन् । यिनीहरूको नाइकेलाई मझुवा वा मिजार भनिन्छ । यस जातिको प्रमुख पर्व देवाली पूजा हो । गेहडी नाचसमेत यो जातिमा प्रसिद्ध छ । यो जाति लोपोन्मुख समूहमा पर्ने आदिवासी हो । वि.सं. २०७८ मा भएको जनगणनामा यो जातिको कुल जनसङ्ख्या १,११,३५२ जना छ भने यो नेपालको कुल जनसङ्ख्याको ०.३८ प्रतिशत पर्छ ।

## चेपाङ

चेपाङ जातिको मुख्य बसोबास भएका जिल्लाहरूमा मकवानपुर, धादिङ, चितवन र गोरखा हुन्। चेपाङहरूले बोल्ने भाषालाई 'खाम्ची' भनिन्छ भने मुख्य चाड 'चोनाम' हो। यो जातिको पुरोहितलाई 'पाँडे' भनिन्छ। यो जातिमा तीनचोटी टाउको ठोक्काएर विवाह गर्ने चलन छ। छोरीहरूलाई दाइजोका रूपमा चिउरीको बोट दिइन्छ। चमेराको मासु चेपाङ जातिको विशेष परिकार हो। चेपाङ जाति आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनअनुसार अति सीमान्तकृत समूहमा पर्छ। यो जातिको उन्नति र विकासका लागि नेपाल सरकारले २०३५ सालदेखि प्रजा विकास कार्यक्रम लागु गरेको छ। वि.सं. २०७८ मा भएको जनगणनामा यो जातिको कुल जनसङ्ख्या ८४,३६४ जना छ भने यो नेपालको कुल जनसङ्ख्याको ०.२९ प्रतिशत रहेको छ।

## दनुवार

यो जातिको बासस्थान सिन्धुली, सिराहा, सर्लाही, महोत्तरी, काभ्रे र ललितपुर जिल्लाअन्तर्गतका विभिन्न ठाउँमा रहेको पाइन्छ। गाउँको प्रमुख (मुखिया) लाई भान्जन भनिन्छ। यिनीहरू दनुवार भाषा बोल्छन्। यस जातिमा मृत्यु संस्कार गर्दा कान्छो छोरा मात्र किरिया बस्ने चलन छ भने नवजात शिशुको न्वारान कुलकी वृद्ध महिलाद्वारा गराइन्छ। यो अति सीमान्तकृत समूहमा पर्छ। वि.सं. २०७८ मा भएको जनगणनामा यो जातिको कुल जनसङ्ख्या ८२,७८४ जना छ भने यो नेपालको कुल जनसङ्ख्याको ०.२८ प्रतिशत हो।

## सतार वा सन्थाल

सतार श्यामवर्ण, मझौला कद भएका सन्थाल जातिको बसोबासस्थान झापा, मोरङ र सुनसरी हो। यिनीहरूको आफ्नै कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका हुन्छन्। यो जातिको मुख्य देवता ठाकुर हो। यिनीहरूको विवाह १२ प्रकारबाट गरिन्छ। त्यसलाई बापला भनिन्छ। सतार जातिका महिलाले लगाउने परम्परागत पोसाकलाई पालाहान्द भनिन्छ। सतार जाति १२ थरिका हुन्छन्। यिनीहरूको मुखियालाई माझिहडाम भनिन्छ। यसका अलावा यो जातिले पिल्बुहडाम, पिल्यु बुढी, मराडबुरू जस्ता देवता मान्छन्। यस जातिले सोहराई, हरिचाद जस्ता चाड मनाउँछन्। वाहा पर्वलाई फूलको उत्सवका रूपमा मनाउँछन्। दसैं नाच पनि सतारको महत्त्वपूर्ण पर्व हो। आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ अनुसार यो जाति अति सीमान्तकृत समूहमा पर्छ। यो जातिले बोल्ने भाषालाई मुण्डा

भनिन्छ । वि.सं. २०७८ को जनगणनामा यो जातिको कुल जनसङ्ख्या ५७,३१० जना छ भने यो नेपालको कुल जनसङ्ख्याको ०.२० प्रतिशत रहेको छ ।

## उराँव

उराँव जातिको वासस्थान पूर्वी तराईको समथर भूभाग हो । यस जातिको मुख्य पर्व कर्माधर्मालाई लिइन्छ । यिनीहरूको विवाहमा सिन्दुर साटासाट गरिन्छ । यिनीहरूको झगडा मिलाउने प्रमुख व्यक्तिलाई भाइजन भनिन्छ । आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ अनुसार अति सीमान्तकृत वर्गमा पर्ने आदिवासी हो । कर्माधर्मा नाच झाँगड जातिमा प्रसिद्ध छ । बयरको हाँगो घरंमा राख्दा भूतप्रेतबाट बचिन्छ भनी विश्वास गर्ने जाति उराँव हो । उराँव जातिको मुख्य बसोबास स्थल रौतहट, झापा, सुनसरी र सप्तरी जिल्ला हो । वि.सं. २०७८ मा भएको जनगणनामा यो जातिको कुल जनसङ्ख्या ४६,८४० जना छ भने यो नेपालको कुल जनसङ्ख्याको ०.१६ प्रतिशत रहेको छ ।

## गनगाई

मोरङ र झापा जिल्लामा बसोबास गर्ने गनगाईलाई ‘गणेश’ वा ‘मण्डल’ भनी चिनिन्छन् । प्रकृतिपुजक यस जातिका मानिसले ‘महावीर’ वा ‘ठाकुर’ लाई कुलदेवता मान्ने गर्छन् । कृष्णजन्माष्टमी, रामनवमी, दसैं तथा राखी पूर्णिमा यस जातिका मुख्य चाडपर्वहरू हुन् । गनगाईहरूमध्ये झापामा बस्नेहरूले राजवंशी वा बङ्गाली तथा मोरङमा बस्नेहरूले मैथिली भाषा बोल्छन् । कन्काई नदीको छेउमा बढी बसोबास रहेको पाइन्छ । मोरमा बस्ने गनगाईलाई मण्डल भनिन्छ । वि.सं. २०७८ मा भएको जनगणनामा यो जातिको कुल जनसङ्ख्या ४१,४४६ जना छ भने यो नेपालको कुल जनसङ्ख्याको ०.१४% पर्छ ।

## थामी

थामी नेपालमा बसोबास गर्ने एक जाति हो । थामी समुदायका मानिसले आफूलाई थाङ्मीजू भन्न रुचाउँछन् । यो जातिका मानिसले प्राकृत धर्म अँगालेको पाइन्छ जसलाई उनीहरू बोन या किरात भन्ने गर्छन् । यस समुदायका मानिस आफ्नै भाषा वाङ्मीस खाम बोल्ने गर्छन् । यो भोटबर्मेली परिवारमा पर्छ । थामी जातिको बसोबास धेरैजसो दोलखा, रामेछाप र सिन्धुपाल्चोक जिल्लामा रहेको पाइन्छ । आफ्नै अलग धर्म भएका थामी जातिले

कुलदेवताका रूपमा भुमे (भुम्या) को पूजा गर्छन् र सबै कर्मकाण्ड संस्कारहरू आफ्नै थामी गुरुद्वारा मौखिक रूपमा गर्ने गर्छन्। यिनीहरूको मुख्य पेसा कृषि हो भने केही थामीहरू काठसम्बन्धी (सिकर्मी), ढुङ्गासम्बन्धी (डकर्मी) र बाँस तथा चोयाका सामानहरू बनाउने कार्यमा पनि लागेको पाइन्छ। यस जातिका मानिसले मङ्सिर महिनामा मात्र विवाह गर्छन्। मर्नेको नाउँबाट चौतारो बनाउने तथा मरेपछि पनि विवाह गर्ने थामी जातिका संस्कार हुन्। वि.सं. २०७८ मा भएको जनगणनामा यो जातिको कुल जनसङ्ख्या ३२,७४३ जना छ भने यो नेपालको कुल जनसङ्ख्याको ०.११% पर्छ।

## धिमाल

धिमाल जाति नेपालका आदिवासी जनजातिहरू हुन्। यो जातिको मुख्य बसोबास झापा र मोरङ जिल्लामा रहेको पाइन्छ। सिरिजात (असारे पूजा) र नौवङ्गी पर्वहरू मनाउँछन्। यिनीहरूको पुरोहितलाई धामी भनिन्छ भने गाउँको प्रमुखलाई 'देउनिया' वा माझी भनिन्छ। मधेसको लिम्बु भनिने यस जातिमा सुपारी विवाहको प्रचलन भएको, बच्चाको नाइटो झरेको दिन सुत्केरी चोख्याउने र न्वारान गर्ने प्रचलन छ। यो जाति सीमान्तकृत समूहअन्तर्गत पर्छ। आफूहरूलाई किरातका सन्तति मान्ने गर्छन्। धिमाल जाति माछा मार्न र सिकार खेल्न सिपालु मानिन्छ। वि.सं. २०७८ मा भएको जनगणनामा यो जातिको कुल जनसङ्ख्या २५,६४३ जना छ भने यो नेपालको कुल जनसङ्ख्याको ०.०९% पर्छ।

## ताजपुरिया

ताजपुरिया जातिको मुख्य वासस्थान झापा र मोरङ जिल्लामा रहेको पाइन्छ। यस जातिको रीतिरिवाज र परम्परा राजवंशीसँग मिल्दोजुल्दो हुन्छ। यो जाति प्रकृतिपूजक जाति हो। यस जातिको कुल देवता ठाकुर, ब्रह्माणी र हनुमान हुन्। यस जातिको मुख्य चाड सिरुवा पर्व हो जुन चैत्र मसान्तदेखि वैशाख दुई गतेसम्म धुमधामका साथ मनाइन्छ। यिनीहरूको प्रमुख पेसा कृषि हो। यो जाति सीमान्तकृत समूहअन्तर्गत पर्छ। वि.सं. २०७८ मा भएको जनगणनामा यो जातिको कुल जनसङ्ख्या २०,९८९ जना छ भने यो नेपालको कुल जनसङ्ख्याको ०.०७ प्रतिशत पर्छ।

## डुम

डुम जाति प्रायः भारतीय सीमा नजिकका तराई जिल्लामा बसोबास गर्छन् । यिनीहरू दलित वर्गमा पर्ने अतिनिम्न जीवनस्तर भएका जाति हुन् । यो प्राचीन आदिवासी जाति हो । उहिले यस जातिका राजा पनि थिए भन्ने विश्वास गरिन्छ । यिनीहरूको विवाह एउटै घरघरनामा हुँदैन । पाँच पुस्तासम्म बार्ने चलन छ । हिन्दु संस्कारबमोजिम विवाह हुन्छ । डुम जातिको बालबालिका मरेमा गाड्छन् भने विवाहपछि मरेकालाई जलाउने गर्छन् । वि.सं. २०७८ मा भएको जनगणनामा यो जातिको कुल जनसङ्ख्या १९,९०१ जना छ भने यो नेपालको कुल जनसङ्ख्याको ०.०७% पर्छ ।

## दराई

यस जातिमा नयाँ वर्षका दिन पुरानो आगो निभाई नयाँ आगो निकालेर बाल्ने चलन छ । यो जातिको लोकप्रिय गीत चुड्का हो । यिनीहरू माछा मार्ने, ढुङ्गा खियाउने र अर्काको ज्याला मजदुरी गरी जीविकोपार्जन गर्छन् । वि.सं. २०७८ मा भएको जनगणनामा यो जातिको कुल जनसङ्ख्या १८,६९५ जना छ भने यो नेपालको कुल जनसङ्ख्याको ०.०६% पर्छ ।

## भोटे

भोटे जातिको वेशभूषा, धर्म र संस्कृति तिब्बतीहरूसँग मिल्दोजिल्दो रहेको छ । व्यापार र पशुपालन मुख्य व्यवसाय रहेको पाइन्छ । यस जातिले बुद्ध धर्मको एउटा शाखा बोन धर्म मान्ने गर्छन् । यो जातिले मनाउने प्रमुख चाड ल्होसार हो । वि.सं. २०७८ मा भएको जनगणनामा यो जातिको कुल जनसङ्ख्या १५,८१८ जना छ भने यो नेपालको कुल जनसङ्ख्याको ०.०५% पर्छ ।

## पहरी

पहरी जातिको पारिवारिक तथा सामाजिक संरचना मातृसत्तात्मक रहेको छ । यस जातिको परम्परागत पेसा कृषि, पशुपालन राडी, पाखी, डाला तथा नाला बुन्ने रहेको छ । हिन्दु धर्मसंस्कृतिलाई आत्मसात् गर्ने र खडा देवीको पूजा गर्छन् । मुख्य बसोबासस्थल काभ्रेपलान्चोक तथा रामेछापलाई मानिन्छ । वि.सं. २०७८ मा भएको जनगणनामा यो जातिको कुल जनसङ्ख्या १५,०१५ जना छ भने यो नेपालको कुल जनसङ्ख्याको ०.०५% पर्छ ।

## कुमाल

कुमाल जाति खास गरेर पहाडी प्रदेशको खोला नदीको किनारमा पर्ने बेँसी, टार र फाँटहरूमा बसोबास गरेको पाइन्छ । पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मको विभिन्न जिल्लाको तराई र भित्री मधेसमा पनि यस जातिको बसोबास छ । नेपालमा आर्यहरूको प्रवेशसँगै भारोपेली परिवारको विभिन्न भाषाहरू पनि भित्रिएका थिए । त्यसैअनुरूप कुमाल जातिको पनि छुट्टै भाषा छ । तर लिखित रूपमा लिपि नभएको र अत्यधिक मात्रामा नेपाली भाषाले यस भाषालाई विस्थापित गरेकाले कुमाल भाषा लोपोन्मुख अवस्थामा रहेको छ । पर्म प्रथा लोकप्रिय भएको यो जाति माटाका भाँडाकुडा बनाउने काममा प्रख्यात छन् ।

यस जातिले खास गरेर हिन्दु धर्ममा नै आस्था राखेको पाइन्छ । परमात्मामाथिको विश्वास, पापदेखि डर मान्ने, पुण्यमा आशा र भरोसा राख्ने, तन्त्रमन्त्र तथा धामी झाँक्रीको क्रिया तथा प्रतिक्रियाप्रति विश्वास गर्छन् । बच्चा जन्मिँदा ठुलो उत्सव मान्ने यो जातिका मानिस मर्दा गाड्ने वा खोलामा बगाउने प्रचलन छ । सीमान्तकृत आदिवासीअन्तर्गत पर्ने कुमाल जातिका बाजाहरू मुरली, मादल, खैँजडी आदि हुन् । विवाह गर्दा दुबै पक्षका सम्धी सम्धी लडाइँ गर्ने प्रचलन छ । वि.सं. २०७८ मा भएको जनगणनामा यो जातिको कुल जनसङ्ख्या १२,९७० जना छ भने यो नेपालको कुल जनसङ्ख्याको ०.०४% पर्छ ।

## छन्त्याल

छन्त्याल जातिको मुख्य थलो धौलागिरी अञ्चलको बाग्लुङ र म्याग्दी जिल्लालाई मानिन्छ । यस जातिका मानिस प्राकृतिक धर्म मान्छन् । यिनीहरूको पुरोहितलाई ज्वाई भनिन्छ जसले धार्मिक, सामाजिक तथा सांस्कृतिक गतिविधि सम्पन्न गर्न भूमिका खेल्छन् । यिनीहरूले बोल्ने भाषालाई खाम भनिन्छ । तारो हान्ने खेल यो जातिमा प्रचलित छ । लतार्ने विवाह प्रथा यो जातिमा छ । यो आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ अनुसार सुविधा वञ्चित समूहमा पर्छ । वि.सं. २०७८ मा भएको जनगणनामा यो जातिको कुल जनसङ्ख्या ११,९६३ जना छ भने यो नेपालको कुल जनसङ्ख्याको ०.०४ प्रतिशत रहेको छ ।

## थकाली

यो जातिको मुख्य बसोबास मुस्ताङको थाकखोला मानिन्छ । गौचन, तुलाचन, शेरचन, भट्टचन मुख्य थर रहेको यो समुदायमा ढिकुटी प्रथा प्रचलनमा रहेको छ । यो जातिका मुख्य

चाडपर्वहरूमा 'ल्हा, फेवा' (१२ वर्षमा मनाइने) तोरन्ल्हा, ठोडतोड, म्यो आदि हुन् । यिनीहरू तिब्बतमा प्रचलित बोन, बुद्ध र हिन्दु धर्म मान्छन् । थकाली जाति आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनअनुसार विकसित समूहमा पर्छ । वि.सं. २०७८ मा भएको जनगणनामा यो जातिको कुल जनसङ्ख्या ११,७४१ जना छ भने यो नेपालको कुल जनसङ्ख्याको ०.०४ प्रतिशत पर्छ ।

## बोटे/मलाह

बोटे/मलाह जाति तनहुँ, काभ्रेपलान्चोक, ताप्लेजुङ, पाँचथर, तेह्रथुम, धनकुटा, चितवन आदि जिल्लामा बहुसङ्ख्यामा र ठुला नदीका छेउछाउमा नेपालका सबै जिल्लामा यो जाति पाइन्छ । यो जातिले माछा मार्ने, ढुङ्गा खियाउने र नदीको बालुवामा सुन खोज्ने कार्यलाई नै परम्परागत पेसाका रूपमा अपनाएको छ । यस जातिको धेरैजसो चालचलनहरू माझी समुदायसँग मिल्दोजुल्दो छ । वि.सं. २०७८ मा भएको जनगणनामा यो जातिको कुल जनसङ्ख्या ११,२५८ जना छ भने यो नेपालको कुल जनसङ्ख्याको ०.०४% पर्छ ।

## बराम

यो जातिको मुल थलो गोर्खा, ललितपुर, धालिङ, मकावनपुर तथा नवलपरासी जिल्लामा बसोबास रहेको पाइन्छ । कृषि र पशुपालनलगायतका पेसाहरू अवलम्बन गर्छन् । यिनीहरू भोट बर्मेली भाषा परिवारको बराम (बरामो) या बालकुरा बोल्छन् । बालकुरा भन्नाले मान्छेको भाषा भन्ने हुन्छ । यिनीहरूले आफूलाई हिन्दु भने तापनि हिन्दु संस्कार अपनाएको पाईंदैन । यिनीहरू कुल देवताको पूजा गर्छन् । यिनीहरूको मृत्युसंस्कारमा लासलाई जलाउने चलन रहेको छ । वि.सं. २०७८ मा भएको जनगणनामा यो जातिको कुल जनसङ्ख्या ७,८५९ जना छ भने यो नेपालको कुल जनसङ्ख्याको ०.०३ प्रतिशत हो ।

## गन्धर्व

पश्चिम नेपालका पहाडी जिल्लाहरू (कास्की, स्याङ्जा, सल्यान, दाङ, सुर्खेत) मा पाइए तापनि यो जातिको मूलथलो कास्की जिल्लाको बाटुलेचउरअन्तर्गत पर्ने गाइने गाउँ हो । यो जातिको मुख्य काम मिठा गीत गाएर र सारङ्गीमा धुन बजाएर अरूलाई प्रसन्न पार्नु हो । त्यसबाट प्राप्त हुने अन्न र रकमबाट गन्धर्वहरू आफ्नो जीविका चलाउँछन् । गन्धर्वहरूको

कुलदेवताको नाम 'बिजुलाङ्गो' हो र भदौ पूर्णिमाका दिन सेतो र रातो ध्वजा चढाएर कुल देवताको पूजा गर्छन् । हिन्दु धर्मावलम्बी गन्धर्वहरूले दसैं र तिहार उत्साहका साथ मनाउँछन् । वि.सं. २०७८ मा भएको जनगणनामा यो जातिको कुल जनसङ्ख्या ६,९७१ जना छ भने यो नेपालको कुल जनसङ्ख्याको ०.०२% पर्छ ।

## जिरेल

दोलखा जिल्लाको जिरी र जुगु गाउँ मुख्य थलो मानिने यो जाति केही मात्रामा रामेछाप जिल्लामा समेत पाइन्छ । यिनीहरूको मुख्य पेसा कृषि र पशुपालन हो । यो जातिले बौद्ध र हिन्दु दुबै धर्म मानेको पाइन्छ । यिनीहरूको पुरोहितलाई नासो/रोपा भनिन्छ । यो जातिले आफूलाई जिर्पा भन्न रुचाउँछन् । यिनीहरूको धर्मगुरु वा पुरोहितलाई पोम्बा र झाँक्रीलाई फोम्बो भनिन्छ । मानिसको मृत्यु हुँदा लामाबाट साइत हेराई गाड्ने जलाउने गरिन्छ । यो आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ अनुसार सुविधा वञ्चित समूहमा पर्छ । वि.सं. २०७८ मा भएको जनगणनामा यो जातिको कुल जनसङ्ख्या ६,०३१ जना छ भने यो नेपालको कुल जनसङ्ख्याको ०.०२ प्रतिशत पर्छ ।

## डोल्पो

काइके पनि भनिने यो जाति डोल्पा जिल्लामा बसोबास गर्छन् । डोल्पोलाई स्थानीय भाषामा धोल्पोवा भन्ने गरिन्छ । यो जाति धौलागिरी हिमालको उत्तर र तिब्बतभन्दा दक्षिण भेरी नदीको सिरानमा बस्छ । यिनीहरूले बोल्ने भाषालाई 'काइके' (तराली) भनिन्छ । यिनीहरू बौद्ध धर्म मान्छन् । यिनीहरूको मुख्य पेसा कृषि, पशुपालन र व्यापार हो । यो आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ अनुसार सीमान्तकृत समूहमा पर्छ । वि.सं. २०७८ मा भएको जनगणनामा यो जातिको कुल जनसङ्ख्या ५,८१८ जना छ भने यो नेपालको कुल जनसङ्ख्याको ०.०२ प्रतिशत रहेको छ ।

## व्याँसी

आफूलाई वेदव्यासका सन्तान मान्ने व्याँसी जाति नेपालको दार्चुला जिल्ला र छेउछाउका इलाकामा बसोबास गर्छन् । यिनीहरूलाई प्रकृतिको पूजा गर्ने मङ्गोलियन मूलको मानिन्छ । यिनीहरूको मुख्य चाड धवला भए पनि ह्यु तिहार र विसु तिहार मान्छन् । यो फागुन

महिनामा पर्छ । यिनीहरू आफूलाई रोङ भन्न रुचाउँछन् । यिनीहरू बच्चा जन्मनेबित्तिकै न्वारान गर्ने र सुत्केरीलाई सात दिनसम्म नछुने चलन छ । यिनीहरूको भाषालाई व्याँसी, लगाउने पोसाकलाई च्युडवाला र कुल देवतालाई नाम्जोङ्ग भनिन्छ । उनीहरूको प्रमुख पेसा कृषि र व्यापार हो । यो जाति आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ अनुसार सुविधा वञ्चित समूहमा पर्छ । वि.सं. २०७८ मा भएको जनगणनामा यो जातिको कुल जनसङ्ख्या ५,७१८ जना छ भने यो नेपालको कुल जनसङ्ख्याको ०.०२ प्रतिशत पर्छ ।

## दुरा

लमजुङ जिल्लाको दुराडाँडा दुरा जातिको प्रमुख बसोबास स्थल हो । यो समुदायमा "छेलो हान्ने" खेल निकै लोकप्रिय छ । नेपालमा थोरै सङ्ख्यामा रहेको यो जातिको उत्थानका लागि दुरा सेवा समाज गठन गरिएको छ । यो जातिको मातृभाषा भोटबर्मेली भाषा परिवारअन्तर्गतको दुरा भाषा हो । छोरा भएमा कुखुराको भाले र छोरी भएमा पोथी काटेर न्वारान गर्ने चलन छ । आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ अनुसार यो जाति सीमान्तकृत समूहमा पर्छ । वि.सं. २०७८ मा भएको जनगणनामा यो जातिको कुल जनसङ्ख्या ५,५८१ जना छ भने यो नेपालको कुल जनसङ्ख्याको ०.०२ प्रतिशत पर्छ ।

## मेचे

मेचेको मुख्य बसोबास स्थल झापा हो । यिनीहरूले कृषि, पशुपालन र माछा मार्ने कार्यबाट जीविका चलाउँछन् । यी जातिले वनदेवता र वनदेवीको साथै प्रकृति नदीनाला, सिउँडीको रुख र भद्राइ देवताको पूजा गर्छन् । मेची नदीको किनारमा बसोबास गर्ने भएकाले यो जातिलाई मेचे भनिएको हो । आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ अनुसार यो जाति लोपोन्मुख समूहमा पर्छ । वि.सं. २०७८ मा भएको जनगणनामा यो जातिको कुल जनसङ्ख्या ५,१९३ जना छ भने यो नेपालको कुल जनसङ्ख्याको ०.०२ प्रतिशत हो ।

## राजी

राजी जातिको मूल थातथलो मुगुको रारागाउँ मानिन्छ । राराताल फुटेर बगेको एउटा किंवदन्ती राजी जातिमा खुबै प्रचलनमा छ । राजीहरूले आफ्नो उत्पत्तिको किंवदन्ती सुनाउँदा रारा ताल फुटेर आफूहरू बगिआएको बताउँछन् । राजीहरू अहिले पनि रारा ताल क्षेत्रलाई

पवित्र स्थलका रूपमा सम्झने गर्छन् । रारा ताल फुटेर विस्थापित भई कर्णाली र भेरी नदीको छाल हुँदै दैलेख, सुर्खेत र कैलालीको उत्तरी भेगमा बसोबास थालेको उनीहरू बताउँछन् । ती क्षेत्रलाई राजी जातिले पुर्ख्यौली थलोका रूपमा मान्दै आएका छन् ।

सरकारले लोपोन्मुख आदिवासी जनजातिका रूपमा सूचीकृत गरेको राजी जातिको आफ्नै भाषा, वेशभूषा, संस्कार र संस्कृति छ तथापि उनीहरूको लिपि छैन । २०७८ को जनगणनाअनुसार राजीको जनसङ्ख्या ५,१२५ रहेको छ । यसमध्ये पुरुष २,४८३ र महिलाको सङ्ख्या २,६४२ रहेको छ । राजीले आफ्नो जातीय पहिचानका लागि वेशभूषाको प्रयोगमा समेत जोड दिएका छन् । राजी पुरुषले टोपी, कमिज, भोटो, हरियो खिका भएको छड्के पटुका र सद्धरी लगाउँछन् । महिलाले टोपरेलको गुनिउँ, चोली, घलेक र सेतो रुमाल पहिरिन्छन् । राजी जातिमा मागेर, तानेर र भगाएर विवाह गर्ने परम्परा छ । शव जलाउने होइन जमिनमा गाड्ने तर १३ दिनसम्म दुःख बार्ने परम्परा रहेको छ । राजीले बोल्ने भाषा रावटी भए पनि उनीहरू आफ्नो भाषालाई राजी भाषा नै भन्छन् । सुर्खेतमा प्रख्यात पर्यटकीय स्थल गङ्गामाला देवतीबज्यैको मन्दिर छ । गङ्गामाला देवतीबज्यैको उत्पत्ति र राजी जातिबिच रोचक किंवदन्ती रहेको छ । शताब्दीदेखि सो मन्दिरको पुजारीका रूपमा राजी जातिले सेवा गर्दै आएका पनि छन् । जङ्गलमा कन्दमूलले गुजारा चलाउन मुस्किल परेपछि राजीहरू नदीकिनारको आश्रयमा पुगे । त्यसपछि उनीहरू माछा मारेर छाक टार्ने र काठका डुङ्गा चलाएर मानिसलाई सेवा दिएबापत अन्नपात उठाउँदै जीवन धान्न थाले । वि.सं. २०७८ मा भएको जनगणनामा यो जातिको कुल जनसङ्ख्या ५,१२५ जना छ भने यो नेपालको कुल जनसङ्ख्याको ०.०२ प्रतिशत रहेको छ ।

## लेप्चा

लेप्चा जातिको मुख्य थलो इलाम जिल्लालाई मानिन्छ । अस्ताच्यो र नामवर पवित्र धार्मिक ग्रन्थ हुन् । यिनीहरूको पुरोहितलाई गम्बालामा भनिन्छ भने यिनीहरू लोक्तेन नाच नाच्छन् । यो जातिको धार्मिक गुरुलाई मोनबुन थिङ, बिजुवा भनिन्छ । यस जातिले कञ्चनजङ्घा हिमाललाई आफ्नो मुख्य देवता मान्छन् । यस जातिले लासलाई भित्ता फोरेर वा झ्यालबाट निकाल्छन् । यिनीहरूको विवाह गर्दा ७ विधि पूरा गर्नुपर्छ । यसमध्ये केटी माग्न जाने केटाको धैर्य परीक्षण गर्न सिस्नोले हिर्काइन्छ । सुत्केरी भएको तेस्रो दिनमा जाँडरक्सी खुवाई चोख्याइन्छ । आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ अनुसार यो जाति

लोपोन्मुख समूहमा पर्छ । वि.सं. २०७८ मा भएको जनगणनामा यो जातिको कुल जनसङ्ख्या ३,५७८ जना छ भने यो नेपालको कुल जनसङ्ख्याको ०.०१ प्रतिशत रहेको छ ।

## कुशवाडिवा

कुशबाडिया जातिको मूल वासस्थान बाँके र बर्दिया हो । प्रकृति पूजा गर्ने यस जातिले मसौनिया नामक पितृ देवता मान्ने तथा लासलाई गाडिसकेपछि चिहानवरिपरि बसेर मलामीहरू रक्सी पिउने चलन छ । यस जातिको परम्परागत पेसा पत्थर काट्ने, सिलौटो बनाउने, काइँयो बनाउने आदि हुन् । कुशबाडियाको भाषा तथा संस्कृति दरै र माझीसँग मिल्दोजुल्दो रहेको छ । वि.सं. २०७८ मा भएको जनगणनामा यो जातिको कुल जनसङ्ख्या ३,३४३ जना छ यो नेपालको कुल जनसङ्ख्याको ०.०१ प्रतिशत रहेको छ ।

## हायु

हायु जातिको मुख्य बसोबास काभ्रे, सिन्धुली तथा रामेछाप जिल्लामा रहेको पाइन्छ । हायुहरू आफूलाई किरातको वंश मान्छन् । हिन्दु धर्म मान्ने यस जातिको प्रमुख चाड देवाली पूजा हो । यस जातिको नाइकेलाई मझुवा वा माझी भनिन्छ । यस जातिले बोल्ने भाषालाई हायु भनिन्छ । मुख्य बसोबास रामेछाप र सिन्धुली हो । वि.सं. २०७८ मा भएको जनगणनामा यो जातिको कुल जनसङ्ख्या ३,०६९ जना छ भने यो नेपालको कुल जनसङ्ख्याको ०.०१% पर्छ ।

## किसान जाति

किसान नेपालका अल्पसङ्ख्यक जातिहरूमध्ये एक हो । यो जनजाति झापा जिल्लाको धुलाबारी र धाइजन क्षेत्रमा बसोबास गर्छन् । यो जनजातिको मूलथलो भारतको उडिसा र बिहार प्रान्त भएको मानिन्छ । यो जातिले प्रायः जीविकोपार्जनका लागि खेती गर्छन् । यिनीहरूले बोल्ने भाषा द्रविड भाषा परिवारको भाषा हो । यो जातिलाई उराउ पनि भनिन्छ । यिनीहरू छठ प्रमुख चाडका रूपमा मनाउँछन् । यो जाति लोपोन्मुख समूहअन्तर्गत पर्छ । वि.सं. २०७८ मा भएको जनगणनामा यो जातिको कुल जनसङ्ख्या १,४७९ जना छ भने यो नेपालको कुल जनसङ्ख्याको ०.०१% पर्छ ।

## फ्री जाति

कुनै वेला भक्तपुरको राजदरबारमा भान्सेको काम गर्ने यो जाति मकवानपुर जिल्लाका फापरवारी, बेतिनी, काभ्रेपलाञ्चोक जिल्लाको घर्ती छाप, ललितपुर जिल्लाका गोदावरी, बडिखेल, चापागाउँ, लेले क्षेत्र तथा सिन्धुपाल्चोक जिल्लामा न्यून सङ्ख्यामा बसोबास गर्छन्। कसै कसैले रातमा फेरी लगाएर हिँड्नेलाई फ्री जाति भनी उल्लेख गरेको पाइन्छ। नेपाल सरकारद्वारा सूचीकृत आदिवासी जनजातिमा यिनीहरूलाई सूचीकृत गरे तापनि यिनीहरू आफूलाई क्षेत्री भन्न रुचाउँछन्। यिनीहरूको भाषा, रहनसहन र संस्कृति नेवार तथा पहरीहरूसँग मिल्छ। यो जातिको जनसङ्ख्या ९२१ मात्र छ।

## तोप्केगोला

तोप्केगोला जातिको वेशभूषा, धर्म तथा संस्कृति लिम्बुसँग मिल्दोजुल्दो छ । यिनीहरूको स्थानीय भाषालाई ढोक्प्या भनिन्छ। मुख्य पेसा व्यापार व्यवसाय हो। वि.सं. २०७८ मा भएको जनगणनामा यो जातिको कुल जनसङ्ख्या ६४२ जना छ।

## राउटे

राउटे नेपालको फिरन्ते जातिअन्तर्गत पर्छ। यस जातिको निश्चित बसोबासस्थल छैन। यद्यपि यो जातिको बसोबास नेपालको कर्णाली र सुदूरपश्चिम प्रदेशका दैलेख, जाजरकोट, सुर्खेत, सल्यान र अछाम आदि पहाडी जिल्लाहरूका घना जङ्गलमा पाइन्छ। यिनीहरू छाप्रोमा बस्छन् त्यसलाई राउटी भनिन्छ। यो जातिले गुना बाँदरको सिकार गरी खान्छन्। मानिसको मृत्यु भएमा बाँदर मार्ने जालमा बेरेर गाड्छन्।

राउटे जातिका मानिसले जङ्गली कन्दमुल, फलफूल र सिकार गरी आफ्नो जीविका चलाउँछन्। यिनीहरूको जात 'राउत' र 'साउत' गरी दुईओटा हुन्छन्। यिनीहरूको बोल्ने भाषा 'खाम्ची' हो। राउटे जाति आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ अनुसार लोपोन्मुख समूहमा पर्छ। वि.सं. २०७८ मा भएको जनगणनामा यो जातिको कुल जनसङ्ख्या ५६६ जना रहेको छ।

## बालुङ

ताप्लेजुङ जिल्लाको ओलाङचुङगोला बालुङहरूको मुख्य बसोबासस्थल हो । यस जातिको वेषभुषा शेर्पाको जस्तै हुन्छन् । यो जाति बौद्ध धर्मप्रति आस्थावान् हुन्छन् । ल्होसार, नेसो फुटुक आदि चाडपर्व मनाउने गर्छन् । वि.सं. २०७८ मा भएको जनगणनामा यो जातिको कुल जनसङ्ख्या ४८१ जना छ ।

## ल्होमी

सङ्खुवासभा जिल्लाको उत्तरी भाग जहाँ अरुण नदी तिब्बतबाट नेपाल प्रवेश गर्छ । अरुण नदीको गहिरो गल्छीको वरपरका भिराला पाखाहरूमा बसोबास गर्दै आएका समुदायलाई ल्होमी भनिन्छ । उनीहरूलाई सिङसावा वा कारभोटे जस्ता उपनामले पनि चिनिन्छ । माथिल्लो अरुण उपत्यका क्षेत्रलाई आफ्नो थातथलो बनाइ बसोबास गर्दै आएका ल्होमीहरूको आफ्नै पहिचान र मौलिक संस्कृति छ । छुट्टै भाषा, लिपि, धर्म, संस्कृति, रीतिरिवाज, रहनसहन र वेशभूषा छन् । यस जातिले ल्होकेत (ल्होमी) भाषा बोल्छ । ल्होमीहरू गीत गाएर नाच्दा दिल खोलेर नाच्छन् । उनीहरू पित्तलको बिँड भएको खुकुरी भिर्छन् । छिरिङ च्यिङगप टोपी लगाउँछन् । उनीहरूले स्यमुङडोङ्स्य (एक प्रकारको टोपी), दोचा (एक प्रकारको जुत्ता), आङ्गी र पाङ्तेन लगाउँछन् । बौद्ध र बोन्पो धर्म मान्ने र धामीझाँक्रीमा विश्वास गर्ने गर्छन् । गाउँको मुखिया वा नाइकेलाई पिम्बू भनिन्छ । वि.सं. २०७८ मा भएको जनगणनामा यस जातिको कुल जनसङ्ख्या ३५५ जना छ ।

## कुसुन्डा

मुख्य बसोबासस्थल दैलेख, सुर्खेत, सल्यान, प्युठान र दाङ भएका यिनीहरू जङ्गली कन्दमूल गिठ्ठा, फलफूल र सागपात खाएर जीवन गुजारा गर्छन् । यिनीहरूको मुख्य बसोबास क्षेत्र दैलेख हो । यिनीहरू आफूलाई कुशका वंशज मान्छन् । यिनीहरूको आफ्नो थर छन्त्याल लेख्ने भएकाले पनि यिनीहरू लोप भइसकेका छन् । यो जनजाति महासङ्घले आदिवासी जनजातिहरूलाई गरेको वर्गीकरणअनुसार लोपोन्मुख समूहमा पर्छ । २०७८ को जनगणनाअनुसार यस जातिको सङ्ख्या २५३ जना रहेको छ । कुसुन्डा जातिबाट पहिलो नागरिकता पाउने राजामामा हुन् । २०६३ असार ३० मा नागरिकता पाएका उनको २०७४ वैशाख ५ मा मृत्यु भइसकेको छ ।

## वनकरिया

यो जाति मकवानपुर जिल्लाको मनहरी गाउँपालिकामा बसोबास गर्छन्। फिरन्ते रूपमा रहेका वनकरियाहरू बनकुरिलो जम्मा गरी वस्तुविनिमय गर्छन्। यस जातिले जङ्गलका राता कमिला भुटेर खाने प्रचलन छ। चेपाङसँग संस्कृति मिल्ने भएकाले यिनीहरू चेपाङ जातिसँग विवाह गर्ने गर्छन्। यो जाति फिरन्तेका रूपमा रहेको छन्। वि.सं. २०७८ मा भएको जनगणनामा यो जातिको कुल जनसङ्ख्या १८० जना छ।

## मतवाली क्षेत्री

मध्यपश्चिमाञ्चलको कालिकोट र जाजरकोट जिल्लामा र सुदूरपश्चिमाञ्चलको दुर्गम पहाडी भेगमा बसोबास गर्ने मतवाली क्षेत्रीलाई स्थानीय भाषामा पाव वा चावई भनिन्छ। खस समुदायबाट उत्पत्ति भए पनि यिनीहरूको आचार व्यवहार लामावाद तथा झाँक्रीवादसँग मिश्रित भएको पाइन्छ। यिनीहरू क्षेत्री भए पनि रक्सी खुलेरै खान्छन्। यिनीहरू हिन्दु देवीदेवताहरूको पूजा नगरी आफ्ना कुलदेवता मष्टो र धामीलाई पूजा गर्छन्। यिनीहरूको चालचलन रहनसहन र धर्म संस्कृति तिब्बती धर्म बोन्पोसँग सन्निकट रहेको पाइन्छ। यस जातिमा छोरीज्वाइँले अंश पाउने प्रचलन छ।

## लार्के

गण्डकी प्रदेशको गोर्खा जिल्ला र बागमती प्रदेशको धादिङ जिल्लाको उत्तरी भागमा लार्के र शियार नामका स्थानमा रहेका र यहाँका निवासीहरूलाई स्थानगत आधारमा लार्के र शियारवासी भनिन्छ। लार्के र शियार क्षेत्रमा पर्याप्त वर्षा हुँदा यथेष्ट खाद्यान्न उत्पादन हुने हुँदा आफ्नो अन्नलाई तिब्बती क्षेत्रमा गई उन र नुनसँग वस्तु विनिमय गर्छन्। कृषि पशुपालनका साथै व्यापार पनि फस्टाएको छ। यहाँका मानिसको वेशभूषा तिब्बतसँग मिल्दोजुल्दो छ।

## लोवा

मुस्ताङ जिल्लाको उत्तरी भागमा कालीगण्डकी नदीको सिरानतिर र ल्होमन्थाङ क्षेत्रमा लोवा जातिका मानिस बसोबास गर्छन्। मुस्ताङ जिल्लाको उत्तरी भाग वृष्टिछायामा पर्ने हुँदा यो

क्षेत्रमा बसोबास गर्ने लोवाहरू गहुँ, जौ र आलुको सामान्य खेती गर्छन् । भेडा, याक, घोडा आदि पशुपालन गरी त्यसको विनिमय नेपालका अन्य भागमा र तिब्बतमा समेत गर्छन् । यिनीहरूको व्यापार, धर्म, वेशभूषा, भाषा, संस्कृति र सामाजिक सम्बन्ध तिब्बततर्फ बढी रहेको छ । लोवाहरू कुटुक (उच्च), शेल्पा (मध्यम) र रिगिन (निम्न) गरी तीन स्तरमा विभाजित छन् । माहिलो छोरा भिक्षु बनी मठ गुम्बामा बस्नुपर्छ ।

## सामाजिक संस्थाहरू

### सूक्ष्म तथा बृहत् संस्थाहरूको अवधारणा र विविधता

समाजमा कार्यरत विभिन्न संस्थाहरूलाई सामाजिक संस्था भनिन्छ । सञ्चार साधन वा माध्यम, सरकार, अर्थव्यवस्था, परिवार र स्वास्थ्य सेवा सबै हाम्रो समाजमा विद्यमान सामाजिक संस्थाका उदाहरणहरू हुन् । आधारभूत सामाजिक आवश्यकतामा आधारित व्यवहारहरूको सङ्गठित स्वरूप नै सामाजिक संस्था हो । यस्ता संस्थाहरू समाजका सदस्यहरूको कुनै न कुनै आवश्यकता पूरा गर्न उद्देश्यले स्थापना भएका हुन्छन् ।

म्याकआइभरका अनुसार "सामूहिक क्रियाको विशेषता बताउने कार्यप्रणालीको स्थापित स्वरूप वा अवस्था नै संस्था हो" सामाजिक संस्थाको सम्बन्धमा गिलिनका अनुसार "एक सामाजिक संस्था सांस्कृतिक प्रतिमानको प्रकार्यात्मक आकार हो, जसको केही स्थायित्व हुन्छ तथा जसले सामाजिक आवश्यकता पूर्ति गर्छ ।" तसर्थ सामाजिक संस्था भनेको निश्चित कार्यप्रणालीको सङ्गठित स्वरूप हो । अथवा कुनै सामाजिक आवश्यकता पूरा गर्नका लागि मानव समूहद्वारा गरिने कार्यको एउटा व्यवस्थित प्रणालीलाई सामाजिक संस्था भनिन्छ । उदाहरणका लागि व्यक्तिहरूको स्थापित स्वरूप (परिवार) नियम वा शासन कायम गर्न सरकारको गठन भएको हुन्छ । यसरी निश्चित सामाजिक आवश्यकता पूर्तिका लागि स्थापित र सङ्गठित व्यवहारहरूको स्वरूप नै संस्था हो । परिवार, विवाह र नातेदारी संस्थाका उदाहरणहरू हुन् ।

प्रत्येक संस्थाहरू कुनै न कुनै मान्यता, सिद्धान्त र लक्ष्यमा आधारित हुन्छ वा हरेक सङ्गठन मान्यता प्राप्त एवम् स्थापित नियम, प्रथा एवम् रीतिमा आधारित भएर स्थापना भएका हुन्छन् । यस्ता प्रथा वा नियमलाई नै संस्था भन्न सकिन्छ । त्यो कार्यविधिको एउटा स्वरूप हुन्छ जसलाई समाजद्वारा स्वीकृति दिइएको हुन्छ । यस्ता संस्थाहरूले व्यक्तिका बिचमा

सम्बन्ध स्थापित गर्छन् । सामाजिक विज्ञानको शब्दकोशले संस्थालाई एक मौखिक चिह्न हो भन्छ जसलाई सामाजिक रीति वा आचरणको झुन्ड वा समूह मात्र भन्न सकिन्छ । यसले कुनै व्यक्ति वा समूहलाई रीति, बानी, आचार तथा प्रथाको बोध गराउँछ र निरन्तर रूपमा पोषित गर्छ । साधारण बोलीचालीमा यो कार्यप्रणाली प्रथा आदिको दोस्रो नाम हो । संस्थाले नै व्यक्तिलाई काम दिन्छ र त्यसको सीमा निर्धारण गर्छ ।

## संस्थाका तत्त्वहरू

संस्था विभिन्न तत्त्व मिलेर बनेको हुन्छ । त्यसैले संस्था व्यक्तिको व्यवहार नियन्त्रण गर्ने एक साधन हो । यो व्यक्तिको सामूहिक काममा निर्भर गर्छ । प्रत्येक संस्थाका आफ्नै निश्चित विधिहरू हुन्छन् जुन प्रथा एवम् विश्वासका आधारमा निर्मित हुन्छ । यस्ता संस्था सामाजिक नियन्त्रणका अन्य साधनभन्दा बढी स्थिर हुन्छ । हरेक संस्थाका निश्चित नियम हुन्छन् जसलाई व्यक्तिले पालन गर्नुपर्छ । संस्थाको आफ्नो विशेष प्रतीक हुन्छ जुन भौतिक वा अभौतिक दुबै प्रकारको हुन सक्छ । संस्थाको निर्माण मानिसको प्राथमिक आवश्यकता पूर्तिका लागि गरिएको हुन्छ । समाजमा विभिन्न सामाजिक संस्थाहरूले काम गरिरहेका हुन्छन् । यस्ता सस्थाहरूलाई सूक्ष्म र बृहत् गरी वर्गीकरण गरिएको हुन्छ । यिनै संस्थाहरूले निरन्तर प्रकार्य गरिरहेका हुन्छन् । सामाजिक व्यवस्थाभित्र कार्यरत सबै किसिमका संस्थाहरू एकापसमा अन्तरसम्बन्धित हुन्छन् । एउटाले अर्कोको भूमिकालाई प्रभाव पार्ने तथा सहयोग गर्ने कार्य भइरहेको हुन्छ । यसरी मानिसको जीवनलाई सामाजिक व्यवस्थासँग जोडेर मूल्याङ्कन गर्ने गरिन्छ । यो सम्बन्धले एउटा संयन्त्र बनाउँछ । त्यही संयन्त्रले नै मानव जीवनलाई सफल र सार्थक बनाएर विभिन्न पक्षमा रूपान्तर गर्ने प्रकार्य गर्छ । यिनै संस्थाहरूमध्ये हामी यहाँ विवाह, परिवार, नातेदारी तथा गुठीलगायतका सूक्ष्म तथा बृहत् संस्थाहरूको चर्चा गर्ने छौँ ।

## विवाह

विवाहलाई केटा र केटीका बिचमा स्थापित सार्वजनिक रूपमा चिनिएको र सांस्कृतिक रूपमा स्वीकृति प्राप्त सम्बन्धका रूपमा परिभाषित गर्न सकिन्छ । अर्थात् समाजले स्वीकृति दिने र संस्कृतिले निर्देशन गरेबमोजिम केटा र केटीका बिचमा श्रीमान श्रीमतीको सम्बन्ध स्थापित गर्ने कार्यविधिलाई नै विवाह भनिन्छ । विवाहले अन्य सामाजिक क्रियाकलापहरू गर्न पनि सहयोग पुग्छ ।  त्यसैले विवाहलाई परिवार र नातेदारीको आधारका रूपमा लिने गरिन्छ ।

१९ औँ शताब्दीका उद्विकासवादीहरूले दिएका विवाहका परिभाषाहरूमा उनीहरूले जोड दिँदै विवाह केटा र केटी बिचको धार्मिक रूपमा परिचित सम्बन्ध हो जसमा श्रीमान् श्रीमतीसँगै बस्छन् र त्यो जोडीका बिच यौनसम्बन्ध कायम गर्ने स्पष्ट र बाह्य परिचित अधिकार रहन्छ। माललिनोभोस्कीका अनुसार विवाह बालबालिकाको पैदा तथा हेरविचार गर्ने करार हो। हर्टन र हन्टले विवाहलाई यसप्रकार परिभाषित गरेका छन् : विवाह एक स्वीकृत सामाजिक प्रणाली हो। यसअनुसार दुई वा दुईभन्दा बढी व्यक्तिहरू परिवारको स्थापना गर्छन्।

ब्लाकका अनुसार "विवाह एक पुरुष र एक स्त्रीका बिचमा लोग्ने र स्वास्नीका रूपमा हुने कानुनी गठबन्धन हो। यसरी विवाहलाई समाजको प्रक्रियाअनुसार पुरुष वा महिला नयाँ घरमा प्रवेश गर्ने व्यवस्था वा पद्धतिका रूपमा लिइन्छ। किनभने विवाहपश्चात् कुनै समाजमा केटी केटाको घरमा र कुनै समाजमा केटा केटीको घरमा जाने परम्परा कायम छ। केटा र केटीबिचको यौन सम्बन्धलाई सामाजिक मान्यता दिनु नै विवाहको सबैभन्दा महत्त्वपूर्ण उद्देश्य र कार्य हो जसका आधारमा जन्मने सन्तान स्वतः समाजको सदस्य बन्छ।

## विवाहका किसिम

विभिन्न समाजमा प्रचलनमा रहेका मुख्य प्रकारका विवाहहरू यसप्रकार छन् :

(क) बहुपत्नी विवाह
(ख) बहुपति विवाह
(ग) एक पति एक पत्नी
(घ) समूह विवाह

सामाजिक मूल्यमान्यताका आधारमा विवाहलाई मुख्यतः तीन भागमा वर्गीकरण गर्न सकिन्छ :

(क) मागी विवाह
(ख) प्रेम विवाह
(ग) कानुनी विवाह

## नेपाली समाजमा विवाहको प्रकृति

नेपाली समाजमा रहेको विविधताको प्रकृति भिन्न भिन्न खालको पाइन्छ। हाम्रो समाज विविधतायुक्त हुनाले जातजाति तथा जनजातिका आधारमा विवाहमा विविधता पाइन्छ। प्रत्येक धर्मअनुसारको आआफ्नै विवाह गर्ने पद्धति हुनाले धर्मका आधारमा विविधता वैवाहिक

परम्परामा भिन्नता पाइन्छ । यसैगरी उमेर, वर्ग, लिङ्ग, पेसा र व्यवसायका आधारमा पनि विवाहमा विविधता पाइन्छ । इतिहास, उद्भव, संस्कृति र संस्कारका आधारमा विविधता हुन्छ । विवाहलाई भौगोलिक क्षेत्र र सो क्षेत्रमा बस्ने मानिसको गतिविधि तथा उक्त समाजको सामाजिक बनोटले पनि प्रभाव पार्छ ।

## परिवार

जीवन वास्तवमा जीवित अस्तित्व मात्र नभएर जीवन जिउने विभिन्न शैलीहरूको समग्र पक्ष पनि हो । समाजमा विद्यमान सामाजिक, राजनीतिक, धार्मिक संस्थाहरूले निर्देशन गरेअनुसार व्यक्तिले विभिन्न क्रियाकलाप गर्छ भने उसको जीवन सफल रहेको कुरा समाजले स्विकार्छ । अन्यथा व्यक्तिको जीवन असफल पनि हुन सक्छ । व्यक्ति कस्तो हुने र के गर्ने भन्ने कुराको निर्णय राजनीति, धर्म र संस्कृतिले भिन्न भिन्न तरिकाबाट व्याख्या गरेको पाइन्छ ।

साधारण अर्थमा विवाहित श्रीमान् र श्रीमतीलाई परिवार भनिन्छ तर समाजशास्त्रीय दृष्टिकोणबाट परिवार हुनका लागि श्रीमान् र श्रीमतीको साथमा छोराछोरी पनि हुनु जरूरी छ । परिवारको सम्बन्धमा विभिन्न विद्वानहरूको आआफ्नै प्रकारका धारणाहरू छन् । डेभिसका अनुसार “परिवार यस्ता व्यक्तिहरूको समूह हो, जो रक्तसमूहका आधारमा एकअर्कासँग सम्बन्धित हुन्छन् तथा परम्परामा नातेदार हुन्छन् ।“ निष्कर्षमा परिवार भन्नाले विवाहित श्रीमान, श्रीमती तथा तिनीहरूबाट जन्मने सन्तानहरू समावेश रहेको प्राथमिक समूह हो भन्न सकिन्छ ।

## परिवारका विशेषताहरू

वैवाहिक सम्बन्धबाट निकट रहेका जोडी तथा तिनीहरूबाट जन्मने सन्तानहरूको समूह परिवार हो । यसका आफ्नै मौलिक विशेषताहरू छन् जसले यसलाई एक सामाजिक संस्थाका रूपमा चिनाउन र स्थापित गर्न भूमिका खेल्छन् । परिवारको सुरुवात विवाहबाट हुन्छ । विवाहित जोडीका समझदारीले सन्तान जन्माउँछन् । परिवारलाई पनि विवाहको एक रूप मानिन्छ । प्रत्येक परिवार कुनै न कुनै नामबाट चिनिन्छ अथवा हरेक परिवारको कुनै निश्चित नाम हुन्छ । आर्थिक आवश्यकता पूरा गर्न परिवार चाहिन्छ । परिवारमा वंशज निर्धारणको निश्चित तरिका कायम भएको हुन्छ ।

## परिवारका कार्यहरू

परिवार एक सामाजिक संस्था हो । त्यसैले यसले सामाजिक रूपमा कार्य गरिरहेको हुन्छ । यो व्यक्तिबाट निर्माण हुन्छ । व्यक्तिगत आवश्यकतालाई समूहीकरण गर्ने र सामाजिक प्रणालीमा एक एकाइको भूमिका निर्वाह गर्ने कार्य परिवारले गर्छ । परिवारका मुख्य कार्यलाई प्राथमिक तथा द्वितीय गरेर दुई भागमा बाँडेर हेर्न सकिन्छ :

## प्राथमिक कार्यहरू

परिवारका केही कामहरूले अस्तित्व राख्ने काम गर्छन् । परिवारको महत्त्वपूर्ण कार्य भनेको प्रजनन वा सन्तान उत्पादन गर्नु पनि हो । उत्पादन भएका सन्तानहरूको पालनपोषण पनि परिवारको प्राथमिक कार्य अन्तर्गत पर्छ । परिवारले व्यक्तिको सामाजिकीकरणको काममा पनि सहयोग गर्छ । आफ्ना सन्तानहरूलाई माया वा स्नेह प्रदान गर्ने काम पनि परिवारको प्राथमिक कार्यअन्तर्गत पर्छ ।

## परिवारका प्रकार

परिवारको प्रकार छुट्याउँदा विभिन्न तत्त्वहरू अथवा आधारहरू मूल्याङ्कन गर्न सकिन्छ । परिवारको वर्गीकरणका आधारहरू पनि फरक फरक मानिएको छ । केही तत्त्वहरूलाई प्रमुख बनाई गरिएको वर्गीकरण यसप्रकार रहेको छ :

### बसाइका आधारमा परिवारको वर्गीकरण

(क) पितृनिवास परिवार (ख) मातृनिवास परिवार (ग) परिवर्तित निवास परिवार

### वंश वा पुर्खाका आधारमा

(क) पितृवंश परिवार (ख) मातृवंश परिवार

### अधिकारको प्रकृतिका आधारमा

(क) मातृसत्तात्मक परिवार (ख) पितृसत्तात्मक परिवार

परिवारको आकार वा संरचनाका आधारमा परिवार मुख्यतया निम्न दुई प्रकारको हुन्छ :

(क) एकात्मक परिवार (ख) संयुक्त परिवार

नाता सम्बन्ध कायम गर्ने आधारमा परिवारलाई मुख्यतया दुई भागमा वर्गीकरण गर्न सकिन्छ :

(क) विवाह गर्न हुने परिवार

(ख) विवाह गर्न नहुने परिवार वा रक्त सम्बन्ध कायम भएको परिवार

परिवारलाई सामान्यतया पितृसत्तात्मक, मातृसत्तात्मक तथा एकात्मक तथा संयुक्त गरी चार भागमा बाँडेर हेर्न सकिन्छ ।

## (क) पितृसत्तात्मक परिवार

कुनै परिवारमा निर्णयहरू बाबु वा पुरुषमा केन्द्रित हुन्छन् अथवा निर्णयहरूमा बाबु वा पुरुषको भूमिका रहन्छ भने त्यस्तो परिवारलाई पितृसत्तात्मक परिवार भनिन्छ । यस प्रकारको परिवारमा सबैभन्दा जेठोबाठो पुरुष नै परिवारको प्रमुख हुन्छ । सबै प्रकारका पारिवारिक अधिकारहरू बाबुमा केन्द्रित हुन्छन् । बाबु वा जेठो छोरा नै परिवारको सम्पत्तिको हकदार र सबै प्रशासनिक अधिकारहरूको प्रमुख हुन्छ । यसबाट भन्न सकिन्छ कि बाबु वा जेठो छोरा नै परिवारको सबै पक्षमा आधिकारिक व्यक्ति हुन्छ ।

## (ख) मातृसत्तात्मक परिवार

मातृसत्तात्मक परिवारलाई मातृकेन्द्रित परिवार पनि भनिन्छ । यसमा पितृसत्तात्मक परिवारको ठिक उल्टो प्रकृति रहन्छ । परिवारको प्रमुखका रूपमा आमा वा सबैभन्दा जेठी महिला रहन्छिन् । सबै प्रकारका पारिवारिक अधिकारहरूको अभ्यास उनैबाट गरिन्छ । सम्पत्तिको मालिक तथा परिवारको व्यवस्थापक नै उनी हुन्छिन् । परिवारका सबै सदस्यहरू उनलाई सहयोग गर्छन् ।

## (ग) एकात्मक परिवार

एकात्मक परिवार सर्वव्यापी पारिवारिक स्वरूप हो । साधारण अर्थमा एकात्मक परिवार त्यस्तो परिवार हो जुन श्रीमान्, श्रीमती र छोराछोरीबाट बनेको हुन्छ । यसमा

विवाहपश्चात् छोराछोरीहरूले घर छोडेर अर्को घर स्थापना गर्छन् । त्यसैले एकात्मक परिवार अत्यन्तै स्वतन्त्र र स्वतः निर्माण हुने परिवार हो, जुन पाका वा जेठाबाठाहरूको नियन्त्रणबाट स्वतन्त्र हुन्छ । बाबुआमा र विवाहित छोराछोरीका बिचमा शारीरिक दुरी हुने भएकाले तिनीहरू एकअर्कामा अत्यन्तै कम अन्तरनिर्भर हुन्छन् ।

### (घ) संयुक्त परिवार

एउटै परिवारभित्र सगोल रूपमा बाजेबज्यै, बाबुआमा, दाजुभाइ, छोराछोरी, बुहारी, नातीनातिना, पनाति-पनातिनीहरू गरी ३/४ पुस्तासम्म संयुक्त भान्छामा खाना खानेगरी बसोबास गर्ने परिवारलाई संयुक्त परिवार भनिन्छ । हेनरी मेननका अनुसार हिन्दु संयुक्त परिवार एउटा समूह हो जसमा जीवित पूर्वज एवम् छोरा तथा विवाहद्वारा यी छोराहरूबाट सम्बन्धित नातेदार सम्मिलित हुन्छन् । वास्तवमा संयुक्त परिवार दुई वा दुईभन्दा बढी साना परिवार मिलेको हुन्छ ।

## संयुक्त परिवारका विशेषता

संयुक्त परिवारमा २/३ पुस्ताका व्यक्तिहरू एकै साथ मिलेर बसेका हुन्छन् । यस्तो परिवारमा आश्रित अनुपात उच्च हुन्छ । यस प्रकारको परिवार धार्मिक प्रवृत्तिको हुन्छ । गोपनीयताको अभाव हुनुको साथै व्यक्तिगत स्वतन्त्रता कम हुन्छ । यस्तो परिवारमा पारिवारिक कार्यभार घरमूलीद्वारा सञ्चालित हुन्छ । सदस्य सङ्ख्या धेरै हुने हुनाले परिवारमा बेमेल तथा मनमुटावको वातावरण हुने सम्भावना रहन्छ । असहाय तथा वृद्धवृद्धाको हेरचाहमा सहयोग पुग्छ । यस प्रकारको परिवारमा महिलाको हैसियत कमजोर हुन्छ । परिवारका सदस्यहरू निश्चित पारिवारिक नियममा बाँधिएका हुन्छन् ।

## नातेदारी

नातेदारी पनि एक विशेष प्रकारको सामाजिक संस्था हो । संसारका सबै समाजहरूमा नातेदारी प्रणाली पाइन्छ र यसले समाजमा महत्त्वपूर्ण र उपयोगी भूमिका खेलेको हुन्छ । समाजका आवश्यकताहरू पूर्ति गर्ने मात्र होइन सामाजिकीकरण प्रक्रियामा प्रभावकारी भूमिका खेल्न सहयोग गर्छ । आदिम समाजहरूमा नातेदारीको प्रभाव बढी थियो । आधुनिक समाजमा पनि सामाजिक, आर्थिक, राजनीतिक र सांस्कृतिक कार्यहरू सञ्चालन गर्न नातेदारीको त्यतिकै महत्त्व रहेको पाइन्छ ।

मानिस सामाजिक प्राणी भएकाले उसलाई बस्नका लागि समाज चाहिन्छ । मानिस जन्मेपछि नमरुन्जेलसम्म समाजका बिचमा रहन्छ । यसरी आफ्नो जीवनकालमा असङ्ख्य यस्ता मानिससँग उसले विभिन्न प्रकारका अन्तर्क्रिया गर्छ । अन्तर्क्रियाको प्रक्रिया र शैली भने फरक फरक हुन्छन् । यस्ता धेरै मानिसमध्ये कोही उसका नातेदार, कोही साथी, कोही छिमेकी हुन्छन् । कोही त यस्तो समूहमा अपरिचित मानिस पनि हुन्छन् । सामान्यतया रगत वा विवाह सम्बन्धका आधारमा व्यक्ति सम्बन्धमा बाँधिएको हुन्छ । रगतको आधारको नाता नजिक वा टाढा दुबै प्रकारको हुन्छ । यसरी विवाह वा रगतको बन्धनले एक व्यक्तिलाई अर्को व्यक्तिसँग निश्चित सम्बन्धमा गाँस्छ भने त्यसलाई नै नातेदारी भनिन्छ ।

नातेदारीलाई साधारण अर्थमा व्यक्तिहरूबिचको विवाह वा रगतको सम्बन्धका रूपमा बुझिन्छ । रक्त सम्बन्धसँग सम्बन्धित छन् भने त्यसलाई रगतको नाता र विवाहसँग सम्बन्धित नातालाई वैवाहिक नाताका रूपमा लिइन्छ, जस्तै : बाबु र छोराबिचको नाता रगतको नाता भनिन्छ भने श्रीमान् र श्रीमतीबिचको नाता विवाहको नाता भनिन्छ । संसारका सबै समाजहरूमा यो नातेदारी प्रथा प्रचलनमा छ । आदिम समाजहरूमा नातेदारी प्रथा निकै व्यापक थियो । त्यस्तै एउटै पूर्वजका सन्तानहरूको वंश पनि दुई प्रकारको हुन सक्छ । यदि वंश पुरुषको हाँगाबाट अगाडि बढेको छ अथवा पुरुषको वंशबाट चिनिन्छ भने त्यसलाई सगोत्री भनिन्छ र महिलाको वंशबाट चिनिन्छ भने त्यसलाई सहोदर भनिन्छ ।

## नातेदारीका प्रकार

दुई व्यक्तिबिच अथवा दुईभन्दा बढी व्यक्तिहरूबिच स्थापना हुने नाताका प्रमुख दुईओटा आधारहरू छन् । नाता कायम हुने प्रमुख आधारहरू रक्तसम्बन्ध र वैवाहिक सम्बन्धलाई मुख्य मानिन्छ । यिनै आधारहरूमा नातेदारीलाई निम्नलिखित दुई प्रकारमा बाँडेर हेर्न सकिन्छ :

### (क) रक्तसम्बन्धी नाता

यो त्यस्तो नाता हो जुन रक्तसम्बन्धमा आधारित हुन्छ । रक्तसम्बन्धको नाता प्रजनन कार्यसँग जोडिएको हुन्छ । प्रजननका आधारमा एकअर्कामा सम्बन्धित भएका सन्ततिहरूलाई नै रक्तसम्बन्धको नाता भनिन्छ । यो नाता पुर्ख्यौली नाताका रूपमा पनि चिनिन्छ । कसैले अरूको सन्तान आफ्नो धर्मपुत्र वा धर्मपुत्रीका रूपमा पाल्छ भने त्यो रक्त सम्बन्धको नातामा समावेश हुन्छ । तैपनि कुनै एक पूर्वजबाट विकसित

भएका सन्तानहरू नै रक्तसम्बन्धका नाता हुन्, जस्तै : बाबु, आमा, दाजु, भाइ, दिदी, बहिनी, हजुरबुबा, हजुरआमा आदि ।

**(ख) विवाहसम्बन्धी नाता**

विवाहका कारण वा आधारमा विकसित भएको अथवा स्थापना हुने नाता नै विवाहसम्बन्धी नाता हो । विवाहले श्रीमान् र श्रीमतीका बिचमा सम्बन्ध स्थापना गर्छ । तर यो नाता दुई दम्पतीबिच मात्र सीमित नभई श्रीमान् र श्रीमती दुबैका परिवारतर्फ विभिन्न प्रकारका नाताहरू कायम हुन पुग्छ । यसरी कायम हुने सबै प्रकारका नाताहरू विवाहसम्बन्धी नाताअन्तर्गत पर्छन्, जस्तै : सासु, ससुरा, सम्धी, साला, साली, जेठान् आदि नातालाई उदाहरणका रूपमा लिन सकिन्छ ।

**(ग) मितेरी नाता**

रगत र विवाहको सम्बन्धबाहेक नेपाली समाजमा प्रचलित हर्को महत्त्वपूर्ण नाता पनि छ । एउटा व्यक्तिले अर्को व्यक्तिसँग परम्परागत रूपमा विशेष औपचारिक विधिअनुसार पारस्परिक बन्धुभाव गाँसिएको हितैषी साथीलाई मितेरी नाता भनिन्छ । यो मितको घनिष्टता कतिसम्म छ भने मितसँगको झगडा कल्पनासम्म गरिँदैन । मितको नाम काढेर बोलाइँदैन । बरु मितज्यू भनेर सम्मानपूर्वक सम्बोधन गरिन्छ । सँगै सुत्दा भरसक आपसमा खुट्टा पनि ठोक्किनु र छोइनु हुँदैन भन्ने मान्यता छ । मितको मन दुख्यो भने अशुभ हुन्छ भन्ने अवधारणा नेपाली समाजमा छ । नेपाली उखान नै छ, सात गोत्र एक मित्र । अर्थात् सात पुस्ताको गोत्रीय नाताभन्दा एक पुस्ताको मितेरी नाता वा साइनो ठुलो हो । मित लगाउने प्रचलन कहिलेबाट सुरु भयो भन्ने ठ्याक्कै मिति थाहा नभए पनि यजुर्वेदमा मित्रताको भावनाको कुरा उल्लेख गरिएको पाइन्छ ।

मित लगाउनका लागि धनीगरिब, शिक्षित अशिक्षित, कालोगोरो, सानोठुलो र जातपातको असमानताले रोक्दैन । जोकोही जहाँकासँग मित लगाए पनि आखिर मित नै हुन्छ । विशुद्ध र सहृदयी सम्बन्ध स्थापित गर्छ ।

अन्तर्जातीय मित लगाउनु मितको अर्को विशेषता हो । यथार्थमा मित लगाउनु भनेको सामाजिक तथा सांस्कृतिक समन्वय बढाउनु हो । जहाँ एकले अर्काको सांस्कृतिक त

हुँदै हो । यसबाहेक समाज र सामाजिक मनोविज्ञान पनि बुझ्नु पनि हो । अर्को जातिको मौलिक पहिचानको पहिचान लिनु पनि हो । नेपालका प्रत्येक जातजातिले आआफ्नै जातीय मौलिकता र विशेषता बोकेका छन् । मित दुई प्रकारका छन् । आपसमा दुबैको हात एक पटक माथि एक पटक तल पर्ने गरी अँगालो मारेर लगाइने बाहाजोरी मित र टीकाटालो नगरी केवल बोलीको भरमा लगाइने मौखिक मित हो । बाहाजोरी मितेरी साइनोमा जुठोपिण्ड लाग्छ भने मुखको मितमा लाग्दैन तर दुबै प्रकारका मितेरी साइनोमा हाम्रो सभ्यताको संस्कार र संस्कृति सजिएका छन् ।

मित लगाउने तरिका ठाउँ र परिवेशअनुसार फरक फरक पद्धति पाइएका छन् । समाजका केही मान्छेहरू वा अविभावकको उपस्थितिमा मित लगाउँछन् भने कोही मितहरू मात्र मिलेर मठमन्दिरका देवीदेवतालाई साक्षी राखेर पूजाआजा गरेपछि मित लगाउँदा चलन छ ।। कोही घरमै बत्ती बालेर धूप, अक्षता फूलले पूजा गरेपछि आपसमा पैसा तथा ल्याइएका चिनोरूपी रूमाल, घडी, लुगाफाटोलगायतका सरसमान साटफेर गरेर पनि मित लगाउने चलन छ । मित लगाइयो भने व्यक्तिको अर्थ आर्जन, सन्तान यश वृद्धि, शत्रु नाश, दुर्घटनाबाट जोगिनेजस्ता सकारात्मकतामा विश्वासका साथ तोकिएको जाति वा व्यक्तिसँग परम्परागत विधि विधानानुसार मित लगाउँथे । पुराना दिनहरूमा प्रायः समान रुचि, परिवेश, हैसियत र उमेरका आपसमा मिल्ने दौँतरीहरूबिच मित लगाइन्थ्यो । कतिपय ठाउँमा आँखा जुधेकै भरमा मित लगाइन्थ्यो । कुनै ठाउँमा नाम, अनुहार, जिउडाल, रूपरङ उस्तै वा आंशिक मिलेका बालक तथा तन्नेरीहरूलाई कुनै स्थानीय बासिन्दाले 'ल आजदेखि तिमीहरू मित भयौ है' भनेकै भरमा आपसी सम्बन्ध मौलाएर साँच्चिकै मितमा रूपान्तरित पनि हुन्थ्यो ।

## नातेदारीका चलनहरू

नातेदारी एक प्रकारको महत्त्वपूर्ण सामाजिक संस्थाका रूपमा रहेको पाइन्छ । यस प्रकारको सम्बन्धमा एकआपसमा गरिने व्यवहार, चालचलन र रीतिथितिहरू समावेश भएका हुन्छन् । उदाहरणका लागि बाबुछोराको व्यवहारलाई लिन सकिन्छ । यस प्रकारको नातामा बुबाको छोराप्रतिको व्यवहार मायालु हुन्छ भने छोराले बुबाप्रति आदर गर्ने व्यवहार गरेको हुन्छ । यसैगरी भाइबहिनीबिचमा स्नेही वा मायालु सम्बन्ध हुन्छ । यसरी विभिन्न प्रकारका सम्बन्धहरूलाई व्यवस्थित गर्न निश्चित नियमहरू विकसित गरिएको हुन्छ । यिनै नियमहरूका

आधारमा व्यक्तिहरूले व्यवहार गर्छन् । यस्ता नियमहरूलाई नातेदारीको चलन भनिन्छ । यस्ता नियमहरू मुख्य गरेर निम्नलिखित प्रक्रियामा आधारित भएर सञ्चालित हुन्छन् :

**निषेधको नियम :** सबै समाजमा निषेधको नियम कुनै न कुनै रूपमा रहेको पाइन्छ । यस्तो नातेदारी सम्बन्धमा एउटा व्यक्तिले अर्को व्यक्तिलाई छुन हुँदैन, पाउँदैन वा चाहँदैन । उदाहरणका लागि हिन्दु समाजमा जेठाजु र बुहारी तथा जेठी सासु र ज्वाइँबिचको व्यवहारलाई लिन सकिन्छ । निषेधित व्यवहारले समाजमा लवाइ, खुवाइ, बोली, व्यवहार र रहनसहन जस्ता कुरालाई नियन्त्रण गरेको हुन्छ । तर निषेधित नियम वा व्यवहारहरू समाजअनुसार फरक फरक हुन सक्छन् ।

**ठट्यौली नाता :** नातेदारीमा व्यक्तिहरूका बिचमा साथीको जस्तै रहने र एकआसमा हाँसो मजाक गर्न मिल्ने नातालाई ठट्यौली नाता सम्बन्ध भनिन्छ । यस्तो नाता सम्बन्धमा समाजले एकअर्कालाई ठट्यौली गर्न स्वीकृति दिएको हुन्छ । सालीभिनाजु र सोल्टीसोल्टेनी आदिसँगको सम्बन्धलाई ठट्यौली नाता सम्बन्धको उदाहरण मान्न सकिन्छ । यस्तो सम्बन्धमा जिस्किने, गिज्याउने जस्ता गतिविधिहरू पर्छन् ।

**बच्चाको नामको सम्बन्ध :** श्रीमानको नाम सिधै बोलाउनुको सट्टा छोराछोरीको नामबाट सम्बोधन गरिने नातालाई बच्चाको नामको सम्बन्ध भनिन्छ । परम्परागत हिन्दु समाजमा श्रीमतीले श्रीमान्लाई नाम काडेर बोलाउनुको सट्टा छोराछोरीको नाम लिएर लिएर वा उसको बुबा भन्ने विशेषण प्रयोग गरेर बोलाउने गरिन्छ । यस प्रकारको नाता सम्बन्ध हिन्दु समाजमा बढी छ भने अन्य समाजमा पनि प्रचलनमा रहेको पाइन्छ ।

**मावली सम्बन्ध वा नाता :** मातृवंशीय आधारमा सम्बन्धको विकास हुन्छ भने यसलाई मावली सम्बन्ध वा नाता भनिन्छ । यस प्रकारको नातामा मामाले भान्जाभान्जीलाई बढी महत्त्व दिन्छन् । यस प्रकारको नाता सम्बन्ध पनि विभिन्न समुदायहरूमा प्रचलनमा रहेको पाइन्छ ।

**फुपू नाता वा सम्बन्ध :** बाबुको दिदी वा बहिनीलाई विशेष महत्त्व दिइने नातालाई फुपू नाता वा सम्बन्ध भनिन्छ । यस्तो नातामा आमालाई भन्दा फुपूलाई बढी महत्त्व दिएको हुन्छ । कतिपय समुदायमा बच्चाको नाम समेत फुपूको थर गोत्रबाट राख्ने गरेको पाइन्छ ।

## गुठी

सबै जनाको हितको दृष्टिकोण राख्ने नेपाली समाजमा सबै मिलेर काम गरौँ भन्ने सामूहिकताको भावना गुठी परम्परामा रहेको पाइन्छ। मुख्यतया लौकिक वा अलौकिक भावनाबाट प्रेरित भएर समाजको हितका लागि राज्य वा अन्य दाताले गुठी व्यवस्था राखेको हुन्छ। गुठीको कार्य सामूहिक भावना र सामूहिक आवश्यकतामा आधारित हुन्छ। त्यसैले यसको उद्देश्य भनेको धार्मिक, सामीजक, सांस्कृतिक क्रियाकलापका माध्यमबाट सम्पूर्ण समाजको कल्याण गर्नु हो। उपत्यकाका प्राचीन मठमन्दिर, विहार, जात्रा तथा पर्वहरू आज पनि गुठीमार्फत नै सञ्चालित भएको पाइन्छन्। गुठी ऐन, २०३३ ले गुठी भनेको कुनै मठमन्दिर तथा देवीदेवताको पर्व पूजा चलाउन वा जात्रा चलाउन वा कुनै धार्मिक वा परोपकारी कामका लागि कुनै मन्दिर देवालय, धर्मशाला, पाटीपौवा, इनार पोखरी, तलाउ, धारा, बाटो घाटो, पुल, चौतारा, गौचरण, बगैँचा, जङ्गल, पुस्तकालय, पाठशाला, औषधालय, चिकित्सालय, संस्था बनाउने, चलाउने वा त्यसको संरक्षण गर्न कुनै दाताले आफ्नो हक छाडी राखेको गुठीलाई समेत सम्झनुपर्छ भनी उल्लेख गरेको छ।

गुठी परम्पराको ऐतिहासिकतालाई हेर्दा नेपालको लिच्छविकालमा प्रचलित गोष्ठी शब्द पछि आएर गुठीका रूपमा रूपान्तरण भएको देखिन्छ। गोष्ठी शब्दबाटै गुठी बनेको हो। गुठी व्यवस्था सञ्चालन गर्न त्यसको आम्दानीको बन्दोबस्त गरिएको हुन्थ्यो र आम्दानीको मुख्य स्रोत भूमि हुन्थ्यो। वर्तमान समयमा गुठी भनेको केवल जग्गा, भूमि मात्र हो भन्ने बुझाइ छ तर गुठी धर्म, संस्कृति, संस्कार, कला र परम्परा जोगाई राख्ने एउटा आधार पनि हो। त्यसैले यो समग्र समाजको जीवन पद्धति हो। लिच्छविकालपछि मल्लकाल, शाहकाल, राणाकाल, पञ्चायतकाल र बहुदल हुँदै वर्तमान सङ्घीय लोकतान्त्रिक गणतन्त्रसम्म आइपुग्दा, शासन व्यवस्था र समाज परिवर्तन भए पनि गुठी नेपाली सामाजिक जन जीवनबाट भने कहिल्यै अलग भएको छैन।

विगतमा राजा तथा राज परिवारका सदस्यहरूले धार्मिक र सेवाको भावनाबाट जग्गा उपलब्ध गराइ स्थापना गरिएको गुठीलाई राजगुठी भनिन्थ्यो। सर्वसाधारण जनताहरूले सामाजिक तथा धार्मिक कार्य गर्नका लागि आफ्नो जग्गाबाट प्राप्त हुने आम्दानीबाट स्थापित गुठीलाई निजी गुठी वा दुनिया गुठी भनिन्थ्यो। निजी स्तरमा पारिवारिक व्यक्तिगत रूपमा चल अचल सम्पत्ति तथा नगद खर्च गरेर गुठी सञ्चालन गरेको पाइन्छ। गुठी व्यवस्था नेवार समुदायको

जीवन पद्धतिसँग जोडिएको परम्परा भए तापनि वर्तमान समयमा यो परम्परा कुनै निश्चित जातजाति वा समुदायमा मात्र सीमित रहेको छैन । अन्य समुदायमा पनि गुठी संस्कृति प्रचलित रहेको पाइन्छ । जस्तो विभिन्न जातजातिले आआफ्नो गोत्र जातिअनुसार कुल परिवारले आफू अनुकूल कुलपूजा, भूमिपूजा, पारिवारिक भेटघाटका लागि विभिन्न प्रकारका गुठीको स्थापना गरेको पाइन्छ जसले आआफ्नो गोत्रका परिवारलगायत बन्धु बान्धवका साथ एकत्रित भएर सामूहिक पूजा, भोजभतेर र भेटघाट रमाइलो गर्ने कार्य सामूहिक विधि विधानअनुसार परिचालन गर्ने गरेको पाइन्छ । यसले समुदायका व्यक्तिलाई मर्दापर्दाको वेलामा सामाजिक भरोसा दिने कार्य गुठी व्यवस्थाले गर्छ । तसर्थ नेवार समुदाय मात्र नभई तमाम नेपाली समुदायलाई गुठी संस्कृतिले कुनै न कुनै तवरले सङ्गठित गरेको छ ।

## नेवारी समाजमा गुठी परम्परा

काठमाडौँ उपत्यकाका नेवार जातिलाई सबै भन्दा पुराना बासिन्दा मानिन्छ । नेवार जातिभित्र नेवारका आदि पुर्खा किरात र लिच्छविलगायत यहाँ आएर बसेका मानिस कालान्तरमा नेवार कहलिए । नेवार विविध प्रजाति धर्म र नश्लको मिश्रणबाट बनेको एउटा बहुजातीय समाज हो । धार्मिक दृष्टिकोणले यस समाजमा हिन्दुमार्गी तथा बौद्धमार्गी गरी मुख्य दुई समूह रहेका छन् । सभ्यता र संस्कृतिले सम्पन्न तथा आफ्नै मौलिक पहिचान बोकेको नेवार जातिको धार्मिक, सामाजिक तथा सांस्कृतिक कार्यहरूको सञ्चालनमा गुठी व्यवस्थाको महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ । समुदायका मानिसको कुनै न कुनै रूपमा गुठीसँग सम्बन्ध रहेको हुन्छ । सबैको आआफ्नै गुठी हुन्छ । त्यसैले यस्तो कथन पनि प्रचलित छ "नेवारको जन्म गुठीमा हुन्छ, गुठीमा नै जीवन बिताउँछ, गुठीमा नै मृत्यु हुन्छ ।" उपत्यकामा प्रचलित अधिकांश जात्रा चाडपर्व कला संस्कृति आदि पर्वहरू नेवार जातिसँग सम्बन्धित छन् । वर्षभरि नै मनाइने तथा सञ्चालन हुने यी प्रचलनहरू गुठीको मातहतमा सञ्चालन भएका हुन्छन् । यस्तो परम्परागत संस्कृतिको जर्गेना गर्नु धार्मिक कार्य गर्नु नेवार समुदायको नियमित कार्य हो ।

नेवारी समुदायमा विभिन्न जात्रा पर्व सञ्चालन, मठमन्दिरको संरक्षण तथा चाडपर्व रीतिरिवाज संस्कार संस्कृति सञ्चालन गर्न विभिन्न गुठीहरू रहेको पाइन्छ । नेवारी समाजमा सना गुठी, सी गुठी, देवाली गुठी वा द्यौ गुठी मुख्य हुन् । सना गुठी र सी गुठीको काम मृत्यु संस्कारसँग सम्बन्धित हुन्छ भने देवाली गुठी कुल देवताको पूजासँग सम्बन्धित गुठी हो । यसबाहेक विभिन्न शुभ कार्यका लागि अनेक प्रकारका गुठीहरू छन् जस्तो नास द्यः गुठी

(नाचगानसम्बन्धी देवताको गुठी) चःरे सेवा गुठी (चौथी पूजाको गुठी) ससु गुठी (सरस्वती पूजाको गुठी) होली गुठी आदि । यसै गरी सम्यक गुठी (नाट्य खल, बाद्य खल, गुँला बाजा गुठी) सलंहु गुठी तब गुठी, देशला गुठी, आचार्य गुठी कसा गुठीहरूले नेवार समाजभित्रका विविध समुदाय र स्थानमा प्रचलित गुठीको परिचय दिन्छ । सबै गुठीमा सबैभन्दा जेष्ठ व्यक्ति थकालीको रूपमा रहन्छ । थकाली अनुभवी हुनेलगायत उनको आदेश सबैले पालना गर्नुपर्छ । कुनै गुठी सजातीय भित्रको मात्र हुन्छ भने कुनै बहुजातीय भित्रको पनि हुन्छ । यस्तै मृत्यु संस्कार गुठीमा अनिवार्य रूपमा सदस्य हुनुपर्छ । देवाली गुठीमा वंशाणुगत सदस्य मात्र संलग्न हुन पाउँछन् । कतिपय गुठीमा आफ्नो जातीय समुदाय संलग्न हुन्छ जसको आफ्नै आर्थिक स्रोत हुन्छ । यस्तो गुठी समुदायबिच सङ्गठित भई सामुदायिक तवरमा चल्ने हुन्छ जस्तो वज्राचार्यहरूको समुदायले स्वयम्भूमा चलाई आउने सम्यक पूजा गुठीलाई लिन सकिन्छ । गुठी सञ्चालन प्रक्रियामा विभिन्न जाति उमेर तथा गुठीयारअनुसार कार्य विभाजन हुन्छ । सबैको आआफ्नै काम, कर्तव्य तथा अधिकार हुन्छ । समग्रमा सबैको सामूहिक सहयोग तथा कार्यबाट गुठी सञ्चालन हुन्छ । कतिपय गुठी राज्य स्तरबाट सञ्चालन गर्नुपर्ने हुन्छ यस्तो गुठीमा विभिन्न धार्मिक तथा जातीय आस्था भएका मानिस यस्तो गुठीको कार्यमा सहभागिता जनाउन सक्छन् । ठुला ठुला जात्रा तथा पर्व सञ्चालन गर्न कुनै एक समूहले मात्र गर्न सम्भव छैन यसमा विभिन्न जातीय समूहको गुठीहरू सहभागी हुनुपर्छ ।

उपत्यकाको इन्द्रजात्रा पर्व सञ्चालन गर्न विभिन्न समुदायको विभिन्न गुठीहरू यसमा संलग्न हुन्छन् जस्तो मानन्धर गुठी, ज्यापु खलः गुठी, अशोक विनायक गुठी, ज्या बहा गुठी, आकाश भैरव गुठी आदि सबै गुठीको जात्रा सञ्चालनमा आआफ्नै भूमिका रहन्छ ।

गुठीले समुदायका मानिसमा सेवा, धर्म, पारस्परिक सहयोग तथा सहभागिताको भावना विकसित गरेको हुन्छ । यस्तै विभिन्न जात्रा, पर्वहरू सञ्चालन गर्ने क्रममा धार्मिक मनोरञ्जनसम्बन्धी पनि गुठीहरू छन् । कतिपय जात्रा पर्वमा अनिवार्य रूपमा देवीदेवताका नृत्य तथा सङ्गीत प्रस्तुत गर्नुपर्ने हुन्छ । यसका लागि लसता गुठी, नासः गुठी आदि छन् । यस गुठीले सामाजिक नियममा रही नास द्यो (नेवारहरूको नृत्य सङ्गीतसम्बन्धी देवता) को पूजा गर्ने, नृत्य सङ्गीत सिकाउने, संरक्षण गर्ने र निरन्तर रूपमा पुस्तागत हस्तान्तरण गर्ने कार्य गर्छ । नेवार समुदायमा प्रचलित विभिन्न गुठीको आआफ्नै नियम रहेको हुन्छ । गुठी परम्परा समुदायको व्यक्तिगत तथा सामाजिक जीवनको विविध पक्षसँग जोडिएको परम्परा हो । यसले समुदायमा सामाजिक एकरूपता तथा सामाजिक नियन्त्रण कायम राख्न सहयोग पुऱ्याउँछ । तसर्थ गुठी

संस्कृति नेवार समाजको मौलिक जातीय पहिचान हो । यही पहिचानको कारण आज विश्वमा नेवारी कला, संस्कृति, सभ्यताले आफ्नो छुट्टै पहिचान कायम गर्न सफल भएको छ र यो राष्ट्रकै लागि गौरवको विषय हो ।

## अर्मपर्म

सामूहिक रूपमा एक ठाउँमा भेला भएर एक अर्काले खेतीपातीको काममा सघाउने परम्परालाई पर्म भनिन्छ । यो परम्पराले एकातिर सामूहिक एकतालाई महत्त्व दिन्छ भने अर्कातिर सामूहिकतामा विश्वास राख्छ । यसलाई पूर्वतिर अर्मपर्म, पश्चिमितर परेली वा ठाउँअनुसार नाम दिएको पाइन्छ । नेपाली बृहत् शब्दकोशले पर्म परम्परालाई आफूमा आलोपालो गरी एकले अर्काको काम गर्ने चलन, परेली वा पालो भनी उल्लेख गरेको छ । यो परम्परामा मानिस खेतीपातीको समयमा सामूहिक रूपमा वा मिलेर काम गर्छन् । अर्थात् बाली लगाउनेदेखि उठाउनेसम्मको काममा मानिसको संलग्नता हुने स्थानीय प्रचलन नै वास्तवमा अर्मपर्म हो । यो परम्परामा एउटा सदस्यको काम सकेपछि अर्को जना वा सदस्यको काम गर्ने प्रचलन छ । यसरी काम गर्दा खाजा, खाना आदिको व्यवस्था काम गरिने सदस्यले गर्नुपर्छ । तर काम गरेबापत भने कुनै प्रकारको पारिश्रमिक दिइँदैन । अर्मपर्मको काम खेतीपातीसँग सम्वन्धित हुनाले वैशाखदेखि साउनसम्म बडी चल्छ भने अरू समयमा अवस्थाअनुसार निर्धारण गरिन्छ । काम गर्दा स्थानीय भाकामा गीत गाउने, नाचगान गर्ने र रमाइलो गरेर काम गर्ने प्रचलन रहेको पाइन्छ । यो प्रचलन कहिलेबाट सुरु भएको हो भनेर अनुमान लगाउन सकिँदैन तर पनि यो परम्पराले सामाजिक एकता, सद्भाव तथा सामाजिकीकरणमा महत्त्वपूर्ण भूमिका खेलेको भने मान्न सकिन्छ ।

## साङ्चेप

साङ्चेप राई समुदायमा प्रचलित आर्थिक विनिमयको महत्त्वपूर्ण संस्कृति हो । यो शब्द साङ् र चेप गरी दुईओटा शब्द मिलेर बनेको छ । यसको शाब्दिक अर्थ आर्थिक विनिमयको सन्दर्भमा कसले कति सहयोग गर्ने भन्ने बुझिन्छ । विवाह संस्कारमा गरिने आर्थिक विनिमयको प्रक्रिया नै साङ्चेप हो । यो एउटा बाध्यात्मक प्रक्रिया हो । जहाँ चर्ती स्वरूप लिएको सहयोग रकम अनिवार्य रूपमा फिर्ता गर्नुपर्छ । यसरी हेर्दा आर्थिक विनिमयमा तीनओटा पक्ष हुन्छन् । जसअन्तर्गत दिनु, लिनु र फिर्ता गर्नुपर्छ । साङ्चेप गर्ने व्यक्तिको नाम, थर, ठेगाना र

साङ्चेप रकम प्रस्टसँग उल्लेख गरिएको हुन्छ। कर्ति साङ्चेप बहिमा उल्लेख भएअनुसार जस्ताको तस्तै रकम फिर्ता गरिन्छ भने चर्ती साङ्चेपमा आफ्नो स्वेच्छाले गर्ने गरिन्छ।

त्यसैले साङ्चेप विवाह प्रक्रियामा गरिने आर्थिक क्रियाकलाप हो। यसअन्तर्गत विवाहमा आमन्त्रित दाजुभाइ, छिमेकी, नातेदारहरूले आर्थिक सहयोगका रूपमा दिने नगद वा रकमलाई चर चर्ती भनिन्छ भने फिर्ता गरिएको रकमलाई आर्थिक सहयोगलाई कर्ती भनिन्छ। त्यसैले साङ्चेपलाई विवाहको एक अनिवार्य सर्त मानिन्छ। त्यसैले साङ्चेपविना विवाहपूर्ण हुन्छ न विवाहविना साङ्चेप पूर्ण हुन्छ। कुनै कुनै समुदायमा छोरीचेलीहरूलाई विवाहमा साङ्चेप उठाइँदैन। यसको मुख्य कारण छोरीचेलीहरू विवाहपछि टाढा पुग्ने र विवाहमा बोलाउन सक्ने सम्भावना नरहने हुँदा भार लाग्छ भनेर गरिएको हो। त्यसैले छोरी चेलीहरूलाई भार लगाउनु भन्दा साङ्चेप नउठाउनु नै राम्रो मानिन्छ। यस्तो प्रचलन विशेष गरेर बान्तावा राईहरूमा देख्न सकिन्छ। साङ्चेप सङ्कलनका लागि दुई जना व्यक्तिहरूलाई नियुक्त गरिन्छ जसमा एक जनाले कोषाध्यक्ष र अर्को जनाले लेखनदासको भूमिका निर्वाह गर्छन्। कतिपय समुदायमा साङ्चेप सङ्कलन गर्ने व्यक्तिलाई बेहुलाको बाबुले फेटा गुथाएर सगुन दिने प्रचलन रहेको पाइन्छ। यसरी दिने लिने तथा फर्काउने जस्ता आर्थिक प्रक्रियाका कारणले साङ्चेप एकातिर सांस्कृतिक गतिविधिसँग सम्बन्धित छ भने अर्कोतिर सामाजिक एकता र समन्वयका लागि उपयोगी मानिन्छ। निष्कर्षमा साङ्चेपलाई सांस्कृतिक तथा आर्थिक सम्बन्ध र एकताको प्रतीक मानिन्छ।

## ढिकुर

ढिकुर प्रथा नेपालको पश्चिमी क्षेत्रमा प्रचलित थकाली, भोटे र गुरुङ समुदायको एक आर्थिक सङ्गठन हो। थकालीहरूको बाक्लो बस्ती भएको पश्चिम नेपालको थाकखोला क्षेत्र आसपासमा यो प्रथा बढी प्रचलित छ। त्यसैले यो थकाली समुदायमा बढी प्रचलित आर्थिकसामाजिक सङ्गठन हो। सुरुमा ढिकुरी प्रथा अन्नको सङ्कट टार्नका लागि स्थापित गरिएको थियो। तर पछि यो सामुदायिक आर्थिक समस्या समाधान गर्ने संस्थाका रूपमा विकसित भयो। समुदायमा मर्दापर्दा एकआपसमा परस्पर सहयोग र सहकार्य गरी व्यक्तिगत, सामाजिक, आर्थिक समस्याको समाधान गर्ने उद्देश्य ढिकुर व्यवस्थाको थियो। यो प्रथा सामुदायिक विकासको सन्दर्भमा वैज्ञानिक पनि देखिन्छ किनभने बैङ्क, सहकारी आदिको पहुँच नपुगेका ग्रामीण क्षेत्रमा ढिकुर निकै वैज्ञानिक ढङ्गबाट वित्तीय व्यवस्था सञ्चालन गर्न सक्षम थियो। यसले ग्रामीण बचत, कर्जा, लगानी गरी सामुदायिक उत्थानका लागि

उद्यमशीलतालाई प्रवर्धन गर्दै स्वरोजगारलाई समेत टेवा दिन्थ्यो । ढिकुरी कार्यक्रम सञ्चालन गर्न स्थापित मूल्य, मान्यता एवम् सिद्धान्तहरू पनि सर्वमान्य एवम् वैज्ञानिक थिए । ढिकुर प्रथा थकाली समुदायमा उद्यमशीलताको विकास गर्न र आयआर्जनका क्रियाकलापबाट आम्दानी वृद्धि गर्न उपयोगी थियो । उत्पादनशीलतालाई प्रवर्धन गर्दै सामुदायिक विकासका विविध कार्यक्रम सञ्चालन गर्ने गरिन्थ्यो । त्यसैले यो प्रथा अन्य समुदायका लागि पनि अनुकरणीय बनेको थियो ।

## बडघर

नेपालको मध्य तथा सुदूरपश्चिम तराई क्षेत्रका थारु समुदायमा प्रचलित सामुदायिक सङ्गठन प्रणालीलाई बडघर भनिन्छ । बडघर थारु समाजको उच्च निकाय थियो जसले सरकार सरह समाजका सबै आर्थिक, सामाजिक, सांस्कृतिक आदि पक्षको व्यवस्थापन गर्ने गर्थ्यो । बडघर निकै लोकतान्त्रिक ढङ्गले निर्माण हुन्थ्यो । हरेक माघ महिनामा थारु समुदायले एक बुद्धिमान र पाको मानिसलाई एक वर्षका लागि बडघर (मुखिया) का रूपमा निर्वाचन वा सबैको सहमतिमा मनोनयन गर्थे । बडघरले समुदायका लागि प्रजातान्त्रिक ढङ्गले पारदर्शी एवम् समावेशी सहभागिताका आधारमा महत्त्वपूर्ण निर्णयहरू पनि निर्माण गर्थ्यो । यसरी निर्मित नियम कानुनहरू समुदायका सदस्यहरूले इमानदारितापूर्वक पालना पनि गर्थे । नियम पालना नगर्नेहरूलाई सजायसमेतको व्यवस्था गरिएको हुन्थ्यो । बडघरलाई उसका कार्यहरू सुचारू गर्न लेखनदारीया (सचिव) र सल्लाहकारका रूपमा चौकीदार (हुलाकी, सन्देशवाहक तथा सभाको संयोजक) नियुक्त गरिन्थे । बडघरले समुदायका मानिसको सल्लाहमा समाज कल्याणका लागि केही विशिष्ट व्यक्तित्त्वहरू, जस्तै : गुरुवा (प्रमुख पुजारी) देशवन्ध्य गुरुवा (वैद्य) आदीको नियुक्त गर्थ्यो । कर उठाउन पटवारी, द्वन्द निवारण तथा न्यायका लागि पञ्चायत बस्ने आदि जस्ता महत्त्वपूर्ण व्यवस्था बडघर प्रणालीमा थियो । बडघरलाई आपसी भाइचारा, सहयोग, सहकार्य एवम् सामुदायिकताको अनुपम उदाहरणका रूपमा लिने गरिन्छ ।

## भेजा

नेवारहरूको गुठी, थकालीहरूको ढिकुर भने जस्तै भेजा मगरहरूको एउटा आदिवासी सङ्गठन हो, जसले समुदायमा विभिन्न संस्कारहरूको समन्वय गर्छ । कतै निश्चित कार्यका लागि, कतै विविध कार्यका लागि भेजा गठन भएको हुन्छ । पूजाका लागि सक्रिय बनाउन सबैलाई अधिकार दिइएको हुन्छ । एउटा ज्येष्ठ सदस्य मुखिया (Headman) छानिएको हुन्छ

जसलाई समुदायबाट निर्वाचित गरिएको हुन्छ । भेजाले सदस्यहरूलाई एकत्रित गरी धार्मिक, कृषि, आर्थिक, स्रोत व्यवस्थापन र मनोरञ्जनात्मक क्षेत्रहरूमा कार्य गर्छ ।

## रोदी

रोदी पश्चिम नेपालको गुरुङ समुदायमा प्रचलित छ । यसमा केटा र केटीहरू आआफ्नो गाउँका तोकिएको घरमा साँझमा जम्मा हुन्छन् । उनीहरूले गाउने, नाच्ने र प्रत्येक दिनको अनुभव साटासाट गर्ने गर्छन् । रोदीमा कहिलेकाहीँ केटाकेटीलाई सामाजिकीकरण (Socialization) गरिन्छ । जुन वैवाहिक संस्थामा परिणत पनि हुन्छ । रोदीलाई उनीहरू सामाजिकीकरणको प्रमुख माध्यमका रूपमा स्वीकार गर्छन् ।

नेपाली समुदायहरूमा यस्ता परम्परागत संस्थाहरूको भूमिका कमजोर हुँदै गए तापनि कतिपय अवस्थामा यसले अझै आफ्नो भूमिकालाई कायम राखेको छ । यस्ता सामूहिक कार्यमार्फत कतिपय अवस्थामा बाटोघाटो, पुलपुलेसा, सिँचाइका लागि कुलो बनाउने, वनजङ्गल संरक्षण गर्ने आदि कार्यहरू गरिरहेको पाउन सकिन्छ । यस्ता सामूहिक क्रियाकलाप समुदायका आफ्नै परम्परागत नियमअनुसार चल्ने गर्छन् । समुदायका सदस्यहरू सामूहिक निर्णय गरेर पारदर्शी र सहभागितामूलक ढङ्गले समुदायका क्रियाकलापहरू गर्ने गर्छन् । समुदायको सामूहिक आवश्यकतालाई पहिचान गरेर निःस्वार्थ र स्वेच्छिक रूपमा व्यक्तिहरू परिचालित भई विभिन्न विकासका क्रियाकलापहरूमा सहभागी हुने गर्छन् ।

परम्परागत संस्थाहरूले समुदायको सांस्कृतिक परम्परालाई कायम गर्ने, प्रवर्धन गर्ने र अर्को पुस्तामा हस्तान्तरण गर्ने कार्यमा महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन् । जन्म, विवाह तथा मृत्यु संस्कारहरू कतिपय अवस्थामा यस्तै संस्थाहरूले गर्ने गर्छन् । यस्ता संस्कारहरूमा स्रोत व्यवस्थापन, सामूहिक क्रियाकलापको व्यवस्थापन गर्ने कार्यमा पनि यी संस्थाहरूले महत्त्वपूर्ण भूमिका खेल्छन्, जस्तै : किरात समुदायमा धामीझाँक्री, पुजारी, तामाङ, गुरुङ तथा शेर्पा समुदायमा लामा, अन्य बाहुनक्षेत्री समुदायमा पण्डित आदि सामाजिक संस्थाहरूले शिक्षा र विकासका सन्दर्भमा विशेष भूमिका खेलेको पाइन्छ । तर यस्ता संस्थाहरू आधुनिक शिक्षा र विकासको अवधारणा र अभ्यासका कारणले ओझेलमा पर्दै आएका छन् । यस्ता मौलिक संस्थाहरूलाई बचाउन, संरक्षण गर्न र प्रवर्धन गर्न आवश्यक छ । यसले गर्दा नेपाली र नेपालभित्रका समुदायहरूको पहिचान कायम हुन्छ । यसका कारण आफ्नै परम्पराअनुसारको गुणस्तरीय जीवन प्राप्त गर्न सकिन्छ ।

निष्कर्षतः सामान्य बोलचालको भाषामा समाज शब्दको प्रयोग सङ्गठित समूहलाई जनाउन गरिन्छ । 'समाज' शब्दको प्रयोग मानिसले आआफ्नै तरिकाले गरेको पाइन्छ । मानवशास्त्रमा आदिम समुदायलाई समाज तथा अर्थशास्त्रमा आर्थिक क्रियाकलापमा संलग्न हुने व्यक्तिहरूको समूहलाई समाज भनिन्छ । राजनीतिशास्त्रमा समाजलाई व्यक्तिहरूको समूह मानिन्छ । यसरी समाजलाई व्यक्तिहरूको समूहका रूपमा र कसैले सङ्घसंस्थाका रूपमा प्रयोग गरेको पाइन्छ । व्यक्तिव्यक्तिबिचको सामाजिक सम्बन्धका आधारमा समाजको निर्माण हुन्छ ।

कुनै एक निश्चित भौगोलिक क्षेत्रमा बसोबास गर्ने र सामूहिक पहिचान बोकेका मानिसको समूहलाई समुदाय भनिन्छ । समुदायको निर्माण जाति, धर्म, क्षेत्र, वर्ण, पेसा आदिका आधारमा हुने गरेको पाइन्छ । समुदायका मानिसको जीवनपद्धति समान हुन्छ । एकापसमा अन्तरनिर्भर हुन्छ । त्यसैले समुदाय सानो समूह हो जहाँ सामाजिक जीवनका सम्पूर्ण पक्षको उपस्थिति भएको पाइन्छ ।

नेपाली समाजलाई बनोटका आधारमा बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक समाज मानिन्छ । यही पहिचानले नेपाललाई विश्वमा परिचित बनाएको छ । नेपाली समाजमा विभिन्न कालखण्डमा आएका परिवर्तनले पनि हाम्रो यो पहिचानलाई मेट्न सकेको छैन । नेपालमा १२४ भाषाभाषीको अस्तित्व पाइनु, विभिन्न जातीय समूह उपसमूह पाइनु नेपाली समाजको महत्त्वपूर्ण विशेषता मान्न सकिन्छ । नेपाली समाजमा रूप, गुण आकृति तथा शारीरिक बनोटका आधारमा विभिन्न जातजातिहरूको उपस्थिति पाइन्छ । नश्ल वा रूपरङका आधारमा ककेशियाली र मङ्गोलहरूको अस्तित्व पाइन्छ । धार्मिक आस्थालाई आधार मान्दा नेपाली समाजलाई विविधतायुक्त मान्न सकिन्छ । नेपाली समाजको पारिवारिक संरचनालाई नियाल्दा विवाह तथा परिवारको प्रकारमा फरकपना भेटिन्छ । विवाहलाई केटा र केटीका बिचमा स्थापित सार्वजनिक रूपमा चिनिएको र सांस्कृतिक रूपमा स्वीकृति प्राप्त सम्बन्धका रूपमा बुझ्न सकिन्छ । समाजले स्वीकृति दिने र संस्कृतिले निर्देशन गरेको नीतिबमोजिम केटा र केटीका बिचमा सम्बन्ध स्थापित गर्ने कार्यविधि नै विवाह हो । नेपाली समाजमा विभिन्न प्रकारका विवाहहरू प्रचलित भए पनि मुख्य गरेर मागी विवाह नै प्रचलनमा रहेको पाइन्छ । पछिल्लो समयमा युवा पिँढीमा प्रेम विवाहले प्राथमिकता पाएको छ । हाम्रो समाजमा धेरै जातजातिको सम्मिश्रण भएको हुनाले प्रत्येक जातजातिहरूका आआफ्नै विवाहका पद्धतिको अभ्यास रहेको पाइन्छ ।

पारिवारिक संरचनाका आधारमा नेपाली समाजमा एकल तथा संयुक्त परिवारको प्रचलन रहेको पाइन्छ । ग्रामीण भेकमा अहिले पनि संयुक्त परिवारको अभ्यास पाइन्छ । यस्तो परिवार जनजातिहरूमा बढी र अन्य समुदायमा कम पाइन्छ । आधुनिकीकरण, वैदेशिक रोजगारी तथा अन्य कारणले गर्दा पछिल्लो समयमा एकल परिवारको धारणामा व्यापकता पाइन्छ । प्रत्येक प्रकारका परिवारका राम्रा वा नराम्रा पक्ष भए तापनि एकल परिवारको व्यापकतासँगै सामाजिकीकरणको प्रक्रियामा नकारात्मक प्रभाव परेको देख्न सकिन्छ ।

जातजाति तथा धर्म, भाषा, संस्कृति र परम्पराले समाजका गतिविधिमा प्रभाव पारेको हुन्छ । हामीलाई थाहा छ हाम्रो समाजमा धेरै विविधता छ । हामीले मनाउने चाडपर्व तथा संस्कार सस्कृतिमा भिन्नता हुनु स्वाभाविक पनि हो । समाजलाई व्यवस्थित रूपमा सञ्चालन गर्न तथा सामाजिक गतिविधिलाई समयसापेक्ष बनाउनका लागि सामाजिक सङ्घसंस्थाहरूको महत्त्वपूर्ण भूमिका हुन्छ । नेपाली समाजमा गुठी, भेजा, माईजन रोधी, ढिकुर, साङ्चेप जस्ता सस्थाहरूको अस्तित्व रहेको पाइन्छ । यस्ता सङ्घसंस्थाहरू जातजातिअनुसार फरक फरक रहेका छन् । यस्ता संस्थाका कामहरू पनि सापेक्षित नै हुन्छन् र सामाजिक कार्यलाई निरन्तरता दिइरहेका हुन्छन् ।

सामाजिक विविधताका यी विविध आयामहरू हाम्रा लागि अमूल्य निधिहरू हुन् । यही कारणले नेपाल विश्वमा नै छुट्टै पहिचान भएको देशका रूपमा चिनिन्छ भने अर्कातिर हाम्रा गतिविधिले विदेशीलाई अवलोकन, अध्ययन तथा अनुसन्धान गर्न आर्कषित गरेको छ । प्रत्येक जातजातिका सामाजिक विविधतालाई जोगाउने, महत्त्व उजागार गर्ने तथा राज्यले पनि यस्ता गतिविधिलाई प्राथमिकता दिएको खण्डमा हामीले हामीलाई जोगाउन सक्छौं ।

# सन्दर्भ सामग्रीहरू


आफानास्येभ, भिक्टर (वि.सं. २०५४). *दर्शनशास्त्रको प्रारम्भिक ज्ञान (अनुः राजेन्द्र मास्के).* काठमाडौँः सहभागी प्रकाशन ।

चापागाईं, नरेन्द्र (वि.सं. २०७२). *नेपाली शब्दभण्डार.* बराणसी : श्याम पुस्तक भण्डार ।

तुम्याहाङ, अमर (वि.सं. २०७४). *किरात याक्थुङ जाति चिनारीका आयामहरू.* ललितपुर : आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ।

दाहाल, पेशल खतिवडा, सोमप्रसाद (वि.सं. २०६५). *पुरातत्त्वको परिचय.* काठमाडौँ : एम.के.पब्लिशर्स एण्ड डिष्ट्रिव्युटर्स ।

पराजुली, कृष्णप्रसाद (वि.सं.२०४४). *फूलपात.* काठमाडौँ : रत्नपुस्तक भण्डार ।

पराजुली, कृष्णप्रसाद (वि.सं. २०७७). *नेपाली बृहत् शब्दकोश.* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

पाँडे, रामकुमार (वि.सं. २०५५). *नेपाल परिचय.* काठमाडौँ : भुँडीपुराण ।

पौड्याल, वीणा. शर्मा, डिल्लीराज. विवश, गोपाल पोखरेल (वि.सं. २०७४). *चाडपर्वको घर नेपाल.* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

प्रधान, भुवनलाल (वि.सं. २०६४). *काठमाडौँ उपत्यकाका केही सांस्कृतिक छिर्का मिर्का.* काठमाडौँ : सुमित्रा मानन्धर गुरुङ ।

प्रपन्नाचार्य, स्वामी (वि.सं.२०४३). *वेदमा के छ ?.* वाराणसी : प्रशान्त प्रकाशन ।

प्रभात, विष्णु (वि.सं. २०७०). *प्रज्ञा दर्शन कोश.* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

वज्राचार्य, धनवज्र (वि.सं. २०५३). *लिच्छविकालका अभिलेख.* कीर्तिपुर : नेपाल र एसियाली अनुसन्धान केन्द्र ।

बिनाडी, बद्री शर्मा (विं.सं. २०८१). गौरापर्व : मिथकमा सामाजिक यथार्थ. इन्द्रेणी. १(१). वैशाख-असोज. पेज.३१-३५ ।

भट्टराय, चुडानाथ (?). *नेपालमा हिन्दु र बौद्धको सुन्दर सङ्गम. नेपालको सांस्कृतिक इतिहास.* सं. जी. सी. शास्त्री. आर्य सांस्कृतिक सङ्घ ।

शर्मा, जनकलाल (वि.सं. २०४९). हाम्रो समाज : एक अध्ययन. ललितपुर : साझा प्रकाशन ।

शर्मा, ऋषिप्रसाद (वि.सं. २०६७). *नेपाल राष्ट्रिय चाडपर्व.* काठमाडौँ : रत्नपुस्तक भण्डार ।

सापकोटा, लीलाप्रसाद (वि.सं. २०७२). *विश्वका प्रमुख धर्म (सङ्क्षिप्त परिचय).* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

सुवेदी राजाराम (वि.सं. २०६५). *नेपालको तथ्य इतिहास.* ललितपुर : साझा प्रकाशन ।

क्षेत्री, गणेश रायमाझी (वि.सं. २०६०). *नेपालको इतिहास.* काठमाडौँ : एशिया पब्लिकेसन्स ।

क्षेत्री, गणेश रायमाझी (वि.सं. २०६०). *नेपाली कला, वास्तुकला र प्रतिमालक्षण.* काठमाडौँ : एशिया पब्लिकेसन्स ।

Barnard, A. Spencer, J. (2005). *ENCYCLOPEDIA OF SOCIAL AND CULTURAL ANTHROPOLOGY (Edi)*. London & New York : Routledge.

Benedict, R. (1938). General Anthropology (Edi:Franz Boas). America : D.C. Heath&Company.

Boas, F. (1938). *General Anthropology (Edi:Franz Boas).* America : D.C.

Heath&Company.

Bohannan, P. Glazer, M. (1988). *High Point in Anthropology.* New York : Alfred A. Knoof.

https://www.researchgate.net/publication/320735520

Makhan, J. (2007). *An Introduction to Anthropological.* New Delhi : Vikas Pubshing House prt.ltd.

Krober, A.L. Kluckohn, C. (1952). *Culture, a Critical Review of Concepts and Definitions.* Cambridge : A Vintage Book.

Morgan, L.H. (1877). *Ancient Society.* Chicago : Sharles H. Kerr & Company.

Theodorson, G.A. Theodorson, A.G. (1969). *A Moderm Dictionary of Sociology.* London : Barnes and Noble Books.

Tylor, E.B. (1920). *Primitive Culture (vol. I).* London : John Murray.

Vurnum, M.E.W. Grossman, I. (2017). Cultural Change: How and Why. PSYCHOLOGICAL SCIENCE. p.1-17. DOI:10.1177/1745691617699971.

White, L.A. (2007). *The Evolution of Culture.* New York : McGraw-Hill Book Company, Inc.